प्रधान मन्त्री

शुभ–कामना

अन्तर्राष्ट्रिय वृद्ध वर्ष १९९९ को सन्दर्भ पारेर "दायित्व" साहित्य मासिक पत्रिकाले "विशिष्ट साहित्यकार विशेषाङ्क" प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई ठूलो खुसी लागेको छ ।

साहित्य सेवीहरूको रचनात्मक अभिव्यक्ति कालान्तरसम्म दीगो .र प्रेरणाकारक हुने भएकोले यस विशेषाङ्कले विशेष गरी विशिष्ट लेखकहरूको मनोविज्ञान र सोचको अभिव्यक्तिले नयाँ पुस्तालाई साहित्य साधनामा लागि रहन अभिप्रेरित गर्ने नै छ भन्ने आशा राख्दै यसको पूर्ण सफलताका लागि हार्दिक शुभेच्छा व्यक्त गर्न चाहन्छु ।

जयनेपाल !

(कृष्णप्रसाद भट्टराई)

मिति २०५६/८/८

दायित्व
(साहित्यिक मासिक)

वर्ष १३ | कार्तिक २०५६ | पृष्ठाङ्क–३५

प्रधान सम्पादक/ प्रकाशक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डांगी

सहयोग मण्डली
बिनोद ढुंगेल
विष्णु ज्ञवाली
मुकुन्द शर्मा
कमल ज्ञवाली

आवरण सज्जा
सीम सानु

कार्यालय
घ २-३०२ चावहिल, काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. २००/-
व्यक्तिगत: रु. ५०/-

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

विशिष्ट साहित्यकारहरु–वर्षक्रमानुसार

१.	छविलाल पोखेल	१–२
२.	बैकुण्ठप्रसाद लाकौल	३–४
३.	टुकराज मिश्र	५–९
४.	नयराज पन्त	१०–१०
५.	यदुनाथ खनाल	११–११
६.	बासुदेव शर्मा लुईटेल	१२–१२
७.	टेकनाथ गौतम	१३–१४
८.	डायमन शमशेर राणा	१५–१७
९.	माधव घिमिरे	१८–१८
१०.	कृष्णबहादुर मिश्र	१९–२०
११.	सत्यमोहन जोशी	२१–२२
१२.	जनकलाल शर्मा	२३–२६
१३.	गोविन्द ब.मल्ल 'गोठाले'	२७–२९
१४.	फणिन्द्रराज खेताला	३०–३२
१५.	मदनमणि दीक्षित	३३–३५
१६.	हरि श्रेष्ठ	३६–३७
१७.	विनोदप्रसाद घिताल	३८–४२
१८.	छिन्नलता	४३–४४
१९.	विष्णुप्रसाद घिताल	४५–४७
२०.	धर्मराज थापा	४८–५०
२१.	श्यामदास वैष्णव	५१–५२
२२.	गोमा	५३–५७
२३.	कृष्णचन्द्र सिंह प्रधान	५८–६०
२४.	हर्षनाथ भट्टराई	६१–६१
२५.	बासु पासा	६२–६३
२६.	भरतराज घिमिरे 'मन्थलीय'	६४–७४
२७.	दौलतबिक्रम बिष्ट	७५–७६
२८.	वसन्तकुमार शर्मा नेपाल	७७–८०
२९.	माधवलाल कर्माचार्य	८१–८२
३०.	मोहन कोइराला	८३–८४
३१.	डी.पी. अधिकारी	८५–८५
३२.	केवरपुरे किसान	८६–८६
३३.	यस.यल. शर्मा	८७–९१
३४.	कमलराज रेग्मी	९२–९४
३५.	सूर्यबहादुर पिवा	९५–९५
३६.	माधुरी भट्टराई	९६–९६
३७.	मदनदेव भट्टराई	९७–९८
३८.	रमेश विकल	९९–१०६
३९.	श्यामप्रसाद	१०७–१०८
४०.	भरतराज पन्त	१०९–११०
४१.	कमल दीक्षित	१११–११२
४२.	राजेश्वर देवकोटा	११३–११४
४३.	भवानी घिमिरे	११५–११६
४४.	नरेन्द्रनाथ भट्टराई	११७–११९
४५.	काजीमान कन्दङ्वा	१२०–१२१
	प्रथम भेटका केही उद्गारहरू	१२२-१३८
	विशिष्ट साहित्यकारको संक्षिप्त परिचय	१३९-१४६

–रामप्रसाद पन्त

कम्प्युटर: पवन रेग्मी (कम्प्युटर सलुसन) चावहिल, फोन नं. ४८६४३३ (घर)

मुद्रक: अल प्रिन्टिङ्ग प्रेश, लगनखेल, (साझा मित्र) ✆ ५२६५१३, ५४१२१६,

नाम थर:- भरतराज पन्त
जन्ममिति/जन्मस्थान:- १९८६ आषाढ ३०
बाबु/आमा:- मणिरत्न पन्त/ललिता देवी
शैक्षिक उपाधी:- संस्कृत आचार्य/नेपाली एम.ए.
साहित्यमा लाग्ने प्रेरणा:- भानुभक्त, मोतिराम
जम्मा कृति संख्या:- १८ (प्रकाशित), २ (प्रकाशोन्मुख)
मुख्यविधा:- कविता
पुरस्कार/सम्मान:- रुद्रराज पाण्डे पुरस्कार/मुक्ति पुरस्कार/भानुसेवा पुरस्कार/राष्ट्रिय प्रतिभा पुरस्कार
सम्प्रति:- लेखन/अध्ययन

नाम थर:- कमल दीक्षित
जन्ममिति/जन्मस्थान:- १९८६ भाद्र कुशैऔंसी/टंगाल
बाबु/आमा:- केदारमणि दीक्षित/विद्यादेवी
बाल्यकालको नाम:- कमलमणि आचार्य दीक्षित
शैक्षिक उपाधी:- बी.ए.
जम्मा कृति संख्या:- २७ (प्रकाशित)/२३ सम्पादन
मुख्यविधा:- निबन्ध
सम्प्रति:- अध्यक्ष–मदन पुरस्कार गुठी

नाम थर:- राजेश्वर देवकोटा
जन्ममिति/जन्मस्थान:- १९८६ अशोज २३, लिगलिगको पण्डित गाउँ, गोर्खा
बाबु/आमा:- हरिभक्त देवकोटा/वसुन्धरा
शैक्षिक उपाधी:- स्नातक
साहित्यमा लाग्ने प्रेरणा:- बाबु कवि भएको कारण र २००० सालतिर तीनधारा पाठशालामा पढ्दाको वातावरण ।
जम्मा कृति संख्या:- करिब २ दर्जन
मुख्यविधा:- त्यस्तो उल्लेख्य विधा छैन ।
पुरस्कार/सम्मान:- मदन पुरस्कार/साझा पुरस्कार/त्रिशक्ति पट्ट प्रथम
सम्प्रति:- यत्किञ्चित् लेख्दै तर धेरैजसो राजनैतिक लेखन

नाम थर:- भवानी घिमिरे
जन्ममिति/जन्मस्थान:- १९८६ नवरथा चौथी
बाबु/आमा:- हिरण्यनाथ घिमिरे/हाटकेशरी
उपनाम:- नूरनिधि/श्रीशर्मा/नेपालबन्धु/श्रीउपाध्याय
शैक्षिक उपाधी:- बी.ए.
साहित्यमा लाग्ने प्रेरणा:- म देवकोटाको पी.ए जस्तै थिएं
जम्मा कृति संख्या:- ७ बटा, १०/१२ भानु विशेषाङ्क प्रकाशित, २५/३० भूमिका लेखन ।
मुख्यविधा:- कविता/निबन्ध
पुरस्कार/सम्मान:- गोदवा तेसा/विदेशी साहित्य संस्थाहरूबाट सम्मानपत्रहरू/ एक सयभन्दा बढी संस्थाहरूबाट सम्मान ।
सम्प्रति:- भानु–सम्पादन, प्रकाश–सम्पादन र विभिन्न संस्थाहरूसंग सम्बन्धित ।

नाम थर:- नरेन्द्रनाथ भट्टराई
जन्ममिति/जन्मस्थान: १९८६ कार्तिक भाइटीका,कालधारा
बाबु/आमा:- वैजनाथ भट्टराई/हस्तकुमारी
बाल्यकालको नाम:- बाबु
शैक्षिक उपाधी:- बी.ए.
साहित्यमा लाग्ने प्रेरणा:- योग वाशिष्ठ/ रजनिशको प्रवचन
जम्मा कृति संख्या:- करिब १६ (कोर्शकासमेत गरी)
मुख्यविधा:- धार्मिक/सामाजिक
पुरस्कार/सम्मान:- गोदवा तैसा/त्रिशक्ति पट्ट तैसा/अन्य पाँचवटा तक्का ।
सम्प्रति:- विगत १० वर्षदेखि ड्रगिष्टहरूलाई मोनोथेरापी द्वारा शिक्षा र योग सिकाउँदै गरेको ।

नाम थर:- काजीमान कन्दङ्वा
जन्ममिति/जन्मस्थान:- १९८६ पौष १८ क्वेटा पाकिस्तान
बाबु/आमा:- शमशेरजङ्ग कन्दङ्वा/बममाया
बाल्यकालको नाम:- मेहत्तर (अगाडिका तीन सन्तान नरहेपछि)
शैक्षिक उपाधी:- बि.ए.
साहित्यमा लाग्ने प्रेरणा:- विद्यार्थीहुँदा लेख्ने बानी भएकाल
जम्मा कृति संख्या:- नेपाली र लिम्बु भाषाका गरी ७
मुख्यविधा:- कथा/निबन्ध
पुरस्कार:- पासाङ् ल्हामु पुरस्कार/प्रजातन्त्र सेनानी सम्मान/जनमुक्ति सेनाको अभिनन्दन/किरात याक्थुम चुम्लुङ्गद्वारा अभिनन्दन/सिहबाहानी मा.वि. (तेह्रथुम) बाट अभिनन्दन
सम्प्रति:- संरक्षक – पोखरी हाईस्कूल/बीरेन्द्र इन्टर कलेज

- - -

मुख्यविधा:- साहित्य लेखन/पत्रकारिता/अन्वेषण
पुरस्कार/सम्मान:- महानन्द पुरस्कार/त्रि.वि.लगायत धेरै संस्थाहरूबाट सम्मानित
सम्प्रति:- सामाजिक सेवा/लेखन

नाम थर:- कमलराज रेग्मी
जन्ममिति/जन्मस्थान:- १९८४ भाद्र कृष्णदशमी, पाल्पा म्यालधारा
बाबु/आमा:- केशवराज रेग्मी/पुण्यकला
उपनाम:- 'बिमल रेग्मी' नामबाट केही लेखहरू प्रकाशित
शैक्षिक उपाधी:- साहित्यशास्त्री
साहित्यमा लाग्ने प्रेरणा:- विद्यागुरु – माधवप्रसाद देकोटा र मन्त्रगुरु – योगी रत्नमणि पूज्यपाद
जम्मा कृति संख्या:- प्रकाशोन्मुख – कविता,निबन्ध, समीक्षा, संस्मरण गरी चार कृतिहरू ।
मुख्यविधा:- कविता/निबन्ध
सम्प्रति:- यत्किन्चित् साहित्य लेखन

नाम थर:- सूर्यबहादुर पिवा
जन्ममिति/जन्मस्थान:- १९८४ आश्विन कृष्णद्वादशी, दुवसीबहाल, भक्तपुर ।
बाबु/आमा:- हरिबहादुर प्रधानाङ्ग/मैयाँ
बाल्यकालको नाम:- सूर्यबहादुर प्रधानाङ्ग
शैक्षिक उपाधी:- बी.ए./सी.टी.इ.एफ.एल
साहित्यमा लाग्ने प्रेरणा:- हृदयश्चन्द्र सिंह प्रधान
जम्मा कृति संख्या:- ७ (नेपाली/नेवारी)
मुख्यविधा:- निबन्ध
पुरस्कार/सम्मान:- भैरव पुरस्कार
सम्प्रति:- लेखन/अध्ययन

नाम थर:- माधुरी भट्टराई
जन्ममिति/जन्मस्थान:- १९८४ फागुन ३०, त्रिपुरेश्वर
बाबु/आमा:- हर्षनाथ खनाल/लोकजननी
शैक्षिक उपाधी:- स्वाध्ययन
साहित्यमा लाग्ने प्रेरणा:- बुवा, दाजु र ससुरा
जम्मा कृति संख्या:- साहित्यिक ३, धार्मिक ९
मुख्यविधा:- भजन–लेखन
पुरस्कार/सम्मान:- नेपाली साहित्य मन्दिरबाट पुरस्कार/मैनाबहादुर रामायण पुरस्कार/भारती खरेल पुरस्कार
सम्प्रति:- अध्ययन

नाम थर:- मदनदेव भट्टराई
जन्ममिति/जन्मस्थान:- १९८५ कार्तिक २२, पकनाजोल
बाबु/आमा:- लप्टन बलदेवप्रसाद भट्टराई/प्रेमकुमारी
शैक्षिक उपाधी:- राजनीति विज्ञान र आधुनिक इतिहासमा स्नातकोत्तर ।
साहित्यमा लाग्ने प्रेरणा:- स्वतःस्फुर्त
जम्मा कृति संख्या:- ९ प्रकाशित, २ (प्रकाशोन्मुख)
मुख्यविधा:- सबै विधा
सम्प्रति:- कृतिहरूको प्रकाशन

नाम थर:- रमेश विकल
जन्ममिति/जन्मस्थान:- १९८५ कार्तिक २९ गते बुधवार
बाबु/आमा:- चन्द्रशेखर चालिसे/छायादेवी
बाल्यकालको नाम:- रमेश चालिसे
शैक्षिक उपाधी:- स्नातक
साहित्यमा लाग्ने प्रेरणा:- श्यामप्रसाद
जम्मा कृति संख्या:- २३ (संयुक्त सहित)
मुख्यविधा:- कथा/उपन्यास
पुरस्कार/सम्मान:- महेन्द्र प्रज्ञा पुरस्कार/मदन पुरस्कार
सम्प्रति:- वृहद् आत्मसंस्मरणं लेखन

नाम थर:- श्यामप्रसाद
जन्ममिति/जन्मस्थान:- १९८६ आषाढ ६ गते बुधवार
बाबु/आमा:- जोगनाथ लामिछाने/हुतकुमारी देवी
बाल्यकालको नाम/उपनाम:- काले /ज्योतिकान्त बिमर्श देशभक्त/सेवक आदि
शैक्षिक उपाधी:- म्याट्रिकुलेसनसम्मको अध्ययन
साहित्यमा लाग्ने प्रेरणा:- कृष्णचन्द्र अर्याल
जम्मा कृति संख्या:- ५० भन्दा बढी
मुख्यविधा:- निबन्ध समालोचना
पुरस्कार/सम्मान:- कृष्णमणि साहित्य पुरस्कार/महेन्द्र प्रज्ञा पुरस्कार नारायणी वाङ्मय पुरस्कार/बाल साहित्य पुरस्कार मुक्ति पुरस्कार ।
सम्प्रति:- लेखन प्रकाशन

सम्पादकीय

- यसपटक हामी विशिष्ट साहित्यकारहरूको सम्झना गर्नमा लागेका छौं । 'अन्तर्राष्ट्रिय वृद्ध वर्ष १९९९' ले हामीलाई पनि वृद्धपन बोकेका साहित्यकारहरूको सम्झना गर्न प्रेरित गऱ्यो । यो हाम्रो खाली सम्झनामात्र हो, सम्मान होइन । किनकि ती विशिष्ट व्यक्तिहरूलाई सिङ्गो राष्ट्रले त उचित सम्मान दिन सकेको छैन भने हामीले कसरी सक्ने !
- सत्तरीवर्ष पुगेकालाई वृद्ध साहित्यकार भन्ने हाम्रो यथार्थगत मान्यता रहे पनि त्यो उमेरसम्म पनि लेखेर नयाकने साहित्यकारलाई 'वृद्ध'को संज्ञा दिएर उहाँहरूको उत्साहमा ठेस लगाउन हाम्रो ब्रह्मविवेकले मानेन र जेष्ठ साहित्यकारको सोचाइलाई पनि एकातिर पन्छाएर हामीले उहाँहरूलाई विशिष्ट साहित्यकारको दर्जामा राख्यौं ।
- यहाँ हामीले जति साहित्यकारहरूलाई स्थान दिन सकेका छौं । यति मात्र विशिष्ट साहित्यकारहरूको सीमारेखा होइन । हामीले मोफसलमा रहेका र देश बाहिर बसेर नेपाली भाषाको सेवामा समर्पित धेरै विशिष्ट साहित्यकारहरूलाई समाविष्ट गर्न सकेका छैनौं । कति व्यक्तित्वहरू देश बाहिर रहनुभएको कारण हाम्रो सम्पर्कमा आउन सक्नु भएन । कतिको नामै याहा भएन होला, कतिको ठाउँ-ठेगाना याहा भएन, कतिको लेख पत्राचारबाट मात्र प्राप्ति सम्भव भएन । तसर्थ यी कमी-कमजोरीहरूका कारण यस विशेषाङ्कमा पर्न नसक्नुभएका सत्तरी वसन्त ख्राएका आदरणीय साहित्यकारहरूप्रति हामी सबीनय क्षमा याचना गर्दछौं ।
- 'दायित्व' ले बेलाबेलामा यस्ता अवसरहरूलाई पछ्याउने जमर्को गर्दै आएको छ । अन्तर्राष्ट्रिय बाल-बालिका दशकको अवसरमा 'बाल साहित्यकार विशेषाङ्क', ऐतिहासिक जन आन्दोलनको सम्झनास्वरूप 'जन आन्दोलन विशेषाङ्क', भारतीय संविधानमा नेपाली भाषालाई अन्तरभुक्त गरिएको अवसरमा 'भारतीय नेपाली साहित्यिक विशेषाङ्क, नेपाल भ्रमणवर्षको अवसरमा 'यात्रा साहित्य विशेषाङ्क' हाम्रो प्रकाशनका नमूनाहरू हुन् । यस्तै प्रकारका अन्य धेरै समयसापेक्षित कथा, कविता आदि विशेषाङ्कहरूले दायित्वको गरिमालाई बढाउने काम गर्दै आएका छन् ।
- वृद्ध भनेका के हुन् ? अन्तर्राष्ट्रियरूपमा मनाउन लागिएको वृद्ध वर्षको अर्थ के हो ? वृद्ध वर्षले अङ्गीकार गरेका सिद्धान्तहरू के के हुन् ? वृद्ध वर्षले वृद्धहरूलाई कुन रूपमा परिभाषित गरेको छ ? यी सबै प्रश्नहरूको उत्तर गर्भगृहमै छ । त्यसकारण यी कुराहरूको चर्चा-परिचर्चा गर्नु हाम्रो विषयभित्रको कुरा होइन ।
- महिला तथा समाज कल्याण मन्त्रालय अन्तर्गत अन्तर्राष्ट्रिय वृद्ध वर्ष राष्ट्रिय मूल समितिको नारा छ – 'वृद्धहरू हाम्रा आदरणीय हुन्, यिनको सम्मान गरौं ।' यही नै अन्तर्राष्ट्रिय वृद्धवर्षको आशय होला । तर हिन्दू संस्कृति र परम्परा भएको हाम्रो समाजमा यो कुनै नौलो कुरा होइन । यसर्थमा कि 'मातृदेवो भवः' 'पितृदेवो भवः' 'अतिथिदेवो भवः' हाम्रा धार्मिक मूलमन्त्र हुन् । यी मन्त्रहरूले मान्यजन एवं वृद्धहरूलाई संधै शीर्षस्थानमा राख्ने काम गरेका छन् । तर आजको आधुनिक समाजबाट अवहेलित र तिरस्कृत हुँदै गइरहेका वृद्धहरूलाई प्रतिष्ठापूर्ण सम्मान अर्पण गर्न र सगौरव बाँच्न दिनको लागि यस वर्षको नाराले कति सहयोग गरेको छ वा गर्नेछ, यही नै चासोको विषय हो । नारा – कुनै नारा मात्रै हुनुहुँदैन, त्यसलाई व्यवहारमा त्याउनुपर्छ – यो हाम्रो मान्यता हो ।
- अन्तमाः विजया दशमी एवं शुभ-दीपावली २०५६ ले सबैको घर-आँगन तथा मन-मस्तिष्कमा उज्यालो छरोस् – हाम्रो शुभकामना ।

मेरो जीवनी– मेरो धारणा

❑ पं. छविलाल पोखरेल

पन्चानब्बे वर्ष लामो जीवनमा भोगेका सम्पूर्ण घटनाहरूको संस्मरण 'दायित्व'को वृद्ध विशेषाङ्कमा अट्न सक्तैन । त्यसकारण मैले आफ्नो परिचय र केही धारणाहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गर्दछु ।

१. शिक्षा सेवातर्फ:

- श्रीराम–संस्कृत–पाठशाला, धरानका संस्थापक (२००४ साल) धरान ।
- पिण्डेश्वर संस्कृत महाविद्यालयका संस्थापक र पहिलो प्राचार्य (२००८–२०३० साल); २०५० सालसम्म अध्यापन ।
- श्रीचन्द्र–संस्कृत माध्यमिक विद्यालयको सञ्चालक समितिको अध्यक्ष (२०५० सालदेखि)
- धनकुटा बजारमा गोकुण्डेश्वर हाइस्कूलका संस्थापक र पहिलो अध्यक्ष (सं. १९९१ साल)
- धरानमा महेन्द्र बहुमुखी क्याम्पसको स्थापनामा योगदान गरेको र त्यसको सचिव समेत रहेको ।
- धरानमा सार्वजनिक विद्या भवन पुस्तकालयको संस्थापक रहेको (२००५ साल)
- शारदा बालिका विद्यालय, धरानको स्थापनामा सक्रिय भूमिका निर्वाह गरेको ।
- धरान, धनकुटा र विराटनगरका अन्य अनेक शिक्षण संस्थाका सञ्चालनमा संलग्न ।

२. समाज सेवातर्फ:

- राणाकालमा धरानमा अछूत जातका व्यक्तिलाई सार्वजनिक विद्यालयमा प्रवेश गराई शिक्षित बनाउन योगदान गरेको (१९९२–२००७ सालसम्म)
- धरानमा महामारी फैलिंदा तल्ला जातका र लावारिसहरूको हेरचाह र सस्कारका लागि धरान सेवा समिति गठन गरी सेवा पुऱ्याएको (२००४ साल) । त्यसबेलाको पूर्वी पाकिस्तान भई आउने सङ्कटग्रस्त नेपालीहरूलाई सेवा पुऱ्याएको ।
- २००७ सालको जनक्रान्तिमा धनकुटामा शान्तिपूर्ण ढङ्गले प्रजातान्त्रिक सरकारलाई सत्ता हस्तान्तरणको नेतृत्व गरी रक्तपात हुनबाट जोगाएको ।

३. धार्मिक, नैतिक एवं साँस्कृतिक जागरण तर्फ:

- धरानमा गीता मन्दिरको स्थापना र सञ्चालनमा सक्रिय योगदान गरेको ।
- बालिकाहरूको पनि उपनयन व्रतबन्ध संस्कार गराउँदै आएको ।
- जनजातिहरू (राई, लिम्बू, गुरुङ र सतारहरू) लाई वैदिक मन्त्र सुनाई स्वधर्मप्रति आस्था जगाउँदै आएको ।
- जातीय भेदभाव, अति सम्प्रदायवाद र अन्ध परम्पराहरूबाट समाजलाई हुने हानीहरूबारे सार्वजनिक रूपमा सचेत गराउँदै आएको ।
- मद्यपान, जुवा आदि दुर्व्यसनहरूको प्रतिकारमा सदा कार्यरत रहेको ।
- नारी शिक्षा, जागृति र विकासका लागि लेख, प्रवचन आदिद्वारा २००५ सालदेखि कार्यरत रहेको ।

केही धारणाहरू:

वेदोऽखिलो धर्ममूलम् (मनु.–२.६) ले हाम्रो धर्म बारेमा मुख्य प्रमाण वेदै हो भनेको र मानेको छु । वेदमा ब्राह्मणोऽस्य.....ले चारजात भने तापनि पेशा (जीविका)को आधारमा लिएको देखिन्छ । तर पछि सत्-असत् कामवाट र राजनीतिवाट पनि जात मान्ने गरेछन् । सबैभन्दा पुराणो र ठूलो प्रमाण ऋग्वेदै मानिन्छ । त्यसैमा धेरै मन्त्रले मनुष्यहरूमा भ्रातृभाव बढाउने उपदेश गर्दछन् । जस्तै– त्व माता तरणे चैत्यो भूः पितामाता सदमिन्मानुषाणाम (ऋक् ६।१।५) एतानै परमेश्वर । अन्नादिबाट रक्षा गर्ने, चेतना दिने सबै मनुष्यका मातापिता तिमी नै हौ, आफ्ना मातापिता परलोक जान्छन्, सदा रहने सबै मनुष्यका मातापिता परमेश्वरै हुन्

दक्षिणबाहु/ ८-१० बटा सम्मान, अभिनन्दन ।
सम्प्रति:- स्वास्थलाभ गर्दै ।

नाम थर:- बसन्तकुमार शर्म्मा नेपाल
जन्ममिति/जन्मस्थान:- १९८३ रामनवमी, बालाजु, गोलढुङ्गा
बाबु/आमा:- दिवाकर शर्मा उपाध्याय नेपाल/हेमकुमारी
बाल्यकालको नाम:- बच्चु
शैक्षिक उपाधी:- राजशास्त्राचार्य/संस्कृत आचार्य (बनारस)/ साहित्य भूषण (लखनौ)/एम.ए/बी.एड. (त्रि.वि.)
साहित्यमा लाग्ने प्रेरणा:- बाबु पण्डित भएको कारण र महाकवि देवकोटा फुपुको छोरा भएको कारण ।
जम्मा कृति संख्या:- २४ (प्रकाशित) १०२ अप्रकाशित (साहित्यिक/धार्मिक)
मुख्यविधा:- विविध
सम्प्रति:- एकलाख बाह्रहजार शब्द भएको शब्दकोशको प्रुफ अध्ययन ।

नाम थर:- माधवलाल कर्माचार्य
जन्ममिति/जन्मस्थान:- १९८३ पोष १०
बाबु/आमा:- शेरलाल कर्माचार्य/बद्रीनानी
उपनाम:- श्री/मालाक
शैक्षिक उपाधी:- स्नातक
साहित्यमा लाग्ने प्रेरणा:- मावली परिवार/ बुबाबाट सुनेको ०९० सालको सबाई/रामायण अध्ययन
जम्मा कृति संख्या:- ६० (तीन भाषाका, नोटसमेत)
मुख्यविधा:- समालोचना/कविता
पुरस्कार/सम्मान:- छिन्नलता सम्मान पुरस्कार
सम्प्रति:- प्राज्ञ–ने.रा.प्र.प.

नाम थर:- मोहन कोइराला
जन्ममिति/जन्मस्थान:- १९८३ माघ ११ गते/डिल्लीबजार
बाबु/आमा:- ईश्वरीप्रसाद कोइराला/मित्रप्रीया
बाल्यकालको नाम:- ङकारप्रसाद कोइराला
शैक्षिक उपाधी:- स्वाध्ययन
साहित्यमा लाग्ने प्रेरणा:- पूर्वज साहित्यकारहरू
जम्मा कृति संख्या:- १३ वटा
मुख्यविधा:- कविता
पुरस्कार/सम्मान:- मदन पुरस्कार/साझापुरस्कार/ रत्नश्री पुरस्कार/
सम्प्रति:- उपकुलपति-ने.रा.प्र.प.

नाम थर:- डी.पी. अधिकारी
जन्ममिति/जन्मस्थान:- १९८३, अर्चले (बराह क्षेत्र)
बाबु/आमा:- नरपति अधिकारी/दीव्यकुमारी
बाल्यकालको नाम:- देवीप्रसाद अधिकारी
शैक्षिक उपाधी:- स्नातक
जम्मा कृति संख्या:- साहित्यिक ६, पाठ्यपुस्तक ११ ।
मुख्यविधा:- उपन्यास
सम्प्रति:- जनजातिमा आधारित उपन्यास लेखन ।

नाम थर:- केबलपुरे किसान
जन्ममिति/जन्मस्थान:- १९८३ चैत्र २९ गते, लामिडाँडा, धादिङ्ग ।
बाबु/आमा:- हरिप्रसाद पौडेल/मायादेवी
बाल्यकालको नाम/उपनाम:- बडानन्द/देवीप्रसाद पौडेल/केवलपुरे किसान ।
शैक्षिक उपाधी:- मध्यमा
साहित्यमा लाग्ने प्रेरणा:- त्यसबेलाको गाउँले परिवेश र बनारसमा छँदा महाकवि देवकोटा
जम्मा कृति संख्या:- सात
मुख्यविधा:- कविता
पुरस्कार/सम्मान:-गोकुल साहित्य पुरस्कार(पोखरा)/ कृष्णमणि साहित्य पुरस्कार
सम्प्रति:- अध्ययन/लेखन

नाम थर:- एस.एल. शर्मा
जन्ममिति/जन्मस्थान:- १९८४ आषाढ शुक्लचतुर्दशी, वीरगञ्ज माइस्थान ।
बाबु/आमा:- रामचन्द्र शर्मा भण्डारी/रूपमणी देवी
बाल्यकालको नाम/उपनाम:- शम्भु भण्डारी/वशिष्ठ
शैक्षिक उपाधी:- साहित्य बिसारद/आर्युवेद बिसारद
साहित्यमा लाग्ने प्रेरणा:- युगवाणीका प्रकाशक – नारायणप्रसाद भट्टराई र सम्पादक लक्ष्मीप्रसाद देवकोटा ।
जम्मा कृति संख्या:- ५ (हिन्दी र नेपाली) प्रकाशोन्मुख ६

मैना पुरस्कार/सीपाही पुरस्कार/अशिम पुरस्कार/सीपाही द्वितीय पुरस्कार/प्रहरी द्वितीय पुरस्कार/दीर्घ सेवा पदक/गढिआरोहण पदक/ सरस्वती पुरस्कार (लुनकरणदास चौधरी साहित्यकला मन्दिर) तथा सम्मानहरू ।
सम्प्रति:- अध्यक्ष-नेपाली साहित्य मन्दिर/अध्यक्ष-नेपाल नारी साहित्य सेवा केन्द्र, र अप्रकाशित कृतिहरूको प्रकाशन ।

नाम थर:- कृष्णचन्द्र सिंह प्रधान
जन्ममिति/जन्मस्थान:- १९८२ नागपञ्चमी
बाबु/आमा:- सूर्यप्रसाद सिंह प्रधान/सूर्यमाया
बाल्यकालको नाम:- गोबिन्दप्रसाद
शैक्षिक उपाधी:- स्वाध्ययन
साहित्यमा लाग्ने प्रेरणा:- अप्रीय काम गर्नुपर्ने पीडा र दाजु हृदयश्चन्द्र सिंह प्रधान ।
जम्मा कृति संख्या:- १२
मुख्यविधा:- निबन्ध/समालोचना/नाटक
पुरस्कार/सम्मान:- मदन पुरस्कार/साझा पुरस्कार/धरणिधर पुरस्कार/रत्नश्री पुरस्कार/उत्तम पुरस्कार/झपट पुरस्कार/ नेपाली साहित्य परिषद्बाट सम्मान/ प्रतिभा पुरस्कार प्रतिष्ठान (विराटनगर)बाट सम्मान/धौलागिरी साहित्य प्रतिष्ठानबाट सम्मान/नारायणी वाङ्मय प्रतिष्ठान लाजिम्पाट र बुढानीलकण्ठ स्कूलबाट अभिनन्दन ।
सम्प्रति:- आत्मसंस्मरण लेखन ।

नाम थर:- हर्षनाथ भट्टराई
जन्ममिति/जन्मस्थान:- १९८२ भाद्र १, कुश्लेचौर
बाबु/आमा:- होमनाथ भट्टराई/टीकादेवी
शैक्षिक उपाधी:- शास्त्री
साहित्यमा लाग्ने प्रेरणा:- अग्रजहरू
जम्मा कृति संख्या:- १३ प्रकाशित (नेपाली, संस्कृत) ५ अप्रकाशित
मुख्यविधा:- शब्दकोष लेखन
पुरस्कार/सम्मान:- हेमराज विद्वत् शिरोमणी पुरस्कार
सम्प्रति:- शब्दकोपको द्वितीय संस्करणको तयारी ।

नाम थर:- वासु पासा
जन्ममिति/जन्मस्थान:- १९८२ मार्ग ५ गते, कीर्तिपुर, बाफल
बाबु/आमा:- सिद्धिबहादुर श्रेष्ठ/रत्नमाया
बाल्यकालको नाम:- वासुदेव श्रेष्ठ
शैक्षिक उपाधी:- निजामती मध्यमा
साहित्यमा लाग्ने प्रेरणा:- सिद्धिचरण श्रेष्ठ
जम्मा कृति संख्या:- २० (नेवारी र नेपाली)
मुख्यविधा:- नाटक, काव्य/इतिहास
पुरस्कार/सम्मान:- गोरखा दक्षिण बाहु/प्रजातन्त्र सेनानी सम्मान/यू.एस.ए. मिसनद्वारा प्रशंसा पत्र/गोकुल साहित्य पुरस्कार (पोखरा)/कृष्णमणि साहित्य पुरस्कार/बालचन्द्र पुरस्कार/सुनकोशी साहित्य प्रतिष्ठानबाट सम्मान ।
सम्प्रति:- ईश्वर र मेरी स्त्रीको संगममा ।

नाम थर:- भरतराज घिमिरे 'मन्थलीय'
जन्ममिति/जन्मस्थान:- १९८२ माघेऔंशी, मन्थली
बाबु/आमा:- भवप्रसाद उपाध्याय/सोमकुमारी
बाल्यकालको नाम/उपनाम:- भेषराज शर्मा/भरतराज शास्त्री/भरतराज शर्मा'मन्थलीय'/भरतराज घिमिरे 'मन्थलीय'
शैक्षिक उपाधी:- साहित्य शास्त्री/काव्यतीर्थ, बी.ए.
साहित्यमा लाग्ने प्रेरणा:- पिताजी/विद्यामा भनिने सिलोकहरू
जम्मा कृति संख्या:- १४ (संस्कृत र नेपाली)/१२ अप्रकाशित
मुख्यविधा:- काव्य
पुरस्कार/सम्मान:- गोदवा रत्नश्री पदक, उदयानन्द पुरस्कार/गुणराज पुरस्कार/प्रतिभा पुरस्कार देवकोटा पुरस्कार/पाणिनी पुरस्कार/अम्बिका पुरस्कार ।
सम्प्रति:- लेखन/अध्ययन

नाम थर:- दौलतबिक्रम बिष्ट
जन्ममिति/जन्मस्थान:- १९८३ साल आश्विन १४ गते सोमबार, पूर्व ४ नम्बर
बाबु/आमा:- सोमराज बिष्ट/मानकुमारी
बाल्यकालको नाम:- विष्णु
शैक्षिक उपाधी:- साहित्यरत्न
साहित्यमा लाग्ने प्रेरणा:- आमा बित्नु भएको पीडा
जम्मा कृति संख्या:- १० वटा
मुख्यविधा:- कथा/उपन्यास
पुरस्कार/सम्मान:- भुपालमान सिंह पुरस्कार/महेन्द्र प्रज्ञा पुरस्कार/गम्भीरसुन्धरा पुरस्कार/मदन पुरस्कार गोरखा

भनेकोले सबै मनुष्यका साथ भातृभाव गर्न बतायो । हुनता पशुपक्षीका मातापिता पनि ईश्वरै हुन् तापनि उनमा तेस्ता मन्त्रहरूबाट स्वभाव नबदलिने र नबुझ्ने हुँदा मनुष्यका मातापिता भनेको हो । तेस्ता मन्त्र वेदमा धेरै छन् । राष्ट्रसंघले मनुष्यहरूको सह-अस्तित्व निम्ति समान व्यवहार गर्नुपर्छ भनेको कुरा त ऋग्वेदको अन्तिम मन्त्र 'समानमस्तु वो मनोयथा वः सुसहा सति' ले नै स्पष्ट भनेको छ । तर जातभातको कुरा जातिच्युत गर्ने, जात दिने काम राजनीति समेतबाट बढेको थियो । मनुष्य जातैमा छुवाछुत व्यवहार पनि कडा थियो । त्यस निम्ति अनेक स्मृति बनेका छन् ।

नेपालमा ३१ वर्षसम्म प्रधानमन्त्री भै महत्त्वपूर्ण काम गर्ने उत्तम भीमसेन थापालाई दरबारी षड्यन्त्रबाटै थुनेर राखे । उनका थापा परिवारको पनि जात गयो भन्ने ध्याल पिटे । उनले तलामाथि जान हुँदैन थियो । छ महिना पछि जात थामी दिए ।

विद्वान् शुक्रराज शास्त्रीका बाबु माधवराज वेदप्रमाण मान्ने थिए, उनलाई थुने, उनि आर्यसमाजी सुधारवादी थिए । उनलाई थुनेपछि उनका सन्तान अछुत भए भनेर उनलाई स्कूलबाट निकालिदिए । इत्यादि कुरा चित्तरञ्जन नैपाली कृत 'नेपालको इतिहास'ले भन्दछ । पहिले युद्ध हुँदै रहन्थे, जितेर न्याएकालाई दास (शूद्र) मान्ने गरेको कुरा महाभारत आदिबाट बुझिन्छ । तर ती शूद्रहरू मान्से पनि बनाइन्थे भन्ने कुरा निर्णयसिन्धु, धर्मसिन्धुको कलिवर्ज्य प्रकरणमा 'ब्राह्मणादिषु शूद्रस्य पचनादि क्रियाऽपि च' अर्थात् ब्राह्मण, क्षत्रिय आदिले कलियुगमा शूद्रजातलाई मान्से राख्न हुँदैन भनेकोले धेरै ठाउँमा बाहुनै मान्से राख्न थालेका छन् । त्यसो हुँदा जातभातका कुरा वैदिक धर्मका होइनन् । मूर्तिपूजालाई दोष दिनु पनि गल्ति नै हो ।

श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको तस्वीर वा मूर्तिमा माला लगाई सम्मान गरे जस्तै हो र मूर्तिपूजालाई प्रतीकको उपासना भनेको छ । तर मुसल्मान सम्प्रदायले बुतपरस्ती भन्दै कडा निन्दा गरेको छ ।

प्रतीकोपासनाका निम्ति ईश्वर व्यापक छन् तापनि रूप कल्पना गरेको हो । यो कुरा 'एकं सद्विप्रा बहुधा वदन्ति, अग्निं यमं मातरिश्वानमाहुः (ऋग्वेद १ । १६४ । ४) ले भनेको छ र एक परमेश्वरैका अनेक नामले स्तुति गरेको बतायो । अर्कोकुरा – जुन काम जसबाट सिद्ध हुन्छ, त्यसलाई पनि देवदेवी भनेको छ । जस्तै – देवी देवेभ्यः पर्येयुषी गा मा मा वृक्त मर्त्यो दभ्रचेताः (ऋग्वेद ८ । १०१ । १६) ए ! छोटो बुद्धि भएका मानिस ! देवताहरूलाई दूध ध्यू आदिबाट सेवा गर्ने गाई देवीलाई मार्न हुँदैन । यस मन्त्रले गाईलाई देवी भन्यो ।

यज्ञ गर्दा रुखको हाँगो काट्नुपर्दा 'अयं हि स्वधितिस्तेति जानः प्रणिनाय महते सौभगाय । अंतस्त्वं देव ! वनस्पते । शतवल्शा विरोह सहस्रवल्शा विवयं रुहेम (यजुर्वेद ५।४३) ए रुखदेव । यज्ञ निम्ति चाहिनाले तिम्रो हाँगो काट्दै छु, तिम्रो भाग्य रहेछ, तिमी सयौं दुसा पलाएर बढ्ने छौं, हामी पनि हजारौं सन्तान भएर बढ्ने छौं । रुखैलाई देव भनेको छ । पतिपत्नी परस्पर पुरक हुनाले देवदेवी हुन् । काम,क्रोध,लोभको वशमा पर्दा राक्षस/राक्षसी पनि बनेका हुन्छन् । वैदिक शब्दका अर्थ बताउने निरुक्तको दैवतकाण्डको आरम्भमा नै 'यत्कामः ऋषिर्यस्या देवतायामर्थपत्यमिच्छन्स्तुतिं प्रयुंक्ते सा देवता' भनेको हुँदा देवको अर्थ स्पष्ट छ । परमेश्वर एक छन् भन्ने कुरा '.हरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत्' (ऋक् १०/१२१/१) इत्यादि कुरा अनेक मन्त्रले भनेको छ । देव शब्दले सम्मान गरिने हुँदा धेरै पदार्थलाई भन्छ तर परमेश्वर एक छन् भन्ने मन्त्र चारै वेदमा धेरै छन् ।

समयमा भन्नुपर्दा हाम्रो सबैभन्दा ठूलो दोष त मनुष्य जातलाई अछुत मान्नु नै हो । हाम्रो समाजमा अछुतलाई छोएमा पानी छिटो लिएर चोखिन्थ्यो । त्यो प्रथा हटाउन महात्मा गान्धी र मदनमोहन मालवीयले पनि प्रयत्न गरे । धेरै कम हुँदै छ तापनि छुटेको छैन । नेपालमा पनि ऐनबाट छुवाछुत हटाए पनि समाजमा छुँदैछ । समाज सुधारवादीले समाजमा रहेको छुवाछुत भूतलाई हटाउनु पर्छ । धरान, बिजयपुर आदिमा मिठाई दुकान, होटल आदिमा र मन्दिर पाठशालामा प्रवेश निषेध छैन । कामी, दमाई, कसाई आदिले वैदिक विधिबाट विवाह कर्म गरी मागेमा र भागवत् सप्ताह गर्ने इच्छा गरेमा पुरोहित र संस्कृतका शास्त्रीसम्म पढेका छात्रहरूलाई पठाएर पूरा गराइँदै छ ।

मनुष्यहरू बुद्धिले नै राम्रा नराम्रो काम गर्दछन् । त्यसै बुद्धिलाई मत्याउने, बिगार्ने मद्यपान हो । र त्यो रोक्ने प्रयत्न सबै सुधारवादीले गर्नुपर्छ ।

- - -

'दायित्व'को चाहना दायित्वको अनुरूप

❑ वैकुण्ठप्रसाद लाकौल

श्रेष्ठबाट अब 'लाकौल'। कुनै भेद नराखी श्रेष्ट र श्रेष्ठ लेख्ने गरेकोले धेरैजसो श्रेष्ठ नै गरेको पाइन्छ। शब्द व्युत्पत्तिको श्रेष्टले उत्तम श्रेष्ठले वर्ण चारमा वैश्य हुनगै यस उपनामले भ्रम उत्पन्न भइरहेको छ। त्यस कारण मेरो जाति प्रवरमा आदि चाहि मास्के हो। त्यस गोत्र अघि छाडी आएकी श्रेष्ट बा श्रेष्ठले चलनचल्ती हुन गो। अनि सर्वप्रथम यस पंक्ति लेखकले 'लाकौल' उपनाम नयाँ सिर्जना गऱ्यो।

मेरो शैक्षिक योग्यताबारे कुरागर्दा पटना वि.वि. बाट Matriculation. Feb. 1925 A.D, पटना वि.वि. बाट शुरुमा I.Sc पछि Chemistry छाडी संस्कृत लिएर I.A., 1928 Feb. A.D. Bengal Govt Trainng Centre in Physical Education स्नातक तहको Diploma, Calcutta March 1934 A.D. र नेपाल सरकार निजामती मध्यमा चैत्र २०१० साल पास गरियो।

मैले जुनबेला दर्बार हाइस्कूलमा पढ्थें त्यसबेला नेवारहरूलाई हेला गरेर 'न्यार' भन्ने गरिन्थ्यो। त्यसैको बिरोधमा मैले सम्पूर्ण नेवार विद्यार्थीहरूलाई आफ्नो घरको सट्टा 'नेवार' मात्र लेख्न लगाएर आन्दोलन नै मच्चाएको थिएं। जुन कार्यले विद्यालयमा ठूलो समस्या उत्पन्न गराएको थियो। त्यो सस्मरण मलाई अझै पनि ताजै जस्तो लाग्छ।

स्वास्थ्यको कारण मेरो डाक्टर बन्ने तीब्र इच्छा पुरा हुन सकेन। आखिर मैले शिक्षण सेवामा लाग्नु पऱ्यो। बसरी मैले करीब १५ वर्षजति अध्यापन र १० वर्षजति सरकारी सेवामा काम गरें। बांकी मेरो सम्पूर्ण जीवन भाषा, साहित्यको प्रवर्द्धनमा समर्पण गरेको छु। मेरो काव्य लेखनको थालनी १९८२ मा कलकत्ताबाट प्रकाशित हुने 'बुद्ध धर्म' नामक पत्रिकाबाट भएको हो। त्यसपछि अन्य पत्रिकाहरूमा पनि यत्रतत्र मेरा कविताहरू प्रकाशित हुँदै जाँदा राणाहरूको दृष्टिमा बिद्रोही पनि बन्न पुगें। राणाहरूबाट मेरो घर-खेत गरिदिने र दुःख झेल्नुपर्ने धम्की पनि आयो तर मैले आफ्नो धारणा बदलिनं।

अब त म धेरै बूढो भइसकें। तर ब्रह्ममुहूर्तमा नै उठ्ने, नित्यकर्म सक्ने, रेडियो भजन सुन्ने, बेद उपनिषद् र बौद्धधर्मको अध्ययन चिन्तन गर्ने मेरो दैनिकी छ। फुर्सदले मान्छेलाई अल्छी र रोगी बनाउँछ भन्ने धारणा भएकोले नै मैले केही न केही गरेरै बस्छु। त्यसैले होला यो उमेरसम्म पनि मलाई त्यस्तो ठूलो रोगले सक्रमण गर्न सकेको छैन।

साहित्यमा राम्रा-राम्रा लयका मात्रिक वार्णिक छन्दमा श्लोक रचना गर्न र जगत् प्रख्यात लब्धप्रतिष्ठित महापुरूषका जीवनी पढ्दा मुग्ध हुनु र भावपूर्ण अध्यात्म चिन्तनमा निरन्तर लागिरहनु नै मेरो साहित्यप्रति आकर्षित हुने पहिलो कारण हो। अर्को कारण श्री ३ चन्द्रको देहावसान पछि श्री ३ भीमबाट लगत्तै देश निकाला भैरहेका राजनीतिक नेताहरू नेपालमा बोलाइए। राजाले प्रजालाई भलो हुने काम कुरामा आफ्ना राय-सल्लाह दिनु भनी सिन्दुर जात्रामा सात भाषा घोषणा भएको थियो। एकदिन उदास समुदायका नेता श्री योगबीरसिं कंसाकारको कसाकोठीमा भइरहेकी जमघटमा मलाई पनि सम्मिलित हुने अवसर भयो। त्यहाँ कृष्णप्रसाद कोइराला, तुलसी मेहर दाइ पनि हुनुहुन्थ्यो। छलफलमा तत्काल पब्लिक लाइब्रेरी खोल्न तुलसी सुब्बा मार्फत् राजाकहाँ बिन्ति चढाउने निकाशा प्राप्त भएपछि शिक्षा प्रचार गर्न सुझीस् मिल्छ भनी बिन्तिपत्र बाकायदा लेखियो। त्यसमा २२ जनाको नाम र सही पऱ्यो। मलाई कलेज (त्रिचन्द्र)का विद्यार्थीबर्गको हस्ताक्षर सङ्कलन गर्ने जिम्मा दिइयो।

कलेजका साथीहरूमा सर्वश्री लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद खतिवडा, सल्यानी राजाका भाइ पद्मबहादुर शाह, छोरा जीतेन्द्रबहादुर शाह, मणि खलकका तिलकमणि आ.दी., वसन्तमणि आ.दी र स्कूलमा पढ्दाका साथी भारतको दयानन्द आयुर्वेदिक कलेजबाट भिषजरत्न पास गरी चिकित्सक भएर आउने आर्यसमाजी धर्मराज थपलियाको समेत त्यस बिन्तिपत्रमा सही परेको थियो।

साहित्यमा लाग्ने प्रेरणा:- पूर्वजहरूको देखासिकी
जम्मा कृति संख्या:- पांच
मुख्यविधा:- काव्य/उपन्यास
पुरस्कार/सम्मान:- मदन पुरस्कार/साझा पुरस्कार/ दांते सोसाइटी (इटली) बाट अन्तर्राष्ट्रियस्तरको पुरस्कार
सम्प्रति:- लेखन/अध्ययन

नाम थर:- छिन्नलता
जन्मिति/जन्मस्थान:- १९८० आषाढ हरिशयनी एकादशी, बागबजार
बाबु/आमा:- हर्षनारायण मानन्धर/हीरामाया
बाल्यकालको नाम:- रमोलादेवी
शैक्षिक उपाधी:- स्वाध्ययन
साहित्यमा लाग्ने प्रेरणा:- प्रारम्भिक जीवनको दुःख-भोग र ब्रह्मानन्दको भजन।
जम्मा कृति संख्या:- चार
मुख्यविधा:- गीत
पुरस्कार/सम्मान:- मैना पुरस्कार/रत्नश्री पुरस्कार/ लोकप्रीया देवी पुरस्कार/नारी साहित्य केन्द्रबाट अभिनन्दन/ सुनसरी साहित्य प्रतिष्ठानबाट सम्मान/नेपाल साहित्य समिति विराटनगरबाट सम्मान।
सम्प्रति:- स्वास्थलाभ गर्दै रहेको।

नाम थर:- बिष्णुप्रसाद धिताल
जन्मिति/जन्मस्थान:- १९८१ वैशाख ३, खरीकोट भञ्ज्याङ्ग, गोरखा।
बाबु/आमा:- कुमारीप्रसाद धिताल/ललितादेवी
बाल्यकालको नाम:- बाबु
शैक्षिक उपाधी:- एम.एस.सी. (तथ्याङ्क शास्त्र) इण्डिया/ स्नातकोत्तर (अर्थशास्त्र, ELON) लण्डन/संस्कृतमा-आचार्यको अध्ययन।
जम्मा कृति संख्या:- 'नी' कविता सङ्ग्रह र छरिएर रहेका थुप्रै रचनाहरू।
मुख्यविधा:- कविता
सम्प्रति:- सदस्य सचिव – मदन पुरस्कार गुठी/अन्य सामाजिक संस्थाहरूसंग सम्बन्धित।

नाम थर:- धर्मराज थापा
जन्मिति/जन्मस्थान:- १९८१ श्रावण १, शुक्लचतुर्दशी
बाबु/आमा:- हर्कबहादुर थापा/ मनमाया देवी
बाल्यकालको नाम:- भुवनबहादुर थापा
शैक्षिक उपाधी:- निजामती मध्यम परीक्षाको प्रथम श्रेणीमा प्रथम।
साहित्यमा लाग्ने प्रेरणा:- ग्रामिण जनजीवनका गीत/रामायण, महाभारत, आनन्दलहरी, प्रेमलहरी।
जम्मा कृति संख्या:- २७ बटा
मुख्यविधा:- गीत/कविता
पुरस्कार/सम्मान:- मदन पुरस्कार/इन्द्रराज्यलक्ष्मी पुरस्कार /'जनकवि केशरी'को उपाधी/साझा पुरस्कार/८-१० बटा अभिनन्दन र सम्मान।
सम्प्रति:- बिगत जीवनका अनुभव र अनुभूतिहरूको लेखन।

नाम थर:- श्यामदास वैष्णव
जन्मिति/जन्मस्थान:- १९८१ श्रावण कृष्णसप्तमी/ लाजिम्पाट
बाबु/आमा:- कृष्णदास वैष्णव/दुर्गाकुमारी
उपनाम:- बिशकु/लहडकान्त/बिशुल/बिलोचन/बिरोपाक्ष
शैक्षिक उपाधी:- श्रेस्ता पाठशालाबाट मध्यम कक्षामा प्रथम
साहित्यमा लाग्ने प्रेरणा:- गोपाल पांडे
जम्मा कृति संख्या:- ९ वटा
मुख्यविधा:- कविता
पुरस्कार/सम्मान:- विवेकानन्द शाखा पुरस्कार/रत्नश्री पुरस्कार/महेन्द्र प्रज्ञा पुरस्कार/गोदबा पाँचौं/देवकोटा पुरस्कार।
सम्प्रति:- लेखन/अध्ययन

नाम थर:- गोमा
जन्मिति/जन्मस्थान:- १९८२ जेष्ठ १५ गते, पर्वत
बाबु/आमा:- लक्ष्मीकान्त उपाध्याय/नन्दकुमारी
शैक्षिक उपाधी:- बी.ए.
साहित्यमा लाग्ने प्रेरणा:- हजुरबुबा/सिद्धिचरण
जम्मा कृति संख्या:- १५ (प्रकाशित), १५ (अप्रकाशित)
मुख्यविधा:- कविता
पुरस्कार/सम्मान:- रत्नश्री पदक/लोकप्रीयादेवी पुरस्कार।

बाबु/आमा:- शङ्करराज जोशी/राजकुमारी
बाल्यकालको नाम:- मोहन
शैक्षिक उपाधी:- क्याम्पस स्तर
साहित्यमा लाग्ने प्रेरणा:- गाउँघरको परिस्थिति/लोकजीवन/लोकसंस्कृति ।
जम्मा कृति संख्या:- नेपाली र नेवारीगरी ५० भन्दा बढी ।
मुख्यविधा:- लोकसाहित्य/लोकसंस्कृति
पुरस्कार/सम्मान:- मदन पुरस्कार (तीन पटक)
सम्प्रति:- अध्ययन/लेखन ।

नाम थर:- जनकलाल शर्मा
जन्ममिति/जन्मस्थान:- १९७८ वैशाख १७ गते, इलाम
बाबु/आमा:- गोविन्दप्रसाद शर्मा/कौसल्यादेवी
शैक्षिक उपाधी:- साहित्य रत्न
साहित्यमा लाग्ने प्रेरणा:- समाजबाट
जम्मा कृति संख्या:- जम्मा ६ (सहलेखन र पाठ्यक्रमसहित)
मुख्यविधा:- निबन्ध
पुरस्कार/सम्मान:- मदन पुरस्कार/रत्नश्री पुरस्कार/वालचन्द पुरस्कार/झपट पुरस्कार/प्रतिभा समूहबाट अभिनन्दन ।
सम्प्रति:- लेखन अध्ययन

नाम थर:- गोविन्दबहादुर मल्ल 'गोठाले'
जन्ममिति/जन्मस्थान:- १९७९ आषाढ २६, ओम बहाल
बाबु/आमा:- ऋद्धिबहादुर मल्ल/आनन्दकुमारी
बाल्यकालको नाम:- गोविन्दबहादुर मल्ल
शैक्षिक उपाधी:- आइ.एस.सी.
साहित्यमा लाग्ने प्रेरणा:- 'शारदा' पत्रिका र कवि, लेखकहरूसंगको सम्बन्ध ।
जम्मा कृति संख्या:- ९ (प्रकाशित), २ (अप्रकाशित)
मुख्यविधा:- कथा/नाटक
पुरस्कार/सम्मान:- त्रिभुवन पुरस्कार/बेदनिधि पुरस्कार/गोरखा दक्षिण बाहु/मदन पुरस्कार ।
सम्प्रति:- स्वास्थ्यले दिएसम्म– लेखन/अध्ययन

नाम थर:- फणिन्द्रराज खेताला
जन्ममिति/जन्मस्थान:- १९७९ आश्विन १३ महानवमी, पकनाजोल, सल्लाधारी
बाबु/आमा:- भुवनराज भट्टराई/दीव्यकुमारी
बाल्यकालको नाम/उपनाम:- मन/खेताला
शैक्षिक उपाधी:- बी.ए/कृषि विसारद्
साहित्यमा लाग्ने प्रेरणा:- लेखनाथ/देवकोटाका कृतिहरू र पैसाको अभाव ।
जम्मा कृति संख्या:- ४ (प्रकाशित), ११ (अप्रकाशित)
मुख्यविधा:- नाटक/कविता/निबन्ध
पुरस्कार/सम्मान:- दीपस्मृति पुरस्कार/रत्नश्री पदक/सीपाही पुरस्कार/वृढानिलकन्ठ स्कूलबाट सम्मान ।
सम्प्रति:- अध्ययन/लेखन

नाम थर:- मदनमणि दीक्षित
जन्ममिति/जन्मस्थान:- १९७९ फागुन ६/गैरीधारा
बाबु/आमा:- लक्ष्मणमणि दीक्षित/विष्णुकुमारी
उपनाम:- 'चक्रपाणी' नामबाट २८ वर्षसम्म 'समीक्षा'मा लेखन
शैक्षिक उपाधी:- स्नातकोत्तर
साहित्यमा लाग्ने प्रेरणा:- आफ्नै अनुभव/माताज्यूको पीडा
जम्मा कृति संख्या:- २१ (प्रकाशित), ४ (अप्रकाशित)
मुख्यविधा:- निबन्ध/पत्रकारिता
पुरस्कार/सम्मान:- मदन पुरस्कार/गोदवा तेस्रा
सम्प्रति:- अध्ययन/लेखन

नाम थर:- हरि श्रेष्ठ
जन्ममिति/जन्मस्थान:- १९७९ फागुन ८ गते
बाबु/आमा:- आशनारायण श्रेष्ठ/पदमकुमारी
बाल्यकालको नाम:- भाइचा
शैक्षिक उपाधी:- आइ.ए./साहित्य रत्न
साहित्यमा लाग्ने प्रेरणा:- स्वतःप्रस्फुटन र पछि केशवलाल कर्माचार्य ।
जम्मा कृति संख्या:- १० वटा
मुख्यविधा:- रूपक/निबन्ध
सम्प्रति:- लेखिएका रचनाहरूको संकलन र प्रकाशन

नाम थर:- विनोदप्रसाद धिताल
जन्ममिति/जन्मस्थान:- १९८० जेष्ठ २८ कृष्णद्वादशी
बाबु/आमा:- भैरवप्रसाद धिताल/हुताशन कुमारी
शैक्षिक उपाधी:- एम.ए./बि.एल

वसन्त शमशेर जनरलले श्री ३ भीमलाई मारी नेपालको राजापाठ आफ्नुतिर लिने षडयन्त्र रच्यो भन्ने पारेर ९७ सालको काण्ड मच्चियो । काठमाडौंको मुख सुक्यो । टंगाल दरबार मसान घाटसरि भो । नवयुवक शिक्षित छात्रहरूमा आगो सल्काउने अपराधी भनी मलाई जंगीलाठ रुद्र शमशेरको इजलासमा नूरदेव सुब्बासंग बसाले । शुरुमा तीन पुस्ता लेख्नुपर्ने– बाजेको नाम डी.देवीदास, बाबुको नाम मी.सु. दुर्गाप्रसाद । मीरसुब्बा दुर्गाप्रसादको नाम जंगीलाठमा पर्ने बित्तिकै झस्केर 'हं के रे । पाल्पाली दुर्गाप्रसाद ?'

नूरदेवले भने– हो सरकार दुर्गाप्रसाद पाल्पाली । चीफ साहेबले भने– 'ए सुब्बा ? म सानैबच्चो छंदा तानसेनमा सुब्बा दाइ र सुब्बेनी भाउजूले मलाई काखमा राखी हुर्काएका हुन् !' त्यसपछि बन्द सवाललें रूप नै बदल्यो । लेखक नूरदेवको कलम रेलगाडीको एक्सप्रेस ट्रेनको रफ्तारमा चल्यो । बमकाण्ड र लाइब्रेरी पर्वलाई यत्तिकैमा टुङ्गयाउं ।

मैले त्यस मामिलामा रु. १००/- जरिवाना तिरेर छुटकारा पाएं । त्यस सांझमा सकुशल म घर पुगें । आमाले मलाई सगुन दिनुभयो र मेरो टाउको सुम्सुमाउंदै भन्नुभो – 'कान्छा । इष्टदेवताले हाम्रो रक्षा गर्नु भो, तिमीले.....तिमीले जन्मभर कुनै पनि राजकाजमा हात नहाल्नू मेरो बाबा ।' यस अतीलाई शिरोधार्य गरी म साहित्यमा लागेको हुं । मेरो मुख्यविधा काव्य हो र यसमा साङ्केतिक, लचिलोपना, रमाइलो भाव, श्लेष, व्यंग्य, प्रहारक, बहुआयामिकता, निन्दा, स्तुति आदि गुणले पूर्णता निकाल्न सकिन्छ ।

अन्त्यमा 'दायित्व' साहित्यिक मासिक पत्रिकाका प्रधान सम्पादक/प्रकाशक श्री रामप्रसाद पन्तले आफ्नो पत्रिकाका अन्तिम तीनओटा पत्रिका लिएर मकहां आएर अन्तर्राष्ट्रिय वृद्ध वर्षको उपलक्ष्यमा ३५ सौ अङ्क निकाल्ने हेतुले मेरो आत्मसस्मरणको लागि एउटा पत्र मेरो हातमा थम्याइदिनु भएअनुसार आफूलाई मनमा लागेका केही कुराहरू लेखेर आफ्नो दायित्व पूरा गरें जस्तो लाग्यो । माथि लेखिएका केही टिपन/टापनहरूले नै दायित्वको समस्या पूर्ति भएन त ? अवश्य मै हाल्यो । दुहुनो गाई (माऊ-बाच्छी) नै दिनुपर्नेमा एक ढल्लो गोबरले भ्याइहालियो !

अब एउटा महाजाणी सूक्ति – 'लोभश्चेद् गुणेन किम्' ।

ॐ शान्तिः शान्तिः शान्तिः

विजया दशमी तथा शुभ-दीपावली
२०५६ को सुखद् उपलक्ष्यमा
सम्पूर्ण नेपालीमा सुख, शान्ति तथा
समृद्धिको लागि हार्दिक मङ्गलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

निर्देशक तथा प्रधानाध्यापक
श्रम राष्ट्रिय मा.वि.
परिवार
कुमारीगाल, काठमाडौं

विजया दशमी तथा शुभ-दीपावली
२०५६ को सुखद् उपलक्ष्यमा हाम्रा
समस्त ग्राहकवर्गहरूमा सुख, शान्ति
तथा समृद्धिको लागि हार्दिक मङ्गलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

नेपाल आवास विकास वित्त कम्पनी लि.
परिवार
नयाँ बानेश्वर, काठमाडौं

विगतका केही सम्झनाहरू

❑ टुकराज मिश्र

प्रधान सम्पादक । दायित्व साहित्य पत्रिका ।

कृपापूर्बक पठाउनु भएको पत्र पाएं । शीर चढाएं । विषय रहेछ आत्मसंस्मरण पठाउने– वृद्ध साहित्यकारको विशेषाङ्क ।

म ९० वर्ष भएं, वृद्ध हुं । ७० वर्ष भन्दा २० वर्ष बढी । म वृद्ध भए पनि आफूलाई साहित्यकारको पङ्क्तिमा उभ्याउन नसकेको मलाई महशुस हुन्छ । यो यहाँको काम स्तुत्य छ, प्रशंसनीय छ । यसले देशको हित गर्दछ । हाम्रो पुरानो उखान छ – 'कुरा सुन्नु बूढाको आगो ताप्नु मूढाको' अब मूढाको आगो ताप्ने समय गयो, हिटरको समय आएको छ । अब यी गन्थन छोडौं । यहाँको अमूल्य समय बरबाद नगरौं । आत्मसंस्मरणतर्फ लागौं –

जन्म १९६६ फाल्गुण ९ गते । जन्मस्थान – मर्स्याङदी (कर्मदा नदीतट, तार्कुटार) पिता डिल्लीकृष्ण मिश्र (वत्स भार्गव गोत्री पांडे) माता टीकालक्ष्मी मिश्र । बालककालका विविध नाम नभनौं । शैक्षिक योग्यता निरक्षर, मिश्राचार्य भने ठीक पर्ला । साहित्यमा लाग्ने प्रेरणा लामो छ । त्यसको विवरण छुट्टै दिएको छु । कृति संख्या– उपन्यास ३ विविध विषयका कृति (खण्डकाव्य २ जीवनी ४ र प्रकाशित १ अप्रकाशित ३, हाकिम तहरीरका निमित्त जांच दिनुपर्ने पुस्तक प्रकाशित) मुख्य विधा ऐतिहासिक उपन्यास भने जाती होला । पुरस्कार र सम्मान भन्नु पर्दा तिरस्कार र अपमान सोधे जाती हुन्थ्यो होला तर मायामोहमा दिएको सम्मान पुरस्कार ३ । मेरा आत्मस्मरणका दुईपाटा छन् – १ देश सेवा २ साहित्य ।

पहिले राष्ट्रसेवा कै कुरा गरौं – १८ वर्षमा राष्ट्रसेवामा मुठिएं । लेख्ने हिसाब गर्ने उस बखतको नौसिन्दा । त्यसपछि नायब राइटर, नायब मुखिया, मुखिया, तहरिर खर्दार, हाकिम नायबसुब्बा, लेखा परीक्षण अधिकारी भएर जागिरको टुङ्गो लाग्यो– निर्देशकका रोलमा नपुर्दै । त्यसपछिको क्रम पछिल्लो प्रकरणमा उल्लेख गर्नेछु ....।

अब साहित्यको प्रकरण – म ९ वर्ष पुग्न ४ महिना बाँकीमा मेरा पिताको ३५ वर्षको उमेरमा स्वर्गबास भएको हो । पिता स्वर्गबास हुँदा भरखर म बिरामीबाट उठिएको थिएं । बल्ल हिड्न सक्ने अवस्था हुन लागेको थिएं । पिताको लाशका पछि म लगिएं । घाटमा लगेर जलाउन मैले दागबत्ती दिनु पर्‍यो । मैले रुँदै दागबत्ती दिएको मलाई अझै सम्झना छ । त्यसपछि घरमा आएं, घरमा आउँदा आमाको नेतो पहिरन देखें । दोसोदिन उपवास बसियो । तेसोदिन टिकरो उठाउन गएं । जाँदा आउँदा धरथराउँदै काजकृया गरेको अझै सम्झना छ । १३ दिनदेखि बाहिर पिंडी बारेको ठाउमा सनुपर्‍यो । साबिक पिताको कोठामा र घरभित्र हामी बास भएन । ढुकुटीको सांचो धान रहेका २ भण्डारमा ताल्चा मारेका थिए । सांचो आमाको हातमा थियो । त्यो सांचो पनि सबै कान्छाबाले लिनु भयो र कान्छी आमालाई दिनु भयो । त्यस खबत ३ भाइ हामी छोराहरू १ दिदी आमा हुनुहुन्थ्यो– जम्मा ५ जनालाई खान प्रतिदिन ५ माना धान झिकेर दिनुहुन्थ्यो– कान्छी आमाले । घ्यू, तेल, नून २ छाकलाई चाहिने मात्र दिनुहुन्थ्यो । घरमा दासदासी हली गोठाला छ जना थिए । उनीहरू हुँदाहुँदै पनि ५ माना धान १४ दिनका दिनदेखि प्रतिदिन ५ माना धान कुटेर भात बाहिर पकाएर खाने चलन चल्यो । त्यस बखत तन्नी दोर्दोरका पं.कवि उपदेश मञ्जरीका रचयिता तीर्थराज हाम्रा घरमा पाल्नु भएको थियो । उहाँले कान्छाबालाई भन्नुभयो – हेर भाइ । ढुकुटीको सांचो तेलै लिनु । धान भण्डारको सांचो भाउजुलाई दे । भाउजुले घरभित्रका पुऱ्याउन किफायत गरून् । बाहिरको हली गोठाला दासदासीलाई काम लाउने काम तेरी पत्नीलाई लगा । आँहले तेरा भतिजा भाउजुलाई घर भित्रबाट बाहिर निकालनु हुँदैनथ्यो । भाउजु भतिजालाई भित्र पस्न दे यसैले तेरो वेश हुन्छ । भतिजाहरू लेख्न पढ्न सामर्थ भएपछि पढाउन पठाइ दे । त्यस्तो दिव्य उपदेश दिएर एकरात रहेर कवि तीर्थराज पाल्नु भयो । सो दिव्योपदेशले कान्छाबा कान्छीआमाको झन् कोधाग्नी थपियो । यही क्रमले हाम्रा पांच महीना बिते ।

मेरा मातामह तन्हौंचोक चिती खोलामा गोतमगोत्री खिलनाथ पांडे हुनुहुन्थ्यो । त्यस बखत उहाँको गिर्दो अवस्था

पुरस्कार/सम्मान:- गोदवा प्रथम/त्रिशक्ति पट्ट प्रथम/नेपाल श्रीपद/डाक्टर अफ ल. (यू.एस.ए)/'सरवार'को उपाधी/डाक्टर अफ लेटर (त्रि.वि)/आदिकबि भानुभक्त पुरस्कार/नेपाली शिक्षा परिषद्बाट पुरस्कार ।

सम्प्रति:- लेखन/अध्ययन

नाम थर:- बासुदेव लुइंटेल

जन्मिति/जन्मस्थान:- १९७४ भदौ २३ शुक्रबार, नैकाप

बाबु/आमा:- झकनाथ शर्मा लुइंटेल/चन्द्रप्रभा

बाल्यकालको नाम:- ओमकारनाथ शर्मा

शैक्षिक उपाधी:- मध्यमा

साहित्यमा लाग्ने प्रेरणा:- अग्रजहरूका लेख रचनाहरू

जम्मा कृति संख्या:- ९ वटा

मुख्यविधा:- काव्य

सम्प्रति:- विशेष सल्लाहकार– मदन पुरस्कार गुठी

नाम थर:- टेकनाथ गौतम

जन्मिति/जन्मस्थान:-१९७५ जेष्ठ १५ गते हापुर-८ दाङ्ग ।

बाबु/आमा:- चन्द्रनिधि गोतामे/चुभादेवी

उपनाम:- बरगेकों कान्छो

शैक्षिक उपाधी:- आर्युवेदीय शास्त्री/आइ.ए.

जम्मा कृति संख्या:- ९ (धार्मिक, ऐतिहासिक, साहित्यिक)

मुख्यविधा:- इतिहास/दर्शन/निबन्ध

पुरस्कार/सम्मान:- शिक्षा सेवा गरेबापत महेन्द्र स.वि.वि. दाङ्गबाट सम्मान

सम्प्रति:- 'हिन्दू र बौद्धधर्म एउटै आर्यधर्म हुन्' किताबको अंग्रेजीमा अनुबाद ।

नाम थर:- डायमन शमशेर

जन्मिति/जन्मस्थान:- १९७५ साल आषाढ २२/पाल्पा, ठुटेपीपल ।

बाबु/आमा:- बुद्ध शमशेर राणा/मोहन कुमारी

शैक्षिक उपाधी:- MOW मिलिटरी स्कूलबाट मिलिटरी ट्रेनिङ

साहित्यमा लाग्ने प्रेरणा:- प्रो. अनिमेशचन्द्र राय (भारत)/पुराना कथाको प्रभाव ।

जम्मा कृति संख्या:- ६ वटा

मुख्यविधा:- उपन्यास

पुरस्कार/सम्मान:- सर्वदा बाङ्मय प्रतिष्ठानबाट सम्मान/प्रतिभा समूह बानेश्वरबाट सम्मान/भरती खलेर पुरस्कार/हाउस अफ राजकर्णिकारबाट अभिनन्दन ।

सम्प्रति:- एउटा उपन्यास प्रकाशनको तयारीमा ।

नाम थर:- माधव घिमिरे

जन्मिति/जन्मस्थान:- १९७६ आश्विन ७ मङ्गलबार/पुस्तुन, लमजुङ, गण्डकी अञ्चल

बाबु/आमा:- गौरीशङ्कर घिमिरे/द्रौपदीदेबी

बाल्यकालको नाम:- सेतु

शैक्षिक उपाधी:- सर्वदर्शन शास्त्री (क्वीन्स कलेज, वाराणासी)

साहित्यमा लाग्ने प्रेरणा:- लोकगीत/लेखनायका फुट्कर कविता/पिताजीबाट सुनेको उपदेशमञ्जरी आदि ।

जम्मा कृति संख्या:- १७ वटा (अप्रकाशित ३)

मुख्यविधा:- कविता/गीत

पुरस्कार/सम्मान:- विशिष्ट प्रज्ञा प्रतिष्ठान पुरस्कार (२०२२)/प्रसिद्ध प्रबल गो.द.बा. दोया (२०३२), विभुबन प्रज्ञा पुरस्कार (२०३३), सीताराम साहित्य पुरस्कार (२०५०), आदिकबि भानुभक्त पुरस्कार (२०५२), भुपालमान सिंह पुरस्कार (२०५५), सिलसिला परिवारद्वारा रथयात्रा (२०५१) तथा अत्यधिक सम्मान तथा अभिनन्दन ।

सम्प्रति:- साहित्य र दर्शनको अध्ययन/काव्य लेखन/अप्रकाशित कृतिहरूको प्रकाशनमा संलग्न ।

नाम थर:- कृष्णबहादुर मिश्र

जन्मिति/जन्मस्थान:- १९७६ माघ कृष्णप्रतिपदा

बाबु/आमा:- शम्शेरबहादुर मिश्र/डम्बरकुमारी

शैक्षिक उपाधी:- आर्युबेदाचार्य/बेदान्ताचार्य

जम्मा कृति संख्या:- १ (प्रकाशित), ५ (प्रकाशोन्मुख)

मुख्यविधा:- कविता

सम्मान:- बैद्य शिरोमणि/शिक्षाज्योति

सम्प्रति:- आयुर्बेदीय सेबा

नाम थर:- सत्यमोहन जोशी

जन्मिति/जन्मस्थान:- १९७७ बैशाख ३०, बखुंबहाल, ललितपुर ।

विशिष्ट साहित्यकारको संक्षिप्त परिचय

❑ रामप्रसाद पन्त

नाम थर:- पं.छविलाल पोखरेल
जन्ममिति/जन्मस्थान:- १९६१ साल मंसीर/कचिडे, धनकुटा
बाबु/आमा:- पं.वेदनिधि उपाध्याय पोखरेल/अरुन्धती देवी
शैक्षिक उपाधी:- व्याकरणाचार्य, वेदधर्मशास्त्रमा शास्त्री
साहित्यमा लाग्ने प्रेरणा:- महात्मा गान्धी र मदनमोहन मालवीयका समाजसेवी कार्यहरू ।
जम्मा कृति संख्या:- १७ वटा (नेपाली र संस्कृत)
मुख्यविधा:- काव्य (धार्मिक, सांस्कृतिक)
पुरस्कार/सम्मान:- डा. भीमराव अम्बेडकर सम्मानपत्र (भारत)/महेन्द्र प्रज्ञा पुरस्कार/सामाजिक सेवा पुरस्कार /साहित्यिक, सामाजिक एवं धार्मिक संघ-संस्थाहरूबाट थुप्रै अभिनन्दन/सम्मान ।
सम्प्रति:- स्वास्थ्यले साथ दिएसम्म लेखन/अध्ययन ।

नाम थर:- वैकुण्ठप्रसाद लाकौल
जन्ममिति/जन्मस्थान:- १९६३ वैशाख ५ गते
बाबु/आमा:- मि.सु. दुर्गाप्रसाद लाकौल/विष्णुदेवी
उपनाम:- श्रेष्ठबाट लाकौल
शैक्षिक उपाधी:- म्याट्रिक (पटना), आइ.एस.सी. (वि.बी), निजामती मध्यमा, स्नातक अध्ययन ।
साहित्यमा लाग्ने प्रेरणा:- महापुरुषहरूको जीवनी तथा वार्णिक छन्दका कविता ।
जम्मा कृति संख्या:- १५ भन्दा बढी (नेवारी र नेपाली)
मुख्यविधा:- कविता
पुरस्कार/सम्मान:- नेपाली शिक्षा परिषद्बाट अभिनन्दन/प्रगतिशील समाजबाट अभिनन्दन/'नेपालभाषा शिरोमणि'को उपाधी/सुनकोशी साहित्य प्रतिष्ठानबाट अभिनन्दन आदि ।
सम्प्रति:- नेपालभाषा एकेडेमी, नेपालभाषा परिषद् तथा त्रिभुवन स्मारक समिति आदि संस्थासँग सम्बन्धित ।
बलभद्र कुँवर र अमरसिंह थापासम्बन्धी ऐतिहासिक पुस्तक प्रकाशनको तयारी

नाम थर:- टुकराज मिश्र
जन्ममिति/जन्मस्थान:- १९६६ फागुन ९, लमजुङ, ताकुटार
बाबु/आमा:- डिल्लीकृष्ण मिश्र/टीकालक्ष्मी
शैक्षिक उपाधी:- साहित्य भूषण
साहित्यमा लाग्ने प्रेरणा:- मावली पितामह वाचस्पति पन्त/भानुभक्तीय रामायण
जम्मा कृति संख्या:- ७ (प्रकाशित), तीनदेवी उपन्यास (अप्रकशित)
मुख्यविधा:- ऐतिहासिक
पुरस्कार/सम्मान:- उत्तम पुरस्कार/वेदनिधि पुरस्कार, रुद्रराज अतिरिक्त पुरस्कार/नेपाली शिक्षा परिषद्बाट अभिनन्दन/ नेपाली साहित्य मन्दिरबाट अभिनन्दन ।
सम्प्रति:- अध्ययन/लेखन

नाम थर:- नयराज पन्त
जन्ममिति/जन्मस्थान:- १९७० श्रावण २६ गते आइतवार
बाबु/आमा:- कृष्णदत्त पन्त/यज्ञप्रिया
शैक्षिक उपाधी:- ज्योतिषाचार्य
जम्मा कृति संख्या:- १५ (संयुक्त सहित)
मुख्यविधा:- इतिहास/अन्वेषण
पुरस्कार/सम्मान:- मदन पुरस्कार/भानुभक्त पुरस्कार/ त्रिभुवन पुरस्कार/डाशुस्मृति पुरस्कार/महेन्द्र विद्या भूषण ।
सम्प्रति:- इतिहास अन्वेषणसम्बन्धी सल्लाह ।

नाम थर:- यदुनाथ खनाल
जन्ममिति/जन्मस्थान:- १९७० श्रावण २८ गते, मालुङ, तनहुँ ।
बाबु/आमा:- नरनाथ खनाल/तारादेवी
शैक्षिक उपाधी:- संस्कृत मध्यमा/बी.एस.सी. अंग्रेजी साहित्यमा स्नातकोत्तर
साहित्यमा लाग्ने प्रेरणा:- अग्रजहरू
जम्मा कृति संख्या:- १० वटा
मुख्यविधा:- समालोचना

थियो । मेरी मातामही खिलनाथ पत्नी महामहोपाध्याय वाचस्पति पन्तकी एकमात्र पुत्री हुनुहुन्थ्यो । उहाँको देहावसान भएपछि विवाहित दईपत्नीको पनि देहान्त भैसकेको थियो । त्यै बखत मेरी साहिली सानीआमा विधवा आफ्ना पिता खिलनाथ पाँडे कहाँ आउनु भएछ । त्यै बखत हाम्रो हाल थाहापाएर पितामह हाम्रो गाउँको एकघरमा आएर हाम्रा कान्छाबालाई भन्नुभयो– भाउजु भतिजा तपाईका हुन् मैले पाल्न आँहले भएन/हुँदैन पनि, जसरी हुन्छ नाङ्लामा ५ माना धान प्रतिदिन दिएर मात्र भएन । दासदासी छँदै थिए, उनीहरूलाई कटाएर दिए पनि हुन्थ्यो । यो चाल राम्रो भएन । अब यस्तो नहोस् भनेर मातामह जानु भएपछि हाम्रो टाउकोमा विपदको भुङ्गो झन् थपियो । पिता गएका छ महीनाका दिनमा हामीलाई छुट्याइदिनु भयो कान्छाबाले । बिकी नभएर ४ वर्षसम्म रहेको धान त्यस वर्षका अनिकालले चैत्र महिनामा बिकी गरेर कान्छी आमाले माइत पठाउनु भयो भन्ये । अब नगद, सुनचाँदी आदिको हाल के होला, जग्गा अझै बाँकी छ । जग्गा हो थाहा पाइन्छ – हामीलाई कान्छाबाले दिएको अनुग्रहको अंश । जब हामी छुट्टियौं, छुट्टिए पनि साहिली सानीआमाले भानुभक्तीय रामायण र भानुभक्तको जीवनी ल्याएर मलाई पढ्न दिनु भएको मलाई सम्झना छ । १९७६ सालमा मैले रामायण पढें । अयोध्याकाण्डको रामवनवासका श्लोक पढ्दा आँखामा आँसु आए । मबैले म रोएको देखे । सबै हाँसे मलाई आँसु थाम्न कठिन पऱ्यो । रामायण पढिसकेपछि भानुभक्तको जीवनी (मोतीरामले लेखेको) पढें । त्यही बखतदेखि मलाई नेपाली साहित्यमा श्रद्धा लागेर कविता कोरुँ भन्ने इच्छा भएको हो । भानुभक्तीय रामायणले नै साहित्यमा लाग्ने प्रेरणा आएको हो – विशेष गरेर अयोध्याकाण्ड पढ्दा ।

जुन दिन भानुभक्तको जीवनी पढेको थिएँ, मोतीराम लिखित भानुभक्तको जीवनीमा उल्लेख भएको घाँसी कथा मलाई कपोलकल्पना जस्तो लाग्यो तर त्यस कुरामा विवेचना गर्ने खुबी ममा थिएन । अनि समयं भएपछि मैले सो कथामा विवेचना मनमनले गर्दै थिएँ । यो धोबीधाराको धारामा बसेपछि कवि भानुभक्तकी नातिनी विष्णुमाया देवीसँग भेट भयो, उहाँसँग मैले भनें – 'भानुभक्तको घाँसी कथामा त्यहाँ किन्ने बेच्ने चलन छैन, त्यहाँ घाँसी भन्ने छँदैछैन । जस्तै– हलो जोत्नेलाई हली, गाईबस्तु हेर्नेलाई गोठाला भन्छौ । घाँस किन्ने बेच्ने त्यहाँ चलन छैन– यो कुरा कल्पना हो । यति भन्नासाथ विष्णुमाया रिसाएर मलाई काँचै निलेला जस्तो

गरेर भन्नुभयो– लेखेको कुरा पनि झुठो हुन्छ ! त्यसो भए मेरा बाजेले रामायण लेखेको होइन त ! सारा जगत् उहाँको कृति गाउँछ तिमी रहेछौ– अधम, पापीबाहुन, द्रोही, भानुभक्तका शत्रु । यस्ते कुरा हुँदै थियो मैले भनें– भानुभक्त सत्य हुन्, तपाईं नातिनी हुनुहुन्छ । उनले अध्यात्म रामायण श्लोकमा अनुवाद गरेको साँचो हो तर घाँसीको कथा कल्पना हो । म भानुभक्तको भक्त हुँ, शत्रु होइन । यस्ता कुरा भइरहन्थे । १९९२ सालमा कवि भानुभक्तका नाति दुर्गाभक्तलाई अस्पतालमा भर्ना गर्न ल्याएको बखत विष्णुमाया आएर दुर्गाभक्तसँग दुःखसुखका कुरा गरेको पनि मलाई सम्झना छ । त्यसको धेरै दिनपछि विष्णुमाया देवीले भानुभक्तीय रामायण छपाएको कुरा पनि मलाई सम्झना छ । त्यसको धेरै दिनपछि मे.ज.ब्रह्म शमशेरले भानुभक्तको समालोचनात्मक जीवनी पनि लेख्नुभएको थियो । एकदिन भेटहुँदा मैले उहाँसँग कुरा गरेथें र उहाँले भानुभक्तको समालोचना गर्नुभएकोमा जुन कुरा समालोचना गर्नुभयो । समालोचना गर्न मुख्य कुरा नै छुटयो भनेथें । मैले घाँसीको कुरा साँचो होइन घाँसी तन्दौमा थिएन । धनीहरू बाँधा गोठाला राखेर दासदासीबाट घाँस कटाउँथे । गरीबहरू आफै घाँस काट्थे । घाँस किन्ने/बेच्ने चलन थिएन । यति भएपछि मे.ज.ब्रह्म शम्शेरले भन्नुभयो– तिमी पनि लेख्न न पण्डित । त्यसपछि मैले वि.सं. १९९९ सालमा रामकृष्ण कुँवर राणा नामक दोस्रो उपन्यास लेखें । त्यसमा सङ्केत गरिएको छ । घाँसीको कथा कपोलकल्पित भएपनि भानुभक्त सत्य हुन् । भानुभक्तले लेखेको रामायण सत्य हो, त्यसको मन्तव्य बालकृष्ण शम्शेर जबराले लेख्नु भएको छ– यो घाँसीको कथा यहाँ किन उठाउने । यसको धेरै समयपछि मलाई गोपाल पाँडे असीमले भन्नु भएको थियो– यो बसिरहेको परम्परालाई तिमी किन काट्याउँछौ । यही बारेमा इतिहास शिरोमणि बाबुराम आचार्यले लेख्नुभएको छ – मिश्रहरूलाई यो कुरा बिलकुल पत्यार होओइन तापनि भट्टजीसँग डराएर उनीहरूले त्यस्तो लेखे होलान् । यो घाँसीकथा बिलकुल असत्य हो । अब अहिले घाँसीको प्रतिमा पनि खडा भैसकेको छ क्यारे । कमलमणि दीक्षित भन्नुहुन्छ– यो घाँसीको कथा झुट्ठा हो भन्ने कुरा मे.ज.ब्रह्मले मलाई भन्नुहुन्थ्यो । तर उहाँको घाँसी कथा झुठो भन्ने उहाँको मनमा लागेको भए उहाँले लेखेकै भानुभक्तको समालोचनात्मक जीवनीमा लेख्नु हुँदो हो । यस विषयमा यत्ति ।

अब राष्ट्रसेवक भएको समयमा मलाई परेका तीता

मीठा गन्धनतिर लागौं–

१. म जुन बखत कुमारीचोक पहाडपहिलाको कायममुकायम हाकिम हुन पुगेंथें– त्यसबखत प्रजातन्त्र आएको ६/७ वर्ष हुँदो हो । त्यसभन्दा पहिले राणाशासनमा दरबन्दी प्रथाले आम्दानी खर्च हुन्थ्यो । वर्षदिनको आम्दानी खर्चको विवरणलाई पहिले ढपोट भन्थे । दरबन्दीले खर्चगर्ने प्रथाको अन्त्य गरेर बजेटप्रथा लागु गरियो – २००८ सालदेखि । जुन बखत म कुमारीचोक पहाडपहिलाको कायममुकायम हाकिम थिएं, त्यस बखत भर नेपालको हरहिसाब परीक्षण गर्ने कुमारीचोकका ८ फांट थिए । त्यस बखतको हाकिम मध्येको एक हाकिम म थिएँ । त्यस बखत बजेट अझ वैज्ञानिक र राम्रो बनाउन बेलायतका नागरिक मि.हेम्सवर्थ सल्लाहकार भएर आउनु भएको थियो । उहांलाई नेपालको सेस्ता नहेरी नहुने भएछ । उस बखत कुमारीचोक सबैको तालुकवाला हुनुहुन्थ्यो । एकाउन्टेन्ट जनरल गोपालबहादुरले कुमारीचोकका ८ फांटमध्येका हाकिम हेरेर हेम्सवर्थलाई नेपाली सेस्ता देखाइ बुझाइदिन मकहाँ पठाइदिनु भएछ । अंग्रेजी भाषामा हेम्सबर्थलाई बुझाउनु पर्ने । म थिएँ अंग्रेजी भाषा नबुझ्ने । अंग्रेजी भाषामा राम्ररी बुझाउन सक्ने एक अधिकृतका साथ मि. हेम्सवर्थ म बसाल रहेका अफिसमा फर्पण गर्नुभएको थियो । त्यस बखत उहाँहरू तीनबजे आउनुहुन्थ्यो । करिब डेढ/दुई घण्टा लगाएर मैले नेपाली सेस्ता बुझाउनु पर्थ्यो । सो काम अरू ७ हाकिमलाई अझ कति अंग्रेजी पढेका हाकिमलाई छाडेर मकहाँ ए.ज. गोपालबहादुरले पठाउनु उहाँको विशेषता र मेरो कामको विशेषता भएको मैले सम्झेको छु । यो कुरा मैले साहित्यसेवा गरेको प्रभाव सम्झेका छु । मि. हेम्सवर्थले आफ्नो रिपोर्टमा आफूलाई सम्झाइ दिनेको नाम उल्लेख गर्नुभएको अवश्य छैन । त्यो नहुनु अंग्रेजी नपढेको भएर नै हो ।

२. त्यसभन्दा पूर्व धेरै अघि मैले इन्द्रचोक निवासी सिमलटिया पाण्डे पण्डित बुद्धिप्रकाशबाट भारतीय संविधान पढ्न पाएको थिएं । त्यस बखत निजामति सेवामा प्रजातन्त्रमा चाहिने कुरा प्रायः म जस्ता कसैले थाहा नपाएको कुरा मैले सम्झेको थिएं । श्री ३ पद्म शम्शेरले दिनु भएको वैधानिक कानूनमा एक हिसाब परीक्षण गर्ने स्वतन्त्र जांचकी राख्ने कुरा भएको थियो त्यो मलाई सम्झना छ । नेपाल ००७ सालको परिवर्तनबाट राजनैतिक प्रजातान्त्रिक संस्था निकै हुन लागेका थिए । त्यसमध्ये एक विशिष्ट नेता हिल्लीरमण रेग्मीले बारम्बार भन्नुहुन्थ्यो– प्रजातन्त्रमा स्वतन्त्र न्यायालय चाहिन्छ, स्वतन्त्र न्यायालय हुनुपर्‍यो । म कुमारीचोकमा भएको नाताले हो वा भारतीय संविधानको सम्झनाले हो मैले पनि प्रजातन्त्रमा स्वतन्त्र लेखापरीक्षण गर्ने एक स्वतन्त्र महालेखा हुनुपर्छ भन्ने एक सानो लेख गोरखापत्रका सम्पादक प्रेमराज शर्मालाई पठाएको थिएँ । सो गोरखापत्रमा प्रकाशित पनि भएको छ । डा. रेग्मीको नेपालको जेलयात्राको समयमा नेपाली कांग्रेसका विश्वेश्वरप्रसाद कोइराला पनि भन्नु हुन्थ्यो – हामी मन्त्रीहरू सरकारमा कहिले हुन्छौं कहिले हुँदैनौं, तपाईंहरू सरकारी कर्मचारीहरूले आफ्नो कर्तव्य पालनमा दृढ भई राष्ट्रसेवकको रूपमा काम गर्नुपर्छ । त्यो पनि सम्झना थियो अझै पनि छ । त्यस बखत स्वतन्त्र महालेखा चाहिन्छ भनेर गो.प.मा प्रचार गर्ने म मात्र भएको जस्तो लाग्छ ।

(क) ए.ज. श्री गोपालबहादुर लाई महालेखा परीक्षक श्री चन्द्रबहादुर थापाले लेखापरीक्षणको बोध गराउन सक्ने कुमारीचोकका हाकिममा को को छन् भनेर सोधनी गर्नु भएछ । गोपलबहादुरले सर्वप्रथम मेरो नाम सिफारिस गर्नु भएछ । त्यस बखत एक अधिकृतले भन्नु भयो रे– त्यो त अड्डामा बसेर गफ मात्र गर्छ । (अधिकृतको नाम नभनौं) अनि गोपलबहादुरले जवाफ दिनु भएछ पुरानो कुरा र नयां कुरा जान्ने अरू कुमारीचोकका कर्मचारीमा त्यो मैले सिफारिस गरेको मानिसभन्दा अरू कोही देखेको छैन । त्यै आधार र स्वतन्त्र महालेखा परीक्षक चाहिन्छ भन्ने कुरा समेत बिचारेर महालेखा परीक्षक चन्द्रबहादुरले लेखापरीक्षण अधिकारीमा मलाई सरुवा गर्नुभएको बोध भएको छ ।

(ख) म, म.ले.प. अधिकारी भएपछि लेखापरीक्षणको काम बोध गराउन एक महिनासम्म सेमिनार गराएं । कर्मचारीबर्गको जांच गरेर नतिजा पेश गरें । त्यसपछि त्यहाँ को को प्रमोशन भए त्यो मलाई थाहा छैन ।

(ग) अर्को कुरा एकाउन्टेन्ट जनरलले भुक्तानी प्रणाली

सम्पर्क राख्दैन, जसले पुर्ख्यौली सम्पत्तिलाई पनि त्यागी दियो, जसको यकिन जन्ममिति थाहा छैन, जसले जन्म कुण्डली र वी.ए.को सर्टिफिकेट पनि च्यातेर फाली दियो, जसले स्वयं सघर्ष गऱ्यो र आफ्नै खुड्डामा अडिने वातावरण बनायो । देवकोटा (महाकवि) पारिवार ससुराली पट्टिबाट नाता पर्दछन्, कमलमणि दीक्षितकी भाञ्जी (कुमार नेपालकी बहिनी) मैले बिहा गरेको हुँ, पूर्व अञ्चलाधीश विष्णुमणि आचार्य मेरा दाजुका ससुराली हुन्, नूतनदेव खनाल (जसले पञ्चायतकालमा मन्त्री बनाउने हैसियत राख्थे) मेरा बहिनी ज्वाई हुन्, कृष्णप्रसाद भट्टराई र कालीप्रसाद उपाध्याय मेरा मावलीतर्फका नाता पर्दछन् । मैले यी कुराहरू घमण्ड गरेर भनेको होइन, तात्पर्य यो हो कि यति हुँदाहुँदै पनि मैले तिनीहरूसंग सम्पर्क राखिनँ, हात थापिनँ । म समाज कल्याण परिषदको उपाध्यक्ष (राज्यमन्त्री)सम्म भएको हुँ तर कसैको चाकरी गरेर होइन ।

प्रलेसको संस्थापकको नाताले म प्रगतिशील लेखक मानिए पनि अरूजस्तो नारावादी लेखक होइन । म त खाली सामाजिक परिवर्तन चाहने मान्छे, वैज्ञानिक दृष्टिकोण अपनाएर सामाजिक संरचनालाई माथि उठाउनुपर्छ भन्ने मान्छे, म सबैसंग मिल्न चाहन्छु । म मालेको केन्द्रीय सदस्य छु, प्रलेससंग सम्बन्धित छु, प्रकाश साप्ताहिक चलाउँछु, भानु साहित्यिक पत्रिकाको पनि सम्पादन गर्छु । अस्ति मात्र मेची-महाकाली सीमा अभियानमा सम्मिलित भएर सीमाक्षेत्र अतिक्रमणको दारुण दृश्य देखेर फर्कें । त्यसैले हामी सबैको लागि हुनुपर्छ, सबैको लागि गर्नुपर्छ । अझ साहित्यिक पत्रिका चलाउने तपाईं हामी भनेको त मैनबत्ती हौं, आफू जलेर अरूलाई प्रकाश दिनुपर्छ ।

– ७० वर्षीय भवानी धिमिरे

२०५६/६/१५

म साहित्यिक लेखनभन्दा आध्यात्मिक चिन्तन र तत्सम्बन्धि लेखहरू लेख्न मानिस हुँ । श्री ५ को सरकारको प्रशासनिक निकायमा देखिएका विकृतिदेखि वाक्क भएर पेन्सन पाउने अवधिभन्दा सात वर्ष अघि नै सो सुविधा लिएर सेवानिवृत्त भएपछि म सक्रियरूपमा सामाजिक सेवासंग सम्बन्धित संस्थाहरूमा लागें । विगत ११/१२ वर्षको अवधिमा मैले केही वर्ष ड्रगसंग सम्बन्धित जेलका कैदीहरूलाई योग सिकाउने र आध्यात्मिक चेतना दिलाउने काम पनि गरें । अहिले पनि म कतैन कतै व्यस्त भइ नै रहन्छु । यसरी सेवा गर्न पाएकोमा मलाई आत्मसन्तोष छ । साहित्यिक कृतिको रूपमा मेरो एकमात्र कृति 'चौवन्न गेडी आध्यात्मिक पुष्पहार' मात्र छ, बाँकी दर्जनौं आध्यात्मिक कृतिहरू छन् ।

.....

मैले फोहर-मैलातिर हेर्न छाडिसकें । सन्तोष गर्ने ठाउँ कतै नदेखेपछि चासो लिएर मात्र के गर्ने ! अस्तिसम्म जेल-नेल सहेका व्यक्तिहरू पनि आज पदलोलुप र अर्थकीट भएपछि देश कतातिर जाने हो !

'विनास काले विपरित बुद्धि' ..... ।

७० वर्षीय नरेन्द्रनाथ भट्टराई

०५६/५/१५

म अहिले साहित्यिक पत्र-पत्रिकाहरू पढ्न सकेको छैन, किताबहरू पनि पढ्न सकेको छैन । त्यसैले वर्तमान साहित्यिक गतिविधिबारे केही भन्न सक्तिन । विगत दुई वर्षदेखि म डायबिटिज, घाँटी र पिसाबको कारण अस्वस्थ छु । यी सबैबाट अधिक पीडित भइसकेपछि त भन् सबाट लेख्ने काम पनि ठ्याम्मै बन्द भएको छ । एक त म प्रचारबाजी नगर्ने मान्छे, अर्को कुरा लेख्न नसकेर पनि होला – साहित्यिक क्षेत्रबाट त्यति खोजिनीति भएको छैन । जेहोस् म जनजातिहरूका विभिन्न सामाजिक संस्थाहरूसंग सम्बद्ध हुँदै आएको छु र तिनीहरूको उत्थानको लागि आफ्नो तर्फबाट केही न केही प्रयास पनि गर्दै रहेको छु ।

७० वर्षीय काजीमान कन्दङ्बा

०५६/६/२२

- - -

आजको साहित्य अराजकतावादी भएको छ। जुनै चिजको पनि एउटा नियम हुन्छ, त्यस नियमको पालना गरिनु पर्छ तर अहिलेको साहित्यको कुनै नियम छैन, कुनै बन्धन छैन। बिनालगामको घोडा जस्तो।

म त परंपरावादी मान्छे-धर्म र संस्कृतिमा विश्वास गर्छु। शास्त्रीय शैली एवं परिस्कारवादलाई मन पराउंछु र त्यसै धारमा लेख्छु। मेरा कृतिहरूको आधारनै शास्त्रीय नियमको परिपालन हो।

.....

मैले एउटा २४ वर्ष र ४० वर्ष दुवै छोरालाई अगाडि लगाएर अहिले एउटी बुहारी र नातिनीहरूको साथमा पुर्वविहीन जीवन बिताइरहेको छु। मन लागे पुराण, इतिहास, दर्शन, उपनिषद् आदि ग्रन्थहरू हेर्छु। साहित्य साधना गर्छु।

७० वर्षीय भरतराज पन्त

०५६/५/७

.....

औपचारिकता निभाएं भन्नुस्, औपचारिकता पुरा गरें भन्नुस्। तपाई जस्तो साहित्यिक पत्रिकाको सम्पादक भएर त भाषाको ख्याल गर्नु पर्छ नि! चलनचल्तीमा आएको बा कार्यालयहरूमा र सर्वसाधारणमा प्रयोग भइरहने शब्द भएपनि तपाई हामीले सुधार गर्दै जानुपर्छ। हामीबीच बोल्नु हुन्न।

.....

तपाईले मेरो अन्तर्वार्ता लिएर के पाउनुहुन्छ? मभन्दा ठूलाठूला विद्वानहरू छन् उनीहरूको लिनोस् न, म त देखेको कुरा प्वाक्क भनिहाल्ने मान्छे। मभित्र कुनै नयां कुरा छैदैछैन। त्यसैले अन्तर्वार्ता लिन्छु भन्नेहरूलाई मैले यसै भन्ने गरेको छु – मेरा अनुभव र विचारहरू मेरा कृतिहरू र लेख-रचनाहरूबाट सार्वजनिक भइसकेका छन् भने पढ्नुस् न थाहा पाइहालनुहुन्छ– म कस्तो छु, के गर्न खोजेको छु र मेरो सोचाई के हो?

.....

ठीक छ तपाई लिनुहुन्छ भने म भनिदिउंला, तर अरूलाई प्रश्न गरेजस्तो मलाई नगर्नु होला। कुनै नयां कुरा सोध्नु होला। म त ठाडो मान्छे छु, ठाडो जवाफ दिन्छु।

.....

भन्नासाथ लेख्यो कस्तो हल्का मान्छे रहेछ भन्नु होला। हुन पनि मेरो लेख हल्का नै छ। यसभित्र खास कुनै नयां कुरा छैन। ल लिनुस्।

७० वर्षीय कमल दीक्षित

२०५६/४/३०

गर्नेलाई समय जति पनि निस्कन्छ। मलाई समयको अभाव छैन। मैले अंटिपछि गरिछाड्छु। राजनीतिक चिन्तनमा साहित्यले र साहित्यिक चिन्तनमा राजनीतिले मलाई अपठ्यारो पारेको छैन। तपाईलाई पनि प्रशासनतन्त्रले अपठ्यारो नपारेरै त होला पत्रिकालाई निरन्तरता दिइरहनु भएको छ।

.....

तपाई मप्रति यसरी श्रद्धा राखेर विशेषाङ्क निकाल्ने मनशायले आउनु भयो भने, तपाईको अनुरोधलाई सहर्ष स्वीकार गर्ने मेरो कर्तव्य हुन्छ।

७० वर्षीय राजेश्वर देवकोटा

०५६/५/६

तपाईले लिनैपर्ने व्यक्ति पं. छबिलाल पोखरेलसंग पनि सम्पर्क राख्नु भएछ, खुशी लाग्यो। प. छबिलाल पोखरेल र महानन्द सापकोटालाई मैले 'पूर्वका तारा' को संज्ञा दिएको छु। मेरो पुर्ख्यौली थलो लमजुङको पेस्तोन भएपनि चार पुस्ता अघिदेखि सदूर पूर्वमा गएर बस्न थाल्यौ। मेरा बाजे शिवशङ्कर कर्नलले तिब्बतको लडाई लड्नु भयो, मेरा बाबु हिरण्यनाथले माथिल्लोस्तरको सरकारी सेवामा रहेर काम गर्नुभयो। मेरा पुर्खाहरूमा देशभक्ति ओतप्रोत थियो।

म भने अलिकति बेग्लै खालको अजीबको प्राणी भएं – जसले नाता कुटुम्बहरूसंग पनि त्यति नजिकको

लागेपछि वार्षिक ढपोट खडा गर्नुपर्छ/पर्दैन भनी सोधनी गर्नुभयो। त्यस बखत म नीतिशास्त्रामा थिएं। यो जवाफ पठाउने काम मेरो पर्दथ्यो। मैले राय लेखी तीन महिने भुक्तानी प्रणालीले खर्चको विवरणमात्र पेश गर्छ। आम्दानीतर्फ भुक्तानी प्रणालीले छुंदैन। जहांसम्म नयां प्रणालीवद्ध तरिकाले नगदी आम्दानी समेत देखाइने काम हुंदैन त्यहांसम्म वार्षिक आम्दानी/खर्च र बांकीको फांटवारी देखाउन साबिक अनुसारको वार्षिक विवरण पेश हुनुपर्छ भनी राय प्रकट गरें। त्यसमा म.ले.प.का सबै शाखाले मेरो रायलाई काटेर भुक्तानी प्रणाली लागेपछि सबिक बमोजिमको ढड्डाबाल ढपोट खडागर्न पर्दैन भनेर राय पेश गरे। ए.ज. समेत राखेर छलफल गरेर पेशगर्नु भनी महालेखा परीक्षकले तोक लेख्नु भयो। ए.ज. समेत राखेर छलफल गर्दा पनि मेरो राय बिपरित भए अबदेखि वार्षिक विवरणको ढपोट खडा गरिदैन भनी निर्णय भयो। त्यो छलफलको निर्णय पेश मैले नै गर्नुपर्यो। हुन त मेरो परिधि बाहिरको कुरा होला– लगती आम्दानी भुक्तानी प्रणालीले समातेको छैन। त्यसैले वार्षिक आम्दानी खर्चको बिवरण ढपोट पेश गर्नैपर्छ भनी पेश गरें। त्यसैले म पटके भएं। अबदेखि यस्तो गर्ने छैन भनी मेरो कागत गराइयो। अनि सबै अड्डालाई परिपत्र गर्दा मेरै राय साबिक बमोजिम आम्दानी खर्चको आर्थिक बिवरण ढपोट खडागर्नु भन्ने परिपत्र भई गएको सूचना मैले पाएं। सो कुरा पेशगर्दा भैगयो चुप लाग भन्ने मौखिक कुरा भए। त्यसले ए.ज.ले म.ले.प.ले गरेको निर्णय अनुसार नभई मेरो राय अनुसार श्री ५ को सरकार ए.ज.ले परिपत्र गरेपछि मलाई सन्तोषप्रद लाग्ने कुरा भयो। मेरो राय अनुसार भएपछि मलाई पारितोषिक हुनुपर्नेमा झन् उल्टा त्यसको केही वर्षपछि म गण्डकी अञ्चल क्षेत्रीय अफिसमा सारिएं। त्यतिले पनि नपुगी मलाई धवलागिरी अञ्चलमा पनि लेखापरीक्षण गर्न थप भयो। त्यतिले पनि नपुगेर गण्डकी अञ्चलको पुच्छार गोर्खा नजिक कुन्छामा पोखरावाट अफिस सार्न पर्‍यो। तत्पश्चात् वर्षाका वेला कुन्छाबाट पोखरामा अफिस सार्न पर्‍यो। यही हो म उपर भएको कुरा।

(घ) त्यसपछि हुनुभएका महालेखा परीक्षकका दृष्टिमा म नालायक गनिएं। मैले जांच गरेको दोहोऱ्याइयो, एक रति चुक भेट्टाइएन। म.ले.प.को खुल्ला परीक्षा गराइएन–बढुवा परीक्षामा यो व्यक्ति निस्केला भनेर। मलाई अन्तर्वार्तामा पनि राखिएन। यो मानिस नालायक भनेर गोप्य रिपोर्टमा पारियो क्यारे! लोकसेवा आयोगले सोधनीगर्दा नालायक भन्ने लेखियो भन्ने व्यापक हल्ला चल्यो। म उपर केही उजुर गरेर तिमी ले.प. भएर आए म सहने छैन, तिमीलाई हुम्ला/जुम्ला पठाउने छु भन्ने धम्की म.ले.प.वाट मलाई बोलाएर दिनुभयो। मैले उहांको कर्कलोबारी फांडिको थिइन। म.ले.प. देखि तलका एक विशिष्ट कर्मचारीले मलाई देखिसक्नु भएन। यसभन्दा बढी कुरा अब नगरौं – लहरो तान्दा पहरो गर्जन्छ।

अब साहित्यतिर लागौं –

३. प्रचण्ड राणा शासनमा नेपाली ऐतिहासिक महाराजाका कुरा उपन्यासमा लेख्नु सानो हिम्मतले हुंदैनथ्यो। जुन बखत 'रजबन्धकी' लेखिएं त्यस बखत श्री ३ महाराज राणानै हुनुहुन्थ्यो। श्री ३। महाराजलाई कास्की लमजुङका श्री ३ महाराज भन्ने पदवी श्री ५ सुरेन्द्रवाट बक्सेको कुरा इतिहासमा प्रसिद्ध छ। अन्तिम श्री ३ महाराजसम्मले कास्की लमजुङको आयस्ता खाएको हुनुपर्छ 'रजबन्धकी' उपन्यास लेखिएर छापिएको १९९६ साल हो। त्यसमा लमजुङ, तन्हौं, गोर्खा राज्यमा मिलेको कुरा छ। लमजुङका राजा वीरमर्दन शाह मनाङको बाटोगरी भागेको कुरा छ। त्यसमा अनेकौं अर्थ लगाएर उपन्यास लेखकलाई मकैपर्नजस्तो दोष गराएको भए त्यसमा जवाफदेहीको हुकुमलाई जवाफ हुंदैन भन्ने समयमा यही कुरा सम्झेर इतिहास शिरोमणि बाबुराम आचार्यवाट लेखिदिनु भएको भूमिका राजबन्धकीमा राख्न सकिन। आखिर घटराज भट्टराईलाई मात्र यो कुरा गरेंथे। त्यसबखत लेखकलाई भाग्यले साथ दियो। रजबन्धकी ९६ सालको श्रावणको तेसोहप्तामा प्राइमभिनिष्टरमा समर्पण गरियो। सोही साल भाद्र १७ गते मुलुकभर 'रजबन्धकी' तिर्ने घोषणा भयो। सो कुरा अर्थात् मेरो रजबन्धकी निस्केर 'राजबन्धकी' तिर्ने घोषणा भयो भनेर लेखकले भनेको भए मेरो अवस्था कस्तो हुने थियो त्यो वर्णनातीत छ। मैले मेरा भाइ, आमा,आफ्नो घरको परिवारलाई पनि फूर्ति गरेर भनिनं। आखिर प्रा. घटराज भट्टराईलाई मात्र यो कुरा गरेथें। सो कुरा

गो.प.मा छपिएको पनि छ ।

४. त्यसपछि 'बहादुर शाह' उपन्यास लेखें । उस वखत परिस्थितिले प्रकाशित हुन सकेन । त्यसको सट्टा 'रामकृष्ण कुंवर राणा' नामक उपन्यास लेखियो । त्यसले गर्दा लेखकलाई महान् धोका दिइयो । वढाएको जागीर मञ्जुर नगर्ने भनेर जन्मभर जागिर नवढाउने हुकुम भएको छ भनेर सुनाइयो । जुद्ध शम्शेरको पालामा जागिर पनि वढाइएन ।

५. त्यसपछि उपन्यासमा लेख्ने काम थन्कियो । श्री ३ जुद्ध शम्शेरको गो.प.मा स्तुति लेख्नु वाहेक अरू लेख्न सकिएन । त्यसवखत जुद्धको स्तुति नलेखिएको भए, गुप्तचर मकसं बराबर आउथे । केही न केही दोष लागेर काठमाडौंमा बस्नै दिइँदैन थियो । क.शान्त शम्शेर भन्नुहुन्थ्यो– तिमीहरूलाई डाँडा कटाउनु पर्छ ।

६. त्यसपछि उच्च शिक्षा हाकिम तहरिर हुन दिनका लागि परीक्षा दिने शिक्षा विभागका डाइरेक्टर मे.ज. मृगेन्द्रका दयाले सेस्तातर्फको पुस्तक लेख्न पाएं । यो पुस्तकको प्रथमभाग प्रकाशन भएको छ । दोश्रोभाग छाप्ने प्रयासमा थिएं, प्रजातन्त्रले यो उच्च शिक्षातिर दृष्टि दिइएन । पहिलेको माध्यमिक सेस्तर्फ परीक्षा र सेस्ता पाठशाला खारेज गऱ्यो ।

७. अहिले निजामति शिक्षा छैन । येस्तातिर म.ले.प.को नीतिशास्त्रमा हुँदा म.ले.प. फारम खडा गरिएको थियो । त्यो एस.एल.सी.मा राखिएको छ क्यारे । अब त कानून शिक्षा वि.एल.मा गाभियो । अदालती शिक्षा खतम गरियो । ज्ञान-विज्ञान समस्त शिक्षा नेपालीमा दिने भनेर जो विश्व विद्यालयले निर्णय गरेको थियो । त्यसमा गोरखनाथ सम्प्रदायको एक पुस्तक लेख्न विश्व विद्यालयले मलाई अह्राएको थियो । सो लेख्न प्रयासमा थिएं, अब त्यसको रूप गाउँ-गाउँमा, टोल-टोलमा वोर्डिङ स्कूल निस्किए ।

८. अन्त्यमा मैले 'रिडी रांची' उपन्यास लेखें । त्यसमा मैले भन्नुपर्ने कुरा जो छ महाकवि भवभूतिको क्रन्दन –

उत्पत्स्यते मम तु कोऽपि समान धर्मा
कालो ह्ययं निरवधिर्विपुला च पृथ्वी ।

मलाई कति प्रश्न कतिजनाले सोध्नुहुन्छ– यति वर्षको दीर्घसेवामा कति पुरस्कार कतिसम्मान पाउनु भएको छ ? मैले जवाफ दिएं । मैले पुरस्कारको सट्टा तिरस्कारमात्र पाएको छु । मैले साहित्यतर्फ वि.स. १९९६ देखि २०५६ सालसम्म जति रचनाहरू लेखें – यो सबै महाकवि भवभूतिको श्लोक सम्झेर चित्त बुझाएको छु । मलाई लाग्छ मेरा रचना महान् विद्वानहरूको नजरमा पर्न सकेनन् अथवा आजकालको हावाले उडायो । त्यसैले म महान् अन्वेषकका दृष्टिमा पर्न सकिन । यो आफ्नै दुर्भाग्य भनें हुन्छ ।

९. म अहिले पक्षघातले पीडित छु । ८ वर्ष भैसक्यो एउटा आँखा बन्दछ । एउटा आँखाले अलिअलि देख्छु – त्यै पनि धमिलो । इशाराका भरमा लेख्दैछु । आज १० बजे बिहानदेखि ५ बजेसम्म लेखेर यो सस्मरण पुरा गर्दैछु । 'तीनदेवी' भन्ने एक सामाजिक उपन्यास लेखिसकेको छु । त्यसको साफी गर्न बाकी छ । कुनै प्रकाशकले सुदृष्टि दिएमा प्रकाशित हुनेछ । दुःखका कुरा अनेक छन् । अहिले मेरो कुरा को सुन्छ । इति शुभम् ।

- - -

With best compliments on the Happy Occasion of Vijaya Dashami & Deepawali 2056.

UNIVERSAL TOURS AND TRAVELS (P) LTD.

GSA KOREAN AIR

P.O.Box. 939 Tel:252048/252049/252050
Kantipath, Kathmandu

यी.... ६ वटा किताब तपाईलाई । यो कथासङ्ग्रह र यो कविता सङ्ग्रह भने दिन सक्तिन । मर्सग स्टक छैन ।

छैन, मैले साहित्य बेच्ने गरेको छैन, पसलमा दिने गरेको छैन । हाम्रो सम्पत्ति हाम्रो जीवनको अर्जन भनेको नै यही हो । तपाई पनि पत्रिका निकाल्ने मान्छे थाहे छ ?

हेर्नुस् न, दिमाग खियाएर लेख्ने, आफै प्रुफ रिडिङ् गर, घरखर्च कटौती गरेर किताब छपाऊ तैपनि पढिँदैदैन कसैले । यस्तो छ नेपाली साहित्यको स्थिति । अँ... तपाई श्यामप्रसाद कहाँ जाँदै हुनुहुन्छ । त्यो नेता भएर मलाई बिर्स्यौ । त्यो त मेरो ज्यादै मिल्ने साथी, अति माया लाग्छ त्यसको । त्यसलाई तपाईले अँगालो मार्नु होला र म्वाई खानुहोला अनि भन्नुहोला यो मेरो चुम्बन हैन मदनदेवको चुम्बन हो ।

७१ वर्षीय मदनदेव भट्टराई

०५६/५/५

राजनीति ठीक नभएसम्म साहित्य ठीक हुन सक्तैन । राजनीतिज्ञ भनेका मदारी हुन्, उनीहरूले बादर नचाएजस्तो साहित्यकारलाई नचाउँछन् र साहित्यकारहरू नाच्छन् आफ्नो मर्यादा बिर्सेर । अहिलेको प्रज्ञाप्रतिष्ठानको बनोट हेर्नुस् त । केही व्यक्तिलाई छाडी बाँकी पार्टीको सङ्गठन जस्तो छैन त ! मेरो थर भनेको नै कांग्रेस हो भन्नेहरू प्राज्ञ भएपछि प्रतिष्ठानको भविष्य कस्तो होला ? त्यो त विद्वत् सभा हो । त्यहाँ विद्वान्हरूको सम्मान हुनुपर्दछ । भएका पटकै ठीक छैनन् भन्ने त होइन, ती भन्दा पनि विद्वान्हरूको बेवास्ता भयो भन्ने मेरो मनशाय हो ।

हाम्रो समयमा प्राज्ञहरूको चयन यति तल्लोस्तरको थिएन । आधा समय हामीले प्रतिष्ठानको कामकारवाही रासोसँग चलाएका हौं तर पछि उपकुलपति र सदस्य सचिव बीच विद्वताको टकरावले प्रतिष्ठानको वातावरण दूषित बन्न पुग्यो । मैले मिलाउन सतत: प्रयाश गरेको हूँ तर बनाउने भन्दा मिल्न नदिने प्रवृत्तिको प्रभुत्व भएकोले प्रयाश सफल हुन सकेन ।

पन्तजी ! म स्वाभिमानमा बाँच्ने मान्छे ! मैले जीवनमा बरु ढीङो खाएर बसें तर हात फिजाइन । प्राज्ञको लागि पनि मैले कसैलाई भनसुन गरेको होइन, अकस्मात् घरमा चिट्ठी आउँदा आश्चर्यमा परेको थिएं तर इन्कार भनें गरिन ।

शुरुमा जागिर खाँदा पनि मलाई नारायणप्रसाद बाँस्कोटाले बोलाएर नियुक्ति पत्र दिएका हुन् । त्यसकारण मैले तपाईलाई पनि यही भन्छु – हामीले स्वाभिमानमा बाँच्नु पर्छ , स्वाभिमानको कमाई खानुपर्छ ।

७१ वर्षीय रमेश विकल

०५६/५/२८

साहित्य प्रगतिशील र अप्रतिशील हुन्छ भन्ने होइन, सामन्तवाद र साम्राज्यवादको विरोध गरिने जुनसुकै साहित्य पनि प्रगतिशील हुन्छ । आजको समाजले यी दुवै वादको विरोध गर्ने हुनाले साहित्य सबै प्रगतिशील नै हुन्छ भन्ने मेरो धारणा छ ।

प्रगतिवादी भन्ने एउटा साहित्यिक गुट छ, त्यसमा भने मार्क्सवादी धारा आउनै पर्छ । त्यसको अस्तित्व पनि ००९ साल देखि रहँदै आएको छ ।

उपत्यका बाहिर सबभन्दा पहिले साहित्यिक पत्रिका निकाल्ने व्यक्ति म हूँ । २००८ सालमा वीरगञ्जबाट 'सेवा' साहित्यिक मासिक पत्रिका निकालेको थिएं । म केही किताब र पत्रिकाहरू तपाईलाई दिन्छु, यी हेरेपछि मेरो आत्मवृत्तान्त र विचारहरू थाहा पाउनुहुनेछ ।

डा.मुकेश कुमार चालिसे एकजना मित्र हुनुहुन्छ । उहाँले प्रत्येक साल मेरो एउटा कृति छापिदिनु हुन्छ । यस बाहेक कतै न कतैबाट मेरा लेख र रचनाहरूको संगालो छापिइ रहन्छ । अहिले 'हजुरबा हजुरआमा' नेपाली अंग्रेजी र नेवारी गरी तीन भाषामा निस्कंदैछ ।

७० वर्षीय श्यामप्रसाद

०५६/५/६

जन्म मेरो त्रियासी साल चैत्र हो रे मैना
भन्नु हुन्थ्यो जेठी आमा टिकाटिप्पन छैन ।

७३ वर्षीय केवलपुरे किसान

०५६/५/१०

म त आफूले आफैंलाई ठगेको मान्छे, युग्रै लेख रचनाहरू प्रकाशित गरेर वा थन्क्याई राखेर अहिलेसम्म एउटा कृति पनि प्रकाशित गर्न सकेको छैन । प्रकाशन गर्ने हो भने मेरा ४-५ बटा कृति निस्कन सक्छन् । तर कृति निकालेर त्यसले समाजलाई कुनै दिशाबोध गर्न सक्तैन भने त्यसलाई म साहित्य मान्दिन, त्यसैले पनि म सतर्क छु ।

वास्तवमा मेरो मुख्य क्षेत्र भनेकै साहित्य हो तर मलाई परिस्थितिले राजनीतितिर धकेली दिएर साहित्यिक जीवन नष्ट पारिदियो । साहित्यतिरै लागिरहेको भए मैले साहित्य जगतमा एउटा अलग्गै अस्तित्व स्थापित गर्न सक्थें जस्तो लाग्छ । जेहोस् अहिले मलाई राजनीति देखि फुर्सद मिलेको छ र केही न केही लेख्दै गरेको छु । अब विस्तारै कृति प्रकाशन गर्नेतिर मेरो ध्यान जान्छ ।

७२ वर्षीय कमलराज रेग्मी

०५६/६/५

म हास्यव्यंग्य मन पराउँछु र लेख्छु पनि । तर हास्यको साथमा व्यंग हुनु जरुरी छ र त्यो सम्पूर्ण सामाजिक विकृति र कुरीतिप्रति व्यंग हुनुपर्छ, व्यक्तिविशेषमा आक्षेप लगाइनु हुन्न । अहिले व्यक्तिविशेषमा सीधै प्रहार गर्ने, उसको चरित्रमाथि ठाडै आक्रमण गर्ने परिपाटी बसेको छ– त्यो राम्रो होइन ।

मेरो विचारमा साहित्य पनि प्रचारबाजी हो तर नारा होइन । मैले साहित्यमा विचार दिन्छु र उद्देश्य बिहीन साहित्य लेखिनु हुन्न भन्ने मान्यता राख्दछु । समग्रमा साहित्य 'सत्यं शिवं सुन्दरम्' हुनुपर्दछ भन्ने मेरो सोचाई छ । साहित्य पनि परिवर्तनशील हुनु पर्दछ र परिवर्तनको लागि लेख्निनु पर्दछ, कुसंस्कारलाई छाड्दै लैजानु पर्दछ ।

नारी सम्पत्ति अधिकारको कुरा उठ्दा दागबत्ती दिन हुने कि नहुने, यस कुराको चर्चा पनि संगसंगै गरिनु पर्दछ । 'कान्छीले कान्छालाई लगिन् वनको बाटो लालटिन बालेरे' भनाईको अर्थ छोरीले ज्वाई भिऱ्याउन हुने कि नहुने ? पाउने कि नपाउने ? ज्वाईलाई घरज्वाई भनी हेप्ने परिपाटीको अन्त्य हुने कि नहुने ? माहलाले घर परिवर्तन गर्न पर्ने कि नपर्ने ?

'हो' कुनै चिजको पनि परिवर्तन हुंदा केही समय हलचल त हुन्छ नै । सतीप्रथा हट्दा, बाबुछैंदै छोराले जुंधा काट्दा, बाहुन क्षेत्रीले कुखुराको फुल खांदा–केही समय समाजले अपठ्यारो महसुस गऱ्यो तर पछि पचायो । त्यसैले साहित्यमा सकारात्मक परिवर्तन ल्याउनु पर्दछ र त्यसलाई सबैले स्वीकार्नु पर्दछ ।

७२ वर्षीय सूर्यबहादुर पिवा

०५६/५/१४

(केही भनीदिनको लागि लेखेर दिएपछि)

साहित्यको बारेमा के के भनूं ! मेरो क्षेत्र साहित्यिक भन्दा धार्मिक हो । मेरा केही भाषानुवाद र भजन कीर्तनका किताबहरू छन्, तपाईलाई दिन्छु । यी चारवटा किताब तपाईलाई । पढेपछि मेरो विचार र चिन्तनको मूल्याङ्कन तपाईले स्वय गर्नु हुनेछ ।

.....

हुन सक्छ हाम्रो भेट कतै भयो होला ! तपाईलाई खुसी लागेजस्तो मलाई पनि तपाईलाई देखेर खुसी लाग्यो । तपाईको अनुरोध म पुरा गर्नेछु ।

कानले ठधाम्मै नसुन्ने –

७२ वर्षीया माधुरी भट्टराई

०५६/५/४

म २७ बर्षको भएं । ५७ वर्ष पुग्नुभन्दा हाम्रो धार्मिक संस्कार अनुसार सन्यास लिने विचार गरेको छु । कत्तिको सफल हूँला वै ? मेरो कुरा बुझ्नु भएन क्यारे ?

उमेरको कुरा गर्दा मैले उल्टो अङ्क बोल्ने गर्छु । अब त बुझ्नु भो ?

मेरो जीवन वारे बुझ्न चाहनु हुन्छ भने यो .....

मेरो संक्षिप्त जीवनी

❑ प्रा. नयराज पन्त

रानीपोखरी संस्कृत पाठशालाका व्याकरणका अध्यापक पिता पण्डित कृष्णदत्त पन्त र माता यज्ञप्रियाको कोखबाट मेरो जनम भएको हो । अहिले मेरा सन्तानहरूमा २ छोरा ३ छोरी छन् ।

शिक्षासेवा तर्फ: रानीपोखरी सँस्कृत पाठशालामा अध्यापक (वि.स.१९९७-२००८) । सँस्कृतमहाविद्यालय (पछि बाल्मीकि विद्यापीठ)मा प्राध्यापक (वि.सं. २००८-२०३३) । राजपत्राङ्कित प्रथम श्रेणीको प्राध्यापक (वि.सं. २०१८ देखि) । वाल्मीकि विद्यापीठमा अन्वेषण कार्यमा सलग्न (वि.सं.२०३३–२०३५) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य (वि.सं. २०३६–२०५०) । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य (वि.सं. २०५१ मार्गदेखि) ।

कृतिहरू:

१) नेपालको संक्षिप्त इतिहास (तोत्रराज पांडेसँग मिलेर) ।
२) इतिहास–सहायक
३) ज्योतिष
४) विद्या-रक्षा (१-१५ संख्या)
५) सुमतितन्त्र (देवीप्रसाद भण्डारी र दिनेशराज पन्तसँग मिलेर)
६) गोलबोध (सहायक–देवीप्रसाद भण्डारी र दिनेशराज पन्त)
७) पण्डित गोपाल पांडे र उनको घनमूल ल्याउने रीति ।
८) प्राचीन र नवीन गणितको तुलना ।
९) ज्योत्पत्ति (त्रिकोणमिति) (सहायक-मङ्गलदास प्रधानाङ्ग) ।
१०) श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या ।
११) लिच्छविसंवत्को निर्णय (सहायक–देवीप्रसाद र केशवचन्द्र न्यौपाने) ।
१२) कालचक्रको ज्योतिष भाग र त्यसको विवेचना (पहिलो भाग) (दिनेशराज पन्तसँग मिलेर)
१३) हिन्दू सिद्धान्तज्योतिष र ग्रीक सिद्धान्तज्योतिषको तुलना (सहायक- देवीप्रसाद भण्डारी, रुक्मनाथ पौडेल) ।
१४) रत्नदीप (पहिलो भाग) (सहायक – रामजी तेवारी, देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेल) ।
१५) विश्रान्ति (सहायक - रुक्मनाथ पौडेल)

संशोधन-मण्डल: आफ्नो सम्पर्कमा आएका विद्यार्थीहरूद्वारा वि.सं. २००९ देखि इतिहास–संशोधन, सावधान–पत्र, व्याकरण–संशोधन, पञ्चाङ्ग–संशोधनहरूको प्रकाशन । यिनै विद्यार्थीहरूमध्ये ९ जना विद्यार्थीको सहयोगद्वारा संशोधन–मण्डलको स्थापना । संशोधन–मण्डलभित्र परेका तथा नपरेका तर त्यही परम्पराका इतिहास संशोधकसमेतको सहयोगबाट निकै ग्रन्थ तथा लेखहरूको प्रकाशन–

१) अभिलेख–सङ्ग्रह (१-१२ भाग) ।
२) दैवज्ञशिरोमणि लक्ष्मी ति पांडेको रत्नदीप ।
३) महेश्वराचार्यको वृत्तान्तक ।
४) राजपुरोहित शक्तिबल्लभ अर्ज्यालको जयरत्नाकर नाटक ।
५) सुन्दरानन्द बांडाको त्रिरत्नसौन्दर्य गाथा ।
६) गल्लीमा पर्याकिएका कसिङ्गर ।
७) ऐतिहासिक पत्रसङ्ग्रह (१- २ भाग)
८) इतिहास-संशोधनको प्रमाण - प्रमेय ।
९) श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१-५ भाग)

– वि.स. २०२१ देखि संशोधन–मण्डलको पत्रिका 'पूर्णिमा'को प्रकाशन (हाल पूर्णिमाका ९७ अङ्क प्रकाशित भइसकेका छन् ।
– अमरभारती, सँस्कृत सन्देश, जयतु संस्कृतम्, हैमवती, पूर्णिमा आदि पत्रिकामा विविध विषयका निकै संस्कृत निबन्ध र कविता प्रकाशित
– शारदा, साहित्यस्रोत, पुरुषार्थ, राष्ट्रिय भावना, ज्ञान विकास, नेपाल समाचार, सिंहनाद, रमझम, अरुणोदय, प्रज्ञा, मधुपर्क, मर्यादा, रूपरेखा, गोरखापत्र, प्राचीन नेपाल, पूर्णिमा आदि पत्रिकामा समेत गरी विविध विषयका निकै नेपाली निबन्ध र कविता प्रकाशित ।
– जयतु संस्कृतम्, नेपाली, प्रज्ञा, अरुणोदय, ज्योतिष दर्शन, मर्यादा, ज्योतिष, ज्ञान, पूर्णिमा आदि पत्रिकामा संस्कृत र नेपाली भाषामा गणित विषयका निकै लेख प्रकाशित ।

- - -

मेरो संक्षिप्त जीवनी

❑ प्रो. यदुनाथ खनाल

वि.सं. १९७० साल साउन २८ गते तनहुँको मालुङमा नरनाथ खनाल र तारादेवी खनालको कोखबाट जन्म ।

शिक्षा:

बनारस विश्वविद्यालयबाट संस्कृत मध्यमा, कलकत्ता युनिभर्सिटीबाट बी.एस.सी., कलकत्ता युनिभर्सिटीबाटै अंग्रेजी साहित्यमा स्नातकोत्तर ।

शिक्षा सेवा:

वि.सं. २००० देखि २०१३ सालसम्म त्रिचन्द्र कलेजमा प्राध्यापन ।

श्री ५ को सरकारको सेवा:

- २०१३ सालपछि श्री ५ को सरकारको सेवामा प्रवेश,
- प्रधानमन्त्रीको सचिवालयको प्रमुख निजीसचिव,
- गृहमन्त्रालयको सचिव, परराष्ट्र मन्त्रालयको सचिव,
- सूचना मन्त्रालयको सचिव,
- यातायात मन्त्रालयको सचिव,
- पटक पटक राष्ट्रिय योजना आयोगको सदस्य,
- प्रधानमन्त्रीको कार्यालयमा परराष्ट्र मामिलासम्बन्धी सल्लाहकार,
- लोकसेवा आयोगको अध्यक्ष,
- भारत, अमेरिका र चीनको राजदूत ।

पदक/पुरस्कार/सम्मान:

गोरखा दक्षिणबाहु प्रथम (२०१९), त्रिशक्तिपट्ट प्रथम (२०२१), नेपाल श्रीपद (द्वितीय) (२०२७) डक्टर अफ ल (सन् १९७४ यू.एस.ए), 'सरदार' उपाधी (२०३३), सम्मानार्थ स्नातकोत्तर महाविद्यावारिधि (२०५४ त्रि.वि.वि.), आदिकवि भानुभक्त पुरस्कार (२०५४), नेपाली शिक्षा परिषद्बाट रु. १,०१,१०१/- को धनराशीसहित सम्मान पत्र (२०५५) ।

कृतिहरू:

समालोचनाको सिद्धान्त (२००३), साहित्य चर्चा (२०३२), सूक्ति सञ्चय (संस्कृत पद्य कृति), रिपलेक्सन्स अन नेपाल इण्डिया रिलेसन्नस स्ट्रे थट्स, नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिजम, एसेज अफ नेपाल फरेन एफेयर्स, नेपाल आफ्टर डेमोक्र्याटिक रिस्टोरेशन ।

अनुवाद:

शिशुपालबधको ११ औ सर्ग (समश्लोकी अनुवाद), भामिनी विलास (समश्लोकी अनुवाद) ।

अन्य विशेष:

- नेपाली संस्कृत र अंग्रेजी तीनै भाषाको अध्येता तथा लेखक,
- पूर्वी र पश्चिमी साहित्यको विशेष अध्ययन,
- चिन्तनशील एवं समन्वयवादी लेखक,
- विशेषतः कुटनैतिक क्षेत्रसंग सम्बद्ध,
- सैद्धान्तिक समालोचनाको प्रथम कृतिकार,
- महाकवि देवकोटा, सिद्धिचरण, भूपी शेरचनबारे विश्लेषणात्मक परिचय अंग्रेजी भाषामा गराई अन्तर्राष्ट्रिय जगतमा चिनाउने कार्य,
- कदर स्वरूप श्री ५ महाराजाधिराज सरकारबाट रेखाचित्र निर्माण आदि ।

सम्प्रति:

सरकारी एवं कुटनैतिक सेवाबाट अवकाश प्राप्त गरी चिन्तनयुक्त लेखन तथा नेपाली भाषा र साहित्यको सेवामा संलग्न ।

- - -

साहित्यमा हामीले नयाँपन दिँदै जानुपर्छ । तपाईंले पत्रिका निकाल्नु भएको छ । खालि निकालेर मात्र हुँदैन, पत्रिकाबाट समाजमा, नेपाली जनजीवनमा के कस्तो प्रभाव परेको छ भनेर पनि अध्ययन गर्नुपर्छ ।

मैले उपन्यास नै बढी लेख्ने गरेको छु र पढ्ने गरेको छु । किनभने आधुनिक समाजको महाकाव्य भनेको नै उपन्यास हो, यसमा जीवनको सूक्ष्मतम अध्ययन गरिएको हुन्छ । सम्पूर्ण मानवजीवन यसभित्र अटाएको हुन्छ । मेरा कृतिहरू हेर्नु भयो भने प्रायः सबैजसोमा यस्तै विश्लेषण गरेको पाउनु हुन्छ ।

'नेपाली साहित्य र समालोचना', 'धर्ती अझै बोल्दैछ', 'नेपाली राष्ट्रियताको इतिहास', यस्तै प्रकारका कृति हुन् । यूनिभर्सिटीको कोर्शमा राखिएको एउटा लेख छ, त्यो ज्यादै गहन छ, पढ्नु भयो भने मेरो भ्यू थाहा पाउनु हुन्छ ।

जनजीवन कता गैरहेको छ, त्यसको संगसँगै साहित्य आत्मसात हुनुपर्छ । हाम्रो समाज स्वभावतः नयाँ युगतिर गैरहेको छ । सामाजिक जटिलता र परम्परागत कुसंस्कारहरूलाई त्याग गर्दै र परिमार्जित गर्दै गएको छ । तर आफ्नो संस्कृतिलाई छाड्न सकेको छैन । यसैगरी विभिन्न जनजातिहरूका संस्कृति पनि परस्परमा बाँडिदैछन् । म हिन्दू हेर र मेरो भाषा पनि नेपाली हैन भन्नेहरू पनि संगठित हुँदैछन् । पृथ्वीनारायण शाहले एकीकरण गर्ने उद्देश्यले युद्ध छेडेका होइनन् । गोर्खा राज्यको विस्तार गरेका हुन् । त्यसैगरी भानुभक्तले नेपाली भाषालाई लिपीबद्ध गरेर यो आन्दोलन ल्याउछु भनेका थिएनन् । त्यो स्वतः हुन गयो । पृथ्वीनारायणले नेपाल एकीकरणको जस पाए भने भानुभक्तले भाषालाई लिपीबद्ध गराउने मौका दिई नेपाली भाषालाई राष्ट्रभाषा बनाउने जस लिए ।

मैले अहिले जनजाति सम्बन्धी विषयमा केन्द्रित भएर उपन्यास लेख्दैछु । त्यो नेपालको इतिहासमा पहिलो हुनेछ । विगत तीन वर्षदेखि लागेर अब पुरा गर्ने तरखरमा छु । मलाई यसले विवादमा पार्ला भनेर ठूलो सचेतता साथ समाप्त गर्न गैरहेछु ।

७३ वर्षीय डी.पी. अधिकारी

०५६/४/३०

व्यक्तिवादी चरित्रले कुनै पनि क्षेत्र सप्रदैन । साहित्यमा पनि त्यस्तै चरित्रको विकास भएकोले साहित्यको अपेक्षित विकास हुन नसकेको हो । सगठित भएर अगाडि बढे बदमासहरूलाई ठिक गर्न सकिन्छ । तर कार्यकर्ता बन्न कोही चाहँदैन, सबैले नेता बन्नु पर्छ र उनीहरूलाई मञ्च, आशन र ओहदा नभै हुँदैन । यस्तै विकृति देखेर म प्रायः बाहिर निस्कन्न -

बाहिरफेर ननिस्क है विग्रेका छन् बाटा
एकातिर वल्हधाङ् खाउला केवलपुरे लाटा ।

तर घरमा पनि कति बसिरहने एकछिन बेलुकापख खुट्टा तान्न निस्कन्छु -

जागिर खोज्दै ठूलो छोरो पुग्यो वरा हङकङ्
म लण्डू चै चक्रपथमा डुल्छु लन्ठङ् लन्ठङ् ।

बुहेसकाल लागि सक्यो, चीसोले सताउला कि भन्ने पनि डर लाग्छ कुनै बेला –

स्यार्स्या हुन्छ कहिलेकाही लाग्छ हथा खोकी
हा हा स्यूँ स्यूँ यत्तिकैमा मरिने पो हो कि ?

थला परियो भनें के गर्ने ? दुःख पाइस् कठैबरा भनेर दुःख बाड्न को नै आउँछ र ? मरेपछि श्रद्धाञ्जलि दिने त हुन् –

मरेपछि श्रद्धाञ्जलि सबै दिन जान्ने
बाँचुञ्जेल दुःख पर्दा पछिल्तिर तान्ने ।

म त बोल्न पाए यस्तै पररर बोली रहन्छु, तपाईंले के ठान्नु होला –

बोल्न पाए निकै बोल्छु मकै पट्के जस्तो
लेख्न चाही थोरै लेख्छु दालमा घिउ जस्तो ।

.....

प्रगतिशील अप्रगतिशीलको कुरै नगर्नुस् – अब त चीरा, पर्दै जानु नै यसको विशेषता भएको छ । प्रलेसको त्यही हालत छ, साहित्य सन्ध्याको त्यही हालत छ । त्यसै भएर त म भन्छु – यसरी साहित्यको विकास कसरी हुन्छ ? अब त बुधवारमा कविता लेख्ने जति एमाले, प्रकाशमा लेख्ने जति माले । मेरो एउटा कविता जनधारणामा छापियो अनि त मलाई झण्डै माओवादी आरोप लागेको ?

.....

सखाप भयो । यो सबै इतिहास कहाँ छ ?

म अहिले करिब १ लाख १२ हजार शब्दहरू समावेश भएको शब्दकोश छाप्ने तयारीमा छु, जुन २०२७ सालमा मैले प्रज्ञाप्रतिष्ठान छाडेपछि गर्न थालेको संकलन हो । हाल त्यो सबै कम्प्युटर टाइप भैसकेको छ । ठूलो बजेट चाहिने भएकोले कसरी छाप्ने यसै सोचाईमा छु ।

२०४५ साल बैशाख ५ गते पद्मोदय, पद्मकन्या, नन्दीरात्रि, मित्र मा.वि. र नुवाकोट क्याम्पसको प्राध्यापक बाट एकैचोटी राजीनामा पठाएपछि म यस कार्यमा सक्रीय रूपमा लागेको हुँ ।

.....

मलाई दिनको सालाखाला ४ बट्टा चुरोट चाहिन्छ अर्थात् ८० खिल्ली । यसरी चुरोट खान थाल्नुको पछाडि बेग्लै कथा छ – म त पाँच वर्षकै उमेरमा मरेर मैरीमा सुताएर, रामनामी ओढाएर, बाँस समेत काटिएको मान्छे । स्वर्गद्वारी स्वामी त्यसबेला नआउनु भएको भए म मरेको मरै हुन्थें । उहाँले लास बनाइएको मेरो शरीरलाई मेरा बाबुबाट सकल्प गरेर लिनु भयो र बचाउनु भयो । पछि मलाई बाबुकै हातमा सुम्पिनु भएछ । तर बाबुले मलाई आफ्नो हातबाट गुमिसकेको भनेर हो कि किन हो पटकै माया गर्न छाडिदिनु भएछ । जे भने पनि मेरो विरोध गर्ने ।

१२ वर्षको उमेरमा मेरो विहा भयो, ससुरालीको अगाडि सान देखाउनु पर्छ भनेर मेरा एकजना दाइले मलाई चुरोट खान सिकाउनु भयो । मैले लुकेर खान थालें । एकदिन बुवाले देखेर भन्नु भयो - 'तैंले हाम्रो धुवाँ खाँदैछस् ।' यस भनाईले ममा बाबुप्रति अरू विरोध र आक्रोश थपियो । मैले बाबुको विरोधमा कहिल्यै चुरोट नछाड्ने संकल्प गरें । म पनि के कम - मेरो चिन्हाले भनेको थियो मलाई – कि तँ सात गाउँको मालिक हुन्छस् कि सात गाउँ चहारेर खान्छस् । भनेजस्तै अहिले म बाबुको एकटुका केही नलिएर आफैं पौरखबाट यो अवस्थामा आइपुगेको छु र अहिलेसम्म म एकसय भन्दा बढी संस्थासंग आबद्ध भएको छु ।

.....

म अहिले वर्षले ७३ वर्षको भएँ तर वास्तमा ७५ वर्ष भन्दा बढी भएँ । यो ठट्टा होइन सत्य हो । वास्तवमा हाम्रो उमेर वर्षले होइन सस्कारगत आधारबाट निर्धारण गरिनु पर्दछ, यो मेरो व्यक्तिगत सोचाइ हो । यसमा प्रामाणिक आधार छ - हाम्रो एउटा वर्ष ३६५ दिनको हुन्छ, अर्को वर्ष ३६६ दिनको । २ वर्षमा एउटा अधिकमास हुन्छ, ३ वर्षमा एउटा क्षयमास हुन्छ । यसरी हिसाब गर्दै जानुहास त, म ७५ वर्षको भएँ कि भइन ?

७३ वर्षीय वसन्तकुमार शर्म्मा नेपाल
०५६/५/५

समयको गति सँगै साहित्यको गति पनि बदलिनु पर्छ भन्ने मेरो मान्यता हो, तर मेरो दृष्टिकोण अहिले विकशित भइरहेको गुटबन्दी होइन । देश र जनताको अवस्था सुधार्न हामीले धर्म र राजनीतिको संकुचित घेरा नाघेर एकजुट हुनुपर्छ ।

एकचोटीको प्रेरणाले सधैंभरी कामगर्छ भन्ने छैन । यद्यपि मलाई शुरुमा पारिवारिक रूपबाट नै प्रेरणा मिल्यो, तर अहिलेको कुरा गर्ने हो भने तपाई प्रेरणाको श्रोत बन्नु भयो । तपाईले नसम्झएको भए मैले लेख्न थिइनँ र बूढो भएको पनि थाहा पाउने थिइनँ ।

७३ वर्षीय माधवलाल कर्माचार्य
०५६/५/६

तपाईले राखेको 'वृद्ध साहित्यकार विशेषाङ्क' यो नाम त्यति उचित लागेन । वृद्धको अर्थ बेरलै हुन्छ– पेन्सन दिने लाइनमा परेको । तपाईले पेन्सन दिने त होइन होला । वृद्ध विशेषाङ्क प्रकाशन गर्नुको उद्देश्य के हो ? प्रकाशित भइसकेपछि तपाईले के गर्नुहुन्छ र के सोचाइ राख्नु भएको छ ? अर्को कुरा साहित्यकारले आफूलाई वृद्ध भनेको मन पनि पराउँदैनन् । उनीहरू आफूलाई सधैं तरुणा नै ठान्छन् र साहित्य सिर्जनामा लागिपर्छन् । यसबाट उनीहरूमा निरुत्साह बढ्न सक्छ । त्यसकारण यसप्रति ध्यान पुऱ्याउनु जरुरी छ ।

७३ वर्षीय मोहन कोइराला
०५६/५/४

मेरो संक्षिप्त जीवनी

❑ वासुदेव शर्मा लुइँटेल

जन्म : वि.स. १९७४ साल भदौ २३ गते शुकबार बाबु झकनाथ शर्मा लुइँटेल र आमा चन्द्रप्रभाको कोखबाट नैकापमा जन्म ।

उपनाम : भूतको भिनाजु, म, बाउँटे बाजे, नैकापे काका, बरबोटे बाहुन, काका कुइँकेल, बुद्धिबहादुर घर्ती, शिवभक्ति, लम्फु, ताहाञ्चलको स्याल, एकतारे सीताराम, मिष्टर भक्त, ढाडे विरालो, डेढ अक्कली, अढाई अक्कली, भूतपूर्व जुँघेदाइ, धुपौंरे काका, बतासे, जम्बुमन्त्री, शुदर्शनाचार्य, उमेदवार मन्त्री, ज. सेक्रेटरी, सुब्बा माउसुली, मिष्टर ए-जेड, श्री महाप्रभु, कालीमाटीको बेखा, रामकृष्ण खत्री, अनाथ, टेकनाथ, टपरीनाथ, कान्छाकाजी, भिनाजु, ओमकारनाथ उपाध्याय, ओममणि आचार्य, कवि, खत्री, बद्रिनाथ, प्रेतपञ्चात, टुटेभाइ, झोंकी झम्पाट, खत्री कान्छा, कुमारी शोभा, श्रीमान् तनेवासे, प्र.म.को परमभक्त, भेना, नेरुपी काका, काका, आदि ६०-६५ थरी ।

पहिलो कृति: १९९७ सालको 'शारदा' मा 'आमा' कविता ।

मौलिक कृति: भूत छैन २००६, चिठी चपेटा २०२२, भीमसेनपाती २०२४, जय नेपाल २०२८, ...बाट २०४३, ... बाटको बाँकी २०४६, काकाका कुरा २०४६, कुराउनी २०४६, व्यक्तिगत चिठी २०५२ ।

सम्पादन: जुद्धोदय पब्लिक हाइस्कूल पत्रिका २०१३-२०१९, छघाकन २०२५, डाडो २०३१, जस्ततस्तै २०३२ ।

अनुवाद: वैराग्यशतक २००० साल, नीतिशतक २००० साल ।

वासुदेवबारे लेखिएका: आत्मपुराण २०४८, लुइँटेल पुरस्कार सामान्य चिनारी २०५० वासुदेव पुराण २०५१, भाइलाई चिठी २०५१, कुरा नगाला २०५१, वासुदेव लुइँटेल एउटा जिउँदो मान्छे २०५२, कर्मा भन्छन् २०५३, हास्य व्यङ्ग्यकार वासुदेव शर्मा लुइँटेल २०५४ । कलियुगका दधीचि २०५५ ।

संस्थापक: कौवा प्रकाशन २०२३, सङ्गृह प्रकाशन २०३०, हाम्रो प्रकाशन २०३०, भैरव प्रकाशन २०३३, दुगा-अङ्डा प्रकाशन २०४५, नयाँ नैकाप भञ्ज्याङ प्रकाशन २०४५, तेत्तीस पुतली प्रकाशन २०५०

कर्मक्षेत्र: विद्यार्थी–तीनधारा पाठशाला १९९०-१९९९, पण्डित– नेपाली भाषा प्रकाशिनी समिति १९९९-२००४, पण्डित– गोरखापत्र छापाखाना २००४–२०१०, शिक्षक– जुद्धोदय पब्लिक हाइस्कूल २००५-२०२५, शिक्षक– कान्ति ईश्वरी राज्यलक्ष्मी हाइस्कूल २००७-२०२६, शिक्षक– रात्री पाठशाला हाइस्कूल (नक्साल) २०१०-२०१६, दोस्रो हाकिम– जगदम्बा प्रकाशन २०१५-२०३०, जनरल म्यानेजर– नेपाल टाइप फाउण्ड्री प्रा.लि. २०२६-२०४३, आन्तरिक लेखापरीक्षक– जगदम्बा गुठी २०३१-२०४६, प्रमुख व्यवस्थापक– जगदम्बा प्रेस प्रा.लि. २०१५-२०४८, कारिन्दादेखि कार्यालय सचिवसम्म– मदन पुरस्कार गुठी, २०१२-२०५१ ।

पारिवारिक बनोट:

पत्नी: जानकीदेवी लुइँटेल (१९८० फागुन–२०५४ असार शान्तिदेवी लुइँटेल (१९८८ भदौ-२०५४ कार्तिक)

छोरा/बुहारी: डा.विद्यादेव शर्मा लुइँटेल नन्दिता शर्मा लुइँटेल

छोरी: शुषमा आचार्य/कमला अधिकारी/प्रतिमा बञ्जाडे उषा पौडेल

नाति/नातिनाहरू: पवन आचार्य/पारस आचार्य गिरिश अधिकारी/ प्रतीक बञ्जाडे/सदृश पौडेल आशिक बञ्जाडे /विनयदेव शर्मा लुइँटेल/विनीता शर्मा लुइँटेल मिनी शर्मा लुइँटेल र समृद्धि पौडेल ।

- - -

पहिलोबाजी जिल्लाको प्रतिनिधि भई नेपाल जाँदा

❑ टेकनाथ गौतम

२००२ साल चैत्रमा भर्खरै मंसिरमा प्राइममिनिष्टर भएका श्री ३ पद्म शमशेरले तराईका जिल्लाका जानिफकार मानिस झिकाई जिल्लाका परिस्थितिहरू र तिनका विचारहरू बुझ्ने आशयले जिल्ला जिल्लाबाट आठ/दश जना प्रतिनिधिहरू छानी पठाइदिन भनी तराईका गोश्वारा र माल अड्डाहरूलाई लेखी पठाए छन् । तदनुसार दाङको मालका हाकिम हेरम्बमान श्रेष्ठ सुब्बाले बूढापाका छानी पठाउने विचार गरेका रहेछन् । त्यो कुरा थाहा पाई स्व. गणेशकुमार शर्मा र म पनि जाने विचार गर्यौं । हामी त्यो बेलाका दाङका टाठाबाठा युवकमा गनिन्थ्यौं । तर जानिफकार भलादमी बूढापाकाका साथमा हामीलाई पठाउलान् भन्ने हामीलाई आशा थिएन । दाङ मालका सुब्बासँग मेरो रामो सम्पर्क थियो, त्यही नाताले हामी दुई जना गई हामीलाई पनि पठाउन अनुरोध गर्यौं । उनले खुसीसाथ हुन्छ भनी हामीलाई पठाउने विश्वास दिलाए ।

भोलिपल्ट माल अड्डाको प्राङ्गणमा धेरै मानिसको सभा जुटाइयो । सबैले त्यो बेलाका दाङका ठूलाठालूमा गनिने बूढापाका पं. खुसलराम, बासुदेव, दामोदर र भीमबहादुर शाह आदि आठ/दश जनाको चुनाव गरे । त्यसपछि सुब्बाले हाम्रो नाम पनि जानेहरूको समूहमा समावेश गरिदिए । आफ्ने खर्चले जानु थियो । हाम्रो उद्देश्य केवल सरकारी ठूलाबडासँग सम्पर्क राख्ने र २००० सालमा हामीले सरकारको अनुमति बेगर खोलेको स्कूललाई सरकारले बन्द गराइदिएकाले अर्को स्कूल माग गर्नु मात्र थियो । पाँच/छ दिनपछि सबैजना नेपालको सिमाना कोइलाबासमा भेला भई गोरखपुर छितौनीघाट हुँदै बगाहा भएर रक्सौल पुग्यौं । राति त्यही बसी अर्कोदिन बीरगञ्जबाट राहदानी लिई तेस्रो दिन काठमाडौं पुगियो । सरकारको तर्फबाट हामीलाई विपुरेश्वर धर्मशालामा बसोवासको व्यवस्था गरिएको थियो तर हामी त्यहाँ नबसी भर्खर घर बन्न लागेको मैतीदेवीमा पूरै घर १३ रुपियाँ भाडामा लिई बस्यौं ।

बूढाहरू सबैले भान्से नोकर लिएर जानु भएको थियो दाङबाट । सबैले घ्यू, तेल, चामल प्रशस्त लगेका थियौं । १७-१८ जनाको यौटै भान्सो थियो । सबैको फर्माइस अनुसार खाना बन्ने हुँदा भान्सामा विभिन्न तरकारीहरू, खीर, मासु आदि पाक्दथ्यो । भोज जस्तो थियो हाम्रो त्यो केही दिनको भान्सो ।

तेस्रो दिनबाट सिंहदरबारमा जानु थियो । त्यो बेला गेटको सामुन्नेबाट ओहोर/दोहोर गर्न पाइँदैनथ्यो । घुमेर जानुपर्थ्यो । हामीलाई गेटबाटै प्रवेश गराएर उत्तर तर्फको बाटोबाट श्री ३ पद्म शमशेर समेत बसेको भुइँ बैठकमा लगियो र पद्म शम्शेरको दर्शन गराइयो । पद्म शमशेरका इशारामा त्यहाँ पुगेका सबै प्रतिनिधिहरू भुइमा बिछ्याएको कार्पेटमा बसे । प्राइममिनिष्टरको कुर्सीबाटै – 'मैले मुलुकको परिस्थिति पीरमर्का र कहाँ के बन्दोबस्त गर्नुपर्छ त्यो सबै कुरा बुझ्नलाई तिमीहरूलाई बोलाएको हो, भोलिदेखि बस्ने सभामा तिमीहरूले आपना मर्का तथा आपनो ठाउमा गर्नुपर्ने व्यवस्थाको बारेमा भन्नू र सोधेका कुराको जवाफ कत्ति नडराईकन दिनु, त्यसै अनुसार हामीबाट ती कुराहरूको बारेमा बिचार हुनेछ' भन्ने हुकुम भयो । हामी त्यहाँबाट बिदा भयौं । उत्तरतर्फको बाटोबाट सिंहदरबार गएका थियौं, दक्षिणतर्फको बाटोबाट निक्ल्यौं । त्यो बेलाको सिंहदरबारको रौनक पहिलोपल्ट देख्दा हामी आश्चर्यले चकित भएका थियौं ।

अर्कोदिनबाट पद्म शमशेरकै सम्भवतः हजुरिया बहादुर शमशेरको अध्यक्षतामा सभा शुरू भयो । बहादुर शमशेरले जसलाई इशारा गर्थे अथवा जसले अनुमति माग्थ्यो उसले बिन्ति चढाउन पाउँथ्यो । सभामा उठेका सवालहरू केही तुरुन्तै समाधान हुन्थे भने केही बिचार गर्नुपर्ने भनी टिपिन्थ्यो । आठौं वा नवौं दिनको कुरा हो सबैबाट मदभट्टीको ठेक्का बन्द गर्नुपर्छ भन्ने आबाज उठाइयो । बहादुर शमशेरले यसको निर्णय भोलि गरौला भनी सभा बिसर्जन गरे । भोलिपल्ट सभा शुरू हुने बित्तिकै बहादुर शमशेरले मुलुकभरिका मदभट्टीबाट ४१ लाख रुपियाँ सरकारलाई आम्दानी हुँदो रहेछ, यत्रो रकम सरकारले कसरी छोड्न सक्छ भन्ने जवाफ दिए । अनि मलाई बोलु बोलु जस्तो लाग्यो । मैले उठेर बिन्ति चढाउन खोजे अनि उनको अनुमति पछि मैले– 'सरकार ! रक्सीले हामी सबै दुनियादारको

मैले तपाईलाई अरूको भन्दा बेग्लै खालको आत्मसंस्मरण दिन्छु । मेरा अधिकांश कृतिहरू आफ्ने जीवनका घटनाहरूसँग सम्बन्धित छन् । तसर्थ कृतिहरूमा उल्लेखित घटनाहरूसँग मिल्दाजुल्दा पंक्तिहरूलाई टपाटप टिपी उपयुक्त ठाउमा राखेर काव्यात्मक ढङ्गबाट प्रस्तुति दिनेछु ।

आत्मसंस्मरण भनेको खालि 'यसो गरें उसो गरें' मात्र होइन र कसैको जीवनी लेख्नेहरूले पनि 'फलाना यस्तो हुनुहुन्थ्यो, यस्तो बानी थियो, सँगै बसियो, खाइयो वा घुमियो' मात्र होइन उसको व्यक्तित्व कस्तो थियो र उसले के दियो देश र समाजको लागि भन्ने हुनुपर्छ ।

तपाईको यो सोचाई अति राम्रो लाग्यो - 'बूढा मन्चा कुरा सन्चा' भने जस्तो । आजका बूढाहरू भोलि रहँदैनन्, उनीहरूको अनुभव भोली खोजेर पाईंदैन ।

शास्त्रीय छन्द र आध्यात्मिक लेखनको आलोचना गर्ने आलोचकहरू पनि यहाँ छन् । तिनलाई के थाहा र त्यसभित्र कति रस लुकेको छ भन्ने । स्वसौष्ठ्य, चाञ्चरिक, बेली हवेली जस्ता शब्दहरूमा कति मिठास छ ?

काव्य रसहरू: प्रभु सम्मित काव्य, सुहृद् सम्मित काव्य र कन्ता सम्मित काव्य मध्ये कान्ता सम्मित काव्यलाई विद्वानहरूले चरम रस-माधुर्य संप्राप्ति भनी स्वीकारेका छन् । त्यो रस जति चुस्यो त्यति मीठो हुन्छ - उखुको टुक्रा जस्तो ।

वास्तवमा हृदयस्पर्शि एवं हीतकर वाक्यहरूको कलात्मक संयोजन नै साहित्य हो । 'बाँचुन् विकृति र मर्नु प्रकृति' यथार्थ सत्य हो । यो बुझ्यौ भने हामी कहिल्यै दुःखी हुँदैनौं ।

१९ सर्गको 'श्रुति सौरभ' काव्य छापिनकोलागि गइसकेको छ । त्यसका केही पंक्तिहरू तपाईलाई सुनाउँछै ?

७४ वर्षीय भरतराज घिमिरे 'मन्थलीय'

०५६/५/३

चिनें, तपाईको यो पत्रिका देखेपछि त चिनें । म बोल्न सक्तिन, लेख्न त भनै सक्तिन । मलाई पक्षघात भयो, महिनौं शिक्षण अस्पतालमा बसें । तपाईले थाहा पाउनु भएन ?

ए.... त्यही त तपाई आएजस्तो लागेन । बायाँ हर पहिले त चल्ने छाडेको थियो, मुख पनि बाङ्गिएको थियो, अहिले अलि कम भएको छ । तर ताकत छैन, म आफै उठ्न बस्न र हिंड्न सक्तिन ।

मैले सम्झेको छु, तपाईले मेरो अन्तर्वार्ता र कथा पनि छपाउनु भएको छ तर म अब केही पनि लेख्न सक्तिन, र बोल्न पनि सक्तिन । मैले सम्झन पनि छाडिसकें । विहान बोलेको कुरा बेलुका भुलिसक्छु । त्यसै भएर तपाईको काम मैले गर्न सक्छु कि सक्तिन अहिले भन्न सक्तिन । पछि एकपल्ट आउनुस् ।

पक्षघातबाट पीडित, बोलेको पनि मुस्किलले बुझ्नसकिने मुखबाट ज्याल बगिरहने, अत्यन्त अशक्त –

७३ वर्षीय दौलतबिक्रम बिष्ट

०५६/५/२

हाम्रो वास्तविक इतिहास लुकेको छ, हाम्रा शब्दहरू हराएका छन् । यसको बासो लिने मान्छे छैन । प्रज्ञा प्रतिष्ठानले ४२ जनाको एउटा मण्डली बनाएर, १६ वर्ष लगाएर ५२ हजार ७ सय शब्द भएको बृहद् नेपाली शब्दकोष तयार गर्‍यो । त्यो मेरो अगाडि छ, ल हेर्नुस् - यसैमा पनि यति गल्ती छन् कि एक फर्क्याँटो पल्टाउनु भयो भने सालाखाला १० वटा गल्ती भेटिन्छ । मैले चिन्ह लगाएको छु र गल्ती औल्याएको छु । तपाई हेर्नुस् छबक पर्नुहुन्छ । कुनैको अर्थ लाग्दैन, कुनैको बिपरित अर्थ लाग्छ, कुनै शब्द अनावश्यक छन् । यदि होइन कसैले भन्छ भने म आत्मसमर्पण गरिदिन्छु ।

यस्तै नेपालको इतिहास पनि बिबिध ढङ्गबाट प्रस्तुत गरिएको छ । कति कुराहरू लुकेका छन्, कति उल्टोपाल्टो पारिएको छ । लिच्छबीकालीन कतिपय मूर्तिहरू मल्लकालीन समयमा लिच्छबीकालीन सम्वत् र अक्षर मेटाएर मल्लकालीन बनाइएका छन् । पचलीदेखि बूढानीलकण्ठसम्मको लिच्छबी कालीन स्वर्णमय सुन्दर सहर ६ महिना १७ दिन सम्म जलर

भाषा र साहित्यको विकासमा सापेक्षिक योगदान हाम्रो साहित्यको निमित्त आवश्यक हुन्छ भन्ने मेरो मान्यता छ ।

मेरा दुई कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् – एउटा समालोचना र अर्को निबन्ध । तर नाम भने राखेको छैन । कुनै पनि लेख वा कृतिको नाम राख्न मलाई अपठ्यारो लाग्छ । भैरव अर्याल छँदा उहाँले राख्नुहुन्थ्यो, अहिले प्रायः सम्पादकको जिम्मा हुने गर्छ । यसपछिको शीर्षक राख्ने जिम्मा तपाईलाई पनि प्राप्त हुनेछ - आत्मसंस्मरणको ।

अर्को कुरा मैले जीवनमा कहिले पनि आफ्ना कृति छापिदिन कसैलाई आग्रह गरिन र आफू जिम्मेवार भएको संस्थाबाट पनि छापिन । उदाहरणको लागि– साझा प्रकाशनमा छँदा जे-जति कृति छापिए, ती प्रज्ञा प्रतिष्ठानबाट छापिए र प्रज्ञा प्रतिष्ठानमा छँदा जे-जति कृति छापिए ती साझा प्रकाशनबाट । अहिले प्रकाशोन्मुख अवस्थामा रहेका यी दुई कृति पनि यसै प्रतीक्षामा छन् ।

अहिले म आत्मसंस्मरण लेख्दै छु, जसको आधाभाग सकिइसकेको छ ।

७४ वर्षीय कृष्णचन्द सिंहप्रधान

०५६/६/१०

हुन त मैले नेपाली र संस्कृतका गरी १५-२० वटा कृतिहरू लेखेको छु तर म विशेष गरी नेपाली शब्द कोषको अध्ययनमा लामो समय बिताएको भएर होला नेपाली भाषा र शब्दमा बिशेष चासो लिने गर्छु । प्रज्ञाप्रतिष्ठानमा छँदा फुर्सदको समय मिलाएर करिब ६० हजार शब्दहरू सङ्कलित गरी 'संक्षिप्त नेपाली राष्ट्रिय शब्दकोष' प्रकाशित पनि गराएँ – अर्के एउटा संस्थाबाट । यसमा मैले नेपाली शब्दको अतिरिक्त अन्य जनजातिका शब्दहरू पनि पाएसम्म राखेको छु ।

प्रज्ञाप्रतिष्ठानमा काम गर्दाको बीसबर्षको दौरानमा पनि मैले शब्दकोष विभागमै बसेर काम गरें । 'बृहद् नेपाली शब्दकोष' को संशोधन मण्डली (डा. केशव प्र. उपाध्याय, शरदचन्द्र भट्टराई, प्रा. खगेन्द्र लुइटेल, हर्षनाथ भट्टराई) मा पनि म थिएँ तर विगत तीन बर्षदेखि रिटायर्ड जीवन बिताइरहेको छु ।

अहिले कविताको बाढी नै आएको छ, अरू विषयहरूमा त्यति ध्यान गएको छैन । मुख्य कुराहरू मन्दा तपसिलका कुराहरू बढी आउन थालेका छन् । गतिलो किताब पढ्न मुस्किल पर्न थालेको छ ।

७४ वर्षीय हर्षनाथ भट्टराई

०५६/६/१०

मानिसहरू बदलिए तर साहित्यको शैली बदलिएन । समय अनुसार लेख्ने शैली र पत्रिकाको तरिकामा फरक ल्याउनु पर्यो । लेख्नेले कुन आशयमा लेखिदिन्छन् । पढ्नेले के बुझ्छ ।

साहित्य भनेको जनताको लागि हो, त्यसैले लेखेको आशय पढ्नेले बुझेन भने त्यो के को साहित्य ? तर अहिले लेखेको बुझ्दै नबुझ्ने साहित्यकारको हातमा साहित्य परेको छ, अब कस्तो होला साहित्यको भविष्य ?

साहित्यकारहरू अहिले लोभ र लालचमा फसेका छन्, उनीहरू कुनै व्यक्तिविशेषको लागि हुनुहुँदैन तर त्यसो भैरहेको छ । स्वाभिमानी साहित्यकारको कलम शुद्ध हुन्छ र त्यसबाट असल साहित्य जन्मन्छ । त्यसमा सुबास हुन्छ फूलमा गन्ध भए जस्तै । साहित्य सूर्य हो, समुद्र हो, बाग्मती हो र अन्न हो ।

नेपालको इतिहासको हालत पनि त्यस्तै छ । नेपालीले नेपालको इतिहास लेखेको छैन, त्यसैले प्रमाणिक छैन । 'बुढा मर्छ कुरा सर्छ' तर त्यो यथार्थ हुनुपर्छ - विश्वसनीय । प्रताप मल्लको आमाको नाम के हो ! भीम मल्लको पत्नीको नाम के हो ! छ कतै इतिहासमा ?

इतिहास भनेको यस्तो थियो भनेर लहैलहैमा लागेर हुँदैन, प्रामाणिक हुनुपर्छ । बल्खुखोलाको पानीले कीर्तिपुरको खेत सिचाई हुनु के सम्भव छ ? जुन इतिहासमा लेखिएको छ ।

७४ वर्षीय वासु पासा

०५६/५/१२

सत्यानाश गरिराखेको छ, हामी दुनियाँदारको भलो कुभलोको ख्याल नगरी पैसाको मात्रै मुख हेर्ने हो भने त बाह्रमासे जुवा खेल्ने खेलाउनेलाई लाइसेन्स दिए झन् धेरै पैसा आउँछ' भन्ने कुरा गरें । बहादुर शमशेरले रातो मुख गराएर मतिर हेरे तर तुरुन्तै सामान्य मुखमुद्रा बनाएर लौ यो कुरा सकियो अर्को कुरा उठाउ भनी सभातिर फर्के ।

तीन चार दिनपछि सिंहदरबारमा त बैठक चलिराखेकै थियो त्यहाँ हामीसँग गएका बूढाहरू जानुभयो । सिंहदरबारका बाहिर उत्तरपट्टि तम्बु लगाई त्यसमा शिक्षा डाइरेक्टर मृगेन्द्र शमशेरको अध्यक्षतामा शिक्षा सम्बन्धमा विचार बिमर्श गर्ने कार्यक्रम राखिएको थियो त्यहाँ गणेश कुमारजी र म गयौं । त्यहाँ संस्कृत तथा अंग्रेजीको पढाइ गरिने स्कूलहरूको स्थापनाका लागि माग उठाइयो । मृगेन्द्र शमशेरले 'प्रचलित अंग्रेजी स्कूलहरू 'मैकाले'ले भारतीय हरूलाई दास बनाउन र सुस्तसुस्त इसाई बनाउनको लागि चलाएको हो त्यस्तो कोरा शिक्षाबाट केही फाइदा छैन, हामीले शिक्षाका साथ व्यवसायिक तालिम दिने गरी आधार शिक्षाको योजना तयार गरेका छौं, स्कूल खोल्न चाहनेले त्यस्तै स्कूल खोल्नुपर्छ, भन्ने आफ्नो अडान प्रस्तुत गरें । धेरै जना उठेर त्यसबारे असहमतिजस्तो प्रकट गरे । मैले उठेर 'सरकार ! अरू मानिसले कैयौं दिन कुरेर जागिर पाउन्न तर अंग्रेजी पढेको मानिसलाई आयोगले तुरुन्तै जागिर दिन्छ । सरकारहरू विदेश सवारी हुँदा पनि त्यस्तै अंग्रेजी पढेकालाई साथ लिएर गइबक्सिन्छ । सरकारहरूले निजी हजुरिया राख्दा पनि अंग्रेजी पढेकालाई नै प्राथमिकता दिइबक्सन्छ । एकातर्फबाट सरकारहरूबाटै अंग्रेजी पढेकाको त्यस्तो कदर गर्ने, अर्कातर्फ हामी दुनियाँदारलाई सो शिक्षा दिनु उचित छैन भन्ने कुरा अलि मिले जस्तो लागेन भनेपछि गणेश कुमारजीले उठेर –'सरकारले जसलाई आधार शिक्षा भनिबक्यो त्यसलाई भारतमा बुनियादी शिक्षा भन्छन् । गान्धीजीले वर्धामा तैयार गर्ने लगाएको योजना हो । भारतमा पनि जसले सो योजना पास गरे उनले नै आफ्ना भाइ छोराहरूलाई पढाइराखेका छैनन् र त्यो योजना त्यहाँ पनि राम्रोसँग चाल हुन सकेको छैन । सो कुरा यहाँ कसरी सफल होला ?' भन्नुभयो ।

त्यसपछि कृष्णनगरका गयाप्रसाद शाहले उठी हिन्दीमा 'मैं भी यही कहना चाहता था' भनी हाम्रो समर्थन गर्नुभयो मृगेन्द्र शमशेरले मुख बिगारेर मलाई हेरे । तुरुन्तै आफूलाई सम्हालेर स्वभाविक रूपमा बडो मीठो शब्दमा 'पण्डित ! तिमीहरू एकैबाजी बाबुसाहेब बनाउन खोज्दा रहेछौ । यस सम्बन्धमा तिमीहरूलाई धेरै सम्झाउनु पर्ने देखे । अहिलेलाई समय छैन । भोलि बिहान दुबैजना मेरो दर्बारमा आउनु म सबै कुरा राम्रो सम्झाउँला' भनी आधार शिक्षा नै चलाउनु पर्छ भन्ने निर्णय दिई सभा विसर्जन गरें ।

अर्कोदिन बिहान हामीलाई कपडा लगाउन लागेको देखेर काजी साहेबले 'के गर्दैछौ ?' भनेर सोध्नुभयो । हामीले दरबार जाने कुरा गरेपछि रिसाए जस्तो गरेर हप्काउन थाल्नुभयो– सोहबत नखाएका केटा तिमीहरू ! बनारसमा बसेर त्यहाँका कांग्रेसहरूले जसरी अंग्रेजहरूलाई हेपेर कुरा गर्छन् त्यस्तै नेपालमा पनि गर्न खोज्दा रहेछौ । यहाँ सोझा कुरा गर्दा त भित्ताका कान हुन्छन् भन्छन् । तिमीहरू जे मुखमा आयो त्यही बोल्छौ, मैले त अस्ति टेकनाथले मदभट्टीको सम्बन्धमा बाह्रमासे जुवाको कुरा उठाउँदा बहादुर शमशेरले के के गर्छन् भनी डराएको थिएँ तर क्यै गरेनन् । त्यसरी कुरा काट्नु ठीक थिएन ।

४०/४२ दिनपछि सभाको आखिर दिनमा पद्म शमशेरले आफ्नो विशालनगरको दरबारमा बिसर्जन सभा जस्तो गराएका थिए । सभा सकिएपछि बबर शमशेर, कृष्ण शमशेर आदिका माझमा आफू बसेर हामीलाई पछाडि राखी फोटो खिच्न लगाए । श्री ३ का साथमा बसेर फोटो खिच्न पाएकोमा हामीले आफूलाई धेरै ठूला मान्छे सम्झ्यौं ।

अर्कोदिन पद्म शमशेरले जिल्ला जिल्लाका मानिसलाई पालैपालो गरी बिदाइ भेट दिएका थिए । हाम्रो पालो आएपछि मुलुक सम्बन्धी जे जे कुरा भए तिनमा त हामीले विचार गर्ने नै छौं । तिमीहरूले आफ्नो जिल्लाका निम्ति राखेका आफ्ना मागहरू पूरा भए कि भएनन् भनी सोधेपछि मैले हात जोडेर 'सरकार । हामीले अंग्रेजी स्कूल खोल्ने स्वीकृति पाएनौं' भनी बिन्ती चढाएँ । किन ? डाइरेक्टरले दिएनन् र ? भनी सोधेपछि मैले 'डाइरेक्टर साहेबले आधार शिक्षा दिने स्कूल नै खोल्नुपर्छ भन्ने मर्जी भयो र हामीले साधारण अंग्रेजी स्कूल खोल्न चाहन्छौं' भनी बिन्ती चढाएपछि पद्म शमशेरबाट खोल्नु भन्ने हुकुम भयो र हजुरिया सोमप्रसादतर्फ हेरिबक्स्यो । उनले हुकुम प्रमाड़ी भएको हो भनी प्रमाणित गर्ने आफूसित रहेका नोटबुकमा सो कुरा टिपे ।

त्यसपछि हामी बिदा भयौं र घरतर्फ फर्क्यौं । सालभरको तयारीपछि २००४ साल गङ्गादशहराको दिन दाङको पहिलो अंग्रेजी स्कूल खोलियो । त्यसको नाम पद्मोदय पब्लिक मिडिल स्कूल राखियो ।

- - -

म त काँग्रेस भएँछु

❑ डायमन शमशेर राणा

मेरा बाजे शेर शमशेर पाल्पाका जर्नेल छंदा मेरो जन्म पाल्पा मै भएपनि १४ महिनाको उमेरमा मलाई गोरखपुर सुगौली हुँदै काठमाडौं ल्याइयो । राणा परिवारको भएको कारण परम्परा अनुसार मलाई गोरखपुरबाट सुगौलीसम्म ल्याउँदा अलग्गै रेलको डिब्बा चाहिने भएकोले मैले गोरखपुरमा केही दिनसम्म अलग डिब्बाको लागि पर्खनु परेको थियो रे ।

मेरो बाल्यकाल पाटनको हाल मदन पुरस्कार गुठी भएकै एरियामा बितेको हो । मदन शमशेर मेरा बाल्यकालका खेल्ने साथी थिए । उनी राजा हुने नाइनका दशौं नम्बरका जर्नेल थिए । म रोलक्रमभित्र नपरेको एउटा साधारण कप्तान । उनको घरको अगाडिपट्टि मेरो घर थियो । बीचको खुल्ला ठाउँमा हामी क्रिकेट खेल्ने गर्थ्यौं । खेल्दा खेल्दै एकदिन एउटा समाचार आयो – सिंह दरबारमा अंग्रेज सरकार र नेपाल सरकार बीच मिटिङ्ग हुने भएछ । मदन शमशेरलाई सो मिटिङ्गमा जान र नै भयो । एउटा निकटतम मित्रको नाताले उनीले मलाई पनि संगै लिएर गए । भित्र बैठक चलिरहेको थियो । मैले बाहिरै बसेर सुनिरहें । त्यसबेला मेरो उमेर त्यस्तै १७-१८ वर्षको थियो । मैले के बुझ्ने राजनीतिका कुरा ! तै पनि के कुरा गर्दा रहेछन् त भनेर कान थापेर सुनी रहें ।

अंग्रेजहरूले 'अब हामीले इण्डिया छोड्न थाली रहेका छौं, तिमीहरूले 'सुगौली सन्धी मान्दैनौं' भनेर वक्तव्य निकाल, नारा जुलस गर, हामी समक्ष पत्र पठाऊ, हामीले सुगौली सन्धी रद्द गरिदिन्छौं । हामीले तिमीहरूकों हितमा नेपाल र नेपालीको हीतमा भनेका हौं, यसलाई अन्यथा नठान । किनभने तिमीहरूले हामीलाई गरेको सहयोग हामीले भुलेका छैनौ यसै गुनको बदलामा हामीले तिमीहरूलाई यो मौका दिन खोजेका हौं ।'

तर राणाहरूले अंग्रेजको कुरा सुने मात्र मान्न तयार भएनन् । राणाहरू भन्दै थिए– हामीले त भोलि भारत सरकारसंग मिलेर बस्नुपर्छ हाम्रा नातागोता र सम्बन्धीहरू भारतमा छरिएर बसेका छन् यदि हामीले यसो गऱ्यौं भने भोलिको नेपाल-भारतबीच कटुता उत्पन्न हुने सबछ र देशले बिपत्ति भोग्नुपर्ने अबस्था आउछ ।

बैठक सकियो बिना निर्णय ।

फर्कंदा मैले मदन शमशेरसंग सामान्य सोचाइबाट कुरा राखें– बास्तबमा नेपाल सरकारले अंग्रेजको कुरा मानेको भए त हुन्थ्यो होला, नेपालको भविष्यको लागि त तिनीहरूको प्रस्ताव ठिकै थियो । किन नमानेका होलान् ?

मैले यो दृष्टिकोण हल्का रूपमा प्रस्तुत गरेको थिएं तर एककान, दुईकान कुरो माथिसम्म पुगेछ, यसलाई गलत ढगबाट व्याख्या गरिएछ । म त राणा विरोधी हुन पुगेछु, अर्थात् कांग्रेस भएँछु । यसरी म कांग्रेस बनाइँदै रहें, राणाहरूबाट ममाथि विश्वास घट्दै गयो, तर मलाई कप्तानबाट हटाइएन । त्यसमा कारण थियो– म खुल्ला रूपमा कांग्रेसमा लाग्न पाउँदिनथें । यदि कप्तान छंदाछंदै लागें भने मलाई राज्यविरुद्धको अपराध लाग्थ्यो र फांसी हुन्थ्यो । यसप्रकार म राणाहरूबाट घोकेट्याक लागाइएं । यो क्रम केही वर्षसम्म चल्यो ।

२००६ सालको कुरा हो, इटुंबहालमा राणा बिरोधी समूहले मलाई नेता बनाएर जुलुस निकाल्ने तरबरमा लागेका रहेछन् । जुलुस होस् भन्ने त म पनि चाहन्थें तर मैले नेतृत्व लिनुपर्ने भएकोमा म असमञ्जसमा थिएं । मलाई त्यहाँ ठूलो समस्या सिर्जना भयो । नेतृत्व गरौं भने मेलेटरीको कप्तान छंदाछंदै सरकार बिरोधी समुहमा लाग्दा ठाडै फांसीको सजायं हुन्थ्यो, नेतृत्व नलिउ भने म सर्वसाधारणहरूको आँखामा राणाहरूको सि.आइ.डि. ठहरिन्थें ।

मानें चौतारो चिन्यो । लोकगीतले नेपाल राष्ट्रलाई नै परिचय गरायो, नेपाली साहित्यलाई जीवन दियो । रामायणमा भानुभक्तले लोकलय दिए – 'लोकको गर्ह हित् भनी' । त्यसैले मैले पनि लोकगीतलाई देवता बनाई लोकेश्वरी देवीको मन्दिर स्थापना गरी उनैलाई पूजा गरेर अगाडि बढ्दै आएको हुं । त्यसरी लोकगीतले सिञ्चित भएको ठाउँ हो – बाटुलेचौर । हिमाल र तालले सजिएको प्रकृतिले बलेको ठाउँ हो – बाटुलेचौर ।

जब मेरी आमाले मलाई पाँचैवर्षमा टुहुरो पारेर जानुभयो, तबदेखि मलाई प्रकृतिको आत्मा देख्ने मौका मिल्यो । म गाई, बाख्रा चराउँदै कालीखोलाको किनार र तागाको भीर चढ्थें, (एकचोटी कालीखोलाले बगाएको र तागाको भीरबाट खसेको संस्मरण छ) । तिनै भीर-पाखाहरूमा गुनगुनाएका गीतका गुञ्जनहरू नै मलाई यहाँसम्म ल्याउने प्रेरणा थात हुन् ।

७५ वर्षीय धर्मराज थापा

०५६/५/११

हो सम्झेको छु – तपाईंले १० वर्ष अगाडि मेरो अन्तर्वार्ता पनि लिनु भएको थियो । शङ्कर कोइरालाको मृत्युपछि तपाईंले निकालेको 'शङ्कर कोइराला स्मृति अङ्क' पनि मैले हेरेको छु, ओझेल परेको साहित्यकारलाई अगाडि ल्याएर तपाईंले राम्रो काम गर्नुभयो ।

अहिले सक्कलीभन्दा नक्कली साहित्यकार बढी देखिने गरेका छन्, प्रज्ञाप्रतिष्ठानलाई मैले भनें पनि साहित्यकारको सम्मान गर, सम्मानजनक स्थान देऊ, पहिचान गरेर उनीहरूलाई प्रोत्साहित गर्ने गर, दुःख गरेर साहित्यमा योगदान पुऱ्याइ रहेका साहित्यिक पत्रकारलाई केही सहयोग गर तर कसैले सुनेनन् । प्रतिष्ठानको वार्षिकोत्सव पनि गर्न छाडे । इयकोटा र बालचन्द्र, सम र व्यथितमा चलेजस्तो विवाद अहिले पनि मदनमणि र ध्रुवचन्द्र बीच चल्यो ।

गरिमामय संस्थान नहुनु नै प्रज्ञाप्रतिष्ठानको विशेषता भयो, भैरहेको छ अद्यापि । अरूले जेसुकै गरुन् तर हामीले स्वाभिमानमा बाँच्नुपर्छ । अहिले कसैको ढोका ढुकेर

खुद्रा 'मलेर पुरस्कार थाप्ने प्रवृत्ति बढेको छ, मलाई एउटा निजीस्तरको प्रतिष्ठानबाट पुरस्कार दिने निधो भएछ, मलाई थाहै नदिइकन । मैले ठाडै अस्वीकार गरिदिएं, मलाई पहिले नै सोध्नुपर्छ र स्वीकृति लिनुपर्छ । म भीख माग्ने मानिस होइन दिएपछि लिई हाल्ने । त्यसैले म त भन्छु बरु खोले खाएर बस्नुपर्छ, स्वाभीमान गुमाउनु हुन्न ।

७५ वर्षीय श्यामदास वैष्णव

५६/४/३१

म त आफूलाई साहित्यकार भन्न पनि छाडिसके बाबु !

लेखेर लेखकको कुनै मूल्य र मान्यता नभएपछि साहित्यकार भनेर किन भनी रहने ? केही लेख्थें र लेखको छु तर तिनलाई मैले बिर्सें । त्यसैले तपाईंले पनि मलाई साहित्यकारको दर्जामा नराखि दिनोस् ।

म– देवकोटा, सम, सिद्धिचरण, भिक्षुकालीन लेखिका । यद्यपि मभन्दा उहाँहरू अग्रज हुनुहुन्थ्यो, उहाँहरूको स्थान मैले पाउन पर्छ भन्ने होइन तर मेरा नातिनी भन्न सुहाउनेहरूले पाएको स्थान मैले नपाउँदा त चित्त दुख्छ नै ।

मेरा १५ वटा कृति प्रकाशित भैसकेका छन् र करिब १० वटा कृति प्रकाशनको लागि तैयारी अवस्थामा छन् । जसमध्ये राधेश्याम बनेली (भारतीय) द्वारा लिखित रामायणको भावानुवाद पनि छ, जुन ७ हजार श्लोकको छ । मैंरै अध्यक्षतामा गठित – 'नेपाली साहित्य मन्दिर' र 'नेपाल नारी साहित्य सेवा केन्द्र' छन् । आफू डाइबिटिज र आँखाको रोगी भएकोले ती संस्थाहरूलाई सक्रीय बनाउन सकेकी छैनं ।

एउटी सम्झनु पर्ने लेखिका हुनुहुन्छ - माधुरी भट्टराई । मलाई नसम्झे पनि उहाँलाई नबिर्सनु होला ।

७४ वर्षीया गोमा

०५६/५/३

आफ्नो परम्परा र इतिहासको पृष्ठभूमिलाई नबिर्सेर आधुनिकतम विचार प्रयोग, प्रवृत्तिलाई समेत अगालेर नेपाली

अध्यक्ष केदारमान व्यथितले मलाई बोलाएर इटालियन कवि दांतेको 'डिभाइन कमेडी' नेपालीमा रुपान्तरण गर्ने जिम्मा दिनुभयो र चारहजार थम्याइ दिनुभयो। मैले चारवर्ष लगाए, अति मिहिनेत गरेर, अन्यानुप्रास मिलाएर, अनुष्टुप छन्दमा तीनखण्ड (पृथ्वी, अन्तरिक्ष र स्वर्ग) मध्ये ३२ सर्गको पहिलोखण्ड तयार गरेर ०३२ सालमा दिएं तर छाप्न बजेट छैन भनेर थन्क्याइयो। मैले 'मेरो मिहिनेत मलाई फिर्ता गरिदिनुस्। तपाईले दिएको चारहजार फिर्ता गरिदिन्छु र म आफै छपाउंछु' भन्दा पनि पाइनं। ०४० सालमा माधव घिमिरे कुलपति भएपछि मात्र छापियो। त्यस्तो प्रशंसनीय काम गरे बापत इटलीका एउटा संस्थाले मलाई पुरस्कार दिने घोषणा गऱ्यो। तर इटालीयन एम्बेसीले टिकटको पैसा दिन नसक्ने जानकारी गराएपछि मैले स्वयं पैसा खर्च गरेर श्रीमतीसहित जर्मन जानको लागि भिसा लिएं।

त्यहाँ गएपछि पो थाहा भयो – दांते कस्तो व्यक्ति रहेछ भन्ने कुरा ! हामीकहाँ के अध्ययन भएको छ र साहित्यको। के बुझेका छौ र हामीले दांतेलाई। एक शताब्दीमा एउटा सिद्धान्त प्रतिपादन हुँदोरहेछ दांतेको त्यहाँ। त्यस्ता सिद्धान्तहरू बिसौं रहेछन्, अब भन्नुस् – त्यो व्यक्ति कस्तो होला ?

त्यसपछि मैले गोर्खाको उत्तरी भागमा बस्ने लिम्बु जातिको जीवन चरित्रलाई लिएर एउटा आञ्चलिक उपन्यास लेखें – 'उज्यालो हुनु अघि'। डा. ईश्वर बरालले समालोचना गर्नु भयो– नेपालीमा पढ्न लायक कुनै दुइटा उपन्यास छन् भने ती हुन् – 'उज्यालो हुनु अघि' र 'घामका पाइलाहरू' । अनि त त्यो उपन्यास यति बिक्यो कि मैले पनि एकप्रति पाउन मुस्किल पऱ्यो। 'योजन गन्धा' को बारेमा त तपाईलाई थाहै होला – त्यसले मदन पुरस्कार पनि पायो। त्यो लेख्न मलाई रामायण, महाभारत, पुराण र मनुस्मृति जस्ता धेरै ग्रन्थहरूको अध्ययन गर्नुपऱ्यो।

७६ वर्षीय बिनोदप्रसाद धिताल

२०५६/५/१४

म त त्यति ठूलो साहित्यकार होइन, धेरै पढेको पनि छैन। मैले जीवनमा सुखभन्दा दुःख धेरै भोगेकाले तिनै अनुभवहरूलाई गीतमा प्रस्तुत गरेकी मात्र हुं। मैले दुःखका गीत र भजन मन पराउंछु। त्यस्ता गीत र भजनहरूले मुदु छुन्छन्, हृदय पग्लन्छ। कविताहरू पनि मलाई त्यस्तै मन पर्छ। कसैले पढेर सुनाई दिए पनि आनन्द लाग्छ। मेरा दुःखहरू जति नजिक छन्, सुखहरू त्यतिनै टाढा छन्।

.....

अहिले त धेरै भैसक्यो – मैले केही लेख्न सक्तिकी छैन, अब लेखुंला जस्तो पनि लाग्दैन। मलाई दम, मुदु र सुगर सबैले एकैचोटी च्यापेको छ। आंखा पनि कमजोर हुंदैछ, शरीर सुन्निएको छ। बेलाबेलामा मैले अक्सिजन लिनुपर्छ, औषधी टुटाउनु हुंदैन। केही दिन अघिमात्र म लण्डनबाट फर्केकी हुं। अहिले अलिकति आराम भएर पो एकछिन बसेर यति कुरा गर्न सकें तत्र .....।

७६ वर्षीया छिन्नलता

०५६/५/१०

लेखनाथ, देवकोटा र समजस्ता त्रिरत्नको साहित्यिक वातावरणमा हुर्केको मलाई त्यस्तो स्वर्णिमयुग फेरि आउला भन्ने सोचाइ आइरहन्छ। नवयुगीन साहित्यले कुनै पक्षलाई लिइ अगाडि बढेको होला, नहोला भन्न सकिन्न तर समष्टिमा हेर्दा आजको साहित्यले लिनुपर्ने गति लिन सकिरहेको छैन। अहिले त स्वच्छन्द रूपमा जस्तो मन लाग्यो त्यस्तै साहित्य लेख्न सकिन्छ। उदाहरणको लागि चक्रपाणीका छोरा रघुनन्दन चालिसेले राणा शासनले जन-मानसमा ल्याएको विकृतिलाई आभास दिने मात्रको एउटा लेख प्रकाशित गर्दा जेल-नेल भोग्नु पऱ्यो।

अनि अर्को कुरा अहिले साहित्यको संख्यात्मक सुधार अत्यन्त बढेर गए पनि गुणात्मक सुधार हुन सकेको छैन। मनलागी भाषाको प्रयोग गरिन्छ। भाषामा अङ्कुश लगाउने तर्फ कसैको ध्यान गएको छैन।

७५ वर्षीय विष्णुप्रसाद धिताल

०५६/६/९

लोकगीतले लोकसाहित्यमा वसन्त ल्याएं, अनेक किसिमका पक्षिहरू बास बस्ने वृक्ष र बटुवाहरूले थकान

आखिर मैले ज्यानको बाजी लगाएर राणा बिरोधी दल (कांग्रेस)को नेतृत्व गरें। तत्काल मलाई फाँसीको सजाय सुनाइयो। त्यस निर्णयको बिरोध गर्दै मेरा अन्य राणा परिवारका ६० जनाले राजीनामा पठाए। यसैगरी ती साठी परिवारका अन्य ११० जनाले पनि राजीनामा दिने तयारीमा लागे। यो मेरो लागि ठूलो हौसलाको विषय बन्यो। त्यसबेलाको स्थिति अहिलेको जस्तो संजिलो थिएन – एकातिर भएन भने अर्कोतिर। तर त्यसबेला दिएको जागिर (पद) ग्रहण गरेन भने घरमा खाने व्यवस्था हुँदैनथ्यो। यस्तो अवस्थामा पनि मैले नैतिक सहयोग पाएं।

०६ सालतिर राणा बिरोधी अभियान चर्किंदै थियो र त्यो अभियान दबाउनु थियो। मेरा चार जना काका थिए – मेरा बाबु जेठा बुद्ध शमशेर। साईला काका खेम शमशेर लाई कर्नेलबाट जर्नेल बनाएर कांग्रेस कुट्नको लागि धनकुटा पठाइयो। कान्छा काका विज्ञान शमशेरलाई कर्नेलमा विशेष सुविधा सहित इलाम पठाइयो। काईला काका जर्नेल सोम शमशेरलाई बीरगञ्ज, जेठो दाजु गगन शमशेरलाई गौर र माईला दाजु योधराज शमशेरलाई बिराटनगर पठाइयो। यसैगरी माईलो काका दमन शमशेरलाई कर्नेलबाट जर्नेल बनाएर दिल्लीको लागि राजदूत बनाएर पठाइयो। ताकि उनले राणा असल हुन् र अरू सबै बदमास हुन् भन्ने कुरा संसार भर फिजाउन सकून्।

तर मेरा यी सबै काकाहरूले आदेश पालन गरेर तोकिएको पद ग्रहण गरी तोकिएको ठाउंमा त पुगे तर भए गरेका गतिबिधिहरूको खबर सिंह दरबार पठाउन छाडे।

०७ सालको क्रान्ति पश्चात् राणा-कांग्रेस सरकार बनिसकेपछि पनि मोहन शमशेरले मलाई सरकारमा लिएनन्। म सरकार बाहिर थिएं, मेरो कुनै पेशा थिएन। म सोंच्दै थिएं– काठमाडौंका नेवारहरूसित मिलेर लत्ता व्यापार गरूं कि ?

त्यसबेला राणा र कांग्रेस बीचमा आन्तरिक हलचल चलेको थियो दुईपक्षका अनौपचारिक दुई आर्मी थिए। बीचबीचमा दुई पक्ष बीच संघर्ष चलिरहन्थ्यो। त्यसबेला त्रिभुवन सरकारले मलाई दुई आर्मीहरूको झगडा मिलाउन मन्त्रीस्तरको सुविधा (जुन बेला सरकारमा ५ जना मन्त्रीहरूले मात्र मोटर पाउंथे, म सहित ६ वटा) दिएर जङ्गी अड्डाको हाकिमको प्रमुखमा नियुक्त गर्नुभयो। मलाई सरकारी कोषबाट ७ लाखसम्म निकाल्ने अधिकार थियो। आजको भन्नुहुन्छ भने सात करोडभन्दा पनि बढी।

त्यसबेलाको आर्मीमा जर्नेलको छोरा स्वतः कप्तान हुने र ज्वाइं सुबेदार हुने चलन थियो। प्रजातन्त्र आएपछि पनि यस्तो स्थिति रहीरहन मलाई उपयुक्त लागेन। योग्यताले पद पाउनु पर्छ भन्ने मेरो बिचार थियो। मैले त्रिभुवन सरकारसंग एउटा प्रस्ताव राखें– अब आर्मिमा पनि डेमोक्रेटिक सिष्टम अपनाउनु पर्छ।

त्रिभुवन सरकारबाट पनि मेरो प्रस्ताव स्वीकार्य भयो तर यो प्रक्रिया मिलाउने क्रममा राजसत्तामा आंच नआओस् भन्ने आशय त्रिभुवन सरकारमा थियो र मैले पनि वचन दिएको थिएं।

त्यस प्रक्रिया अन्तर्गत १२ हजार आर्मीलाई हटाउनु पर्ने भयो। त्यसैमध्ये मलाई फाँसीको सजाय दिवासाथ राजिनामा दिने ६० जना पनि पर्दथे। उनीहरूलाई पनि अवकाश दिनुपर्ने भयो।

अब मलाई कति आपत् परे होला। कति चोट परे होला। कति कठोर निर्णय गर्नु परे होला। मेरो हृदय धर्धरी रोयो। मैले ह्दै उनीहरूलाई खोसें र साथै उनीहरूका छोरा, ज्वाइंहरूलाई पनि।

यो कठोर निर्णयपछि मलाई प्रमोशन दिने कुरा उठ्यो तर मैले मानिनं। यसबाट ती मेरा सहयोगी साथीहरूलाई पनि बिश्वास भयो कि यसले आफ्नो लागि यो काम गरेको रहेनछ, देश र जनताको लागि गरेको रहेछ।

आफै राणा भएर राणा बिरोधी अभियानमा लागेपनि मेरो बी.पी.संग सम्पर्क थिएन। मैले उनको बारेमा सुनेको थिएं र उनले पनि मेरो बारेमा सुनेका थिए। उनी जेलमा भएको कुरा र त्यहाँ भए गरेका क्रियाकलापहरूको बारेमा मलाई थाहा भैरहन्थ्यो। बी.पी. जिन्दाबाद, गणेशमान जिन्दाबादका नाराहरू मैले जेलभित्र र बाहिर पनि लगाएं। उपत्यकाका बिभिन्न जेलमा गरी छ वर्ष बिताएं। यतिबेटा

जेलमा बसें भन्ने त गन्ति नै छैन, चिडियाखानामा समेत लगेर राखे । बी.पी.सँग भेट भएको थिएन– त्यसबेला मात्र भेट भयो ।

त्यति गरेर ल्याएको प्रजातन्त्र फेरि एकचोटी मास्सियो । धरै जनताको सहादतबाट अहिले पुनः प्रजातन्त्र प्राप्ति भएको छ । तल्लो र शोषितवर्गको लागि प्रजातन्त्र र संविधान आएको छ । जनताहरू एकप्रकारको दासताबाट मुक्ति पाएका छन्, यसमा म अत्यन्त खुसी छु । अनि हिजो जेलनेल भोग्नेहरूको ब्याउरे अनुहार आज रातोपीरो भएकोमा खुशी छु । तर नेताहरूमा विवेक र इमान्दारीको अभाव भएकोमा दुःखी छु । तापनि त्यो कमी पूर्ति हुन ५-६ वटा चुनावको आवश्यकता पर्छ भन्ने मलाई लागेको छ, प्रजातन्त्रको यस्तो प्रोसेस हुन्छ, । म आशावादी छु र यसमानेमा सन्तुष्ट छु ।

अब म केही साहित्यका कुरा गर्दछु । मैले आफ्नै परिवारमा घटेका कुराहरू लेखेर चर्चामा आएँ र किताबहरू पनि निकै चर्चामा आए । मेरा किताबहरू ५-६ भाषामा उल्था भएका छन् र विदेशका युनिभर्सिटीहरूको कोर्समा पनि राखिएका छन् तर आफ्नै देशको युनिभर्सिटीमा राखिएको छैन । अनि मेरा कृतिहरूको मूल्याङ्कन पनि जे-जति भएको छ जनस्तरबाट भएको छ, त्यसैले मैले पुरस्कार र सम्मान पनि जनस्तरबाटै पाएको छु सरकारी स्तरबाट पाएको छैन ।

अहिले साहित्यलाई अनुत्पादक भन्ने गरिन्छ तर म भन्छु– साहित्यलाई अगाडि नबढाइकन मुलुक अगाडि बढ्दैन । साहित्यको संरक्षण, प्रवर्द्धन र विकास हुने हो भने अहिले देखापरेको माओवादी समस्या, भुटानी समस्या र कालापानी समस्या कुनै पनि रहँदैन । अंग्रेजी साहित्यमा कीटस, सेली, बर्डस्वर्थ, सेक्सपियर आदि साहित्यकार छंदा अंग्रेज सरकारको कति ठूलो प्रभाव बढेको थियो । कति विस्तार भएको थियो ! उनीहरूको त्यो समृद्धशाली युग सकिएपछि अंग्रेजहरूको त्यो जल्दो-बल्दो युग पनि सिद्धियो । त्यसैले यो आदर्श होइन सत्य हो । अहिले म बूढो भएँ, सुगर र ब्लडप्रेसरले मलाई पीडा दिइरहन्छ । पहिले जस्तो खटेर म लेख्न सक्तिन तर मलाई साहित्यप्रति माया छ र 'दायित्व' ले साहित्य र जेष्ठ साहित्यकार प्रति गर्न लागेको यो प्रयास फलदायी होओस् भन्ने चाहन्छु ।

विजया दशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्गमा
सुख, शान्ति, समृद्धि, एवं दीर्घायुको
लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

शिव शक्ति ढुवानी सेवा
प्रधान कार्यालय: **महेन्द्रनगर,** कञ्चनपुर
शाखा कार्यालय: **गणबहाल,** काठमाडौं

विजया दशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा
'हाम्रा समस्त नेपालीमा
सुख, शान्ति, समृद्धि, एवं उत्तरोत्तर
प्रगतिको लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

मेयर
नेपालगञ्ज नगरपालिका
परिवार
बांके

काइष्ट वा मोहम्मदलाई स्वीकार गर्नै पर्दछ ।

साम्राज्यवादका दुईवटा खुट्टा हुन्छन् – धर्म र सैनिक उनीहरूले पहिलो धर्मको प्रचार गर्छन् र पछि सैनिक अड्डा निर्माण गर्छन् । पहिले जस्तो अब उनीहरू पैसा दिएर धर्म परिवर्तन गराउन छाडिसके ।

तनहूँको एउटा ताम्राङको समाचार पढ्नु भयो -
.....
उसलाई ..... नदीको किनारमा चीता बनाएर त्यसमाथि सुताइयो र तलबाट आगो लगाइयो । पोल्दैन भनिएनि उसलाई आगोले पोल्यो र उठ्यो । उसले जवाफ पायो अब तिम्रो धर्म अनुसार तिमी चिता माथि जली सक्यौ, तिम्रो धर्म गयो । अब पक्का क्रिश्चियन बन्यो ।

आज महिला विश्व विद्यालयको कुरा उठिरहेको छ प्रधानमन्त्रीले नै महिला विश्व विद्यालयको आवश्यकता माथि जोड दिने र महिला राज्यमन्त्रीले सो सम्बन्धी कार्य पत्र नै पेश गरेपछि आजको महिला पुरुष समानताको नाराको के अर्थ रह्यो ! आज महिला विश्व विद्यालयको के औचित्य छ भन्नुसत ?

विहान बोलेको कुरा बेलुका आफै काट्ने अदूर दर्शी नेता भएपछि कसरी देश उभोलाग्छ ?

मैले तपाईलाई यी सबैकुरा गर्नुको अर्थ के हो भनें यस्ता कुराहरूको खण्डन गर्न, तार्किक विरोध गर्न, वा विचार पेश गर्न विचार प्रधान पत्रिकाको आवश्यकता पर्दछ ।

मैले विगत ४२ वर्ष (००९) साल देखि लेख्दै आएको छु । समीक्षा मार्फत मैले धेरै लेख लेखें । अहिले त्यो बन्द भएकोले मैले ठाउँ खोज्नु परेको छ । कुनै त्यस्तो विचार प्रधान पत्रिका भयो भने सजिलो हुन्छ । किताबै निकाल्नु ठूलो कुरा होइन, हामीलाई सख्यात्मक होइन गुणात्मक कृतिको आवश्यकता छ । तपाईले दायित्व निकाल्नु भएकोछ, धेरै लेखकहरूलाई भावनात्मक विचार पेश गर्ने मौका दिनुभएको छ । किताब छाप्नु भन्दा यसरी निरन्तर पत्रिका निकाल्नु भनेकोहुलो उत्साह र समर्थ सारको द्योतक हो ।

७७ वर्षीय मदनमणि दीक्षित
०५६/५/२१

तपाई मैले खोजेकै मानिस आइपुग्नु भो । तपाईले बुढ़ साहित्यकारहरूको सम्भना गरे जस्तै हामीहरूले पनि बुढ़ नागरिकहरूकेपक्षमा आवाज उठाउन एउटा 'जेष्ठ नागरिक समाज तदर्थ समिति' गठन गरेका छौं । जसको सचिव म हुँ । यसको वृहद भेला पनि हुँदैछ । यसले नियम कानुनको अभावमा अन्यायमा परेका बृद्ध नागरिकहरूको वकालत गर्नेछ । बृद्ध नागरिकहरू सरक्षण गर्ने यहाँ कानुन छैन । 'बृद्ध नागरिक के हुन् ?' भन्ने किताबमा मैले सबै कुरा लेखेको छु ।

.....

हेर्नुस् न,

१. बाबु आमा लाई छोराले जति दुःख दिएपनि उसले स्वीकार नगरेसम्म तेरो भाग लिएर जा भन्ने नपाइने ।
२. जस्तो सुकै कपूत भएपनि मैले पाल्दिन/पाल्न सक्दिन भन्न नपाइने, तर छोराले भनें मैले बूढाबूढीलाई पाल्न सकिदन भन्यो भने पाल्ने पर्छ भनेर कर गर्न नपाइने ।
३. एउटा छोरो असल र अर्को खराब छ भने बाबु आमाको हेर बिचार गर्ने, औषधी मूलो गर्ने छोरालाई, खराब छोरा अलग नभएसम्म यसले हाम्रो सेवा गरेकोछ, दुख पाएको छ भनेर असल छोरालाई बढि सम्पति दिन नपाइने ।
४. पैत्रिक सम्पत्ति र स्व अर्जित सम्पति छुट्याउने कुनै त्यस्तो वैज्ञानिक मापदण्ड नभएकोले सन्तानले अपठ्यारो गरेमा निकाल्न नपाइने ।

यो बुढाबुढि माथको अन्याय भएन त ?

७७ वर्षीय हरि श्रेष्ठ
०५६/५/७

म छात्र जीवनदेखि नै साहित्यमा लागेको हुँ । बालकृष्ण समले मलाई १ कक्षामा पढाउनु भएको थियो । उहाँबाट मलाई पनि साहित्यमा लाग्ने प्रेरणा मिल्यो । प्रशासनिक क्षेत्रमा प्रवेश गरेपछि पनि मैले लेख्न छाडिनँ । मैले लेखें रामो प्रभाव पार्नगरी लेखें । २०२३ सालमा सरकारी सेवाबाट अवकाश लिएपछि त झन् स्वतन्त्र रूपमा साहित्य सिर्जना गर्ने मौका पाएँ । प्रज्ञा प्रतिष्ठानका तत्कालीन

अवनति हुन्छ । उदाहरणको लागि – टाल्सटायको पालामा रसियन साहित्य कति अगाडि बढेको थियो । बादको पछि लाग्दा कालान्तरमा बिग्रेर गयो । सेल्तसेन, पास्तरनाक जस्ता लेखकहरू रसियामा अटाउन सकेनन् तर त्यस्तो प्रभाव बेलायत, फ्रान्समा परेन ।

नेपालको स्थिति त्यस्तो नभएपनि 'ब्रेन ड्रेन' को प्रभाव अत्यधिक छ । बुद्धिजीवीहरू यहाँ बस्न चाहँदैनन्, यूरोप अमेरिकातिर लागि हाल्छन् । हामीकहाँ अँग्रेजीको प्रभाव चर्कोरूपमा परिरहेको छ । कतिपय नेपालीको घरमा नेपाली बोलिदैन । यस्तो भएपछि भोलि नेपाली भाषाको के दुर्दशा होला ? मेरै हेर्नुस्, भाइकै हेर्नुस् आधा जहान अमेरिकामा छन् ।

.....

अहिलेसम्म त त्यति निराशाजनक देखिएको छैन, युग बदलिए जस्तै साहित्यमा पनि नयाँपन आएको छ, नयाँनयाँ प्रयोग भएको छ । तर हामी पछि र तपाईहरूभन्दा अघि (बीच)को पुस्ता त्यति सशक्त देखिएन ।

एउटा एकेडेमीले के गरोस् ! प्राज्ञ भनेका जागिरे न हुन् । थोरै बजेट र नीति-नियम भित्र बसेर काम गर्नुपर्छ । २/४ वटा किताब निकालेर विदेशी साहित्यकारको स्वागत गर्ने वाहेक, साहित्योत्थानका लागि ठोस क्रियाकलाप गर्न सकेको छैन ।

७७ वर्षीय गोविन्दबहादुर गोठाले

०५६/६/१०

मेरो दिमाग अहिले पनि पहिले जस्तै चल्छ, तर हात झै पहिले जस्तो चल्दैन, तैपनि लेख्न छाडेकोछैन । जो माग्न आउँछ उसलाई दिन्छु तर छापी देउ भन्ने मेरो बानी छैन । त्यसैले पनि म अलिपछि परेको छु । अनुरोध गर्ने लाई भने स्वास्थले म्याएसम्म इन्कार गर्दिन । ७६ पुगिसके, साहित्य लेख्न थालेकै ६६ वर्ष भैसक्यो, अब पनि कसैसँग अनुरोध गर्न जाउँ ! मेरो नैतिकताले मान्दैन । मसँग अहिले सस्मरण र एकांकी गरेर करिब ७-८ वटा कृतिका सामग्रीहरू छन् । मैले छोरालाई अन्तिम समयमा भन्नेछु - तैले छाप्न सबने भए छापिदिनु अन्यथा मेरो चितामाथि राखीदिनु ।

.....

साहित्यमा मात्र होइन नेपालको कुनै पनि क्षेत्रमा मौलिकता भन्ने रहेन । सिनेमाकै कुरा गरौं – कतिछन् नेपाली सिनेमा मौलिकता झल्कने खालका ? प्रेमपिण्डलाई ऐतिहासिक भनिन्छ तर म भन्न तयार छैन त्यसैमरी मानुभक्त पनि एउटा घर भित्रको वर्णन र एक व्यक्तिको चरित्र चित्रणलाई ऐतिहासिक भन्न मिल्दैन । त्यसैमरी भाषिक विकासको कुरालाई सांस्कृतिक क्रान्ति भन्न मिल्छ ऐतिहासिक भन्न मिल्दैन ।

कतिछन् साहित्यकारहरू विशुद्ध अभिव्यक्ति दिने खालका ? साहित्यकारहरू राजनीति परस्त भएर नै नेपाली साहित्य पछाडी पऱ्यो । सगठन हुनुहुन्न भन्ने होइन, हुनुपर्छ तर नेता बनेर संगठनकै कांधमा चढ्ने होइन, संगठनलाई माथि उठाउनु पर्छ ।

देशको विद्वद् वर्गीय संस्था - प्रतिष्ठान । त्यहाँ पनि कुकुरले एउटा हाडमा झगडा गरेझैं झगडा चल्छ । एकेडेमीका चार ढोका छन्, कताबाट पस्ने हो मलाई थाहा छैन र भित्र के हुन्छ त्यो पनि थाहा छैन ।

७७ वर्षीय फणिन्द्रराज खेताला

०५६/५/१०

अहिले खाँचो छ विचार प्रधान पत्रिकाको । केही समय अघि 'देशान्तर' मा बृटिष पार्लियामेण्टका मेम्बर लर्ड आल्टनले राजालाई लेखेको पत्र छापियो - 'नेपालका इसाइहरू अपठयारो स्थितिमा छन्, धर्म मान्न र विचार पेश गर्नबाट वन्चित छन्, तिनीहरूलाई पनि धर्म मान्न र विचार पेश गर्न छुट दिइनु पऱ्यो' आदि आदि ।

यस बारे मैले हिंजोको देशान्तरमा आफ्नो विचार लेखें । हिन्दूधर्म भनेको कुनै बन्धन होइन, जीवन पद्धति हो । हिन्दूधर्म यति उदार छ कि देवता मान्ने पनि हिन्दू हो र अनिश्वरवादी वा भौतिकवादी पनि हिन्दू हो । गीताको बाह्रौं अध्यायको तेह्रौं श्लोकले यस कुरालाई पुष्टि गर्दछ ।

तर इसाई वा मुश्लिम धर्मले यो कुरा स्वीकार गर्दैन । धर्म मान्ने सपथनै खानु पर्दछ दीक्षा लिनु पर्दछ ।

तपस्या गर्ने रहर

❑ माधव घिमिरे

तिनताका म १३/१४ वर्षको थिएं । मेरो घर बाहुन डाँडादेखि दशकोश तल दुराडाँडामा ज्योतिष पढ्दै थिएं । घरदेखि दूरमा बस्दाको बिरह त मनमा थियो तर बैराग्य थिएन । तैपनि फलित ज्योतिषको 'चमत्कार चिन्तामणि' नामक पुस्तक पढ्दा-पढ्दै एक चमत्कार कसरी सुऱ्यो कुन्नि, मभन्दा एकमहिना कान्छा सहपाठी टीकारामलाई भनें – भाइ ! यो पढाइसढाइ छोडेर तपस्या गर्न जाने हो ? तपस्या गर्न त जाने हो तर कहाँ जाने !

त्यो बिचिव तपस्थलीको चित्र पनि बिचित्रै थियो – दुराडाँडामाथि घनपोखरा, घनपोखरामाथि अग्लो लेक, अग्लो लेकको माझमा सग्लो दूधपोखरी (जहाँ तीरको रुखका पात झर्नासाथ भोटेकागले टिप्नेर फालिदिन्छ), त्यो पोखरीको माझमा एकान्त शान्त धुम्को, त्यस धुम्काको माझमा कुंबरजोगी दिव्य बाह्रबर्षदेखि तपस्या गरेर बस्छन् रे ! हामी पनि त्यही गएर तपस्या गर्ने रहरमा हिंडयौं । घरबार छोडेर तपस्वी बन्न जाने कुरा त हाम्रो मात्र मनभित्र थियो । तैपनि क्रसैले थाहा पाउँछन् र हामीलाई फर्काउँछन् कि । भन्ने डर थियो, हामी हतारहतार हिंड्न लाग्यौं । हिंड्दा/हिंड्दा थकाइ पनि लाग्यो, भोक पनि लाग्यो । हामीसँग खानेकुरा थिएन, घरबार छोडेर तपस्या गर्नेले सामल-तुमल र ओड्ने ओछ्याउने लिएर हिंड्ने कुरै पनि थिएन । हामी पुरानोकोट गाउँको किनारको पँधेराको धारामा पानी खाएर त्यही धारामाथिको रुखको फेदमा लखतरान भएर बस्यौं । घाम पनि डाँडामाथि बलेर डुब्न लागेका थिए, सुनौला कान्तिमा हिमाल र पर्वत डुबिरहेका थिए । बनप्रान्तरबाट घास बोकेर गोठाला-गोठाली फर्कंदै थिए । धाराबाट पानी भरेर पँधेनीहरू पनि गाउँतिर फर्कंदै थिए र हाम्रो मन पनि दूधपोखरीको धुम्कोबाट फर्कंदै थियो । हामी केहीबेर त्यही टोलायौं र साँझ परेपछि वास माग्न गाउँतिर पस्यौं ।

बिगतको यो तपस्या गर्ने रहरलाई यहिंनेर बिश्राम लगाएर थप केही प्रसङ्ग अगाडि सारौं: म शुरुदेखि नै साहित्यतर्फ आकर्षित भएँ र तत्सम्बन्धी साहित्यिक संस्थाहरूमा रहेर काम गरें– प्रज्ञा प्रतिष्ठानको सदस्य (२०१४–०३८), आजीवन सदस्य (२०२८ देखि), उपकुलपति (२०३७–०४५), कुलपति (२०४६–०४७) ।

मेरा हालसम्मका प्रकाशित कृतिमा 'घाम पानी', 'बाल लहरी', 'सुनपेली चरी' (बाल साहित्य), 'गौरी', 'पापिनी आमा', 'राजेश्वरी', 'राष्ट्र निर्माता', 'धरती माता' र 'इन्द्रकुमारी' (खण्डकाव्य), 'शकुन्तला', 'मालती मङ्ले', 'विषकन्या', 'हिमालपारि हिमालवारि', 'देउकी', 'अश्वत्थामा' (गीति नाटक), 'किन्नर किन्नरी' (गीतिसङ्ग्रह), 'आफ्नै गीत आफ्नै बाँसुरी' (निबन्धसङ्ग्रह) छन् ।

अहिले काव्य लेख्दै छु, त्यसले के रूप लिन्छ अहिले भन्न सकिन्न । आफूसँग सम्बन्धित साहित्यिक समारोहमा बारम्बार भाग लिन जाने गर्छु । आफ्नो समाज भन्नु त्यही नै हो र त्यसबाट म टाढा हुन चाहन्न । अहिले म ८१ वर्षको लागें । लेखनको अतिरिक्त साहित्य र दर्शनको अध्ययन गर्छु । खाली बस्ने बानी छैन, या त कविता लेख्छु अथवा अन्य केही न केही गरी रहन्छु । अब धेरै समय छैन, भगवान्ले जति समय दिन्छ, त्यसका प्रत्येक पल सिर्जनामा लगाउने प्रयत्नमा छु– यही भगवान्को पूजा र प्रार्थना हो मेरो । यसरी तपाई जस्तै अन्तर्वार्ता लिन आउने क्रम चली नै रहेको पनि छ । आफ्ना अप्रकाशित कविता र लेखको सङ्कलन र सुधार गर्ने काम पनि गर्छु । यसै सिलसिलामा हाल आफ्नो साहित्य, कला, संस्कृति सम्बन्धी चिन्तनपरक लेखहरूको सङ्कलन तयार भइसकेको छ । त्यसको नाम 'चारू चर्चा' राखेको छु । जस अन्तर्गत अन्दाजी दुईसय पृष्ठको सामग्री छ । त्यो कहाँबाट कसरी छाप्ने हो त्यसै प्रयत्नमा अहिले लागेको छु ।

- - -

बिर्सन नसकिएका ती क्षणहरू

❑ कृष्णबहादुर मिश्र

मेरा पिताजी नेपालकै एक विशिष्ट कविराज भएको कारण म पनि उहाँकै अनुयायीको रूपमा आयुर्वेद अध्ययनमा लागें ।

मेरा पिताजी शमशेरबहादुर मिश्र वैद्यशिरोमणिको उपाधीले बिभूषित हुनुहुन्थ्यो र राजदरबारदेखि राणा परिवारसम्म प्रतिष्ठित व्यक्तित्वको रूपमा सुपरिचित हुनुहुन्थ्यो ।

मेरो प्रारम्भिक शिक्षा पिताजीबाटै घरमा भएपनि पछि म उच्च शिक्षा अध्ययनार्थ भारततिर लागें । पटनामा पाँचवर्ष आयुर्वेदसम्बन्धी शिक्षा आर्जन गरेर सन् १९९४ पछि म कलकत्ता गएँ र त्यहाँबाट दुईवर्ष भित्रमा (वि.सं. २००२) प्रथम श्रेणीमा अन्तिम आयुर्वेद डिग्री (आयुर्वेदाचार्य) हासिल गरें । त्यसपछि मैले आयुर्वेदीय औषधी उपचार सेवामा संलग्न भई दार्जिलिङमा बसें । त्यहाँ बस्दा मेरो खासगरी नेपाली काँग्रेसका विशिष्ट नेताहरूको सम्पर्क पनि बढ्दै गयो । दार्जिलिङको एउटा कार्यक्रममा विश्वेश्वरप्रसाद कोइराला, सुवर्ण शमशेर र सुन्दरराज चालिसेजस्ता नेताहरूसँग परिचय भयो । उहाँहरूसँगको बसाउठी र नम्र व्यवहारले म उहाँहरूप्रति निकै आकर्षित भएँ । उहाँहरूले पनि मलाई सहयोग सद्भाव र मायाको दृष्टिले हेर्न थाल्नु भयो । यसरी म नेपाली काँग्रेसको सभा समारोहहरूमा पनि भाग लिई नेपाली काँग्रेसप्रति आस्थावान बनें ।

फलस्वरूप सुवर्ण शमशेरले पार्टी कार्यालयको लागि सुम्पेको कलकत्ताको घरमा कार्यक्रम हुँदा कैयौंपटक र बीरगञ्ज (हिरण्य शमशेरको घर) मा अधिवेशन हुँदा पनि मैले भाग लिएँ ।

दार्जिलिङमा बसेक्रममा मेरो शिवकुमार राई र ईश्वर बरालसँग पनि सङ्गत बढ्दै गयो र साहित्य लेखनतर्फ पनि आकर्षित हुँदै गएँ ।

त्यहाँ लेखिएका मेरा कैयौं कविताहरू 'शारदा' र 'भारती'मा छापिए । मेरो प्रकाशित कृति 'झन्झाको भुमरी' हेर्दा थाहा हुन्छ कि मैले १९९८ सालमा नै कविता लेखेर शारदामा छापिसकेको रहेछु । यसरी हेर्दा मैले लेख्न शुरू गरेकै तीनबीस पुग्न थालेछ ।

००७ सालपछिको प्रजातन्त्र प्राप्तिपछि म पनि नेपालमै बसेर सामाजिक एवं स्वाध्यसेवामा लगें । नेपालका विभिन्न जिल्लाहरूमा बसेर आयुर्वेदिक स्वास्थ सेवा उपलब्ध गराउँदै २०१२ सालतिर लमजुङ पुगें र त्यहाँ म धेरै समयसम्म बसें । त्यसैबेला बीरगञ्जमा काँग्रेसको महाधिवेशन भयो । शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय योगदान गरेबापत त्यहाँ मलाई लमजुङ जिल्लाबाट प्रतिनिधि गराइएको थियो । अध्यक्षका लागि सुवर्ण शमशेर र गणेशमान सिंह उम्मेदवार हुनु भएपनि अध्यक्षमा सुवर्ण शमशेर विजयी हुनुभयो ।

अधिवेशनको समाप्ति पछि मैले वी.पी, सुवर्णजी लगायत अरू केही नेताहरूलाई लमजुङ आउन आग्रह गरें । केही समयपछि आर्मनिर्वाचन हुने घोषणा पनि भयो । त्यसबेला लमजुङ र मनाङ दुई जिल्लामा बिभाजन भएको थिएन । सीट संख्या दुईवटा थियो । पार्टी संगठन सुदृढ गराउन र आमचुनावको लागि टिकटको उपयुक्त उम्मेदवार तोक्न बी.पी र सुवर्णजी लमजुङ आनुभयो । उहाँहरूको धुमधाम स्वागत भयो, बिशाल आमसभाको आयोजना गरियो । खुकुरीदलबाट केही विघ्न गर्ने प्रयास भए पनि त्यो सफल भएन । दुवै विशिष्ट नेताहरू श्रीकान्तजीको घरमा बस्नु भएको थियो । त्यसबेला बिश्वबन्धु थापा र तुलसी गिरी पनि त्यहाँ पुगेका थिए तर पार्टीलाई सघाउन नभई गुप्तचरको रूपमा । उनीहरूको क्रियाकलापप्रति बी.पी. सजग हुनुहुन्थ्यो । त्यसैले पार्टीलाई सघाउन भन्दा बिगार्न कुटनीति चाल्ने नेताहरूदेखि सतर्क हुन र पार्टीप्रति समर्पित हुन अन्य

पत्रिकालाई म आफ्नो मौलिक अभिव्यक्ति दिन चाहन्छु । पखेनुस् ढिलो होस्, राम्रो होस् ।

८० वर्षीय माधव घिमिरे

०५६/५/६

म त बृद्धोत्तर भैसकें, ८० वर्ष नाघेपछि बृद्धोत्तर भइएन र ? त्यसै भएर बाहिरफेर निस्कन पनि सकिन्न । अब त साहित्यकारहरूले मलाई साहित्यकार भनेर सम्झन पनि छाडे । फुर्सद भएमा साहित्यिक पत्र-पत्रिका हेर्छु, साहित्यिक गतिबिधिका समाचार सुन्छु । पहिलेभन्दा नेपाली साहित्य धेरै परिस्कृत हुँदै आएको छ । राम्रो बिकास भएको मैले अनुभव गरेको छु ।

आजभन्दा साठीवर्ष अघिबाट नै मैले लेख्न थालेको हुँ । बि.सं. १९९८ सालमामा छापिएको 'कान्तासित' नामक कविता मिति सहित 'झन्झाको भुमरी' नामक यस कविता सङ्कलमा छापिएको छ, ल हेर्नुस् यसपछि पाँचवटा किताब तयार छन्, नाम पनि दिइसकेको छु – कविताञ्जली, मधुकण, काव्य वाटिका, गद्यान्जली र अनल ।

यी कपिहरूमा लेखी छाडेका कविता/काव्यहरू कसरी छाप्ने ? तपाईं पनि सल्लाह दिनुस् । ल हेर्नुस् त बिभिन्न प्रसङ्गमा लेखिएका कस्ता दार्शनिक र आध्यात्मिक टाइपका कविता छन् ..... ?

मैले जीवनमा अरू पनि धेरै काम गरें – नरदेवी बिद्यालयको प्रमुख, आयुर्वेदीय विभागको प्रमुख, सिंह दरबार बैद्यखानाको प्रमुख समेत भएँ । विभिन्न दुर्गम स्थानहरूमा पुगेर समाजसेवा, शिक्षासेवा गरें । फलस्वरूप लमजुङबाट शिक्षासेवीको सम्मान पनि मलाई मिल्यो ।

८० वर्षीय कविराज कृष्णबहादुर मिश्र

२०५६/५/२६

सुनियोजित तरिकाले संगठन भएर साधनामा लागेको भए आजको जनसाहित्य अरू अगाडि बढ्ने थियो । जन साहित्य भन्दा मैले लोक साहित्यलाई लिएको हुँ । नेपालको लोक साहित्य र संस्कृतिनै नेपाली साहित्यको मुटु हो । जबसम्म लोक साहित्यको खोजी गरिदैन तबसम्म सजीव साहित्य जन्मन सक्तैन । जहाँ लोक जनजीवनको साहित्य छैन त्यहाँ सधैं साहित्य लेखेर पनि के हुन्छ ?

२०२७ सालमा प्रज्ञाप्रतिष्ठानमा बालकृष्ण सम कुलपति छँदा सह सदस्य थिएँ । त्यसबेला मेरो संयोजकत्वमा कर्णाली अञ्चलको लोक संस्कृतिको अध्ययन भएको थियो । अध्ययनमा म (इतिहास) प्रदीप रिमाल (लोक साहित्य) चुडामणी बन्धु (भाषा) बिकारी कृष्ण ठोष्ठ (जनजीवन) स्थिर जंगबहादुर सिंह (भौगोलिक) गरी पाँच विषयका लागि खटिएर 'कर्णाली लोक संस्कृति' का पाँच खण्ड तयार गरेका थियौं ।

यस कामलाई जारी राख्नु पर्थ्यो र चौधै अञ्चलमा गएर नेपाली लोक संस्कृतिको खोजीनिति गरिनु पर्थ्यो तर प्रज्ञाप्रतिष्ठान यसतर्फ आँखा चिम्लेर बसेको छ ।

वास्तविक नेपाल र वास्तविक साहित्य बुझ्न त उपत्यका बाहिर गर्नुपर्दछ । म प्रज्ञाप्रतिष्ठानमा छँदाको अन्तिम वर्ष ०३५ सालमा चीन गएर 'कलाकार अरनिको' किताब लेखें । एउटा नेपाली कलाकार खोज्न चीन जान सकिन्छ भने उपत्यका बाहिर जान किन नसक्ने ?

७९ वर्षीय सत्यमोहन जोशी

०५६/६/१०

फुर्सद त मलाई छ तर स्वास्थले बेलावखत धोका दिन्छ । फुर्सद र स्वास्थ ठिक भएर मात्र मलाई पुग्दैन, त्यस्तो वातावरण पनि हुनुपर्छ कि लेख्न बस्नासाथ फुरुरु फुरि हालोस् । लेख्न त मलाई समय आउनु पर्छ, समय आएन भनें जति कसरत गरेपनि लेख्न सक्तिन । तपाईंले बिश्वास गर्नु हुन्न होला – २०१६ सालमा लेख्छु भनेर थालेको कुरा अस्ति मात्र लेखेर सकें । तपाईंले भनेको कुरा लेख्न पनि मैले समयको प्रतिक्षा गर्नुपर्छ ।

७८ वर्षीय जनकलाल शर्मा

०५६/५/६

साहित्यकारहरू बादको पछि लाग्नु हुँदैन । बादलाई पचाएर आफूमा आत्मसात गर्नुपर्दछ । अन्यथा साहित्यको

समयपछि एउटा लेख गोरखापत्रलाई दिएको अपवाद बाहेक अन्यत्र कतै दिएको छैन । अब म यस्तो फारम भर्ने र तमसुक लेख्ने काम गर्दिनं, एकैचोटी राजीनामा लेख्छु । मलाई त यस्तो चिठी देख्दै रिस उठ्छ, कहिले त भेट्न आउनेदेखि पनि रिस उठ्छ । एकजनालाई मैले अस्ति भनिदिएं – 'किन आएको तँ चन्दा माग्न ? रसिद ल्याएको छस् ?' उ पक्क परेर हेरिरह्यो ।

अब कसैसंग लिनु/दिनु छैन । लेखे बापत तिमीले केही दिन्छौ भन्ने आश पनि मलाई छैन । तिमी आइहाल्यौ र मात्र, फोन गरेर आएको भए राम भण्डारबाट मिठाई मगाएर मुख मिठ्याएर पठाइदिने थिएं ।

तिमी मात्र होइन यहाँ तिमीजस्ता अरू पनि आउंछन् र यसै भन्छन् । उनीहरूलाई पनि मैले यसै भन्ने गर्छु । अब हामीले लेख्ने होइन – तिमीहरूले हाम्रो बारेमा लेख्ने हो । तिमीले म जस्ता वृद्धप्रति आस्था र श्रद्धा देखाएर आएका हौ भने – लेख, मेरो बारेमा यिनीहरूले जस्तै । लैजाउ सबैको फोटोकपी छ मसंग– यसको.. यसको..यसको.. ।

अब बूढो पनि भइयो, बिर्सन थालियो । बिहानको कुरा बेलुका बिर्सिइन्छ तर (रानो कुरा बिर्सिईदैन । सानो कुरामा रिस उठ्छ ।

तिमीले ७० वर्ष पुगेकालाई वृद्ध भनेका छौ । अन्तर्राष्ट्रिय क्षेत्रमा वृद्धको व्याख्या बेग्लै छ, राष्ट्रले बेग्लै लिएको छ । कति उमेरलाई वृद्ध मान्ने ? वृद्ध वर्षले वृद्धको लागि के के गर्ने ? वृद्धभत्ता कम्तिमा एकहजार गर्ने कि नगर्ने ? वृद्ध वर्षको अर्थ के हो ? यी सबै प्रश्न एकातिर छन् भने अर्कोतिर वृद्ध साहित्यकारको कुरा छ । नाङ्ला पसल थापेर चुरोट बेच्नेजस्ता प्राज्ञ बनेपछि साहित्यकै लागि उत्सर्ग गर्ने साहित्यकार र साहित्यको स्थिति कस्तो होला ?

८२ वर्षीय वासुदेव लुइटेल

०५६/५/१०

तपाई पत्रिकाको सम्पादक मात्र त होइन होला ! के काम गर्नुहुन्छ ?

.....

घुस कत्तिको खान पाइन्छ ?

.....

घुस नखाइकन कसरी चलाउनु भएको छ त घर परिवार !

.....

त्यति पैसाले पनि घर परिवार चल्छ ? म त पत्याउदिनं – तपाईले घुस खानु भएको छैन भनेर । श्री ५ को सरकारको कर्मचारीले घुस खाएको छैन भनेर कसरी पत्याउने ! धेरै खान पाउनु भएको छैन होला ! केही त खानु भएको छ !

.....

तलब बढाउन आवाज उठाउनु भएन त ?

.....

त्यस्तो अनसन-सनसनले हुंदैन, ठूलै दबाब दिनुपर्छ र तलब बढाउन बाध्य बनाउनु पर्छ ।

.....

पुग्छ, किन पुग्दैन ००७ साल पछिको सरकारले ४ रुपैयाँबाट ३२/- पुऱ्यायो, आठगुना । पुग्यो त त्यति बढाउंदा पनि ।

.....

ठिक छ, तपाईले लेख्दै जानुस, म बोल्दै जान्छु तर आज होइन । फोन सम्पर्क गरेर अरू कुनै दिन आउनुस किनभने म लेख्न सक्दिन, हात काम्छ, एउटा किताब लेखाएरै सकाउन लागेको छु ।

८० वर्षीय डायमन शमशेर

०५६/४/३०

मैले अलिकति हेलचेक्र्याइं गरेर रोग आफै बढाएं । आंप र कागतीपानी खूब खाएं, डाइबिटिज बढ्यो । एकातिर पोष्टेड ग्लाण्डको समस्या छ अर्कोतिर डाइभिटिज । डाइभिटिज बढेर पोष्टेड ग्लाण्डको अपरेशन गर्न पाएको छैन । गर्नुपर्छ भनेको छ डाक्टरले । त्यसकारण तपाईको काम गर्न केही समय लाग्ला कि ?

.....

हैन, त्यो नगरौं । तपाईलाई म स्वयं लेखेर दिन्छु– पहिले जस्तै । 'दायित्व'मा यस अघि व्यक्त भएका मेरा अभिव्यक्तिहरू समेत समाविष्ट भएको एउटा सङ्कलन निस्कैदै छ । त्यस्तो भयो भने आत्मसन्तोष हुन्छ । भकहाँ धुपै पत्रकारहरू आउंछन् र अन्तर्वार्ता लिन्छन् । अनि जोडजाड गरेर आफ्नै तरिकाले प्रकाशित गरिदिन्छन्, तर तपाईको

नेता तथा कार्यकर्तालाई सचेत बनाइसक्नु भएको थियो ।

त्यहाँको एउटा उल्लेखनीय कुरा के रह्यो भने बी.पी.ले ममाथि अति विश्वास गर्ने भएकोले मलाई एकान्तमा बोलाएर सोधनुभयो– टिकट कसलाई दिने ? कसले यसक्षेत्रमा विशेष योगदान पुऱ्याएको छ र पार्टीप्रति समर्पित छ ? त्यसबेला मैले दुईजनाको नाम दिएको थिएं– श्रीकान्तजी र नरेन्द्रजङ्ग गुरुङजी । भने अनुसार नै टिकट उनीहरूले नै पाए र जिते पनि । टिकट बितरण गर्ने कममा बी.पी.ले मसंग सल्लाह के पनि गर्नु भएको थियो भने– तपाईले पनि टिकट चाहनुहुन्छ भने कुनै क्षेत्रबाट म दिलाउंछु तर तपाई जस्तो विद्वान् र पढेलेखेको स्वास्थ्य क्षेत्रमा संलग्न मानिस अरू नभएकोले तपाईको लागि राजनैतिक क्षेत्रबाट भन्दा आयुर्वेदिक क्षेत्र र शिक्षा क्षेत्रबाट जनतामा बढी सेवा पुग्नसक्छ ।

वास्तवमा मलाई आफूले काम गरी आएको क्षेत्रमानै समर्पित हुने इच्छा थियो । बी.पी.ले आफ्नो एक मित्रप्रति सदाशयता देखाउनु भएकोमा धन्यवाद दिंदै मैले उहाँको भनाइलाई शीरोधार्य गरें ।

जति/जति आम चुनाव अगाडि आउंदै थियो, उति/उति पार्टी-पार्टीबीचमा चुनावी प्रतिस्पर्धा पढ्दै थियो । नेपाली कांग्रेसको सबभन्दा ठूलो दुश्मन योगी नरहरिनाथको पार्टी कर्मबीर महामण्डलले आफ्नो पार्टी चुनावी प्रतिस्पर्धामा उत्रेर जनताको विश्वास लिनुभन्दा बढी नेपाली कांग्रेसको जरो उखेल्न लागेको थियो । नेपाली कांग्रेसको लागि यो एउटा कांडो भएर बसेको थियो । त्यसैले बुद्धिमानीपूर्वक कर्मबीर महामण्डलसंग समझदारीका आधारहरू निर्माण गर्नु आवश्यक भएको थियो । मेरो सम्बन्ध योगी नरहरिनाथसंग पनि राम्रै भएकोले उहाँलाई वार्ताको लागि मेरो घरमा बोलाएं । त्यसको जानकारी बी.पी.लाई पनि गराएं । यो कुनै सुनियोजित प्लान थिएन, अचानक तयार भएको कार्यक्रम थियो । मैले सोचेको थिएं–यति सजिलैसंग योगीजी आउने छैनन् तर यो योजना तत्काल निर्णय भएपछि मैले तुरुन्त बी.पी.लाई बोलाउन गएं ।

त्यसबेला बी.पी. एकजना विदेशी पाहुनालाई भेट्ने समय दिएकाहुंदा त्यतैतिर जान तयार हुनुभएको रहेछ ।

समय दिइसकेपछि विदेशी अतिथिलाई नभेट्नु भनेको असभ्यता प्रदर्शन गर्नु हो, अपमान गर्नु हो । मेरो प्रस्ताव सुनेर बी.पी. द्विविधामा पर्नुभयो । तर खबर त अवश्य गर्नुपर्छ र त्यो पनि अति आकस्मिक काम बताएर ।

उहाँले पार्टीको भविष्यको निम्ति पनि मजस्तो एउटा मित्रको आग्रहलाई नकार्नु भएन । मैले यहाँनेर एउटा उल्लेख्य कुरा के गर्न खोज्दैछु भनें– मेरो आग्रहलाई बी.पी.ले कहिल्यै पनि नकार्नु भएन । उहाँको मप्रतिको त्यो सहृदयता देखेर अहिले पनि मेरो मन परलन्छ, आँखाबाट अचानक आंशु बरन थाल्छ । यो एउटा मेरो जीवनमा नमेटिने पक्ष हो ।

बी.पी. र योगीजीको मेरो बैठक कोठामा वार्तालाप घण्टौ चल्यो । योगीजीले बी.पी.लाई १०८ प्रश्न गर्नुभयो र ती प्रश्नहरूको जवाफ बी.पी.ले योगीजीलाई चित्त बुझ्नेगरी एकएक गरेर दिनुभयो । यसरी संयमतापूर्वक बी.पी.ले योगीजीको उत्तेजनालाई शान्त मात्र पारिदिनु भएन कि योगीजी बी.पी.को विरुद्धमा कहिल्यै नलाग्ने र चुनावमा पनि आफ्नो पार्टी निस्कृय रहने बचन दिएर फर्कनु भयो । त्यसपछि योगीजी सिधै लखनौं जानुभयो र चुनावभरि आउनु भएन ।

आमचुनाव पश्चात् तत्कालीन सरकारले मलाई नरदेवी आयुर्वेदीय संस्थाको प्रथम श्रेणीको प्रमुख तोकिदिएको थियो । त्यही कार्यरत भएकै बेला म केही समयको लागि सुदूर पश्चिमीक्षेत्रको निरीक्षणमा निस्केको थिएं । मैले दीपायल छंदा सुनें– २०१७ साल पौष १ को घटना ।

समयको अन्तरालमा मैले ती महापुरुषलाई ०३४ सालदेखि ०३९ साल साउनसम्म बेलाबेलामा भेट्दै गरें । उनी दिवङ्गत हुंदा पनि म नरदेवी आयुर्वेदको प्रमुख भएरै कार्य गरिरहेको थिएं । जागिर जाने बास हुंदाहुंदै पनि म उनीको शवयात्रामा भाग लिएं । उनीको अभावले मलाई सारै नमज्जा लाग्यो । भित्रैदेखि मन भरिएर आयो, म रोएं र दोस्रो दिन यो कविता कोरें–

नेपाली नभका समुज्ज्वल रबि स्वर्गीय विश्वेश्वर
सारा स्पन्दनका स्वतन्त्र प्रहरी जीवन्त तिम्रो स्वर
बीपी स्वर्ग चल्यौ नितान्त अहिले नेपाल रित्तो भयो
साँचोमा अब राष्ट्रको क्षितिजको व्यक्तित्व सिङ्गो गयो ।

- - -

आत्मानुभूतिका टुक्रा-टाक्रीहरू

❑ सत्यमोहन जोशी

साँझ पर्नु अघि
सिमसिमे पानी थामिएपछि
बादलका रुपौला आँखीझ्यालहरूबाट खियाउँदै
छिरविरे कलिलो घाम
पूर्वको क्षितिज रमझम पार्दै जसै पोतिन्छ,
फूलचोकीको नीलो शृङ्खलानेर
कलकलाउँदी गोदावरीको सेरोफेरोमा
आकाश छुने गरी पृथ्वीमा देखापर्‍यो -
अजङ्गका हात्तीहरू छिर्ने
भालेमाले गुराँस र गुलाबका पटुकाले
बेढेको एउटा बडेमाको ढोका ![1]
म खेल्थें त्यसबेला साथीहरूसँग हातेमालो गरी
त्यसैको देखासिकीमा आँगनमा कराउँदै
'छिमि छु ध्वाखा ?'[2] (तिमीहरूको ढोका के को हो ?)
'लुंया ध्वाखा !' (हामीहरूको ढोका सुनको हो !)
दिन बिते, वर्ष बिते
त्यस्ता सुनका ढोका कति बने, कति ढले !
मेरा शैशव कालका
ती कल्पना र भावनाहरू
मेरो शैशवकालसँगै सबै हिंडे ।
अब त त्यो मेरो शैशवकालको
त्यो सुनको ढोका
अगुल्टो घुमाउँदाको चक्का झैं
आधी चक्का धरतीमुनि, आधी चक्का धरतीमाथि
केवल घुमिरहेको प्रतीति हुन्छ !

तैपनि एउटा कुरो
त्यो मेरो शैशवकालमा
मेरा घरका चोटा र कोठा नै मगमगाउने गरी
ती झुप्पा झुप्पा परेका सेता फूलहरू फुलेका
भोगटेका कुञ्जमा लुकी लुकी बोले चरोले
'छ सु ? छ सु ?' (तिमी को हौ ? तिमी को हौ ?)
भनेर सोधिरहँदा
उत्रै स्वर गरी, समान भाषामा
म जवाफ दिन्थें 'जि' ! 'जि' !' ('म' 'म')
मेरो शैशवकालको
त्यो 'प्रश्नोत्तर'
कस्तो लोभलाग्दो
यो चार बीसको बैसमा आज !
हो, आजभोलि भने सबजना मलाई
'बूढा' नै भन्दछन् ।
मेरा आफ्नै छोराछोरीहरूले पनि
मेरो समाजको, मेरो कुलको परम्परा बोकेर
मैले 'सतहत्तर बसन्त' पार गरें रे !
म कालजयी भएं रे भनेर
मेरो बूढा पाल्नी 'भीमरथारोहण' सम्पन्न गरी
मलाई भीमरथी बनाइदिए
तर म जसरी आएं त्यसरी नै उभिएको छु ।
मेरो बुढेसकाल ?
त्यो त एउटा सामान्य धर्म हो देहको, प्रकृतिको ।
त्यो त एउटा प्रक्रिया हो जीवनदेखि मरणसम्मको ।
त्यो त छोटो पनि हुनसक्छ, लामो पनि ।
वास्तवमा त्यो त एउटा नाटक हो रङ्गमञ्चको !

तर किन हो कुन्नि
मेरो बुढेसकालका कल्पना र भावनाहरूमा भने
ती अल्गाअल्गा हिमालका चुचुराहरू

१. इन्द्रधनुष
२. नेवार समाजमा प्रचलित एउटा बालगीतबाट गुरु हुने खेलको नाम - 'छिमि छु ध्वाखा, लुंया ध्वाखा'।

२२ जना सदस्यमध्ये अहिले महेश, दिनेश र देवीप्रसाद भण्डारी मात्र छन् । तपाईं पनि यस विषयमा सचेत हुनुपर्छ नेपालको इतिहासको वास्तविकता जोगाई राख्न सबैले सङ्कल्प गर्नुपर्छ ।

८६ वर्षीय नयराज पन्त
०५६/५/१

मैले त आफूलाई साहित्यकार ठान्दिनं, म त एउटा साहित्यप्रेमी मात्र हुं । धुप्पै बूढ साहित्यकार छन्, जो साहित्यका महारथी छन् ..... जस्ता साहित्यकारसँग सम्पर्क राख्नुस् त । मैले पनि केही साहित्य पढेको छु र केही लेखेको छु तर त्यो साहित्यप्रेमीको हिसाब मात्र हो । मैले साहित्यकार भन्ने हैसियत राख्न सकेको जस्तो लाग्दैन ।

मेरो विषय त बेग्लै छ, त्यसमा पनि ध्यान दिन सकेको छैन । फोन आइरहन्छ मलाई, विभिन्न क्षेत्रबाट पत्रकारहरू आउंछन् म कहां, प्रतिक्रिया माग हुन्छ – कति ठाउंबाट । ती सबैलाई मैले भन्ने गरेको छु – अब हामीहरूलाई (बूढाहरूलाई) सोध्ने र बाटो खोज्ने होइन, तपाईहरू नै राष्ट्रिय समस्यामा होमिनु पर्छ र बाटो पहिल्याउनु पर्छ ।

बूढाहरूले अनुभव त देलान् तर मन्त्र दिन सक्तैनन् । मन्त्र त ऋषिमुनिहरूले नै दिएका थिए नि । त्यसको मनन र चिन्तन गरेको भए आज देश कहां पुगिसक्थ्यो । त्यसैले म भन्छु बूढाहरूसँग अनुभव होला तर त्यो जादूगरी मन्त्र हैन, जुन मन्त्रलाई जपेर देशको समस्या समाधान गर्न सकियोस् ।

बूढाहरूलाई कदर एवं सम्मान गर्नुपर्छ अवश्य, तपाईंले पनि नगर्नुस् भनेको होइन । बूढाहरूलाई खोज्दै हिंडेर उनीहरूको जीवनीलाई अध्ययन गरेर उनीहरूले भनेका कुरा छपाएर वा फलाना साहित्यकारको ४ लाइनको कविता भेटियो भनी हौवा फैलाएर व्याख्या गरेर केही हुनेवाला छैन, अब तपाईंहरूले सोच्नुपर्छ त्यस लाइनभित्र कतिसम्म ग्रहण योग्य कुराहरू छन् ? अर्कोकुरा त्यसबेलाको स्थिति र अहिलेको स्थिति फरक छ, बूढाहरू त्यसबेलाको स्थितिमा आबद्ध थिए, त्यस स्थितिमा अहिलेको समस्या तुलना हुन सक्तैन ।

मेरो विचार त यस्तै छ है ! तपाईलाई कस्तो लाग्छ । तपाईले मलाई सोध्न सबनुहुन्छ, जे सोध्नुस् म भन्न तयार छु तर रेकर्ड गर्न भने पाउनु हुन्न । म आफ्नो व्यक्तिगत विचार प्रस्तुत गर्छु । तपाईंले रेकर्ड गरेर त्यस विचारलाई सर्वग्राह्य हुनुपर्छ भन्ने तरिकाले प्रस्तुत गर्न पाउनु हुन्न ।

मानिसले गर्नुपर्छ, गरेर नहुने केही छैन भन्ने सोचाइ मेरो छ । मेरो ठूलोदाजु हरिनाथ खनाल– जो त्रिचन्द्रको प्राध्यापक हुनुहन्थ्यो । मलाई तनहुँबाट बोलाउनु भयो र पढाउनु भयो । मैले संस्कृत मध्यमा गरें, बी.एस.सी. गरें, ट्युटरको काम गरें, अनि पछि अंग्रेजीबाट एम.ए.गरें । त्यसपछि त मेरो माग जताततैबाट हुन थाल्यो । प्राध्यापक, सचिव, राजदूत अन्तर्राष्ट्रिय मामिला सम्बन्धी विशेषज्ञ, सबैथोक भएर काम गरें । अहिले पनि मलाई सोधपुछ भैरहन्छ तर ती विषयहरूमा लागिरहने मेरो त्यस्तो अभिरुचि छैन । ८६ वर्षको भैसकें अध्ययन गर्छु, र केही लेख्छु । पं. जगन्नाथको 'सत्यभामिनी' अनुवाद गरेर प्रकाशित गरें । अहिले १९७० देखि यताका अंग्रेजीमा लेखिएका लेखहरूको सङ्कलन प्रकाशित गर्ने काम भइरहेको छ ।

सार्वजनिक समारोहहरूमा पनि म त्यति जाने गरेको छैन, कतैबाट ज्यादै आग्रह भयो भने गैहाल्छु तर पछि आफूले बोलाएर औपचारिक पूरा गर्नुपर्ने ठाउंहरूमा मलाई नबोलाउनु नै भन्छु ।

बूढाहरूलाई बोलाएर ठूलैकाम गरें भन्ने परिपाटी राजनीतिमा पनि त्यत्तिकै छ । एउटा सानो कुराको उद्घाटन गर्न प्रधानमन्त्री, मन्त्री नै जानुपर्ने । साहित्यिक समारोहमा मन्त्रीको के काम ? अन्यत्र कतै देख्नु भएको छ यस्तो ?

८६ वर्षीय प्रो. यदुनाथ खनाल
०५६/५/२

अब हामीले लेख्ने र सन्देश दिने दिन गए । सन्देश दिएर हुने भए कृष्ण, बुद्ध र गान्धीले दिएका थिए खोइ । त्यस सन्देशको पालना भएको ? त्यसैले मैले लामो

.....

फरक रहेछ, हाम्रो भारद्वाज गोत्र ।

(मर्सँग)

म आज ८६ वर्ष ६ दिनको भएँ । मेरो जन्म १९७० साल साउन २६ गते भएको हो । अब रह्यो तपाईंको अनुरोध ।

म त स्वल्पज्ञान भएको मान्छे । विश्व ठूलो छ, धेरै कुराहरू विश्वमा छन् । काठमाडौंको एउटा कुना (एकान्तकुना)मा बस्ने म एउटा सानो मान्छेले संसार भरिका यति धेरैकुरा के पढ्न सक्छु ? के बुझ्न सक्छु ! त्यसैले म अल्पज्ञानी । म मुस्किलले रेडियो सुन्छु – उ आफ्नै हीतमा बोल्छ, आफ्नो ड्यूटी पूरा गर्छ । पत्र-पत्रिका पढेर सुनाउँछन् – नातीनातिनाहरूले, ती पनि आफ्नै अनुकूल हुन्छन् । म अहिले नयाँ किताब पढ्न सक्तिन, नयाँ कुरा लेख्न सक्तिन, त्यसैले मसंग नयाँ अनुभव केही छैन । जे जति छ पुरानै अनुभव पुरानै ज्ञान ।

लेख्न त म सक्ने थिएँ, ई... अहिले पनि लेख्दैछु ठूलाठूला अक्षरमा तर म मुस्किलले देख्नसक्छु, मुस्किलले सुन्नसक्छु । यही मेरो समस्या भएको छ । तर मैले पढेको कुरा प्रायः बिर्सन्नें ।

अहिले मेरा किताबहरू लथालिङ्ग छन्, मिलाउन सकेको छैन । म देख्दिनँ, गर्न सक्तिनँ । यी छोरा नातिलाई भन्छु । मलाईजस्तो चासो यिनीहरूलाई छैन ।

म राजनीतिमा छैन । किनभने राजनीति एकनास रहन्न । एउटै कुरा एकजना वा एक समूहलाई अनुकूल हुन्छ, अर्कोलाई प्रतिकूल । त्यस्तो अनुकूल-प्रतिकूलको झगडामा म पर्न चाहन्नँ । ००७ साल अघि पनि प्रजातन्त्र थियो, ०१७ सालसम्म पनि प्रजातन्त्र थियो, त्यसपछि ०४६ सालसम्म पनि प्रजातन्त्र नै रह्यो । अहिले पनि प्रजातन्त्र छ । एकपक्ष भनि रहेको छ – यो प्रजातान्त्रिक परिपाटी भएन, प्रजातान्त्रिक संस्कार बसेन । सदनको गरिमा रहेन । अब तपाईं भन्नुस् प्रजातन्त्र भनेको के हो ?

नौ भाषाका ज्ञाता देशका महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि राणाहरूको गुणगान गरेका छन् । कवि शिरोमणि लेखनाथले त झन् समयानुसार सबै व्यवस्थाको स्तुति गरेका छन् । चन्द्र शमशेरको स्तुति, जुद्ध शमशेरको स्तुति, कांग्रेस सरकारको स्तुति र अन्तमा पञ्चायती व्यवस्थाको स्तुति गर्दै समाजवाद भनेको दुनियाँ चुस्ने तरिका हो भनी आलोचना गरेका छन् । यी सबै कुरा मद्वारा छापिएको किताब वा पत्रिकाको नाउँ उद्धृत गरेर 'पूर्णिमा' मा छापिएको छ । ए.....ले त ..... किताब । ..... ल पढ् ..... पेजमा .....छ नि ! अनि .....किताब ले त ..... भेटिस्..... ल पल्टा त ....पूर्णाङ्कको पूर्णिमा (इतिहास प्रधान त्रैमासिक पत्रिका) को .... पेजमा हेर त .....लेखेको छ होइन ? .... पढ् ..पढ्....।

त्यसकारण राजनीतिमा यही ठिक हो, यही सत्य हो भन्न सकिँदैन । लाभ लिनेहरूका लागि त्यो अनुकूल हुन्छ, लाभ लिन नसक्नेहरूको लागि प्रतिकूल हुन्छ । राणाकाल र अहिलेको स्थितिमा एउटै कुराको अन्तर मैले देखेको छु – त्यो के भने, त्यसबेला लेख्न पाइँदैनथ्यो अहिले पाइन्छ ।

त्यसकारण म राजनीतिमा चासो राख्दिनँ । म त इतिहासको अन्वेषण गर्ने मान्छे । मेरो सम्पूर्ण जीवन भनेको इतिहास अन्वेषण हो । तर म यसैमा पनि ठगिएको छु । ०१८ सालमा मैले लेखेको इतिहासको चोरचार २०२३ सालमा भयो । ठूलाबडाले लेखेको कुराको अगाडि हाम्रो के चल्थ्यो ? उल्टै गालि गरेको आरोप लाग्यो ले ले....., त्यसमा हेरत मेरो प्रतिक्रिया । भेटिस् ..... पढ् ..पढ् ।

त्रि.वि.वि. को स्थिति भनौं, आजको देशको शैक्षिक स्थिति त्यस्तै लथालिङ्ग छ – पास हुने फेल हुन्छन्, फेल हुने पास । चाकरी प्रवृत्तिबाट पास गराइने परिपाटी त्यहाँ सिर्जना भएको छ । २०२५ सालमा मलाई परीक्षक नियुक्त गरिदाको घटना मलाई याद छ । आचार्यमा फेल भएका दुई विद्यार्थी पछि पास भए । मैले शिक्षाध्यक्षलाई चिठी लेखे । परीक्षकले पाउने फी वापतको चेक पनि फिर्ता गरिदिए । त्यो सबैकुरा ...मा छापिएको छ । ले त...अङ्क । पढ्...पढ् ।

यहाँ प्रायः सबै क्षेत्र दूषित भएको छ । म अब केही गर्न सक्तिन । मेरा छोराहरू (महेश र दिनेश) ले मैले गर्न नसकेको बाँकी काम गर्दैछन् । इतिहास संशोधन मण्डलका

समुद्रमा आँधीबेहरी चल्दा
छर्बलिएर उठ्ने लहरीहरू झैं
मेरै आफ्नै मनका सिर्जना प्रतीत हुनलागेका छन् ।
ती गण्डकी र कोशीका गर्जनाहरू पनि
चैत वैशाखका बादलभित्रका
प्रकोपित चट्याङचुट्टाहरू झैं
मेरै आफ्नै मनका प्रतिध्वनि प्रतीत हुनलागेका छन् !

फेरि किन हो मलाई लाग्न थालेको छ
'म' त त्यो एक बिन्दु झैं परिमाणरहित त्यो सिन्धुको ।
'म' त तानिन सक्ने रहेछ सूर्यका किरण झैं व्यापक बनी,
'म' त खुम्चिन सक्नेरहेछ बादल झैं क्षितिजपारि एक ढल्लो परी ।
मेरो गहिराइ त अथाह रहेछ, मेरो सीमा पनि असीमित !
मेरो आवाज अनन्त रहेछ, मेरो स्वस्वरूप पनि विराट् ।
अनि निश्चिन्त सुस्तरी जसै म गाढा निद्रामा पल्टन्छु
त्यसबेला म बिताउने रहेछ शून्यमा शून्य बनी,
थाहा नपाई कति केही पनि रति !

तर जसै म ब्युंझन्छु
म थाहा पाउँछु
मेरा आत्मानुभूतिका टुक्रा-टाक्रीहरू त
'केवल बोध मात्रम् !' का उपज रहेछन् ।

२०५६ आश्विन ७

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को शुभकामना !

प्रदूषणरहित ट्रली प्रयोग गरी
स्वस्थ्य एवं दीर्घायु बनौं ।

नेपाल यातायात संस्थान
ट्रलिबश सेवा
मिनभवन, काठमाडौं

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा सम्पूर्ण
नेपालीमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

गणेश खड्गी
(वडा अध्यक्ष)
का.म.पा. वडा नं. ३१ परिवार

With Best Compliments On The Happy Occasion Of
Vijaya Dashami & Deepawali

FOR BEST & CHEAPEST
PASSENGER & CARGO SERVICES
PLEASE CONTACT

M/S AIR EXPRESS PVT. LTD.
KANTIPATH, KATHMANDU, NEPAL.

M/S SAUDI ARABIAN AIRLINES
TEL: 249887, 249387, 249823

M/S KUWAT AIRWAYS GRP
TEL: 249884, 249887

संस्मरणका केही झल्का

❑ जनकलाल शर्मा

दायित्व' नामक साहित्यप्रधान मासिक पत्रिकाका लागि एउटा सस्मरण लेखिदिने अनुरोध आयो, त्यसका प्रधान सम्पादक मित्रवर रामप्रसाद पन्तबाट । के विषयमा लेख्ने समझमा आएन मलाई । भन्नासाथ दिन सक्ने आशु लेखकमा परिएन आफू । कनीकुथी लेखेको के सस्मरण होला र त्यो ?

सङ्गत पनि अनेक प्रकारका मान्छेसँग भयो मेरो । द्वितीय विश्वयुद्ध प्रारम्भ भएको थिएन त्यस समय । पूर्णप्रसाद ब्राह्मण र बलभद्र बडाल साथी थिए मेरा । पूर्णप्रसाद धर्मशास्त्र पढ्थे भने आयुर्वेदका विद्यार्थी थिए बलभद्र बडाल । सिंधुपाल्चोक कतैतिरका हुन् उनी । पूर्णप्रसाद गोरखाका हुन् भन्ने थाहा थियो सबैलाई । यी दुबै साथी आ-आफ्ना विषयमा बकालत गर्थे मसित यस्तो विषय पढ्नु पर्छ भनेर । त्यसैकारण सम्पूर्ण मध्यमा दिने फारम भराउन वाध्य भएँ म । प्रत्येक विषयमा नाम लेखाएर पढ्न थालेपछि, छ/छ रुपियाँ मासिक छात्रवृत्ति अ उँथ्यो जाँच नदिएसम्म । छ रुपियाँ मासिकले प्रसस्त पुग्दथ्यो एक व्यक्तिलाई खान/लाउन । बाँकी रुपियाँ सुरक्षित हुन्थ्यो चाहिए जति पुस्तक किन्न । दुबै विषयमा अघिपछि गरेर उत्तीर्ण भएँ म ।

आयुर्वेदमा इन्जेक्सन दिने व्यवस्था थिएन त्यस समयसम्म । झाँसीको एउटा अस्पतालमा इन्जेक्सन दिने प्रक्रियाको तालीम दिने व्यवस्था गऱ्यो तत्कालीन भारत सरकारले । काले ज्वरो अर्थात् मलेरियाको प्रकोपले त्रस्त पारेको थियो भारतलाई त्यस समय । अधिकाधिक प्रशिक्षित मान्छेको आवश्यक थियो मलेरियाको सेवा शिविरमा । आयुर्वेद मध्यमा न्यूनतम योग्यता थियो इन्जेक्सन दिने तालीमका लागि । संयोगवश मेरो पनि निवेदन स्वीकृत भयो झाँसीमा तालीम लिन । एकमहीना तालीम र एकमहीनासम्म शिविरमा रहेर आर्जन गर्नुपर्थ्यो व्यवहारिक ज्ञान । इन्ट्राभेनस र इन्ट्रामस्कुलर दुवैप्रकारका इन्जेक्सन दिनु पर्थ्यो शिविरमा बसेको समय । भनाइको तात्पर्य हो नसामा र मासुमा दुबै ठाउँमा दिन सिक्नु पर्थ्यो सूई । एक महीना तालिम र एक महीना व्यवहारिक ज्ञान आर्जन गरेको थिएँ मैले । एक महीना तालिम र एक महीना व्यवहारिक ज्ञान हासिल गरेपछि मात्र प्रमाणपत्र दिइन्थ्यो त्यस्ता प्रशिक्षार्थीलाई । यसमा पास भएपछि त्यस्ता व्यक्तिले मलेरियाको ओखती गर्न पाउँथ्यो भारतभरी । एक प्रकारको ड्रेसर त भन्नु भएन कम्पाउण्डर भने हुन्छ यस्ता प्रशिक्षित व्यक्तिलाई । इन्जेक्सन वा सूयँ दिने हुँदा डाक्टर भनेर सम्बोधन गर्थे भने आयुर्वेदिक औषधि दिनेलाई वैद्यजी भन्थे स्थानीय जनता ।

अर्याल थरको ब्राह्मण परिवार बस्तथ्यो ठठेरीबजार को पल्लो छेउमा रहेको 'राम भण्डार' नामको मिठाई पसलको ठीक सामनेको घरमा । दुईभाइ थिए उनीहरू । जेठाको नाम थियो बमबम र कान्छाको नाम थियो गनगन । उनीहरूको वास्तविक नाम होइन यो । घरमा वा इष्टमित्रले प्यारो गरेर प्रयोग गर्ने नाम मात्र हुन् यी दुबै । जेठाको वास्तविक नाम बिर्सें मैले कान्छाको नाम याद छ आज पनि मलाई डा.यागनाथ उपाध्याय हो भनेर । विहारको भागलपुरबाट एल.एम.पी. अर्थात् लाइसेन्स इन मेडिकल प्राक्टिस उत्तीर्ण थिए उनी । एल.एम.पी. को परीक्षा खारेज भएको छ आजकाल । एम.बी.बी.एस. भन्दा तलको हो यो । सानो क्लिनिक खोलेका थिए काशीमा डा.यागनाथ उपाध्याय अर्याललेे । त्यसै क्लिनिकमा सूई दिन आउने बिरामीलाई सूई दिन थालें मैले । डाक्टर जत्तिकै सिपालु भएँ – म पनि सूई दिनमा । विहारको लहेरियासराय, दरभङ्गाबाट एम.बी.बी.एस. गरे–,दुईहजार सातसाल पछि यागनाथ उपाध्यायले । नेपालको मलेरिया नियन्त्रणमा जीवन बित्यो उनको ।

डा.यागनाथ उपाध्यायको क्लिनिकमा भेटघाटको कार्यक्रम हुन्थ्यो साथी बलभद्र बडाल र मेरो । मदनमोहन मालवीयले बनारस हिन्दू विश्वविद्यालय नामक एउटा राम्रो

प्रथम भेटका केही उद्गारहरू

❑ रामप्रसाद पन्त

ए ! तपाई आउनु भयो, तपाईंकै बारेमा मैले सोच्दैछु, अझ गर्न सकेको छैन । एउटा काम गर्छु भन्नु कोही न कोही आइदिन्छन्, कुराकानी भएको छ, अरू १-२ दिन लाग्ला ।

.....

ए । मैले त चिनिन छु, तपाई पो हुनुहुँदो रहेछ । धेरै बूढो भइसकें, मान्छे ठम्याउन पनि छाडिसकें, ९४ वर्ष भनेको कम हो र । मेरो जन्म १९६३ साल वैशाख ५ गते । साहित्यकार मध्येमा म जति बूढो अरू छ कि छैन कुन्नि । पाटन स्कूलमा स्थापनाकाल देखि नै सेवा गर्दै आएको ७६ वर्ष भएछ । अस्तिमात्र वार्षिकोत्सव मनाइयो । डा. तुलसीप्रसाद भट्टराईको आग्रहलाई टार्न नसकेर त्यहाँ पुगें । मेरो अभिनन्दन गरियो ।

गङ्गालाल, देबीलाल, पुष्पलाललाई मैले नै लगेर पाटन स्कूलमा भर्ना गरेको । गङ्गालालले दरबार स्कूलमा पढेको भन्ने कुरा गलत हो । अहिले मलाई चारजना शहीद र बलभद्रको बारेमा पनि नयाँ कुराहरू लेख्न आग्रह भैरहेकोछ । अब कति सक्छु खै ! 'साझा वर्णमाला' र 'वीरभद्र' खण्डकाव्यमा केही तथ्य कुरा दिने प्रयाश गरेको छु हेर्नुहोला, त्यो एउटा नयाँ प्रयोग छ र पाठ्यक्रममा पनि राख्ने चर्चा भएको छ ।

तपाईंको अनुरोधलाई म पूरा गर्छु तर केही दिनपछि । तपाई अगाडि बसेर बोल्दा सिलसिला मिल्दैन, बोल्दाबोल्दै बोलिरहेकै कुरा भुल्छु । सम्झेर लेख्नुपर्छ । लामो संस्मरण त म लेख्न सक्तिन । तपाईले यस चिठीमा सोधेका कुराहरू मात्र संक्षिप्तार गर्ने प्रयास गर्छु ।

९३ वर्षीय वैकुण्ठप्रसाद लाकौल

२०५६/६/२

तपाई कुमाउँवान को कुमाई ?

.....

गोत्र के पऱ्यो

.....

हामी वत्सभार्गव गोत्रका, मुसिकोटबाट लमजुङहुँदै आएका । तपाईंको पूर्वियासँग विवाह सम्बन्ध हुन्छ कि हुँदैन ?

.....

तपाईले मोतिराम भट्टलाई कत्तिको मान्नुहुन्छ ?

.....

मैले मोतिरामलाई नेपाली भाषाका ब्रह्मा भनेको छु । बढी त भनिनँ ? मोतिराम नभएको भए भानुभक्त हुने थिएनन् ।

.....

किनभने घाँसी भनेको नै मोतिराम हुन् । घाँस बेच्ने गाउँका व्यक्ति मोतिराम हुन् । घाँसीका कल्पनाकार मोतिराम हुन् । भानुभक्त र घाँसीको कुरा उठाएको भए घाँसी मात्र नभनेर नाउँ र थर लेख्थे । कसैले घाँसीलाई शक्तिवल्लभ पन्त भनेका छन् । तर ती पनि होइनन् यदि भएको भए 'पन्त' नै लेख्थे ।

.....

म लेख्छु, लेख्न सक्छु, यी ४/५ घंटा कपी १-२ महिनाका निर्माण हुन् । बरु तपाईलाई कति पेजको चाहिन्छ भन्नुस् ।

.....

त्यसो भए म यो फुलिस्केप साइजमा ५-६ पेज लेख्छु, फोन गरेर १०/१५ दिन पछि लिन आउनुस् ।

९० वर्षीय टुकराज मिश्र

०५६/४/३१

(नातिसँग)

को हुनुहुन्छ उहाँ ?

.....

पत्रिकाको नाम के ?

.....

मित्र पल्टाएर माथिदेखि पढ त !

.....

ए धेरै लेखकहरू नाम चलेकै रहेछन्, चिठी पढेर । सुना त के लेख्नु भएको छ !

.....

उहाँ कुन गोत्रको पर्नु भयो सोध्

लागि दार्जिलिङ गएँ । त्यहाँबाट आइ.ए.र नेपाल फर्केर बि.बि.बि.बाट बी.ए. गरें । तबसम्म ०१५ सालमा आमचुनाव भयो । म चुनावमा उठेर हारें । ०१७ साल पौष १ गतेको काण्ड भइसकेपछि पनि मलाई राजनीतिमा लागिहाल्ने इच्छा थिएन ।

श्री ५ महेन्द्रबाट मलाई गृह सहायकमन्त्रीमा नियुक्ति दिइयो । पछि म अर्थ सहायकमन्त्री पनि भएँ । त्यसपछिको स्थितिले फेरि कोल्टे फेऱ्यो । मन्त्रीबाट हटेर, पछि आफ्नो जिल्ला तेह्रथुम गएर जनस्तरबाट नै आफ्नो क्यारियर बनाउने विचार गरें ।

म एउटा सामाजिक भावना भएको मान्छे भएरै होला, जनस्तरमा प्रतिस्थापित हुन मलाई धेरै समय लागेन । म तेह्रथुम जिल्लासदस्य भएँ, विरोधीहरूको षड्यन्त्रबाट हारें । त्यसपछि म मोरङमा झरें । गा.प.को सदस्य, जिल्ला सभासदस्य र जिल्ला सदस्य हुँदै मोरङको जिल्ला सभापति पनि भएँ ।

त्यसपछि मेरो राजनैतिक जीवन विराटनगरमा शुरू भयो । केही जग्गा किनेर म त्यही बस्न थालें र गाउँघरको कार्यकर्ताबाट मैले राजनैतिक जीवनलाई अगाडि बढाएँ । म त्यहाँ पनि जिल्ला सदस्य र मोरङको जल्ला सभापति भएँ– यो २०३५ को कुरो हो ।

२०२१ सालदेखि म राजसभा स्थायी समितिमा सदस्य मनोनित भएको थिएँ । त्यस बाहेक म अरू कुनै शक्तिशाली सरकारी उच्च ओहदामा स्थापित भएको थिइनँ । समाज सेवा मेरो मूल ध्येय भएकाले म स्थानीय स्तरमै रहेर सामान्य जीवन बिताउँदै थिएँ । २०२८-२०२९ मा मैले जेल जीवन पनि बिताउन पऱ्यो । २०२९ मा जेलबाट मुक्त भएपछि २०३१ सालमा म जिल्ला सदस्य भएँ र त्यस पछि २०३५ देखि २०४० सम्मका निमित्त मोरङ जिल्लाको सभापति भएँ । २०३८ सालमा एकासी मोरङको जिल्ला सभापतिबाट मलाई लुम्बिनी अञ्चलाधीशमा नियुक्त गरियो । आफ्नो बुद्धि विवेकले भ्याएसम्म जिम्मेवारी पूरा गर्दै थिएँ । ०४२ सालमा अञ्चलाधीश पदबाट मुक्त गरियो । त्यसपछि म पुन: मोरङमा नै बसेर सामाजिक क्रियाकलापमा लागें । म अलिकति प्रजातान्त्रिक संस्कार भएको मान्छे भएर होला, मण्डले प्रवृत्तिका मानिसहरू अलि सतर्क हुन्थे भदेखि, मेरा क्रियाकलाप देखि । त्यसबेला चुनावको लहर चलिरहेको थियो, मैले पनि उम्मेदवारी दिएको थिएँ । तर तत्कालीन प्रशासनले ममाथि विघ्न बाधा दिँदै रह्यो । चुनाव प्रचार-प्रसारमा बाधा व्यवधान गऱ्यो ।

त्यसपछिको परिस्थिति बेग्लै रह्यो । जन आन्दोलन भयो, प्रजातन्त्रको पुन:प्राप्ति भयो । मैले जनजाति पार्टी खोलें,तर जनजाति पार्टीलाई सरकारी मान्यता प्राप्त भएन । अहिले केही सामाजिक संस्थाहरूसँग सम्बद्ध छु । सकेसम्म केही गरौं भन्ने भावना राख्दछु तर लेखपढ गर्ने क्षमतामा भने विलकुलै कमी आएको छ ।

साहित्यिक जीवनसँग पनि अलिकति टाढा रहेको हालको अवस्थामा दायित्वका प्रधान सम्पादकले झकझकयाएर मलाई एकपटक पुन:सार्वजनिक हुने मौका दिनुभएको छ ।

- - -

सामुदायिक वन विकास कार्यक्रमको उद्देश्यअनुरूप

गाउँ-घर वरिपरिका वनजङ्गल वन उपभोक्ता समूहले चाहेर सबने जति वन उपभोक्ता समूहलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गर्दै लगी सामुदायिक वनको व्यवस्थापन तथा विकासको सम्पूर्ण जिम्मेवारी वन उपभोक्ता समूहलाई नै दिऔं ।

वन उपभोक्ता समूहबाट सामुदायिक वनको विकास गरौं । काठ, ढाउरा, स्याउला जस्ता वन पैदावारमा स्थानीय समुदाय स्वयं आत्मनिर्भर होऔं ।

सम्पर्क गर्ने स्थान
जिल्ला वन कार्यालयहरू
(७४ जिल्ला)

वन विभाग
सामुदायिक तथा निजी वन महाशाखा
बबरमहल, काठमाडौं

विश्वविद्यालय खेलेका थिए काशीमा केहीवर्ष पहिले । पूर्वीय संस्कृतिमा विचलन नआउने गरी विश्वविद्यालयको पाठ्यक्रम तयार गर्न चाहन्थे मालवीय । उदाहरणका लागि चिकित्साशास्त्रलाई लिन सक्तछौं हामी । पाश्चात्य चिकित्सा पद्धतिमा अभ्यस्त भइसकेका छौं हामी शहरी जीवनमा । आयुर्वेदिक औषधिलाई पनि छोड्न सकेका छैनन् भारतका ग्रामवासीले । यी दुवैको समन्वय गरेर एउटा पाठ्यक्रम तयार पारे उनले बनारस हिन्दू विश्वविद्यालयका लागि । पाश्चात्य र पौर्वात्य दुवै चिकित्सा पद्धतिको समन्वय गराए उनले । यस कार्यक्रम अनुसार वा पाठ्यक्रम अनुसार पाश्चात्य पद्धतिका एलोपेथिक र पौर्वात्य पद्धतिको आयुर्वेदिक दुवै पद्धतिका गुण आउँछन् । यस्ता विद्यार्थीमा भन्थे उनी । उनले कल्पना गरेको समन्वयको शिक्षापद्धतिको उपाधिको नामकरण गरेका थिए ए.एम.एस. अर्थात् आयुर्वेद आचार्य इन मेडिसिन एण्ड सर्जरी । यसैका विद्यार्थी थिए उनी अर्थात् मेरा साथी बलभद्र बडाल । ए.एम.एस. पास पनि गरे उनले । पण्डित हरिप्रसाद खकुरेलको प्रयत्न र श्री ३ जुद्धको खर्चमा खुलेको त्यो सडकको धन्वन्तरी निकेतनको जनरल मैनेजर पनि भए उनी ।

कुरा गर्नमा अत्यन्त रमाइला थिए डा.बलभद्र बडाल । उनलाई बेग्लै नामले बोलाउँथे साथीहरू । 'अलिकति लण्ठ' भनिन्थ्यो उनलाई । किन त्यसो भनेको पछि पत्तालाग्यो त्यसको रहस्य । माहिला गुरुज्यू अर्थात् नायब बडागुरुज्यू पण्डित हेमराज पाण्डेका ठूला प्रशंसक थिए उनी । श्री ३ महाराजको बाहुली निशान लिनु पर्ने अर्थात् सही गराउनु पर्ने त्यस्तै कुनै कागज लिएर गएछन् श्री ३ महाराजका सामू पण्डित हेमराज पाण्डे । बाहुली निशान भइसकेपछि बिन्ती चढाएछन् हेमराजले महाराज । जुद्ध होइन युद्ध हो भनेर । श्री ३ बाट हुकम भएछ गुरुजु अलिकति लण्ठ रहेछौं बडागुरुज्यू हुने त्याकत देखिएन यहाँ । मेरो नाम जुद्धै हो भनेछन् त्यहाँ । त्यस दिनदेखि कहिल्यै युद्ध लेखेनन् आफ्नो नाममा जुद्धशमशेरले । त्यसै कारण उपदेश दिने जोसुकैलाई 'अलिकति लण्ठ' भन्थे डा. बलभद्र बडाल । पछि उनैको नाम राखे उनका साथीहरूले 'अलिकति लण्ठ' भनेर ।

मैले काम गर्ने गरेको क्लिनिकमा खोच्च्याउँदै आए साथी बलभद्र बडाल । अलि ठूलो चिकित्सक कहाँ देखाउने सल्लाह दिए डा. यागनाथ उपाध्यायले । त्यतिबेला ज्यादै नाम चलेका चिकित्सक थिए डा. सत्यनारायण शास्त्री । उनको क्लिनिक थियो– विश्वनाथ गल्लीको आफ्नै घरमा । यस रोगको उपचार गर्ने मान्छे गयामा मात्र छ भने उनले । सत्यनारयण शास्त्रीको चिठी लिएर गया पुऱ्याएँ साथीलाई । एकहप्ता विभिन्न परीक्षण पछि पटना जानु भने उनले । डा. सत्यनारायण शास्त्री र गयाका चिकित्सक हुन् – दुवै आयुर्वेद पट्टिका । एलोपेथिक उपचार शुरू भयो पटनामा । पटनाबाट लहेरियासराय भन्ने ठाउँको ठूलो अस्पतालमा पुग्यौं हामी । उनैको अतिथि गृहमा बस्यौं हामी । खाने बस्ने राम्रो सुविधा थियो त्यहाँ । पूरा तीनदिन परीक्षण गरेपछि मध्यरातमा र गत लिनु पर्छ र त्यसको रिपोर्ट आएपछि मात्र उपचार हुन्छ भने डा.शीतल बाबुले । रगत लिने काम अत्यन्त गाह्रो रहेछ त्यसको । रगत लिनन' लागि बेलुकै गएर सुत्यौं एउटा कोठामा । चारैतिर मानव कङ्काल राखिएका थिए त्यहाँ । सभवत: विद्यार्थीलाई व्यावहारिक शल्यक्रियाको क्लास लिने ठाउँ होला भन्ने अन्दाज भयो र हो पनि त्यै । रगत लिने काम सकिएपछि ट्याक्सी लिएर निवासमा फर्क्यौं हामी । एकदिन पछि रगतको रिपोर्ट आयो साथीको । फाइलेरिया (Filaria) भन्ने रोग लागेको रहेछ उनलाई । दुईहप्ता बसेर उपचार गराइयो डा.बलभद्र बडालको । तीनचार दिनको उपचार पछि कम हुँदै आयो ज्वरो र सुनिएर हात्तीपाइले भएको गोडा पनि स्याप्प बस्यो त्यो उपचार पछि । फाइलेरियाको उपचार जतातत्तै उपलब्ध थिएन भारतमा त्यस समय ।

आयुर्वेद विषय लिएर मध्यमा गरेको मान्छेलाई बी.एच.यु.को ए.एम.एस. मा प्रवेश पाउन सरल थियो– त्यस समय । आर्थिक पक्ष कमजोर भएको हुँदा छात्रवृत्तिका लागि बिन्तीपत्र पठाएँ तत्कालीन श्री ३ सरकार समक्ष । मेरो योग्यता स्वीकृत भएछ– श्री ३ बाट । तुरुन्त नेपाल आउनु भन्ने खबर पाएँ मैले । श्री ३ मा पुन: जाहेर नगरी सदर नहुने त्यो रिर्पोट निक्सारीको विचारीको हातमा थियो। त्यो जाहेर गर्ने काम रत्नप्रसाद खरेल नामका विचारीले जिम्मा लिएका थिए । दुई महीनाको छात्रवृत्ति पहिले नै

धूसको रूपमा हातमा नराखिदिए जाहेरै नगर्ने भयो उसले । यसै उल्झनका कारण डाक्टरको साटो गान्धीवादी विद्यार्थी भएँ म ग्राम विकासका लागि । उता गएकों भए डाक्टरै नभए पनि पोके वैद्य त पक्कै हुने थिएँ म । भाग्यले नै ठगेपछि अर्कैतर मोडियो जीवन । गान्धीवादी आश्रमको तालीम पछि घरेलु अड्डामा जागिर खाएँ मैले ।

गान्धी आश्रममा तालीम पाएको कारणले होला लघुताभास थिएन ममा । गुरुताभास पनि बोकेको थिएन मेरो हृदयले । समानै देख्तथें प्रायः सबैलाई । त्यसै कारण ठूलादेखि सानासम्म सबै साथी थिए मेरा । १९५२ इ.तिरै एउटा मैत्री सन्धि भयो नेपाल र अमेरिकाका बीचमा । दुईजना परामर्श दाता आए– नेपाललाई सहयोग गर्न अमेरिकी सहायता कार्यक्रम अन्तर्गत । ती दुईजना परामर्श दाता थिए– एकजना घरेलुका लागि र एकजना ग्राम विकास योजनाका लागि । उद्योगका लागि मिस्टर अलेक्जेण्डर थिए भने ग्राम विकास योजनाको परामर्श दातामा आइन्– मिस मोलिन नामकी एक महिला । मूलतः कृषि विशेषज्ञ हुन्– मिस मोलिन । भारतको नैनी कृषि विश्व विद्यालयमा परामर्श दाता थिइन्– नेपाल आउनु भन्दा पहिले । मिस मोलिनका साथ बसेर काम गर्नु पर्ने भयो मैले । योजना मन्त्रालय अन्तर्गत प्रचार-प्रसार अधिकृतमा नियुक्ति भयो विकास तर्फको दरवन्दीमा । मोलिनको अफिस थियो सिंहदर बारको पुतली बगैंचा भन्ने ठाउँमा । जुद्ध शमशेरले आफ्नी छोरीका नाममा बनाएको हो यो बगैंचा । अत्यन्त सुन्दर थियो यो । अमेरिकी महिला फुरूङ्ग भएकी थिइन्– त्यो ठाउँ उनलाई दिएकोमा । यसै अफिसमा बसेर काम गर्न थालेको थिएँ मैले– मिस मोलिनसित । त्यसै समय एकाएक ज्वरो आउन थाल्यो मलाई । कति दवाई खाए पनि पटक्कै घटेन ज्वरो । त्यसमाथि गोडा पनि फुलेर आए हात्तीपाइले भएर । यो कुरा थाहा पाइन्– मिस मोलिनले पनि । डाक्टरलाई देखाउन भनिन् उनले । त्यस समय सबै पूँजी एउटै अस्पताल थियो बीर अस्पताल डाक्टर राम्रा भए पनि साधन थिएन केही पनि उपचारका लागि । जाँचिसकेर डाक्टरले भने– 'यहाँ उपचार हुँदैन, रगत परीक्षण गराउन पटना जानुपर्छ' रोगको नाम भननन् उनीहरूले । धेरै अनुनय विनयपछि फाइलेरियाको शङ्का छ भने मलाई । छाँगावाट खसे जस्तो भएँ– म पटना गएर उपचार गराउनु पर्ने भएपछि । फाइलेरिया सरुवा रोग हो पनि भने कसैले । झट्ट सम्झें डा. बलभद्र बडालको उपचारको कुरा । क्वाँ-क्वाँ रुन मात्र सकिने म त्यस समय । पटनासम्मको लामो यात्रा र खर्चिलो उपचार कसरी भ्याउने मैले ? बालक छोरालाई साथमा लिएर जाने आँट आएन– मेरो डाक्टरले नै सरुवा रोगहो भने पछि । श्रीमती र म जाने भयौं पटना । ठ्याक्कै भारतीय सय रुपियाँ लाग्ने भयो दुईजनाको भाडा मात्र । एकसय असी रुपियाँ नेपालीको सय रुपिया भा.रु. आउँथ्यो त्यतिबेला । काठमाडौंबाट पटनासम्मको प्लेनको भाडा थियो भा.रु.पचास प्रतिव्यक्ति । जाने निश्चय गरेपछि एउटा साथी तयार भयो– मेरो डेरामा आएर सुत्न । वासुदेवचन्द्र मल्ल थियो उसको नाम । बोरिया-बिस्तर लिएर आयो ऊ । बालक छोराको हेरचाहको जिम्मा दिएँ– आर्के इष्टमित्रलाई । ताला लगाएर हिड्दौं भने सुरक्षित ठाउँमा थिएन त्यो कोठा ।

उपचारका लागि पटना जान विदा भएको थिइन्– मिस मोलिनसित । त्यही थाहा पाए 'म पटना जाँदैछु' भन्ने कुरा एउटा साथीले । मेरा अत्यन्त मिल्ने साथी भए पनि अलिकति उटुंग्याहा खालका हुँदा म पटना जाने कुरा भनेको थिइन उनलाई । कारण थियो त्यसमा पनि । जस्तै गम्भीर कुरालाई पनि हाँसोमा उडाइ दिन्थे उनी । परिस्थिति पनि त्यस्तै थियो उनको । सातसाल भन्दा पहिलेदेखि एउटै कार्यालयमा थियौं हामी । एउटा छोरो शहीद भएको अरू छोरा कोही जेल कोही गुप्तवास । आफू श्री ५ को सरकारको जागिरमा कस्तो विडम्बनाको जीवन थियो उनको । मगजै होसमा थिएन– उनको साँच्चै भन्ने हो भने । पुत्रशोकको पीडा खपेर बसेका थिए उनी ।

दुईहजार सात सालपछि परिवर्तन आयो– व्यवस्थामा । साढै सताउन थाल्यो सरकारले कर्मचारीलाई । रोजै एउटा न एउटा आएर नोकरी विवरण मागेको छ भन्थ्यो मन्त्रीले । मागे पछि दिनै पर्‍यो विवरण । सबैको विवरण ठीक छ छैन जाँचेर मात्र मन्त्रीकहाँ पठाउने सल्लाह भयो– आपसी छलफल हुँदा । नायब सुब्बा भक्तलालको नोकरी विवरण आइपुग्यो विभागीय प्रमुखको टेबुलमा ।

मेरो जीवनका केही उतार-चढावहरू

❑ काजीमान कन्दङ्वा

मेरा जीवनमा धेरै उतार-चढावहरू आएका छन् । यति उतार चढावहरू भोगेको सायदै कोही होलान् । मेरो जन्म नै अर्काको देश क्वेटा (हाल पाकिस्तान) मा भएको थियो भने मैले कति संघर्ष गर्नु परेको होला– आफूलाई यस स्थानमा स्थापित गराउन ! मेरा बाबु भारतीय सेनामा कार्यरत हुनु भएको कारण मेरो जन्मभूमि वृटिश साम्राज्य अन्तर्गतको भारतीय भूमिमा हुनपुग्यो । तर मेरो पुर्खौली स्थल तेह्रथुम आठराई भएकोले सानै उमेरमा मलाई तेह्रथुम आठराई पुऱ्याएको हुनुपर्छ, किनभने जम्मा १८ महिना कान्छो मेरो भाइको जन्म तेह्रथुमको आठराईमा भएको थियो ।

त्यसवेला गाउँघरमा स्कूल थिएनन् । ठाउँठाउँमा केही भाषा पाठशालाहरू थिए । तर ब्राह्मण समाजको प्रभुत्व भएको त्यसबेलाको समाजमा हामीहरू मतवाली वर्गले पढ्न पाउनु कठिन थियो । मलाई थाहा छ त्यहाँ संस्कृतका चण्डी, रुद्री, कौमुदी पढाइन्थ्यो । र, हामीलाई संस्कृत पढ्न तत्कालीन सामाजिक र कानूनी परिस्थितिले दिदैनथ्यो । मलाई त्यहाँ संस्कृत पाठशाला मूलपानीमा भर्ना गरियो । मलाई संस्कृत पढ्ने ठूलो अभिरुची भएको भए तापनि मलाई कौमुदी छुनसमेत दिइँदैन थियो । मेरो उमेरसँग मिल्ने बाहुनका छोरा विहानै नुहाइ-धुवाइ गरीसकेर कौमुदी पढ्थे र ती साथीहरू नजिकै बसेर मैले कौमुदी पढेको सुन्थें । गुरूजी आएर सोध्थे । कौमुदी पढ्नेहरूले भन्न नसकेको कुरा मैले भनी दिने गर्थें । यो देखेर गुरुजीहरू सतर्क भए, आश्चर्य पनि माने । त्यो किनभने एउटा लिम्बुको छोराले सुनेको भरमा यति कण्ठस्थ गर्न सक्छ भने यसको सम्मरण शक्तिको हामीले प्रशंशा गर्नु पर्दछ । जे सुकै भएपनि मलाई उनीहरूले त्यस बाहुनवादी समाजमा मिलाउन सक्तैनथे ।

मेरो संस्कृत पढ्ने तीव्र इच्छा त्यहाँबाट त्यस तरिकाले पुरा नहुने देखेर म मावली गाउँमा गएँ – खेलपुर संस्कृत पाठशलामा । यहाँ पनि मैले पढ्न नपाउने भएँ । त्यहाँ कौमुदी छुन समेत दिइँदैन थियो । सुनेर मात्र मेरो उद्देश्य कदापि पुरा हुने थिएन । यस प्रवृत्तिले मेरो तत्कालीन कानूनी र सामाजिक रीतिस्थिति र कट्टरताप्रति घृणा उत्पन्न भैरहेको थियो । यो घटनाले मेरो जीवनमा धेरै ठूलो परिवर्तन ल्याइदियो । मैले ती पाठशाला र ती गाउँ घर छोडेर पढ्नका निमित्त १९९६ सालमा दार्जिलिङ हिंडें । सन् १९४८ मा म्याट्रिक दिएँ । सम्भवतः लिम्बू समाजमा म नै प्रथम म्याट्रिकुलेशन दिने व्यक्ति थिएँ ।

म, नारायणमान श्रेष्ठ र पूर्णप्रसाद जोशी तीनजनाको सक्रियतामा एउटा स्कूल खोल्यौं तेह्रथुममा र राप्रैसँग सञ्चालन गर्न थाल्यौं । सकुचित भावना राख्ने केही सामन्ती सस्कार भएकाहरूले विरोध पनि जनाउँदै थिए तर हामीले आँट गरेर त्यसलाई स्थापित गरेरै छाड्यौं ।

त्यसवेला नेपालमा राणा विरोधी आन्दोलन चलिरहेको थियो । म काँग्रेसको कार्यकर्ता थिएँ । समाजमा बाँचेपछि जिउँदोजस्तो भएर बाँच्नु पर्छ, मृत्युदेखि डराउन हुन्न भन्ने सभित्र एकप्रकारको स्वाभिमान जागेको थियो । राणाहरूको अत्याचारले जनता त्रसित भएको बेलामा हामी सचेतवर्गको सकृयता र संघर्षशीलताले जनताले शोषणदेखि मुक्ति पाउन सक्छन् भने हामीले बलिदान हुन परे पनि पछाडि पर्न हुन्न भन्ने एउटा विश्वासले मलाई प्रेरित गरिरहेको थियो ।

यसै भावनाले कुतकुत्याएपछि म प्रजातान्त्रिक सेनानीको रूपमा संघर्षमा होमिएं । र, पूर्वीय क्षेत्रको एउटा संघर्षशील प्रजातान्त्रिक समूहको नेतृत्व गरें ।

००७ सालको प्रजातन्त्र प्राप्तिपछि पनि राणा काँग्रेस बीचको नेतृत्वको झगडा, अन्यौल र दिशाहीन गतिविधिदेखि वाक्क भएर २०११ सालतिर मैले काँग्रेस छाडेर अध्ययनको

टोलको पहरा दिन्थे । यस्तो अवस्थामा भरत शमशेरको निवास बबर महल भित्र हुन लागेको गोप्य बैठकमा उनीहरूकै मानिस जस्तो गरी गइयो । हलुवा, स्वारी, तरकारी खाइयो । गुप्तचर हुन् भन्ने चिने भने त्यो २/३ चोक भित्र कतै मारेर पो गाडिदिने हुन् कि भन्ने डरले भित्रभित्र सताइरहेको थियो । तर भाग्यवश त्यसो हुन पाएन । चिन्न त चिनिहाले तर भरत शमशेरले स्वागत गरेर आसनीमै लगेर राखे । बैठक सकेर बाहिर नआइन्जेल तैपनि डर कायमै थियो ।

अब यसभन्दा अगाडिका दुइटा अविस्मरणीय घटना – १९९६ सालमा म बाङ्गेमूढामा भरखर खुलेको महावीर स्कूलमा ३ कक्षामा पढ्दथें । एकदिन क्लास चलिरहेकै बेलामा राणाको पुलिसहरू पसेर सबै शिक्षकहरूलाई पक्रेर लगे । त्यस दिनदेखि त्यो स्कूल बन्द नै भयो । त्यस समयमा मेरा बुबा र काकाहरू कोठामा ज्याल-डोका बन्द गरेर विस्तारै खासखुस गरेर, डराइ-डराइ कुराकानी गर्नुहुन्थ्यो । अरू कुरा त केही बुझिएन तर एउटा कुरा चाहिं सम्झिरहेको छु– 'भित्ताको पनि कान हुन्छ भन्छन्, बिस्तारै बोल्नु पऱ्यो ।' यसको अर्थ थियो राणा सरकारले त्यस समयमा छ्यापछ्यापती गुप्तचर जतासुकै छोडेका थिए । यसपछि ९७ साल माघ म इनातिरको अति नै दर्दनाक र हृदयघातक दृश्य आँखा अगाडि अझ पनि झल्झल्ती आउँछ । आज राती बिष्णुमतीमा दुईजनालाई गोली हानेर मारे रे । नाम त मलाई त्यसबखत को के हुन्, किन मारेका हुन् भन्ने केही थाहा थिएन गङ्गालाल र धर्मभक्त भन्दै थिए । घरका मानिसका साथ म पनि हेर्न गएँ । लुगा र भुईंभरि सुकेको रगत, दुबै हात दुईतिरको खम्बामा डोरीले बेस्सरी बाँधिएका, दुबै खुट्टाका टुप्पा असाध्यै पीडाका कारण बालुवा भित्र घुसिएका र मुन्टो लुत्रुइ परेर तल्तिर निहुरेको तथा छातीमा ठूलो कागजमा 'यस्तो अपराध गर्नेलाई यस्तै दण्ड दिइन्छ' भनेर लेखिएको तख्ती झुन्ड्याइएको थियो । यसो निहुरिएर मुख हेरेको त ! केही दिन अगाडि आँफैलाई इङ्गलिस पढाउने माष्टर पो हुनुहुँदो रहेछ । त्यो घुसिएका कपाल, ठूलाठूला आँखा र चम्किलो मुहार अझ पनि बिष्णुमती जाँदा ती सम्पूर्ण दृश्य झल्झल्ति आँखा अगाडि आइरहन्छ । पछि सुनियो, हेडमाष्टर चिनियामान त जेलभित्रै शहीद हुन भएछ । बितेको केही सम्झनालाई यहीं टुङ्गयाउछु र अन्त्यमा फेरि जीवनका घटनाले सिकाएका पाठ र अर्जन भएका दुई परमज्ञान 'म केही रहेन छु, म त भगवान्को हातको एउटा कठपुतली मात्र रहँछु तथा भगवान् जो गर्नुहुन्छ भनाइकै लागि गर्नु हुन्छ' थिनै कुराहाई फेरि केही पुष्टि दिलाएर यो प्रसङ्गलाई समाप्त गर्दछु ।

८/९ कक्षामा पढ्दा डाक्टरी पढेर डाक्टर बन्ने इच्छा थियो कहाँ एस.एल.सी. बाटै कलकत्तामा स्टेनो पढ्न पुगियो ! २० वर्षकै उमेरमा जागिर खाएर २१ वर्षमै विवाह गर्न पुगियो । कल्पनै नगरेको पद बडाहाकिम बनेर तीनवटा जिल्ला पनि चलाइएछ ! तक्मा झुण्ड्याउने आशै नभएकोमा गो.द.बा. तेग्रा र त्रिशक्तिपट्ट तेग्रा तथा पाँचवटा विभिन्न विभूषणले सुशोभित पनि भइएछ । समुद्रपारी देश त हेर्न पाइएला भन्ने आफूले चिताएकै थिइएन तर भगवान्ले अमेरिका, अष्ट्रेलिया, इरान, बैंकक, युरोपका केही भाग र भारत का सम्पूर्ण प्रमुख नगरहरू समेत घुमाइ दियो । राम्ररी बोल्न र लेख्न समेत नजान्नेलाई बक्ता र लेखक पनि बनाइ दियो ! जीवनको यो आखिरीमा सच्चा धर्मको काम समाजसेवा गर्ने कार्यमा पनि लगाइ दियो । बुझेर बुझिनसक्न् भगवान्को यस खेलमा, जीवनरूपी यस नाटकमा उसैले पाठ दिएर पठाएको एउटा अभिनयकर्ता पो रहिएछ भन्ने कुरा छलङ्ग हुन आयो ! केही समय अघिसम्म म जस्तो जान्ने, बुझ्ने अरू कोही छैनन् जस्तो लाग्ने अहंकारी र अज्ञानी व्यक्तिलाई आज उही परमात्माको कृपाले आँखा खोलिदियो ! बल्ल वास्तविकता देख्न, बुझ्न थाले । सदैव प्रभुमा समर्पित छु, अन्तिम निवेदन गर्छु प्रभुसंग, समान सेवाको पवित्र कार्यमा लाग्दालाग्दै, बोल्दाबोल्दै, लेख्दालेख्दै प्रभुसंग एकाकार हुन (प्रभुमा लीन हुन) पाऊँ, प्रभुको जो इच्छा । इत्यलम् ।

दायित्व साहित्यिक मासिक वर्ष १२, पूर्णाङ्क ३३ मा प्रकाशित "तिहारको एक दिन" शीर्ष्य लेखमा उल्लिखित व्यक्तिको नाम रणधीर बञ्जारा हुनुपर्नेमा भूलवश हरि लम्साल भएकाले सच्याइएको छ ।

हिसाब गरेर हेर्दा जन्मिनु भन्दा तीनवर्ष पहिलेदेखि जागिर खाएको देखियो– उनको नोकरी विवरणबाट । मौखिक स्पष्टीकरण मागियो उनीसित त्यसको । उनले भने– ठीक छ त्यो । त्यस्तै भएको हो मेरो जागिर । मेरो बुबाले विवाह गर्नु भयो पहिले । नयाँ वर-बधूले मालिककहाँ दाम राखेर दर्शन गर्नु पर्थ्यो त्यस समय । मेरा बुबाले पनि दाम राखेर दर्शन गर्नुभयो– त्यसबेलाको चलन अनुसार । श्री ३ महाराज प्रसन्न होइबक्सेको समय परेछ त्यसबेला अर्थात् दाम राखेर दर्शन गरेका बेला । ली यसको छोरा भयो भने आजै देखि जागिर दिनु यसलाई । 'हुकुमको जवाफ छैन कालको ओखती छैन' भन्ने उखान चरितार्थ भएको समय थियो त्यो । तीनवर्ष पछि जन्मे म र जागिर खाएँ त्यसै मितिदेखि । त्यसकारण ठीक छ मेरो नोकरी विवरण पनि । बूढा मान्छेले भनेको नपत्याउने कसरी ? यस्ता लहडबाजीका कुरा भइरहन्थे राणाकालको हुकुमी शासनमा ।

मेरो पटना यात्राको कुरा सुनेपछि मेरो डेरामा आए उनी र भने– 'हेर म ओखती लिन भक्तपुर जादैछु र पाएँ भने आजै आइपुग्छु । ओखती पाइनँ भने मात्र पटना जानु तैले' भने उनले । औषधि लिएर आइपुगे उसै दिन राती । मूल औषधिका साथ एक-डेढ पाउ अदुवा र बाल्ने कपूर मात्र एक-दुई पुरिया होइन एक टोकरी गोबरका गुइँठा पनि बोकाएर ल्याएछन् उनले । गोबरका गुइँठाको आगोमा अलि गढी थालले छोपेर कराहीमा तताए औषधि । पानी नपरेको अदुवाको झोल र बाल्ने कपूर पनि मिसाए– मूल औषधिमा । गोबरका गुइँठाको मन्द आँचमा तताएर छोपेको छोप्यै लेप तयार गरे उनले । तात्तातै लेप लगाइदिए मेरा गोडामा । दोसो पटक लाउनै पर्दैन र पऱ्यो भने भोलि आएर औषधि बनाइदिन्छु भने उनले । रात भरमा ज्वरो ओल्यो मेरो र हात्तीपाइले पनि यथास्थितिमा आयो गोडाको । भोलिपल्ट बिहान आएर भने अब दबाई लगाउने आवश्यक त छैन सन्तोषका लागि लगाइ दिन्छु म । यसले तेरो रोग निको भएन भने मेरा कानमा कौडी झुन्ड्याएर गधाहामाथि उल्टो राखेर टीन ठटाउँदै तीन शहर घुमाउनु मलाई भने उनले बडो आत्म विश्वासका साथ । घर रुङ्न आएको मेरो साथी मल्लसंग परामर्श लिएं गम्भीरताको साथ बूढापाका मान्छेको अनुभवको कुरा हो मान्नै पर्ला भन्यो उसले पनि । टिकट फिर्ता गर्न गएँ इण्डियन एयरलाइन्समा । केही कमीशन काटेर फिर्ता पाएं पैसा । त्यसपछि कहिल्यै भएन मलाई फाइलेरिया । भक्तपुरबाट ल्याएको मूल औषधि थियो नेवारहरूले परम्परागत विधि अनुसार चुहाएको वा बनाएको बाह्रबर्ष पुरानो कोदाको तीनपाते रक्सी । ती मेरा साथी थिए कामरेड पुष्पलालका पिता भक्तलाल श्रेष्ठ । अस्तु ।

मिति र समय: २०५६/५/११/६/१६/३०/५

स्थान: छ २/१८९, पानीपोखरी, महाराजगन्ज

विजया दशमी तथा शुभ दीपावली २०५६ को सुखद् उपलक्ष्यमा सम्पूर्ण सहयोगी संस्था, सेवामूलक निकाय, तथा खानेपानी उपभोक्ता समुदायहरूमा हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

प्रधान कार्यालय: पानीपोखरी, लाजिम्पाट काठमाडौं

टेलिफोन: ४१०७६१, ४१४५२९

फ्याक्स: ४१०७६१

E-mail : Pani@Khaskoshmos.m.np.

त्यसबेलाको केही स्मृति

❑ गोविन्दबहादुर मल्ल 'गोठाले'

त्रिचन्द्र कलेजको पृष्ठभाग । नेपाली भाषा समिति र अनुवाद परिषद् । बालकृष्ण शमशेर, पुष्कर शमशेर, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भीमनिधि तिवारी, माधवप्रसाद घिमिरे र यस्तै अरू दुईजना कवि तथा लेखक र प्रशासनलाई सघाउ पुऱ्याउने बहिदार कारिन्दा थिए । यो शायद यस्तै २००१ सालदेखिन् ३००३ साल सम्मको अवधिको कुरा । म र मेरो भाइ विजय त्यहाँ पुग्यौ। खासगरी साहित्यिक गफ सुन्न र बौद्धिक वातावरणमा भिजिन । ०९७ सालको पर्व केही वर्ष अघि मात्रै घटित भएको थियो । त्यो गफमा राजनीतिको गन्धसम्म आउँदैन थियो–अचेतन मनमा जस्तोसुकै कुरा खेलाए पनि । बालकृष्ण शमशेर जबरा अर्कै किसिमको भोगबिलासमा रमाउनु पर्ने मान्छे पनि लेखक । लेखक मात्रै होइन इतेगिने साहित्यिक माझमा पर्ने ठूलो लेखक पनि । कवि, कथाकार, नाटककार उनी । आफ्नो नाटक मुकुन्द इन्दिरा, प्रल्हाद आदिलाई आफै निर्देशन दिने नाटककार । त्यो मञ्चन भएको नाटकलाई मैले पनि हेर्ने मौका पाएको थिएं । बालकृष्ण शमशेरसँग सत्रभाइ खलकको सन्तान । हुन त उनी श्री ३ महाराज हुन पाउने रोलवालाको सन्तान होइनन्, बाजे डम्वर शमशेर सि. क्लासको भएको कारणले । तर जे भए पनि जर्नेलसम्म पनि हुन नपाएको राणाजी, राणाजी नै थिए । गोरो भव्य अनुहार, सुनको झल्झलाउँदो तारा अङ्कित शिरपोश पहिरी बक्सने घोडामा सवारी हुने र घोडामै सवारी फिर्ने । उनको अघिल्तिर राणाजी भएको कारणले शिर निहुँरन्थ्यो, निहुँरन्थ्यो, त्यसबाहेक भक्तिभावले पनि झुक्थ्यो– लेखक कविको व्यक्तित्व भएकोले । उनको अधिकारपूर्ण तर नम्र बौद्धिक कुराले हामीलाई छाप पार्थ्यो । त्यहाँ समितिमा सानोतिनो लेखक मण्डली नै थियो । लक्ष्मीप्रसाद देवकोटा 'मुनामदन'का रचयिता पश्चिमी साहित्यलाई पचाएको बीसौं शताब्दीका कवि उहाँलाई देख्नासाथ त्यसै श्रद्धा जाग्ने, माधवप्रसाद घिमिरे सधैं ननिदाएको आँखा लिएर कविता सोच्दै आइरहेको, भीमनिधि तिवारी सफा सुघर चिटिबक परेको रास्रो लुगा लगाउने गुण्डो कथाको कथानकमा रुमालिएर आएको भान हुन्थ्यो । त्यहाँ पुष्कर शमशेर ज.ब.रा. बालकृष्णको दाजु तालुकवाल भएको अनुवाद परिषद् पनि त्रिचन्द्र कलेजको प्राङ्गणमा थियो । लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी त्यो परिषद्को वेतन भोगी लेखक मासिक रु. ७५ तर अनुवाद परिषद् समितिकै एक अङ्ग लाग्थ्यो– भिन्न लाग्दैन थियो । समितिको मानिस र परिषद्को मानिस सधैं छ्यासमिस भएको हुन्थ्यो । को मानिस कता पट्टिको भन्न गाह्रो हुन्थ्यो : गोपीनाथ अर्याल अभिनेता बालकृष्णको मञ्चित नाटक प्रल्हादको हिरण्य कशिपु त्यहाँ अनुवादको रूपमा जागिरे थिए । त्यहाँ श्यामदास वैष्णव पनि अनुवाद परिषद्को जागिरदार देवकोटाको सहायकको रूपमा थिए । देवकोटाको मस्तिष्कभित्र आश्चर्यजनक किसिमबाट कविताको स्फुरण भइरहन्थ्यो, लेख्न भ्याईदैनथ्यो उनी बोल्दै जान्थे, श्यामदास टिप्दै जान्थे । धेरै रचना त्यस्तै किसिमबाट रचित भएका थिए । सिगै शाकुन्तल महाकाव्य त्यसरी नै रचित भएको साम्छ । शायद त्यहीको प्रेरणाले श्यामदास पनि छुट्टै पहिचान भएका लेखक तथा कविको रूपमा परिचित हुन पुगे । अनुवाद परिषद्मा गोपालप्रसाद रिमालको पनि जागिर भयो पछि । पुष्कर शमशेर पूरा राणाजी देखिन्थे, दर्शन फर्काउन बाहेक कसैसँग मेलजोल गरेको देखिँदैनथ्यो, यताउताको कुराकानी गरेको देखिँदैनथ्यो । उनी इतेगिने कथाकार मध्ये स्थापित कथाकार भइसकेका थिए – पश्चिमी साहित्यलाई अङ्गीकार गरेर । यस्तै यस्तै बातारण थियो

२०२५ सम्म त्यहाँ बस्ने पऱ्यो । काम नजान्दा नजान्दै पनि त्यहाँ राम्रै गरेंछु । कदर स्वरूप गोरखा दक्षिणबाहु तेस्रा पदक मिल्न गयो । जिल्लाबासी खुसी नै भएछन् । अदालत बाहेक तीनवटै जिल्लाका सम्पूर्ण कार्यालयका प्रमुख भएकाले सबैतिरको कामको बोझ बोक्नु पर्दा तथा आफू सानो कुरामा पनि धेरै सोच्ने र चिन्ता लिने स्वभाव भएकाले धेरै प्रकारका रोगहरू कमाउन पुगियो । तर यसले पनि फाइदै भएको कुरा १०/१२ वर्षपछि थाहा भयो । कसरी त भन्नु होला ? डाक्टरी चिकित्साले स्वास्थ्य लाभ नभएपछि बनारस मेडिकल कलेजको अस्पतालको डाक्टरसँग योग सिक्ने, पढ्ने र बुझ्ने सौभाग्य मिल्यो । स्वास्थ्य लाभ निकै नै भयो । योगको अध्ययनले आध्यात्मको वास्तविकता धेरै नै बुझ्ने मौका समेत मिल्यो । बच्चादेखि बूढासम्म सबैको लागि शारीरिक, मानसिक र आत्मिक उन्नति गर्ने काममा योग ज्यादै नै महत्त्वपूर्ण विषय भएको बुझेर सरल नेपाली भाषामा योगको पुस्तक लेख्ने विचार आयो । सरकारले त्यो पुस्तक प्रकाश गरेर पाँचहजार प्रति वितरण पनि गरिदियो । हाल त्यसको चौथो संस्करण निकिलएको छ । यी सब कियाकलाप मेरा होइनन्, भगवान्का इच्छा हुन् ।

बडा हाकिम हुँदाको एउटा रमाइलो घटना यहाँनेर उल्लेख गरुं – त्यस बखतमा बडाहाकिम भनेको त जिल्लाको सानो-सानो राजा जस्तै हुने रहेछ ! जिल्ला सरकार ! भनेर जनताले बोलाउने ! आर्मी, प्रहरी सबैबाट सलामी पाइने ! दशैंको कोत पूजामा त देवी सलामी, राजा सलामी र बडाहाकिम सलामी बिगुल बाजाबाटै हुने रहेछ । काठमाण्डूमा एउटा मन्त्रालय उपसचिव जस्तो मामुली पदमा बसेको व्यक्तिले जिल्लामा पाएको त्यत्रो सम्मानले त कस्तो कस्तो लाग्दो रहेछ । २०२२ सालमा बडाहाकिम प्रथा खारेज भएर सहायक अञ्चलाधीश पद कायम भयो । यस अवस्थामा आर्मीतर्फको अधिकार केही कम भएपनि अरू त उस्तै थिए तर जिल्ला पञ्चायतका सभापति अब जिल्लाको सबभन्दा ठूलो व्यक्ति म भनेर हिँड्न थाले । जाली फटाहाहरूको संख्या त्यस बखतदेखि बढ्न थालेको देखियो ।

अब यसभन्दा १५ वर्ष अगाहि अर्थात् २००६ सालतिर बाट हेर्ने– २००६ सालमा श्री ३ महाराज मोहन शमशेरको पालमा म र अरू पाँचजनालाई कलकत्तामा स्टेनोग्राफी पढ्न पठाइएको थियो (स्मरणीय छ, जङ्गबहादुरको पालादेखि २००७ सालसम्म राणा प्राइमिनिष्टरलाई श्री ३ महाराज र राजा पनि भनिन्थ्यो) । २००७ साल श्रावण/भाद्रतिर पढाइ सकेर आएपछि मुन्सिखाना (हाल परराष्ट्र मन्त्रालय) मा स्टेनोग्राफर पदमा जागिर पाइयो । श्री ३ मा दाम राखेर गङ्गाजल र भागवतको सपथ गराएर इमान्दारी पूर्वक देश र नमकको लागि काम गर्नेछु भनी किताबखानाबाट पुर्जी पाइयो । भादगाउँले टोपीमा सुनको व्याज लगाउनु पर्दथ्यो । डिठ्ठा खरदारदेखि माथिका दर्जाले सुनको र त्यो भन्दा मुनिकाले चाँदीको व्याज परिचयको लागि लगाउनु अनिवार्य थियो । सुनको व्याज लगाउनेले दरबारका बाहिरी ढोकाबाट प्रवेश पाउँदथे । मैले जागिर खाएको केही दिन भित्रै श्री ५ त्रिभुवन सपरिवार शिकारको निहुँमा भारतीय दूताबासमा शरण लिई भारत सवारी भयो । त्यसबेलादेखि जनतामा सर्वत्र राणाशासन विरुद्ध र श्री ५ को समर्थनमा सशस्त्र क्रान्ति समेत शुरू गर्न थाले । राणा सरकारले श्री ५ त्रिभुवन र श्री ५ युवराज महेन्द्रलाई समेत देश निकाला गरेर श्री ५ अधिराज ज्ञानेन्द्रलाई श्री ५ घोषणा गरेर गद्दिमा राखे । सर्वत्र क्रान्ति चम्किथो । आखिर राणाहरूले हार स्वीकार गरेर सम्झौता गरे । श्री ५ त्रिभुवन स्वदेश फिरिबक्सी २००७ साल फागुन ७ गतेकै दिन प्रजातन्त्रको घोषणा गरिबक्सियो । सबै राजनैतिक बन्दीहरू रिहा भए ।

राजनैतिक घटनातिर नगएर आफैंमाथि परेको अर्को घटना भन्छु– २००८ सालमा वी.पी. कोइराला र गणेशमानलाई गोर्खेदलले (भरत शमशेरको नेतृत्वमा गठन भएको दल) सांघातिक हमला गरेपछि त्यो दललाई सरकार ले प्रतिबन्ध लगायो । त्यसपछि भरत शमशेरले गोप्य रूपमा बैठकहरू गरी अर्कै दल खोल्न लाग्दा म र एकजना गुप्तचर तिनको बैठकमा तिनीहरूकै सदस्य कार्ड लिएर जानुपर्दाको दृश्य सम्झनामा ताजा नै छ । त्यसबखत गोर्खेदल प्रतिबन्धित भएपछि काठमाण्डू सहरमा दिन दहाडै पनि (खुकुरी दल) आयो । आयो । भन्दै मानिस भागाभाग गर्ने गर्थे । सारा मानिस त्यो दलसँग त्रस्त थिए । टोल-टोलमा टोलसुरक्षा संघ खडा गरेर घर घरबाट पालैपालो मानिस रातभर

केही पुराना संस्मरण

❑ नरेन्द्रनाथ भट्टराई

मेरा ७० वर्षका जीवनमा घटेका घटनाहरूलाई सम्झँदै विस्तृत रूपले व्यक्त गर्दै जाने हो भने त एउटा विशाल इतिहास वा एउटा भव्य उपन्यासकै रूप प्रकट हुन पनि सक्छ । तर म अहिले सामान्य रूपमा सम्झना हुन आएका केही घटनालाई मात्रै यहाँहरू समक्ष प्रस्तुत गर्दैछु ।

अहिले म १५/१६ वर्ष अगाडिबाट शुरू गरेर ५०/६० वर्ष पछाडितिर जाँदैछु । सर्वप्रथम त म यहाँहरूलाई यो एउटा कुरा निवेदन गर्दछु कि मेरा अतीतका प्रायश: सबैजसो घटनाले मेरा बाँकी जीवनका लागि अत्यन्त आवश्यक र कल्याणकारी ज्ञान मिलेको छ, त्यो हो– '१ भगवान् जो गर्नुहुन्छ भलाइकै लागि गर्नुहुन्छ २. म त केवल भगवानको हातको एक कठपुतली मात्र रहेछु ।' पहिले पहिले आफूलाई के के न हुँ, म त सब कुरा जान्दछु, यस्तो गर्छु, उस्तो हुन्छु जस्तो लाग्दथ्यो तर जीवनचक्रका आफूमाथि परेका घटनालाई गहिरिएर सोच्दा त मेरा ती धारणा बिलकुलै गलत रहेछन् । जस्तै १५/१६ वर्ष अगाडि म कुनै शाखाको प्रमुख छँदा एउटा अनियमित काम गरिदिन मन्त्रीबाट दबाब पऱ्यो । मैले त्यो काम गर्न इन्कार गर्दा मलाई मन्त्रीकै दुर्गम जिल्लामा प्रमुख जिल्ला अधिकारीमा सरुवा गरिदिने धम्की आयो । मलाई सरकारी सेवाप्रति ज्यादै नै घृणा उत्पन्न भयो र मैले तत्काल स्वैच्छिक अवकाशको लागि निवेदन दिएँ । मेरो स्वत: अवकाश हुने समय ७ वर्ष बाँकी थियो । त्यस बखत भरखर पास भएको नियम अनुसार सेवा अवधि ७ वर्ष बाँकी भएकाहरूले स्वैच्छिक अवकाश लिएमा ७ वर्षको पेन्सन रकम एकमुष्ट र उपचार खर्च, संचित बिदाको रकम र सञ्चयकोषको जम्मा रकम समेत एकैपटक पाइने भएकाले मलाई यो अवकाश घरमा आइपरेका सामाजिक दायित्व पूरा गर्नमा समेत काफी सहयोग हुन पुग्यो । शुरु-शुरुमा त मन्त्रीको मप्रतिको व्यवहार सम्झँदा कहिले रीस उठ्थ्यो, कहिले घृणा र कहिले दिक्क पनि लाग्दथ्यो । तर जति जति समय बित्दै गए मलाई महशुस हुन थाल्यो कि स्वैच्छिक अवकाश लिएको त राम्रै भएछ । भगवान्ले यदि त्यस बखत मलाई त्यो अवसर प्रदान नगरेको भए र त्यो सद्बुद्धि नजगाइ दिएको भए यस अवधिमा मबाट जे जति सेवा कार्य भए, जे जति सत्सङ्ग, आध्यात्मिक अध्ययन, मनन, लेखन र प्रकाशन हुन पाए ती के हुन्थे होलान् । करिब-करिब भारतका सबै तीर्थयात्रा, पाँचवर्ष जम्मा जेलमा परेका लागुपदार्थका दुर्व्यसनीहरूलाई योगाभ्यास र आत्मबल मनोबल बढाउने सत्कार्यका साथै सी.आर.सी.मा ८ वर्ष र रिचमण्ड फेलोसिप नेपाल र आसरा सुधार केन्द्रमा हालसम्म यस्तै सेवा प्रदान गर्ने शुभ अवसर कसरी मिल्थ्यो होला ? यसभन्दा पनि बढी यो १५ वर्षको अवधिमा १५ वटा आध्यात्मिक पुस्तक पुस्तिका प्रकाशन लगातार १ वर्षसम्म ने.टी.भी.बाट योगशिक्षा, रेडियो र पत्र-पत्रिकाबाट अनेकन लेख प्रसारण गर्ने मौका कसरी मिल्थे होलान् । यो सम्झँदा भगवान्बाट भएको मप्रतिको कृपाको लागि अहोभाव प्रकट नगरी रहनै सक्तिन । वास्तवमा यी सत्कार्यहरूलाई सम्झँदा मलाई यस्तो लाग्छ, मैले आफ्ना जीवनकालमा कहिल्यै नसोचेका यस्ता सत्कार्य मबाट कसरी भए । मैले गरेकै होइनन् यी त सब उसैको कृपा हो, उसैको इच्छा हो, म त केवल त्यही परमशक्ति परमात्माको कठपुतली मात्र रहेछु ।

यस भन्दा २० वर्ष अगाडि देखिका अर्थात् २०२१ सालदेखिका केही घटनालाई सम्झँदा– २०२१ सालमा उपसचिव हुने वित्तिकै १ वर्षको अमेरिकामा प्रशासन प्रशिक्षणको लागि छानिएर लुगाभत्ता, पासपोर्ट, भिसा र प्लेन टिकट समेत लिएर एक हप्तामा उड्न ठिक परेको थिएँ । त्यसै बखत मैले पूर्व ३ नं गोश्वारा (ओखलढुङ्गा, दिक्तेल र सोलुखुम्बु जिल्लाहरू) को बडाहाकिम पद सम्हाल्न जानै पऱ्यो, अमेरिकाको गमन स्वप्न समान भयो । जिल्ला प्रशासनको पटकै अनुभव र ज्ञान नभएको मैले २०२१–

त्रिचन्द्र कलेजको त्यो प्राङ्गणमा । त्यो प्राङ्गणमा हस्तलिखित प्राचीन पुस्तकको पुस्तकालय पनि थियो । पुस्तकालयमा पण्डितहरू के गरिरहन्छन् त्यो भन्न सकिँदैनथ्यो । त्यो प्राङ्गणमा अर्को एउटा अफिस पनि थियो छुट्टै । त्यो अफिस हेर्दै उच्चवर्गको देखिने विज्ञानवेत्ता राणाजीको थियो । उनी अफिस जान बरण्डामा गएको देखिन्थ्यो र त्यस्तै बरण्डा भएर फर्केको देखिन्थ्यो । त्यसबाहेक उनीसँग परिचय भएन । उनी डिग्रीधारी वैज्ञानिक हुन् भन्ने ज्ञात थियो । आफ्नो कोठामा बसेर के गरिरहन्छन्, केको खोजी गरिरहेका छन् र खोजीबाट कुन कुराको प्राप्ति भयो त्यो कहिल्यै थाहा भएन । त्यो विज्ञावेत्तासँग साहित्यकारहरूको कुनै किसिमको बौद्धिक कुराको आदान प्रदान भएको थाहा भएन । शायद साहित्य अर्कै लोकको, विज्ञान अर्को लोकको – शायद त्यस्तै धारण हो कि । यो पनि ज्ञात हुन आयो– त्यो विज्ञावेत्ताको रानीसाहेब मेडिकल डाक्टर एम.बी.बी.एस. पास भएको भारतको केटी । त्यो डाक्टरले आफ्नो पेशागर्न पाएन त्यसवखत । श्री ३ महाराज जुद्ध शमशेरबाट इजाजत बक्सेन । सुनियो हुकुम भएको राणाजीको बुहारीले दुनियाँको घरघरमा गएर बिरामी हेर्ने ? को को दुनियाँदारको हातखुट्टा छाम्ने ? कोप्रा समाउने ? हुँदैन । यो सुनेर हामी भित्र भित्रै हाँसेका थियौं ।

त्यो प्राङ्गणमा कलेजका प्रोफेसर आवजजावत गरेका देखिन्थे– क्लासभित्र गएका र बाहिर आएका, क्लासमा पढाइरहेका । हामी सलाम गर्थ्यौं उनीहरू सलाम फकाउँथे । कलेजका कोही कोही विद्यार्थी साहित्यिक मण्डलीलाई जिज्ञासावश चियाइरहेका देखिन्थे । त्यो दृश्य अझै पनि देख्छु – जाडो याममा देबकोटा घाममा सुकुलमा बसेर लेखिरहेका । जहाँसम्म मलाई लाग्छ त्यो लेखाइमा नेपाली साहित्यले धेरै मौलिक कुरा पायो । कविताहरू त पाया, पायो तर पश्चिमी निबन्धसँग दाँज्न सकिने आफ्नै किसिमका निबन्धहरू पनि पायो । देवकोटाको त्यो अनुहार अझै पनि देख्छु – लेखिरहेको । कताबाट मात्र भावनाहरू स्फुरण हुने होला । बसमार अथवा मोटरमार सस्तो खालको चुरोट एकपछि अर्को खायो, सोच्यो, लेख्यो अथवा डिक्टेट गरायो । उहाँले त्यस अवधिमा छन्दोबद्ध कविता स्वच्छन्द कविता र धेरै गद्य कविता लेख्नुभयो । याद आउँदै गित्सेको प्रभावले 'बाघले बच्चा किन खान्छ' लेखेको । त्यस्तै जुद्ध शमशेर चमेलीको माला लगाएर हाथी चढेर टुँडिखेल घुमेको देखेर 'साँढे' कविता लेखेका थिए । 'जसको सिङ त्यसको स्वास्नी ब्रह्मचारी मुडुलो' यसरी उनले नेपाली साहित्यको इतिहासलाई विस्तृत गरे ।

एकचोटि एउटा घत लाग्दो घटना पनि भयो– पुष्कर शमशेर उनको हाकिम भएर पनि देवकोटाको प्रतिभाप्रति ईर्ष्या भएको अभाव पाइन्थ्यो । त्यसमाथि देवकोटा आफ्नै धुनको अलिकति अटेरी जस्ता पनि थिए । एकदिन देवकोटालाई हाकिम पुष्कर शमशेरले त्यो विषयमा होइन यो विषयमा काव्य लेख भन्ने अर्डर गरे । लेखकको आफ्नो सोचाइ माथि त्यो हैकम । देबकोटाले म यो विषयमा होइन त्यो विषयमा लेख्छु भन्ने के अड्डि लिएको थिए पुष्कर शमशेर आगो भइहाले । उनले 'आज्ये' शब्द सम्बोधन गरेर अर्को कुरा के भनेका थिए देवकोटा बाहिर निस्किहाले । बाहिर निस्केर तुरुन्त जागिरबाट राजीनामा लेखे र पेश गरिहाले । अफिसका सबै मानिस अवाक त्यहाँ सनसनी फैलियो । तालुकवाल जर्नेल भुगेन्द्र शमशेर प्रभृति समेतलाई फसाद पऱ्यो । 'राजीनामा फर्काऊ' भनेर नेहोरा गर भने पनि देवकाटा बाहुनचरी दुनियाँदार, नेहोरा नगरूँ भने पनि त्यो सन्किको कारणले बदनाम । अहिले फेरिएर आएको जमानाले के भन्ला । बरु बालकृष्ण शमशेरको मध्यस्थताले पुष्कर शमशेर र देवकोटाको मेलमिलाप भयो । देबकोटाले राजीनामा फिर्ता लिए । राजीनामा गरेर घरमा बसेको सात दिनको अवधिभित्र उनले एउटा महाकाव्य लेखे । शायद त्यो काव्य 'कुञ्जिनी' हो ।

भीमनिधि तिवारीले दैनिक एउटा कथा लेखे–धेरै दिनसम्म । हृदयचन्द्र सिंह प्रधानको पनि अनुवाद परिषद्मा

जागिर भइसकेको थियो । भीमनिधिसंग स्पर्धा गरेर उनले पनि दैनिक एउटा एकाङ्की नाटक लेखे । ती कथा र नाटकले नेपाली साहित्यलाई विस्तृत गरेको छ भन्ने लाग्छ । अनुवाद परिषद्मा गोपालप्रसाद रिमालको पदार्पण नेपाली साहित्यको अहोभाग्य नै मान्नुपर्छ । त्यही बसेर रिमालले 'मसान' नाटक दिए । यस्तो किसिमको भावुक नाटक नेपाली साहित्यमा प्रथम शुरुवात हो । नाटक साहित्यले एउटा बाटो पायो । माधवप्रसाद घिमिरे पनि त्यहीका उपज हुन् –प्रज्ञा प्रतिष्ठानको कुलपति समेत भएकों, जिइरहेको लेखनलाई निरन्तरता दिइरहेको र धेरै ठुलठुलो पुरस्कार प्राप्त गरिरहेको ।

बालकृष्ण शमशेर अड्डामा बसेर लेखिरहेको कहिल्यै देखिएन । उनी अड्डामा कारिन्दाले सामुन्ने राखेको कागजमा दस्तखत गरेको देखिन्थ्यो र सानो स्वरले कामदारहरूलाई अहाएको/पहाएको देखिन्थ्यो । त्यसबाहेक उनको कोठामा अर्को रमाइलो कुरा हुन्थ्यो– साहित्यिक कुराकानीसँगै दार्शनिक तर्क/वितर्क । बालकृष्ण शमशेर भौतिकवादी थिए । भौतिकवादी कुरा गर्ने देवकोटा ईश्वरमा आस्था राखेर आध्यात्मिक बनेका थिए । शायद त्यसबेला बालकृष्ण 'नियमित आकस्मिकता' लेख्ने तरखरमा थिए । देवकोटा विज्ञानवेत्ता भएर पनि ईश्वर छ कि छैन भन्ने अन्योलमा परेका देखिन्थे । त्यो तर्क वितर्क सुनेर केही ज्ञान प्राप्तिसँगै रमाइलो पनि मान्थ्यौं । त्यहाँ तीलकधारी वेदवेदाङ्ग शास्त्रको ज्ञाता पण्डित बाजे र बालकृष्णको तर्क/वितर्क झन घत लाग्दो हुन्थ्यो । हामी सुन्थ्यौं, रमाइलो मान्थ्यौं र अलिअलि नयाँ कुराको ज्ञान पाएको पनि महशुस हुन्थ्यो । यसरी अर्को कुरासँगै त्यो वातावरण देखेर साहित्यिक बन्ने प्रेरणा पाएको हुनुपर्छ हामीले– भन्ने मलाई लाग्छ । मैले शायद त्यही अबधिभित्र 'निद्रा आएन', 'कृष्ण र खुकुरी', 'भाँडो' इत्यादि लेखेको हुँ कि जस्तो लाग्छ यकिन भन्न सक्तिन । भाइ विजय मल्ल पनि यस्तैत्यस्तै कुरा सुनेर, देखेर लेखक हुने प्रेरणा पाएको हो कि भन्ने लाग्छ । ऊ सफल ठूलो लेखक पनि भयो । अब ऊ छैन यस ससारमा ।

- - -

विजयादशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा हाम्रा समस्त ग्राहक एवं शुभचिन्तक महानुभावहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

रत्न अर्गनाइजेशन

पो.ब.नं. ५१४
३६३ नयाँबजार, काठमाडौं –१६
फोन:– ४११६६८, ४१४४१७, ४२५८७३,
फ्याक्स:– ९७७-१-४१४९७५
E-mail:- ratnaorg@wlink.com.np

२०५६
विजयादशमी तथा शुभ-दीपावलीको उपलक्ष्यमा हाम्रा समस्त ग्राहक एवं शुभचिन्तक महानुभावहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेबिको

नेबिको प्राइभेट लिमिटेड
परिवार
बालाजु, काठमाडौं

एकदमै शौख र सुखमा बित्यो । म मुवा हजूरको पुलपुले नाति थिएँ । मावलीको हजूरआमाले पनि मलाई त्यत्तिकै माया गर्नुहुन्थ्यो । भ्यागुताको खुट्टा धागोले बाँधेर नचाउँदै आँगनमा ढुलाएर मलाई खुवाउनु पर्थ्यो भन्ने कुरा पछिसम्म आमाले सुनाउनुहुन्थ्यो । त्यस्तो मान्छे अहिले सामुन्ने जे जस्तो आउछ आनन्दले खान्छु । खानका लागि बाँचेको होइन कि बाँचनका लागि खानुपरेको हो भन्ने चेत खुलेको छ मेरो । मेरो पिताका तीन भाइ हुनुहुन्थ्यो । हिरण्यनाथ उपाध्याय, मेरा पिताजी जेठा हुनुहुन्थ्यो । माईला गोबिन्दप्रसाद उपाध्याय र कान्छाचाहिँ गोपालप्रसाद उपाध्याय । मेरा पिताजी र माईला काका गोबिन्द्रप्रसाद खेतीपाती र जिमिन्दारी चलाउन व्यस्त रहनुहुन्थ्यो । कान्छा काका गोपालप्रसाद चाहिँ प्रहरी सेवामा इन्सपेक्टर हुनुहुन्थ्यो । जिमिदारी धाक रबाफकै बातावरणमा म हुर्किएँछु । प्रारम्भमा बिराटनगर आदर्श विद्यालयमै शिक्षा-दीक्षा भयो, दिदी सुशीलाले औलो समातेर स्कूल पुऱ्याउनु हुन्थ्यो । दिदीको बिहेमा म खुबै रोएँछु र केही नलागेर दिदीले सँगै डोलीमा हालेर लैजानु भएछ । केटाकेटीमा पढ-लेखका निम्ति केही दिन दिदीकहाँ र केही दिन मावली गौरमा पनि बित्यो । गौरमा मेरा सहपाठी र मिल्दो साथी माधवप्रसाद उपाध्याय हुनुहुन्थ्यो ।

जम्मा-जम्मी म १३/१४ बर्षको उमेर लाग्दा नलाग्दै मैले आफ्नो घर छोडेँछु । आमालाई भेट्ने निहुमा म्याट्रिक पास गरेपछि मात्र घर फर्किएको सम्झना हुन्छ । त्यसपछिको मेरो सम्पूर्ण कालखण्ड वाराणसीमा नै बित्यो । एकै पटक ०११–१२ सालतिर मात्र म आफ्नो देशमा भित्रिएँ । त्यसबेलामा पनि धेरै समय आफ्नो परिवारमा बस्ने सौभाग्य मिलेन । महानन्द सापकोटाको प्रेरणा पाएर उहाँकै साथ सहयोगमा झापा बसाई सरेको त्यही बेला हो । त्यही बेलादेखि म झापावासी हुनपुगें । अहिले पनि आफ्नो बाल्यकाललाई सम्झेरा म रमाउने गर्छु । अहिले जीवनमा जे जति संघर्ष गर्नु परे पनि बाल्यकालको सुखद दिन सम्झेरा आनन्द अनुभूति हुन्छ र आमा, मुमा हजूर, बाबा, हजूरआमा सबै झलझल्ती मानसपटलमा कावा खेल्नुहुन्छ ।

- - -

विजयादशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा सम्पूर्ण नेपालीमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

महेशकुमार अग्रवाल
(अध्यक्ष)

नेपाल चेम्बर अफ कमर्स परिवार
चेम्बर भवन, कान्तिपथ, पो.ब.नं. १९८, काठमाडौं
फोन न. २२२८९०, २३०९२७, २५८२६९
फ्याक्स: २२९९९८
E-mail:chamber@wlink.com.np

विजयादशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल बैंक अफ सिलोन लि.
Nepal - Bank of Ceylon Ltd.
(A joint Venture with Bank of Ceylon, Sri Lanka)
Hunting Line: 246991

म र मेरो बाल्यकाल

❑ भवानी घिमिरे

दशैंलाई छेकेर म जन्मेछु, यसरी मैले जन्मिनासाथ अठ्ठाघरो पारेंछु परिवारलाई, नातागोतालाई तर नौरथामा जन्मिएको हुँदा मेरो जन्मका केही वैशिष्ट्य पनि आंकलन गरिएछ परिवारबाट। म बबुरोलाई के थाहा, म त सम्भवतः आँखा चिम्म गरेर च्याँहा च्याँहा गर्दै मेरी वात्सल्यमयी आमाको न्यानो काखमा रमाइरहेको थिएँ होला। मेरी आमा पुगनपुग सत्र-अठार वर्षकी हुनुपर्छ–त्यसबेला। नोकर-चाकरले भरिएको त्यस जमानाको संभ्रान्त घर भएको सर्वोपरि घरमा 'मुमा हजुर' (बाबाकी आमा) भएकी हुँदा सम्भव छ जन्मिनासाथ मुमा हजुरको काखमा पुगेर मेरो सालनाल काटियो। मुमा हजुर परिवारमा यही सम्बोधनले उहाँ प्रख्यात हुनुहुन्थ्यो। अगाध माया प्रेमको स्रोत थियो उहाँसँग र सारा परिवार उहाँकै स्नेह-सत्तामा काबम थियो। म चौथो सन्तान भएर जन्मिएँ छु। सबभन्दा जेठी दिदी सुशीला, त्यसपछि दाजु कोमल (कमल) र अर्की दिदी अङ्गुरदेवी र मपछि मेरो भाइ बिमल। दिदी सुशीला साँच्चीकै सुशीला हुनुहुन्छ र अहिले असाध्य रोगका कारण रोगशैय्यामा एक किसिमले थलिनु भएकी छ। उहाँको माया-प्रेम पनि मैले औंधी पाएं र अहिले पर्यन्त पाइरहेको छु। दाजु कोमल र मेरो उमेरमा तीन-चार वर्षको अन्तर छ। उहाँ अहिले वैराग्य बासमा हुनुहुन्छ, कहाँ हुनुहुन्छ के गर्दै हुनुहुन्छ केही थाहा हुनसकेको छैन। उहाँको खोजखबर लिने मेरा सबै प्रयत्नहरू खेर गएका छन्। नेपालको प्रजातान्त्रिक आन्दोलनमा बिराटनगरलाई कार्यक्षेत्र बनाएर उहाँले ठूलो योगदान दिनुभएको हो। उहाँले 'फिलिङ्गे' दैनिकको पनि सम्पादन र प्रकाशन गर्नुभयो। 'बिहान' (साहित्यिक मासिक) लामो समयसम्म चलाउनु भयो। पत्रकारिता क्षेत्रमा पनि उहाँको भूमिका स्मरणीय रहेको छ। मेरी जेठी दिदी सुशीलाको शुभ-विवाह बिराटनगर ढुगाना परिवारमा भयो। मेरा भिनाजु शिवहरि ढुगानाको प्रजातान्त्रिक आन्दोलनमा विशिष्ट भूमिका रहेको छ। उहाँको मोरङ्गमा प्रतिष्ठित व्यक्तित्वका रूपमा गणना हुन्छ। सामयिक सरकारको पालामा अर्थमन्त्री हुनुभएको थियो। अर्की दिदी अङ्गुरदेवी दिवङ्गत हुनुभयो। उहाँको सम्झना मात्र बाँकी छ मसँग। भाइ विमलको पनि सम्झना मात्र शेष रहेको छ। अहिले ऊ र म संगैजसो बिफरले थलियौं राम्रैसँग, शरीरमा औंसा पर्ने गरी। एउटै कोठामा छेउमा थलापरेको भाइलाई मृत्युले खोसेर लग्यो मसँग। मलाई एक किसिमको अपराध बोध भयो। किन मेरो भाइ मृत्युको ग्रास भयो र मचाहि जोगिएं र अहिले पर्यन्त हिंड्दै छु। भाइको मृत्युलाई रोक्ने मेरो बशको कुरा थिएन नै, तैपनि भाइको मृत्युले म निकै मर्माहत भएं र यसै घटनाबाट म जीवनप्रति गम्भीर हुनपुगें। साँच्चै भनौं भने यसै घटनाबाट मेरो जीवन मोडियो र म जीवनको सार्थकताको खोजीमा लागें र अहिलेसम्म लागिरहेकै छु।

अहिले मोरङ्ग क्याम्पस भएको ठाउँ मझुवापोखरी (पाञ्चाली) मा मेरो जन्म भएको हो वि.स. १९८६ सालमा। क्याम्पसको सेरोफेरोको जग्गा-जमीन हाम्रो पिता पुर्खाको थियो, पछि त्यो दधिराज कोइरालालाई बेचियो। पिताजीले म्याट्रिकसम्मको शिक्षा-दीक्षा पाउनुभएको थियो। मैले जानेसम्म उहाँ अंग्रेजी, हिन्दी, उर्दू, बङ्गाली, भोजपुरी, मैथली र केही हदसम्म फारसी भाषा जान्नुहुन्थ्यो। प्रारम्भमा अंग्रेजी राम्रो बनाउने प्रेरणा मैले उहाँबाट नै पाएं। जहाँ जति शौकीन, रहिसी र रौनकबाज व्यक्ति हुनुहुन्थ्यो त्यति नै रीसाहा पनि हुनुहुन्थ्यो। म जन्मिदासम्म घरको अवस्था राम्रो थियो। मेरी आमा हाटकेशरी देवी अत्यन्त भद्र र सुशील महिला हुनुहुन्थ्यो। उहाँलाई मावली हजुरआमाले 'बाबा मैयाँ' भनी बोलाउनु भएको मलाई सम्झना छ। धैर्यता, विनम्रता र सहनशीलता जे जति मैले पाएं त्यो आमाको देन हो। उग्रता, क्रोध र रहिसी जे जति मसा अवशेष छ त्यो बाबाको अवदान हो। मेरो बाल्यकाल

आमा, मेरी आमा

❑ फणिन्द्रराज खेताला

केही दिन अघि दायित्वका सम्पादक रामप्रसाद पन्तजीले फोन गर्नु भयो। धेरै दिनपछि सम्झिएको र सम्झनु पर्ने कारण माथि शब्दको पुल बाँध्दै भन्नुभयो – यो वर्षको आश्विन महिनामा निस्कने दायित्वको अङ्क सत्तरी या कति त्यस्तै उमेरका वृद्धहरूको अनुभव संगालेका लेखकको विशेषाङ्कको रूपमा निकाल्ने अठोट भएकोले यहाँले पनि एउटा रचना पठाइदिनु पर्‍यो। यो उहाँको फरमान थियो। त्यही फरमान पूरागर्न माथिको शीर्षक दिएर एउटा रचना तयार पार्ने कोशिस गरे जुन तपाईहरूको अगाडि प्रस्तुत छ।

१. आमा, माता, मा, मदर, माई आमालाई चिनाउन सम्बोधन गरिने कति यस्ता भाषागत शब्द छन् जसको यहाँ व्याख्या गरिरहनु पर्ने आवश्यकता छैन। यो शब्द र यससँग सम्वन्धित प्राणी – मानिस मात्र होइन, स्तनपायी, कीट पतङ्ग सरिसृप आदिमा पनि ममताकी खानीको रूपमा परिचित छन्। धर्मशास्त्र, इतिहास, पुराण वा जेसुकै हुन् ती सबैमा आमाको महत्त्वको गुणगान छ कि जसको वर्णन गरेर साध्य छैन। या यसो भनौं 'आमा' शब्दले परिचित हुने महिला-व्यक्तित्वको बारेमा ब्रह्मा, शेषनाग र सरस्वतीले त वर्णन गरेर सक्दैनन् भने हामी मनुष्यले त कसरी सक्नु! त्यसैले म यतिमात्र भन्न सक्छु कि विशाल काया भएकी शस्यश्यामला धरती जसको मुट्ठु पनि विशाल छ वास्तवमा आमा त्यही हुन् जोसँग हरेक प्राणीको ममता गाँसिएको छ र जसको रगत हरेकको नसामा दगुरिरहेको हुन्छ। त्यसैले शब्दको ज्यादा जञ्जालतिर नलागी म आफ्नो प्रस्तुत विषयतिर लाग्छु।

२. मैले आफ्नी आमा जीवित रहँदासम्म उहाँको बारेमा त्यति सोचेको थिइनँ र एउटा कविता–'आमा मेरी' (२०१०) मा वाहेक लेखेको थिइनँ। २०१० मा लेखेको कविताको एक ठाउँमा -

'मेरै हाँसो हाँसी हिँड्ने
मेरै निन्द्रा सुत्ने
विशाल धरणी, वा
सगरमाथा झैं धीर गम्भीर
मेरी आमा।'

लेखेको थिएँ। पछि जब २०४३ फागुन २६ गते बिहान सूर्योदयसँगै उहाँको अवसान भयो र पार्थिव शरीर आँगनमा सुताइयो त्यति बेला, मैले आफ्नो ६४ वर्ष पुरानो शरीरलाई नितान्त एक्लो र टुहुरो सम्झे। बयासी वर्ष पार गरी नसक्दै अकस्मात् उहाँको देहावसान भएको थियो। संयोग, फागुन २२ गते बिहान मेरी माइली छोरीको कन्यादानमा उहाँले हाँसी-हाँसी भाग लिनु भयो। विवाह एकदिने रमझम थियो। २५ गते बिहान दुलान फर्काउन आएका छोरी जुवाईलाई बिदा गरी थकाइ मार्दै थिएँ र बेलुकी चाँहैनै सुत्ने तरखरमा थिएँ। त्यसैबेला मेरा तीनजना भाइहरू हतारिंदै आए र भने आमालाई अकस्मात् आराम भएन। एकोहोरो बर्बराइरहनु भएको छ। पिताजीको तस्वीरतिर हेरेर 'म आउँदै छु पर्खं' भन्दै हुनुहुन्छ। आमा माइलो भाइको घरमा बस्नुभएको थियो। हतार-हतार म, मेरी पत्नी र कान्छा छोरा प्रकाश गयौं। त्यहाँ म करिब बाह्र बजेसम्म बसें। त्यो दिन बिहान उहाँ घाममा बसेर पाठ गर्न लागेको देखेको थिएँ। भाइहरूले 'दाजु थाक्नु भएको छ, सुत्न जानुहोस्। हामी बस्छौं, धेरैनै आराम भएन भने खबर गर्न आउँछौं' भने। म फर्के, झण्डै पाँचबजे बिहान काहिंलो भाइ आयो। यसले भन्यो आमालाई ....., म जुन हालतमा थिएँ त्यही हालतमा दगुरें। एकजना आन्ने बाजेले आएर हेरेछन् र 'अब धेरै समय छैन' भनेछन्।

तल सार्यौं दान प्रदान गराउँदा-गराउँदै साढे छ जति हुँदा उहाँले एकपटक चारैतिर हेरी यो लोकको यात्राबाट बिदा लिनु भयो ।

३. संसार यस्तो हो, एक दिन–केही महिना पैले मलाई भन्नुभएको सम्झन्छु – 'म सुकेको पात भैसकें अब झर्न बेर छैन । पुरानो पात नझरी नयाँ पालुवा पलाउँदैन त ।' हुन पनि शिशिरको अन्त्यमा नै उहाँको अवसान भयो, अब उहाँको भनाइ अनुसार नयाँ पालुवा पलाउने छ, उहाँले खाली छोडेकोको आँख्लाबाट । यो उहाँको विश्वास हुनसक्छ धार्मिक प्रवृत्तिको, आस्था हुनसक्छ पुनर्जन्मप्रतिको । तर आजको भौतिकवादी विज्ञानले यो कुरा मान्छ वा मान्दैन त्यो भिन्न हो तापनि जुन सस्कारमा उहाँले जन्मेर हुर्की सासारिक व्यवहारमा प्रवेश गर्नुभो त्यसको छुट्टै विशेषता छ । त्यसैले यसमा धेरै तर्क नगरौं ।

४. आमा, म चौसट्ठी पार गर्दै थिएँ त्यतिबेला बित्नु भो, मैले टुहुरो अनुभव गरें उहाँको चितारोहणपछि आगो दिएँ, त्यतिबेला मेरो मानसमा ठूलो खल्बली मच्चियो । किन यस्तो भयो म भन्न सक्दिन । घाटमा बस्दै गर्दा जीवनको नश्वरताप्रति विरक्ति पैदा भयो भनें, कर्तव्य र कर्म वा भाग्यको विडम्बनाप्रति विचार गर्दा अनौठो अनुभव भयो र एउटा मौन उद्गार पैदा भयो । जसलाई तेह्रौं दिनको राती सुत्नुभन्दा अघि एउटा कविताको रूप दिएँ । शीर्षक थियो–'आमालाई चितामा सल्काउँदा' –

'कतिले मलाई,
कतिले आमालाई –
भाग्यमानी भने,
मैले सतगत् गर्न पाएँ
वा
उनीले छोराबाट अग्नि पाइन्
तर,
भाग्यमानी को ?
चितामा सल्काउने छोरा
कि
सल्किने आमा ?'

हाम्रो संस्कार वा आस्था कति स्वार्थी छ ? जस्तो पनि लाग्छ कैले काहीं । हुन त, ढीलो चाँडो नफर्कने लामो यात्रामा जानुपर्ने सबैको बाध्यता छ चाहे भाग्यमानी भनिएर होस् वा अभागी । कुरा यति हो – आमा जानु भो, उहाँको स्नेही हात मेरो शिरमा पर्दैन र धर्तीमा, यो नेपालको माटोमा उहाँको नयाँ पदचिन्ह अब पर्दैनन् जहाँ उहाँले ताते गर्दै तोते भाषा बोल्नुभएको थियो । अब त सम्झना मात्र छ । आफूले जान्ने बुझ्ने भएदेखिका उहाँका क्रियाकलाप आदिको सम्झना हुन थालेको छ । यो पनि, मानिसको एउटा अनौठो नै बानी हुँदा रहेछ । हुनत यसलाई के बानी भन्ने ! वाङ्मयले त्याउने एक प्रकारको अतीत-चिन्तन जस्तो लाग्छ । उमेर छँदा भविष्य र वर्तमानको चिन्तन हुन्थ्यो भने बूढेसकाल चाहिं वर्तमान कसरी चल्ला, अतीतमा यस्तो भयो, बाँकी बचेको भविष्य कस्तो र के होला भन्ने चिन्तनको बेला बगेर गएको समयको भेलमा विभिन्न चित्र उजागर भएर आउँछन्, तिनै चित्रमा एउटा छुट्टै नारी-व्यक्तित्व देखिन्छ, नियालेर हेर्छु, हँसिलो अनुहारकी वरद हस्तमुद्रामा उभिएकी मेरी आमा – जसलाई म आफैंले –

ती आमा-
जसले मेरो मुखमा
पैलो, दश-धारा दूध चुसाइन्
उनैको मुखमा
'म' पैलो छोरोले
अग्नि-पान गराएँ ।

आज सम्झँदा विडम्बना जस्तो लाग्छ जसलाई हाम्रो धर्म र संस्कृतिले कर्तव्यको विभूषण पहिराएको छ ।

५. आमालाई देवी मानेर देवत्वमा-कुराको भरमा वा देखावटी गर्ने पनि देखेको छु, द्रोह गरेर घरबाट निकालेको पनि देखेको छु, पञ्चदेबलमा लगी जिम्बा लगाएको पनि देखेको छु, निःस्वार्थ भावले, कतव्यं, माया-ममताले

जानेको थिएँ । काकाहरूले अघिल्लै वर्ष नेपाल देखिसकेकाले घडी हेर्न जानेका रहेछन् । उनीहरू बजेको अन्दाज गर्दथे, म बाल्ल । लिगलिगबाट नेपाल पुग्न छ दिन लाग्यो । धर्मस्थलीमा पुगेर हिसाब गर्दा दामासाहीमा ७२ पैसा बाटोखर्च लागेछ । भुटुन र दिउँसोको खाजा मात्र हामीसित थियो, बाँकी सबै किन्नुपर्यो । हामीले भारीमा चामल हालेका थिएनौं । पहिलो वर्ष भएकाले भरिया पनि मसित मात्रै थियो बूढा भरिया रत्नमान हिड्न नसकेर नै ६ दिन लाग्यो, अन्यथा त ५ दिनकै बाटो रहेछ । घरमा बास पाउनको लागि चामल किनिदिनु पर्थ्यो अन्यथा त पौवा या रुखमुनि बास बस्नु पर्थ्यो । ढाकेहरू आफूलाई चाहिने सबै सामान आफै बोक्तथे, पाटी पौवामा बस्तथे । गुण्डेहरूले सलाही लिन थालेका थिए तर धेरै त धूलो र चकमक नै साथमा राख्थे । चामल र दाउरा किनेपछि सुल्ने ठाउँ, ओछ्याउने सुकुल, आगो, पानी, खान पकाउने भाँडा सित्तैमा पाइन्थ्यो । हामीले त आफ्नो भात आफै पकाउने हो, बाहुनहरूले अरूले छोएको खान पनि त हुँदैनथ्यो । उस्तै मायाको घरपट्टि पायो भने भाँडा राम्रोसित माझेर बुझाउ भन्दथ्यो, अन्यथा त भाँडा पनि घरपट्टि आमैहरूले माझिदिन्थे । र पैसा उनीहरूलाई ठूलै हुन्थ्यो । हामी धेरैजनाले उभाएर दिंदा खर्च कति पर्थ्यो र !

हिउँदका दिनमा आवत/जावत गरिने हुँदा दरौंदी, तादी सहजै तरिन्थ्यो । बूढी गण्डकी, आँखू र त्रिशूलीमा पक्की पुल थियो । घरबाट हिंडेर धर्मस्थली पुग्दासम्म कि ओह्रालो, कि उकालो, कि खोलाको बगर– अलिकति सुविस्ताको तेस्रो बाटो भनेको सल्यानटार-बट्टार अलिकति । घरबाट निर्बल, मौदी खोला, कटुञ्जे, ड्यौढी र रानीपौवा बास बसी बिहानपख्न बबन्धीको टाउकोबाट पूर्वतिर हेर्दा भुईंमा बादल लागेको र त्यसभित्र कतैकतै टिलपिल तारा देखियो, त्यही कान्तिपुर शहर रहेछ । हुस्सूले शहर टम्म ढाकेको र त्यसभित्र कतैकतै विजुलीको चिम तारा जस्तो देखिने रहेछ । हुस्सू आकासिंदै गयो, हामी पातालिंदै गयौं – डुकने पानी पुग्दा अपरान्ह कुनै समय भएको थियो – शहर पसें जस्तो अनुभव भयो । घडी हेर्न जानेकाहरूले पसलतिर घडी पनि चियाउन थाले । बालाजूको चोकमा पुग्दा पहिलोपालि साइकल पनि देखिहालें । साइकल आर्कैतिर आइरहेको जस्तो देखिने, हुनसक्छ पाखे ठानेर शहरियाले जिस्क्याएको होओस् । बालाजु बाइस धारा पसेर पकनाजेल पुग्दासम्म साइकल अथवा त्यस्तो गुहने केही देख्नु परेन । सोह्रखुट्टे पुग्ने बेलामा आकाशमा रूपलाइन चलिराखेको रहेछ । विज्ञानको चमत्कार हेरियो । बाटोमा फलामे धाराहरू देखिए । महाराजको प्रताप कुनैको नाम वीरधारा, कुनैको नाम भीमधारा रहेछ । पकनाजोलमा काकाहरूको डेरामा पस्ता थाहा भयो त्यहाँ त इनारबाट तानेर पानी खानुपर्ने रहेछ, चर्पी पनि रहेनछ, जङ्गल पनि बरिपरि छैन । त्यो समस्या भन्दा पनि घडी हेर्न जान्ने समस्या परेको थियो, कसैलाई नभनी आफै सिक्नु परेको थियो । पकनालोजसम्म घण्टाघरको आवाज सफासित सुनिन्थ्यो । काकाहरूले भने– पाँच बज्यो । पछिल्लो पालि पाँच पटक टङ्गाङ्टङ्गाङ् हानेको सुनेको थिएं, त्यतिसम्म बुझे तर त्यसभन्दा पहिले पनि धेरै पालि टाङ्गटुङ्ग गरेको थियो । भोलिपल्ट मलाई भर्ना गर्न रानीपोखरी प्रधान पाठशाला लगिदिए, त्यहाँबाट घण्टाघर नै देखियो । दुई दिनपछि एक्लै घण्टाघरको तल एक्लै बसेर घडी हेर्ने प्रविधि आफैले बुझे । काकाहरू घडी हेर्न जान्ने, कलधारा खोल्न पनि जान्ने, साइकलसित नतसिंने, सडकमा नहराउने भइसकेका भए पनि कक्षा भने म पनि एक वर्षमा समग्र प्रथम परीक्षा दिने भएं ।

२०५६ सालको शुभ विजयादशमीको उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.

परिवार

बागबजार, काठमाडौं

सात दिनको संस्मरण

❑ राजेश्वर देवकोटा

१९९८ सालको फागुनमा म नेपाल (काठमाडौं) गएको हुं। १९८६ सालको असोजमा जन्मिएको मान्छे आफ्नो घर लिगलिगबाट पूर्वतिर लागेको यो पहिलो अवसर थियो। पश्चिममा तनहुंको छेउसम्म देखेको थिएं, लम्जुङमा भने आफ्नो घर पनि भएकाले लामो समय बसेको नै थिएं। भौगोलिक ज्ञान यत्ति नै थियो। काठमाडौं पूर्वतिर पर्छ, यसै प्रकार पोखरा पश्चिमतिर, हिन्दुस्तान दक्षिणतिर र भोट (तिब्बत) उत्तरतिर। मलाई दिशा छुट्याउने विधि पिताले सिकाइ दिनुभएको थियो। केही देश र मान्छेको नाम मैले सुनेको थिएं। गान्धी (गाण्डीव) हिट्लर, जुहारीलाल, जर्मन, जापान, विलायत, बर्मा, चीन र हिन्दुस्तानका केही शहरहरूको नाम लाहोर हिन्दुस्तान भित्रै पर्दथ्यो।

मेरा पिता 'गोरखापत्र' का ग्राहक हुनुहुन्थ्यो– उक्त नामहरू त्यसैबाट मेरा कानमा परे होलान्। (अग्रिकनको नाम कसैले सुनेको छैन, सबै गोरा अंग्रेज। त्यहाँ २०१५ सालसम्ममा सबै गोरा अग्रिकन भएछन्।) यहाँ म उति बेलाको मात्रै सस्मरण लेख्दै छु। नेपाल जानुभन्दा पहिले धिराज, श्री ३ महाराज, हरि शमशेर– पशुपति, गुह्येश्वरी, बालाजु, ठमेल भन्ने शब्दहरू मेरा कानमा परेका थिए। हरि शमशेर दौडाहामा गएका र पालुटारमा उनको मुकाम रहेकाले हामी विद्यार्थीहरूलाई गुरु गणेशप्रसाद अर्यालले उनको समीप लगी स्वस्तिवाचन गर्न लगाउनु भयो। दौडाहा भनेको खूब दौडने मान्छे भन्ने मैले बुझिराखेको, तर हरि शमशेर एक कालमा ढुसुल्ला मान्छे कसरी दौडिंदा हुन् जस्तो लाग्यो। सुर्वाल लगाएको बटु भएको हुनाले म उनका अगाडिपट्टि राखिएको थिएं, सुर्वाल नयां थियो, दौरा मात्र अल्लि घस्सिएको थियो। बडाको *अगाडि पर्दा जुता कुकाल्नु पर्ने त्यहां हामी कसैको पनि* त्यस्तो अवस्था थिएन। फर्किंदा गुरुले भन्नुभयो– यो नाति मात्र हल्लिएन।।म आफ्नो कुलको जेठो नाति थिएं।। हामी सम्पूर्ण विद्यार्थीलाई एउटै छडीले तर्साउने गुरु त दौडाहाको अगाडि थरथर कांप्दै सारस्वरसहित स्वस्तिवाचन गर्दै हुनुहुन्थ्यो। हरि शमशेर दौडेको हेर्नै पाइएन।

म ५ वर्ष पुगेपछि मलाई र काकाहरूलाई पठाउनको लागि बकाडबाट उहाँ गणेश प्रसाद स्वनामधन्यलाई ल्याई गाउंमा पहिलो पाठशाला स्थापना गरिएको थियो, पढ्न सबैले पाउंथे। गुरू विद्यार्थी कुट्नुहुन्थ्यो, काकाहरू धेरै कुटाइमा परे, म जोगिन्थें। गुरू साहै मेधावी र विद्वान् हुनुहुंदो रहेछ, मलाई पछि थाहा भयो। अहिले त उहांप्रति श्रद्धामात्र बांकी छ।

मेरा पिता त्यस भेगमा प्रसिद्धि पाएका पण्डित कथा वाचक र शिक्षक हुनुहुन्थ्यो। उहांलाई पनि ताडनमा विश्वास थियो। केही समयपछि म लिगलिग (गोरखा) बाट पितासित नै पढ्न चिती (लमजुङ) गएं। मैले आफ्ना पितासित संस्कृतको प्रारम्भिक ज्ञान पाएं। अक्षर लेख्न सिकें। सरदरमा त मेरा अक्षर राम्रै छन् कि जस्तो लाग्ने तर पिताका जस्ता सुन्दर अक्षर लेख्न मैले कहिल्यै सकिनं।

भूगोल र वर्तमानको केही वृत्तान्त गरिहाले। इतिहासको विषयमा दर्वेशा, रामशाको नाम सुनेको थिएं, पृथ्वीनारायण र भानुभक्तको पनि नाम सुनिसकेको हुनुपर्छ। मेरी मातामहीले आफ्नो माइती रम्घाको बखान गर्दा आफ्ना काका भानुभक्तको नाम लिन किन छाड्नु भयो होला र! भाषा (नेपाली) पढ्न नदिइने संस्कृतमा इतिहास लेखिएको नहुने– अनि थाहा कहांबाट के होस्! जन्मिएको त इतिहासकै जरामा हो– मेरो गाउं (लिगलिग) मा नै त शाहवंशको पहिलो राज्यस्थापना भएको। तर श्रीमद्भागवत र महाभारतमा वर्णित भूगोल थाहा थियो, वाल्मीकि रामायण *पाठ गरिसक्दा मानुभक्तीय रामायण देखेको पनि थिइन।*

१२ वर्ष ५ महिनाको उमेरमा काठमाण्डुतिर लाग्दा हामी यात्रु कसैसित न घडी थियो न त मैले घडी हेर्न नै

मर्यादासहित आमालाई मानेको र पालन-पोषण गरेको पनि देखेको छु। तर मैले आमालाई देवत्वमा होइन यही धरतीको मानवी मानेर बसेको थिएं। मलाई चाहिं यस्तो लाग्छ हामीले मानिसलाई मानिसै र सम्बन्धलाई मर्यादा र स्नेह एवं ममताको परिभाषित गरेर हेर्न सक्नुपर्छ र आत्मिक हार्दिकता हुनुपर्छ भन्ने मलाई लाग्छ। आज पनि म बराबर, झण्डै-झण्डै दिनको एकपटक जस्तो आफ्नी जन्मदायिनी आमालाई सम्झन्छु र उहांको वरद-हात आफ्नो शिरमाथि रहिरहेको कल्पना गर्छु। त्यतिबेला फेरि एकपटक उहांको जलिरहेको पार्थिवकाया र घाटको त्यो परिदृश्यको चित्र आंखा अगाडि आउंछ अनि प्रकृतिले पनि त्यसैबेला –

एकटुका बादल आयो
दुई थोपा आंसु चुहाएर
अनन्तमा बिलीन भयो
मर्त्य-शोक-सन्देश बांकी
अर्काशिएको हावा
अन्तरिक्ष पार गरी
अनन्तमा बिलीन भयो ।

आज मातृस्नेहबाट वञ्चित भएको (दृश्य रूपमा) झण्डै तेह्रवर्ष बित्न लाग्यो २०३९ साल दशैंको महानवमीको दिन जमरा कोठामा उहांले भनेको सम्झन्छु जसको उल्लेख मैले– 'मैले साठीलाई छोएं' कविताम गरेको छु-

महानवमीको दिन बिहान
जमरा कोठामा
मेरी आमाले भन्नु भो -
'आज देखि तं साठी लागिस् ।'

यो छप्पन्न, फेरि नवरात्रको नवमी आउन लाग्यो, जसले उमेर बढेको सङ्केत दिने छ – अठहत्तर लागेको मेरो जीवनको खुट्किलोमा। त्यसबेला म आफैले उमेर को नयां खुट्किलो टेकेको सम्झना गर्नुपर्ने छ।

- कुमारीगाल, चाबेल
२०५६-५-१०

बडा दशैं २०५६ को
उपलक्ष्यमा समस्त ग्राहकवर्गमा
शुभकामना व्यक्त गर्दै
सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं
उत्तरोत्तर प्रगतिका लागि
नवदुर्गा भवानीसँग
मङ्गलमय प्रार्थना गर्दछौं ।

नेपाल अरब बैंक लिमिटेड
Nabil Bank
Nepal Arab Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O.Box: 3729, Kathmandu, Nepal.
Tel.: 429546-47, Fax: 00977-1-429548, Telex: 2431 NABIL H NP,
e-mail: nabil@.com.np
Web Page:http://www.travel.nepal-com/nabilbank

विजया दशमी २०५६ को
उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्गमा
सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि, दीर्घायु
एवं उत्तरोत्तर प्रगतिका लागि
नवदुर्गा भवानीसँग प्रार्थना गर्दछौं ।

नेपाल खानेपानी संस्थान
परिवार
त्रिपुरेश्वर, काठमाडौं

केही पुराना सम्झना

❑ मदनमणि दीक्षित

आफू नेपाल कम्युनिष्ट पार्टीको सदस्य रहेको मैले यस ठाउँमा आफ्नो जीवनतिर एकपटक पछाडि फर्केर फेरि हेर्नु आफ्नो निम्ति रुचीकर हुन लाग्यो ।

२०१३ सालको साउनमा मैले काठमाडौंतिर आफ्नो बसाई सर्दा म कम्युनिष्ट नेतृत्वको प्रान्तीय सचिवालय स्तरमा थिएँ । काठमाडौं आएपछि म पार्टीमा आंशिक समय काम गर्ने सदस्य रहें । केन्द्रीय कार्यालयबाट निस्कने पार्टीको मुखपत्रको लेखा शाखा मेरो जिम्मामा थियो । यो भन्दा पहिले केन्द्रीय समितिले दरभङ्गा (भारत) को मिथिला आर्ट प्रेसमा छपाई साप्ताहिक 'जनमत' भन्ने हिन्दी भाषाको आफ्नो मुखपत्र (अखबारमा स्वतन्त्र भनेर लेखिएता पनि) प्रकाशित गर्न थालेको थियो । सम्भवतः २०१२ सालको जेठमा त्यसको पहिलो अङ्क वीरगञ्जमा प्रकाशित गरियो । दरभङ्गामा छापेर ल्याई बीरगञ्जबाट प्रकाशन र बिक्री वितरण गर्दा त्रियुद्ध हाइस्कूलको सभाकक्षमा वीरगञ्जका विशिष्ट व्यक्तित्वहरू र बौद्धिकहरूको सभामा मैले 'जनमत'को पहिलो अङ्क विमोचन गरेको थिएँ । त्यसबेला 'जनमत'को सम्पादकमा गोपालचन्द्र गौतम र प्रकाशकमा वीरगञ्ज कै गणेशलाल श्रेष्ठ थिए ।

२०१३ सालको वैशाख ३ गते नेपाल कम्युनिष्ट पार्टीबाट आचार्य सरकारले प्रतिबन्ध समाप्त गरेपछि जनमतको प्रकाशन रोकेर त्यसमा काम गर्ने वीरगञ्जका सदस्यहरूलाई समेत काठमाडौं ल्याई पार्टीले नेपाली भाषामा 'मशाल'को नामले आफ्नो मुखपत्रको प्रकाशन शुरू गरेको थियो । पछि गएर सरकारले साप्ताहिक 'मशाल'मा प्रतिबन्ध लगाए पछि ने.क.पा.ले साप्ताहिक 'नवयुग' नाउँबाट नयां पत्रिका शुरु गऱ्यो । मशाल र नवयुग दुबैको मैले लेखा शाखामा काम गरेको थिएँ ।

'नवयुग'का केही अङ्कमा काम गर्दागर्दै मैले दैनिक 'हालखबर'मा काम पाएं तथापि त्यो पत्रिकामा रहन्जेल मैले बढी से बढी मात्रामा ने.क.पा. को प्रचार कार्यमा सघाउ पुऱ्याएं । मैले 'हालखबर'मा काम गरुञ्जेल त्यो अखबारमा एउटा पनि कम्युनिष्ट विरोधी समाचार छापिएनन् । २०१५ र २०१६ सालका दुई वर्षभित्र ने.क.पा. केन्द्रीय कार्यालय प्याफलमा जतिबटा प्रेस सम्मेलन भए अधिकाशमा प्रेसित व्यवहार र प्रेसलाई जवाफ दिने भाषाका कुरामा पार्टी नेतृत्वलाई मैले बढी से बढी र फलदायी सहयोग पुऱ्याएको हुँ भनी आज अभिमानका साथ म भन्छु । सम्वाददाताका प्रश्नलाई जवाफ दिन कम्युनिष्ट नेता विशेष गरी पोलीटब्यूरो सदस्य डी.पी. अधिकारी जान्दैनथे । त्यस्ता अवसर मा आफ्नो प्रश्नको रूपमा नेताका जवाफलाई प्रस्तुत गरेर म सहायता गर्न गर्थें ।

कम्युनिष्ट पार्टीको सदस्यको रूपमा मैले आफ्ना बारे २०१७ सालदेखि २०१९ सम्मका निकै कुरा यो पुस्तकमा मैले पहिले भनिसकेको छु । २०१९ देखि डेढबर्षसम्म श्री सुवर्ण शमशेरको निर्णयबाट नेपालमा बहुद्या भारती भूमिको उपयोग गरेर प्रजातन्त्रनिम्ति भनी सशस्त्र सघर्ष चलाइए । त्यो संघर्षलाई निन्दा गर्न पञ्चायत पक्षले अराष्ट्रियतत्त्व भन्ने शब्दको प्रयोग शुरु गऱ्यो । काठमाडौंका अखबार हरूमा 'अ.त.' भन्ने व्यापक प्रयोग हुन थाल्यो । नेपाली कांग्रेसलाई मेरो पत्रिका 'समीक्षा'ले सशस्त्र संघर्षको त्यो अवधिमा मात्र होइन कहिल्यै पनि ती दुई शब्दको प्रयोग गरेनन् ।

सुवर्ण शमशेरले भारतभूमिबाट नेपालमा चलाएको सशस्त्र संघर्षलाई मैले 'समीक्षा'मा समर्थन गर्ने कुरै थिएन । २०१३ वैशाखमा ने.क.पा. माथिबाट प्रतिबन्ध उठाउन महासचिव मनमोहन अधिकारीले समाजवादतर्फ सक्रमण निम्ति नेपालमा हिंसाको बाटो अनावश्यक भनी वक्तव्य दिएकोलाई मैले विश्वास गरेरै समर्थन गरेको थिएँ । नेपालमा कुनै पनि राजनीतिनिम्ति हिंसाको बाटो फलदायी त के उपयोगीसम्म हुन सक्तैन भन्नेमा विश्वास गर्ने कम्युनिष्टहरूको संख्या त्यसैबेला अधिक थियो । त्यसमाथि कम्युनिष्ट पार्टीको सदस्यता लिने भन्दा पहिले म वेदान्ती गीताको कर्मयोगवादी र गान्धीको अहिंसावादी चिन्तनको व्यक्ति थिएं । घरमा ठूला हतियार राख्नुलाई आज पनि म मानव घृणी र अपराधी

सुतेको छु । यी सबै लेख्न सक्छु, पेज भर्न सक्छु म । तर भर्दिनँ, किन 'थोर' गर्नु पढ्नेलाई ।

बरु अर्को एउटा 'थोर' नहुने कुरा भनूं । मेरो मामालीपट्टिका बाजे नानीबाबु सुब्बा (शिवनारायण जोशी घिमिरे) नेपालगञ्जतिरका व्यापारि हुनुहुन्थ्यो । अरू हिसाबले प्रबुद्ध बुद्धिजीवी भए पनि उमेरका हिसाबले उहाँ अलि रुढीवुढी मान्नु हुन्थ्यो रे । आफ्नो उमेर कसैले सोध्यो भने केही बढाएरै भन्नुपर्छ तत्र चाँडै मरिन्छ भन्ने परेको रहेछ उहाँको मनमा । त्यसैले पचास बर्ष उंभो लागेदेखि नै उहाँ आफ्नो उमेर सोध्नेलाई 'साठि वर्ष भएँ' भन्नु हुन्थ्यो रे । तर उहाँले त्यसरी भन्ने गरेको भए पनि कालको कानमा त्यो परेको रैनछ । उसले साठी पुग्नुभन्दा दुई वर्ष अघि नै उहाँलाई लिएर गएछ । तर घरपट्टिका भनें मेरा हजुर्वा (आफ्ना, सरदार राममणि) पनि र पिताजी (बाबाराजा, केदारमणि) पनि असी-नब्बे वर्ष बिताएर जानुभएको हो । मामाघरमा बाजेको गोत गएको भए म 'गएको' पनि बाह्र वर्ष भैसक्ने थियो । अब घरको गोत जाने हो भने १०/१५ वर्ष अझै मेरो भागमा पर्ला भन्ने आशा गरूं ।

'आशा गरूं' त भने मैले । तर किन आशा गर्ने, केको आशा गर्ने ? समजीले भन्नु भएकों होइन र–

'..... संख्या बढ्यो केवल वर्षको
यसको मूर्खता उस्तै छ, जस्तो पहिले थियो ?'

उमेरमात्र बढेर के हुन्छ ? वर्ष वृद्धिले वृद्धि र विवेकको वृद्धि भएन भने के फाइदा हुन्छ ! – भन्ने लाग्छ मलाई । उमेरका हिसाबले मलाई 'वयोवृद्ध' भन्न थालेका छन् अचल । ठाउंठाउंमा समारोहहरूमा सभापति बन्न बोलाउंछन्, कतै मुख्य अतिथि बनिदिन पऱ्यो पनि भन्न आउंछन् । त्यस्ता समारोहहरूबाट म सकेसम्म पन्छिन खोज्छु । तैपनि लाज र गाललै गर्दा कतै त पुग्नै पर्ने हुन्छ । यच्चिनै पर्ने हुन्छ । आफूले नदेखे पनि अरूले देखेछन् मेरो खुबी – भनेर लेखनाथको सुगाले जस्तै दोहोराइ रहन्छु म –

दैव दिएथ्यौ तिमिले एक मीठो बोल्ने शक्ति विवेक
पाइ रहेछु सोह्रीद्वारा बन्धन, गाली, घुर्की सारा ।

अब साँच्चै नै, यो सत्तरी वर्ष पुग्दा मेरो खास उपलब्धि के त भनेर घोत्लिन थालें म – अस्ति 'दायित्व'का सम्पादकको फोन आएपछि । एक पत्नी, दुई छोरा, एक छोरी, चार नाति, तीन नातिनी, एउटा घर, अलिकति बिघा, केही किताप, थोरै नाम यत्ति हो मेरो भन्नु । संसार घुमेको छु भनूं, धेरै नसके पनि ससारको एक फन्को लगाएको छु । केही कम्पनीहरूमा लगानी गरेको छु, सचालक, अध्यक्ष पनि भैटोपलेको छु । तर तिनलाई उपलब्धि भन्न सक्तिनं म । किनभने व्यापारी, उद्योगपति भनेर मलाई अरूले भने पनि ममा न व्यापरिक गुण छ न उद्योगपति हुने सीप छ । 'उपलब्धि के हो त तेरो ? ल किटेरै भन्' भनेर कसैले मलाई च्याखुच्याखुती पाऱ्यो भने करेले मैले मदन पुरस्कार पुस्तकालयको नाम लिनुपर्छ । मदन पुरस्कार गुठीको नाम लिन म सक्तिनं, किनभने यसको सस्थापनमा केही सहयोगी भए पनि त्यसलाई उभ्याएको मैले होइन, रानी जगदम्बाले हो । तर पुस्तकालयको जश चाहिं कसैले दिन चाहन्छ भने मलाई दिए हुन्छ, किनभने मेरो तन, मन, धन र सीप साधन सबै लागेको छ यसमा ।

यत्ति हो । नठोकें भन्दाभन्दै पनि मैले आफ्नु ड्म्फु धेरै ठोके तर त्यसको दोष मलाई नलागोस् । दोष हो यो भने त्यो हो– 'दायित्व'का सम्पादकको ! साउन २०५६

यस वर्ष (२०४८) को दशैंतिहार सबैका लागि सुखमय रहोस् ।

उन्नत खेती र उद्योग व्यवसायः सबैको संलग्नता
कृषि विकास र गरिबी निवारणः हाम्रो प्रतिबद्धता

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीलाई ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैंकिंग सुविधाहरू प्रदान गर्दछ ।

हामा प्रमुख प्राथमिकताका क्षेत्र विशेष गरी कृषि विकाससंग सम्बन्धित छन् । यसको लागि हामी सुलभ ब्याजदरमा सस्थागत ऋणहरू उपलब्ध गराउंछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । देशको समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैंकको कार्यहरूमा रचनात्मक ढङ्गले सहभागी होऔं ।

कृषि विकास बैंक
मुख्य कार्यालयः रामशाहपथ, काठमाडौं
फोन नं. : २६२८८५/ २६२५९६

'दायित्व'-को, सम्पादक को !

❑ कमल दीक्षित

दायित्व'ले बूढा-बूढीहरूको जोहो गर्न लागेछ– यो वृद्ध वर्षको निहुँ पारेर । राम्रो कुरा हो तर त्यो बूढाखाडाको हुलमा मलाई पनि सामेल पार्ने रे ! यो नराम्रो भो मेरा लागि !

म कहाँ बूढो भएँ र ? भन्छ मेरो मन । तर जन्मेको वर्ष गनेर हेर्छु त सत्तरी पुगिसकेछु । २०१५ सालमा तेह्रथुम, धनकुटातिर पुग्दा 'हजूर कुन साले !' भनेर सोद्धा अलमल्ल परेको थिएँ म । पछि, बुझेपछि 'म छयासी साले' भन्न सिकेको थिएँ । । छयासी सालमा जन्मेपछि छपन्न सालमा सत्तरी त पुगियो नै, उमेर र धुवाँ लुकाएर लुक्छ र ?

अस्ति भर्खर हो, मोटर ड्राइभिङ् लाइसेन्स नवीकरण गर्नु पऱ्यो । पैलेपैले किताप जस्तो लाइसेन्सबुक हुन्थ्यो, अब प्लास्टिकले बेरेको कार्ड दिंदो रहेछ । फेर्न पठाएँ आफ्नो ड्राइभरलाई पुरानो लाइसेन्सबुक बोकाएर । त्यो किताप हेरेर दर्ता गर्नेले सोध्यो रे ड्राइभरलाई 'तपाईको हाकिम यति बूढो भएर पनि अझै गाडी हाक्नु हुन्छ ?' ।

भएन अब ? आफूले आफूलाई बूढो नमानेर के गर्नु - 'ट्राफिक' का प्रहरीले बूढो भनिदिएपछि, अनि 'दायित्व'-का सम्पादकले समेत बूढोमा दर्ता गरिदिइ सकेपछि !

हुन त सत्तरी वर्ष पुगेको फाइदा पनि अलिकति हुँदो रहेछ । पैला त श्री ५ को सरकारले दिने 'एकसय रुप्पे' को मासिक भत्ता नै पाइने । ऐलेसम्म छोराहरूले मलाई त्यो भत्ता थाप्न दिएका छैनन् तर हकको कुरो हो, त्यलिई कहाँ छाडुँला र ! अर्को कुरो, मेरो यो फुलेको कपाल, पाकेको दाढीजुँगाले मलाई हुनुसम्म गऱ्यो नि ! मलाई कलाकार, सिनेमाको हिरो बनाइदिएको होइन यी दाढीजुँगाले ? भानुभक्तको बाजे श्रीकृष्णको रोल मलाई दिन डाइरेक्टर यादब खरेललाई मेरो त्यही बूढो रूपरङ्गले सगाएको होइन ? कल्ले भन्न सक्छ होइन भनेर ?

भानुभक्तका बाजे श्रीकृष्ण आचार्य भएर सिनेमा खेलेकोमा धेरैतिरबाट बधाइ खाएँ, धन्यबाद पाएँ । खुशी नै लाग्यो । तर एकजना साहित्यिकले भनेका कुराले भने चस्स छोयो मलाई । उहाँ मेरो हितैषी हुनुहुन्छ, माया गरेर नै मलाई भन्नुभएको हो उहाँले, त्यो मलाई थाहा छ । भए पनि के हो त भन्ने लागी रह्यो । उहाँले भन्नुभएको थियो – 'दीक्षितजी, तपाईले चालीस-पचास वर्षदेखि साहित्य सेवा गरेर जति ख्याति आर्जन गर्नुभएको थियो त्यसभन्दा बढी चर्चा तपाईको यो आधा घण्टाको अभिनयले पायो । साहित्यसेवा त ओझेलमा पऱ्यो नि' रे !

मेरो अभिनयको चर्चा नभन्दै धेरै नै भयो तर त्यो क्षणिक कुरा हो । दुई/चार महिनापछि त्यसका बारेमा मान्छेले बिर्सिन्छन्, तारिफ पनि गाली पनि आउन छाड्छन् भन्ने मलाई विश्वास छ । 'गाली' भने मैले यहाँ । हो, गाली पनि खाएको छु– मैले यो अभिनय गरेर । कुनै पत्रकारले पैसा कमाउन फिल्म खेल्न गएको भने । अर्कोथरि आफन्तैले भनेछन्– 'त्यस्तो ठूलो मान्छेले त्यो बुढेसकालमा के रोल खेलेको त्यस्तो ! बेइज्जत नै भयो' रे । कल्ले भनेको पत्याउनु, कसको कुरा नपत्याउनु ? तर चाँडै नै यी यस्ता चर्चा सेलाउलान् भने माथि मैले । म ढुक्क छु ।

बुढेसकालको कुरा सुन्न खोज्नु भएको थियो – सम्पादक रामप्रसाद पन्तले । गन्थन भयो । बूढाबूढीको कुरा यस्तै गन्थन नै हुन्छन् । सुन्नेलाई झर्को लाग्छ - बूढाहरू भन्दै जान्छन्, बोल्दै जान्छन् । सबैभन्दा धेरै बूढाहरू आफ्नो रोगको बारेमा बोल्छन् । बोलिरहन्छन् । आफ्ना बास्तबिक रोगका कुरा पनि, नभए काल्पनिक रोगको कुरा उठाएर पनि । आफ्नो घुँडा दुखेको कुरा पनि उनीहरू दिनभर गरिरहन सक्छन्, पेट गडबड भएको पनि । भने म किन पछि परुँ ?

भनूँ ! मेरो पनि साधारण ब्लडप्रेसर (रक्तचाप) छ । रगतमा कोलेस्ट्रलको मात्रा पनि केही बेसी छ । लडेर कैले मैले हात भाँचेको छु, कैले खुट्टा । महिनौं हस्पिटलको पलङमा

मनोवृत्ति ठान्ने गर्छु ।

सुबर्ण शमशेरको सशस्त्र कारवाहीलाई मैले अखबारबाट बिरोध गर्न थालें । मेरा भनाइ थिए –

(क) भारतमा बसेर नेपालमा राजनीति गर्ने होइन,

(ख) नेपालमा राजसंस्थाको बिरोध गर्नु हुँदैन ,

(ग) प्रजातन्त्र निम्ति शान्तिपूर्ण संघर्षका सबै उपायहरूलाई क्रमश उपयोग गर्नुपर्छ । हतियार उठाएर ल्याइने प्रजातन्त्र दिगो हुँदैन ।

२०२३ सालसम्म कम्यूनिष्ट पार्टीका समाचारहरू दिंदा सरकार त्यति वास्ता गर्दैन थियो । तर काठमाडौं-कोदारी बाटो योजनालाई कम्यूनिष्ट पार्टीले समर्थन गरेको समाचार दिंदा अञ्चलाधीशले मलाई बोलाएर 'भविष्यमा कुनै पनि पार्टीको नाउं लिएर समाचार दिएमा सरकारले कारवाही गर्नेछ' भनी मौखिक तौरमा जानकारी दिए ।

०२२ बा ०२३ सालतिर बिराटनगरमा नेपाली कांग्रेस र आफूलाई कम्यूनिष्ट भन्ने (२०१९ सालमा ने.क.पा.बाट फुटेर गएका तथा बनारस कांग्रेसको प्रभावमा रहेका) हरू बीच निकै भनाभन र हातपात समेत हुने गरे । एउटा पक्षलाई गोबर र अर्को पक्षलाई स्थानीयहरू खरानी भन्ने नाउं दिन थाले । त्यस्ता नाउं कस्ले दिएको हो मलाई थाहा छैन । तर सडकमा साइकिलको सिक्री र छुरा तथा ढुंगा-मुढा समते उपयोग हुने गरेको ती झगडालाई 'गोबर र खरानीको संघर्ष' भन्ने गरेको थियो ।

वर्ष दिनपछि एक दिन काठमाडौं भूगोलपार्कमा मेरा एक मित्रसित भेट भयो । बिराटनगरमा गोबर र खरानीबीच संघर्ष चल्दा मेरा ती मित्र कोशीमा सहायक अञ्चलाधीश थिए । त्यो झगडा मथर भएपछि ती सहायक अञ्चलाधीशलाई गण्डकी अञ्चलको सहायक अञ्चलाधीशका रूपमा पोखरामा सरुवा गरिएको थियो । ती सज्जन आज उच्च कुटनैतिक सेवामा छन् । त्यो दिन भूगोलपार्कमा तिनीसित भेट हुंदा मैले कोशीमा तिनले ती झगडा गराएकाबारे उल्लेख गरेर अब उही कुरा पोखरामा पनि शुरू गर्नु भएछ । यस्तै उपायद्वारा दलविहीनतालाई जोगाउने बिचार गर्नु भएको हो कि ? भनी सोधें । तिनको जवाफ थियो– 'बिराटनगरमा कांग्रेस बलियो भएको हुनाले कम्यूनिष्टलाई उचालेको हुं, पोखरामा कम्यूनिष्ट बलिया छन्, म कांग्रेसलाई उचालिरहेको छु । त्यसरी ती दुवैलाई भिडाएर दुर्बल

पारेपछि पञ्चायत बलियो भै हाल्छ नि !'

मलाई साह्रै हांसो उठ्यो । ती सहायक अनुसार त्यसबेला म 'कम्यूनिष्ट बिरोधी' मात्रै होइन पुष्पलाल गुट समेत बिरोधी रहेकोले त्यसरी हांस्नु ठीकै थियो । ती सहायक अञ्चलाधीशको बुद्धिलाई प्रशंसा गर्नै पर्छ ।

२०२१ सालको भूमिसुधार ऐन र कार्यक्रमबारे मैले पहिले भनिसकेको छु । त्यो ऐन भूमि समस्याबारे बिश्रृंखलित चिन्तनबाट जन्मेको थियो । तथापि त्यो भूमि सुधारले नेपालमा शहरमुखी र बजारमुखी मध्यमवर्गीलाई जन्मायो । मध्यमवर्ग भनेको धनी र गरीबबीचको मझौलो जनसमुदाय मात्र होइन । त्यो त्यस्तो नयां समुदाय हो जसको आफ्नो मनोवैज्ञानिक, सांस्कृतिक र व्यवसायगत छुट्टै परिचय रहन्छ । कार्लमार्क्सले भनेको 'पेट्टी-बुर्जुवा' हो मध्यमवर्ग । भूमिसुधार ऐनले नेपालमा नयां वर्गको रूपमा पेट्टी बुर्जुवाको स्थापना गर्न थाल्यो ।

मैले हेर्दा त्यो नयां वर्ग २०१९ सालपछि नेपालको साहित्यिक फांटमा पनि प्रकट भयो । २०१९ देखि नेपाली साहित्यमा एउटा स्तुतिबादी लेखक अङ्ग देखा पर्न थाल्दा मध्यमवर्गका अर्कोयरीका लेखक कबिहरू निस्सारता, शून्यता, नैराश्य र पलायनबादी चिन्तनयुक्त देखा पर्न थाले । त्यसबेलाका 'अमलेख', 'राल्फा', बुटपालिश' तथा 'अस्वीकृत जमात'हरू त्यही निस्सारताबादी पलायनबादी प्रवृत्तिका लेखक थिए । तर त्यो प्रवृत्तिले नेपाली माटोमा आफ्नो खुट्टा जमाउन सकेन । २०२७ सालदेखि लेखक कबिहरूको त्यस्तो नयां जमात देखा पर्न थाल्यो जसले कानूनको परिधिभित्र रहेर पञ्चायत व्यवस्था भित्रका द्वन्द्वलाई ठूलो जनसमूहमा रहेको प्रजातान्त्रिक आकांक्षालाई शक्ति पुऱ्ने गरी उचाल्न थाल्यो । ती वर्षहरूमा समीक्षामा मैले छापेका कबिताहरू तथा नेपाली कबिहरूको तस्वीर र बिचारहरूमाथि ध्यान दिएमा मेरा कुरा प्रष्ट हुनेछन् । प्रजातन्त्र र जन आकांक्षाको पक्षमा साहित्यलाई उपयोग गर्ने त्यो प्रयासमा म मात्रै थिइनं । त्यसबेलाका सामयिक सङ्कलनहरूका सम्पादन पनि मैले गर्नेकै दिशामा हुने गर्थें । परिणामस्वरूप साहित्यकार र सरकारबीच बिभाजन र द्वन्द्व २०२७ सालपछि क्रमशः बढ्दै गयो ।

पञ्चायत व्यवस्थाको इतिहासमा २०३२ साल बिचित्रको वर्ष जस्तो हुन पुग्यो । २०३२ सालको फागुनमा

दोस्रो 'संविधान सुधार सुझाव आयोग' गठन भयो । त्यो आयोगले मेचीदेखि महाकालीसम्म भ्रमण गरेर विशेष गरी शिक्षित मध्यमवर्गका साथै धनी किसान र ठूला उद्योगपछि व्यापारीसित संविधानमा के-कस्ता संशोधन चाहिएका छन् भन्नेबारे राय माग्ने काम गऱ्यो । समीक्षा मार्फत मैले बालिग मताधिकारमा आधारित प्रत्यक्ष निर्वाचनद्वारा विधायिकाको गठन भन्ने माथि जोड दिएं । त्यो विचार निकै आकर्षक रूपबाट स्वीकृत हुँदै गयो । २०३३ को असारमा पुग्दा बालिग मताधिकारमा आधारित प्रत्यक्ष निर्वाचन भन्ने पक्षमा राष्ट्रव्यापी जनमत सृष्टि हुन थालेको मैले अनुभव गरें । बैशाख २०३३ को एक दिन डा. तुलसी गिरीसित भेट र मेरा कुराकानी हुँदा तिनले मलाई साह्रै ठूलो राजनीति छट्टू भने । दलविहीन व्यवस्थामा बालिग मताधिकारको अर्थ पार्टीको जन्म तथा दलविहीनताको मृत्यु ठहरिन्छ भन्ने तिनको भनाइ थियो । 'निर्दलीयतालाई केही नभनी त्यसका निम्ति क्लमद्वारा तपाई फराकिलो चिहान खनी रहनु भएको छ' भनी डा. गिरीले ममाथि आरोप लगाए । सत्य कुरा पनि त्यही थियो । तर डा. गिरी सामु त्यो आरोपलाई मैले इन्कार गरें । मैले भनें–संसारका देशहरूका राजनीतिक इतिहासहरूमा पार्टीहरूले बालिग मताधिकारद्वारा प्रत्यक्ष निर्वाचन ल्याएको देखिएको छ । बालिग मताधिकार आफैले कहीं कुनै राजनीतिक संगठन जन्माएको छैन ।

तर मेरो त्यो भनाइ हठवादी तर्क मात्र थियो । डा. तुलसी गिरीसित २०१८ साल चैत्रदेखि नै मेरो कुराकानी भएको थियो । राजनीतिक व्यक्तिहरूसित म मित्रता बढाउँदिन तर मित्रता बढाएपछि त्यो सम्बन्धलाई म यथासम्भव कायम राख्ने गर्छु, सम्बन्धको रूपमा घृणा या प्रेम जे जस्तो रहेको होस् । तुलसी गिरीले मलाई पञ्चायत व्यवस्थाभित्र तान्न शुरुदेखि निकै कोशिश गरेका हुन् । तिनले कैयौं प्रलोभन पनि दिए । म दलविहीनतालाई स्वीकार गर्न सक्तिन भन्नेमा सधैं अड्ने गरें । तुलसी गिरी भन्थे–पञ्चायत भनेको निर्दलीय होइन कि एक दलीय व्यवस्था हो ।' म भन्थें– यो कुरा सत्य हो भने मन्त्रीपरिषद्बाट यही कुराको आधिकारिक घोषणा गराएर स्थानीय स्वायत्त शासनका पञ्चायत एकाइभन्दा पृथक् पञ्चायत राजनीतिक संगठनका तह र नेतृत्व खडा गर्नुस् म यसमा प्रवेश गर्नेछु ।'
त्यसरी आधिकारिक घोषणा गर्न त मिल्दैन– तुलसी गिरी । 'त्यसैले त यो एकदलीय व्यवस्था होइन'– मेरो जवाफ ।

पञ्चायत संविधानमा दोस्रो संशोधन कुन दिशामा हुने भएको थियो तर कुन दिशामा हुन गयो भन्ने पनि रोचक कथा छ । २०३३ को जेठमा भारतकी प्रधानमन्त्री श्रीमती इन्दिरा गांधीले भारतमा सङ्कटकालीन स्थितिको घोषणा गरिन् । 'भारतमा अब २५ वर्ष निम्ति प्रजातन्त्रको उन्मूलन भयो', यस्तो अवस्थामा नेपालमा श्री ५ महाराजाधिराजबाट प्रजातन्त्रतिर कुनै पनि शोक गरिबबसनाले मुलुकलाई हानि हुनेछ' भनी डा. तुलसीले श्री ५ मा बिन्ती चढाउ गर्छन् भन्ने सुनिन थाल्यो । २०३३ सालका ती केही साता त्यस्तै हल्लामा काठमाडौं डुबेको थियो । डा.गिरीले श्री ५ मा त्यस्तै बिन्ती गरेको हुनुपर्छ भन्नेमाथि अझै पनि मेरो विश्वास छ । बालिग मताधिकारको पक्षमा राष्ट्रव्यापी जनमत देखा परिसकेकोलाई केरमेट गर्नु पनि सजिलो थिएन । डा.तुलसी गिरीले अर्को उपाय भिके । 'गाउँ पञ्चायत स्तरसम्मका सभापतिहरूमा सभा बोलाएर त्यो सभाद्वारा बालिग मताधिकार आधारित प्रत्यक्ष, निर्वाचनको सुझावलाई सारेज गर्नेगरी प्रस्ताव पारित गर्ने' भयो पनि त्यस्तै । त्यसबेला बिराटनगरका नगेन्द्रप्रसाद रिजाल नेपालका प्र.म. थिए । नेपालको इतिहासमा ती रिजाल जाति बढबुद्धि अर्को कुनै व्यक्तिले प्रधानमन्त्री वा मुख्तियारको पद पाएको थिएन । तुलसी गिरीको सल्लाहमा र नगेन्द्रप्रसाद रिजालको निर्णयबाट ६ भदौ २०३३ को साँझ मेरो समीक्षा लगायत सातवटा अखबारमाथि बिना कारणले बन्द लगाइयो । एउटा दिशामा जनमत बुझ्दै आएको संविधान सुधार सुझाव आयोग पलट अर्को दिशामा पल्टियो । आफूलाई महान् क्रान्तिकारी ठान्ने पहिले ने.क.पा. का पोलिटब्यूरो सदस्य रहेका डी.पी. अधिकारी र पहिले नेपाली काँग्रेसका महासचिव भइसकेका श्रीभद्र शर्माले त्यसरी फनक्क घुमेर उल्टो बाटो हिड्दा रौं प्रमाण पनि लाज मानेनन् ।

संविधानमा दोस्रो संशोधनले शुरूमा बालिग मताधिकारको आधारमा राष्ट्रिय पञ्चायतको प्रत्यक्ष निर्वाचन भन्ने आधार लिएको थियो । तर अन्त्यमा गएर व्यवहारमा पञ्चायतका तहहरूका निर्वाचनलाई यथार्थमा खारेज गर्ने रूपको संशोधन गर्न पुग्यो ।

- - -

नछोड्नु हाला है !' भन्ने अन्तिम उपदेश दिएर २०१५ मा सदाका लागि विदा हुनुभएको घटनाले पनि छन्द छोड्न मन लागेन । भीमनिधि तिवारी जस्ता सफल छन्दोवादी कविले पछि गएर कविको उचित मूल्याङ्कन र कदर नभएकोमा – 'जसमा सुन-पित्तल, हीरा, काँच छान्न नसक्ने अज्ञान हुन्छ ऊ नै बडो बुद्धिमान हुन्छ
जसले ज्यादा पच्छर डोलायो उसैको उत्थान हुन्छ
काम गर्नाको पनि एउटा विधान हुन्छ
सुन्नेको निम्ति तुच्छ कुरा भोग्नेको निम्ति महान् हुन्छ
मर्मस्थलको सूक्ष्मतन्तुमा कलाकारको ज्यान हुन्छ
कला व्यञ्जन गर्न नपाए आत्माको अन्तर्घात हुन्छ
त्यो वेदीमा नटेक साथी । जहाँ गधाको गोदान हुन्छ'

जस्ता धुप्रै व्यंग्य कविताको झटारो हानेर आत्मसन्तोष लिन पुगें । तर पनि मैले कवि शिरोमणि लेखनाथ पौड्यालको समेत सङ्गतको संस्कारले–
'मिलेका छन् मात्रा, लघु-गुरू मिलेको छ विरति
सबै छोटा-लामा लय मिलित छन् छन्द अझ ती
मिलेको शैली त्यो, मिलित पद विन्यास - रचना
अमिल्दो निस्कन्थ्यो कसरी उनको काव्य-कलना'

जस्ता पङ्क्तिको अमिट छाप परेकोले फूटकर कविता खण्डकाव्य एवं महाकाव्य, स्वच्छन्दानुवाद तथा शास्त्रीय समीक्षा समेत तथा संस्कृत कवितासङ्ग्रह शुद्धगरी अठारओटा कृति आजसम्ममा प्रकाशित भइसकेका छन् । जस अनुसार समीक्षा, जीवनी, हास्यव्यङ्ग्य जस्ता विधामा कलम चलाए तापनि प्रमुख काव्य-विधा अपनाइएको भए पनि आजसम्म कुनै उच्च पद हासिल गर्न नसकी शिक्षण पेशामा जीवन-यापन गरी विभिन्न अभिशाप समेत भोगेर हाल केवल गीता, भागवत जस्ता अध्यात्म परक ग्रन्थ हेरेर दिल बहलाउन खोजी पिता मणिदत्त पन्त र माता ललिता देवीको एकमात्र सन्तान भई जन्मेर पनि जुनीको सार्थकता साक्षात्कार गर्ने कुरा खरायोको सींग जस्तै भएर गइरहेको छ ।

वि.स. २०१२ देखि मैले सङ्गत गरेका कविहरू: कवि शिरोमणि लेखनाथ पौड्याल, कविवर भीमनिधि तिवारी, नाटककार बालकृष्ण सम, कवि सिद्धिचरण श्रेष्ठ, कवि माधवप्रसाद घिमिरे, एकदिन र एकछिनको मात्र भए पनि मार्मिक संभेना दिने कविहरू: प. चक्रपाणि चालिसे महाकवि लक्ष्मीप्रसाद देवकोटा र प. माधवप्रसाद देवकोटा (पाल्पा) हुन् ।

सामान्य परिचयमा नमस्कारको आदान-प्रदानमा धुप्रै कविहरू नाम दिएर साध्य नभए पनि अभिन्न मित्रका रूपमा कृष्णप्रसाद पराजुली, कमलमणि दीक्षित आदि सारांशमा मेरा आत्मस्मरणका क्षणहरू यति नै हुन् ।

आजको साहित्यिक गतिविधि:

आफ्नो पूर्वीय परम्परा एवं राष्ट्रिय मौलिकता भन्ने विषयलाई बिलकुलै बिर्सेर पश्चिमी शैलीमा अन्धो अनुकरणमा काव्य लेख्ने आफैले लेखेको कविताको व्याख्या पनि गर्न नसक्ने कविहरूले नातावाद, कृपावाद, चाकडी, चापलुसीका आधारमा ठूलो पद लिन पुगेका कोरा राजनैतिक नियुक्ति पाएको वर्तमान देख्ता यति क्षणिक वर्तमानमा पनि निष्पक्ष मूल्याङ्कनको आधारमा आत्मसन्तोषको अनभुव गर्न नपाएकोमा अनिश्चित भविष्यको निमित्त कुनै कुरो पनि सोच्न मन नलाग्ने निराशावादी प्रवृत्तिले हृदयमा अखडा जमाएको छ । वास्तवमा भावी पिंडीहरूले आजको दूषित वर्तमानबाट कस्तो ऐतिहासिक प्रेरणा लिन पाउलान् ? भन्ने चिन्ताले पनि चिमोटेको अनुभव हुन्छ ।

आफ्नोलागि घर शून्य, संसार शून्य तथा हृदय पनि शून्य भइसकेको छ आँसुले जिन्दगी रित्तिएको छ, यो रित्तो जीवनमा अलिकति भए पनि विवेकको ज्योति कतैबाट आइदिए एकछिन भए पनि अध्यारो दिल उज्यालिने थियो कि ? तर आजको व्यक्तिवादी स्वार्थी समाजले भरिएको राजनैतिक जमानामा त्यस्तो विवेकको आशा गर्नु पनि खरायोको सींग हो जस्तो लागिसकेको छ । हाल उमेरले सत्तरी शिशिर पनि पार गरिसकेको छु ।

- - -

बडा दशैं २०५६ को सुखद् उपलक्ष्यमा
हाम्रा समस्त ग्राहक महानुभावहरूमा
हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त
गर्दछौं ।
सोल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड समुह
परिवार ।

आफैलाई सम्झन खोज्दा

❑ भरतराज पन्त

अतीतका विशेष अनुभवहरूलाई मीठो भाषामा बटुलेर वर्तमानमा ल्याउनुलाई संस्मरण भनिन्छ होला । अध्यात्मवादीहरू 'अतीतलाई बिर्सिदिनु पर्छ' भन्छन् तर अतीतलाई साँच्चै नै बिर्सिदिने हो भने इतिहास पाउने सकिदैन, त्यति मात्र कहाँ हो र ? पुराण, उपनिषद्, वेद पनि अतीतकै गर्भमा त रहेका छन् नि ! तिनीहरूबाट वर्तमानले प्रेरणा लिने भन्ने कुरो पनि हराउँछ, त्यसैले बितेका कुरा सम्झन खोज्दा आवश्यक र अनावश्यक केलाउन पर्छ होला अनि मात्र अभिशाप र वरदान छुट्याउन सकिएला !

अब अतीतबाट प्रेरणा लिने कसले ? वर्तमानले कि भविष्यले ? वर्तमान त एक निमेषमै भूत भइहाल्छ, भविष्य कसैको पनि निश्चित हुँदैन । त्यसैले व्यक्तिवादी सोचाइले भन्दा समाजवादी सोचाइले भविष्यका लागि नै प्रेरक होला भन्ने अड्कल गर्न सकिन्छ । त्यसैले आत्मसंस्मरणकी विविध पक्षहरूमा क्षणिक भए पनि वर्तमान र अनिश्चित भए पनि भविष्यको लागि प्रेरक सम्झेर कोट्याउन खोज्दा सबै पक्ष होइन कुनै एउटा पक्ष लिन् पर्ला ।

त्यसैले यहाँ म आफ्नो संस्मरणलाई साहित्यिक प्रेरणा भित्र सीमित राखेर त्यसैको सिलसिलामा आफ्नो कलमलाई अघि बढाउँछु – मेरा पितामह (बाजे) लक्ष्मीदत्त पन्त नेपाली साहित्यका माध्यमिककालीन कवि मोतीराम भट्टका अभिन्न मित्र हुनाले मोतीमण्डलीका सक्रिय सदस्य थिए । मेरा पिता मणिदत्त पन्तको पासा खेल्ने साथीका रूपमा कवि लेखनाथ पौड्याल थिए तापनि आशुकवि शम्भुप्रसाद ढुंगेलसित अभिन्न मित्रता थियो । बि.सं. १९७७ मा सुब्बा कृष्णलाल अधिकारीले लेखेको 'मकैको खेती' भन्ने किताबमा भूमिका लेखेवापत वारेन्ट लागेर शम्भुप्रसाद बिदेशिए पछि आफूले लेखेका कृतिहरू जलाएर साहित्यबाट सन्यास लिए भन्ने कुरो अन्यत्र पनि लेखेको छु । अर्कोतिर लक्ष्मीदत्त पन्तले लेखेको श्री हरिश्चन्द्र वर्णन, काव्य तत्कालीन सुब्बा मरीचमान सिंहले वि.सं. १९५९ मा आफ्नो नाममा प्रकाशित गरिदिएको र लक्ष्मीदत्त पन्तको १९६२ मा निधन भएको घटनाले पनि साहित्यिक कार्यबाट हताश हुन परेका पनि थियो ।

मेरा पिता मणिदत्त पन्तको बि.स. २००० मा निधन भइदिंदा मेरो १४ वर्षको उमेर थियो । कठिन परिस्थितिमा संघर्ष गरेर संस्कृत साहित्यमा आचार्य र नेपाली साहित्यमा एम.ए. पास गरियो । आफ्नो आनुवंशिक संस्कार बि.सं. २००७ सालको क्रान्तिले बिउँझायो । २००८ मा 'गोरखापत्र'मा र २००९ मा 'प्रतिभा' मासिक पत्रिकामा कविता छापिंदा के के न भए जस्तो भयो । पिताजीका साथी हुनाले कवि शिरोमणि लेखनाथ पौड्यालसित अटूट पन्धवर्ष सङ्गत गरियो । त्यसैले मलाई शास्त्रीय छन्दका कविता बढी मन पर्न लागेको हो ।

लक्ष्मीदत्त पन्तकी बहिनी बोधकुमारी यज्ञनिधि तिवारीसित विहा भइन् । तिनबाट पुर्ण्यनिधि, लालनिधि, रेवनिधि तीन छोरा भए । लालनिधिलाई म माहिला काका भन्थें । उनका छोरा भीमनिधि तिवारी मभन्दा अठार वर्ष जेठा थिए । उनी साइकल चढेर मेरा पिताजी कहाँ बराबर आउँथे र मलाई साइकलमा राखेर घुमाउँथे । त्यतिखेर साइकल जस्तो सवारी साधनको पनि बढी महत्त्व थियो । पछि पिताजीको निधन पश्चात् आफूले लेखेका केही श्लोकहरू देखाउन लगें भीमनिधि तिवारीलाई । ज्यादै खुशी प्रकट गरे उनले । आजकल गद्य कविता लेख्ने चलन आएकामा छन्द लेख्न नसकेर त्यस्तो चलन आएको भन्ने कुरा दाइबाट सुनें । अनि छन्दमै हात बढाएं । बि.सं. २०११ फागुन ३० गते श्री ५ त्रिभुवनको स्वर्गवास भयो । दाहसंस्कार हुँदा पनि गद्ययो । त्यसैको सम्झनामा स्रग्धरा छन्दमा श्लोक रचना गरेर भीमनिधि दाइको मन्तव्य पनि राखेर ०१२ साल असार १७ गते सानु पुस्तिका प्रकाशित गर्न पाउँदा के के न गरें जस्तो पनि लाग्यो ।

त्यसै साल यो पुस्तक पं. चक्रपाणि चालिसेज्यूलाई घरमै गएर उपहार गरेपछि बाटामा भेट हुँदा उहाँले – 'बाबुको छन्द: साधना राम्रो लाग्यो, छन्दमा कविता लेख्न

जीवनका आरोह अवरोहहरू

❑ हरि श्रेष्ठ

शिक्षाप्रति झुकाव भएपनि मेरो बाल्यकालले एउटा निश्चित बाटो समात्न सकेन । मलाई सिकाइदिने कोही नभएको, मैले भन्न खोजेको हुँ । बाह्रखरीसम्म त घरैमा पढियो । त्यसपछि अँग्रेजीमा फर्स्टबुक आफ्नै नातेदारको घरमा पढें । पारिश्रमिक दिन नपरेपनि प्रत्येक बिहान मरु बजारबाट तर्कारी बोकेर यंगालसम्म लैजानु पर्थ्यो । दिइएको पाठ कण्ठ गर्नु सिवाय अर्थ बुझ्नु नपर्ने त्यसबेलाको शिक्षापद्धति नै थियो । त्यसैले मेरो उमेर १०/१२ वर्ष पुगिसक्दा पनि मैले 'शब्द' भन्ने कुन चीज हो थाहा पाउन सकिनँ ।

०९० सालको भूकम्पपछि मलाई मेरा साथीहरूले सेस्ता पाठशालामा भर्ना गर्न लगे । सेस्ता पाठशाला त्यसबेला अहिलेको विश्वज्योति सिनेमा भवनको अगाडि थियो । त्यहाँ पनि भूगोल त पढाइन्थ्यो तर म्याप थिएन । त्यसैले सात देशहरूको नाम र त्यसको राजधानी कण्ठ भएपनि त्यो देशको भू-बनोट, वातावरण एवं जनसंख्याबाट म बिल्कुल अनभिज्ञ थिएँ । यति मात्रै होइन, सरलको हिसाब गर्दा पहिले कुन चाहीं चिन्हको कसरी गर्ने अर्थात् 'B D MAS" को सिद्धान्तबोध ममा थिएन । यो सिद्धान्त नभने पनि यसरी गर्ने भनी सिकाइएको हुनुपर्छ, तर म अलमल्लमा परें । यो अलमल दुई वर्षसम्म नै यथावत् रह्यो । १६ वर्ष नपुगी जाँच दिन नमिल्ने भनेर मेरो साथीले उमेर बढाएर मलाई जाँच दिन लगाइयो । जाँच दिएँ ०९५ सालमा । त्यसबेला 'क' मेल र 'ख' गरी पाँच विषय विभाजित गरिएको थियो । 'क'मेलमा ऐन सेस्ता लेख र हिसाब भए 'ख' मेलमा भूगोल र साहित्य थिए । एक मेलमा एउटा विषय फेल भए त्यो मेलको अरू विषय जम्मै फेल गरिन्थ्यो । यति मात्रै होइन, तीन पटकसम्ममा पनि पास हुन नसकेमा जीवनभर फेरि जाँच दिन नपाउने कडा नियम बनेको थियो । तर म दुवै मेलमा एकैपटक पास भएं । यसरी दुवै मेलमा पास हुने साथीहरू थिए–वाहुनमा चन्दननाथ, क्षेत्रीमा गणेश हमाल र नेवारमा म भएं ।

निजामती मध्यमा पास भएपछि मेरा पिताजीले बुटवलमा जागिर खुवाउन लैजानु भयो । र, मलाई त्यहीं छोडी फर्कनु भयो । त्यसबेला मेरा पिताजीको नोकरी छुटिसकेको थियो । जागिर खान नपाउँदै पिताजीको निधन भएको हुँदा म लगत्तै फर्कनु पऱ्यो । बुटबलमा जानुपर्ने कारण के हो भने चीफ साहेब रुद्र शमशेरकी रानी भर्जिनसँग मेरो पिताजीको चिनाजानी थियो । जागीर नपाएपछि म दुई वर्षजति यताउता भौंतारिएँ । त्यसपछि म भक्तपुर अदालतको ले.सी.मा भर्ना भएं । महिनाको ६ रुपैयाँ तलबमा । मेरी आमाले बिहान सात बज्नु अगाडि नै भात पकाइसक्नु हुन्थ्यो । भात खाइ हिंडेर तीन कोश परको भक्तपुर अदालत धाउँथें । फेरि चारबजे फर्केर बेलुकी सातबजे घर आइपुग्थें । यसरी दिनौ छ कोश ओहर-दोहर गर्थें ।

कसैले मलाई हौसला र सहयोग नदिइए तापनि मैले जागीर खाँदै, परिवार पनि पाल्दै पढ्नेतिर लागें । एस.एल.सी. शान्ति निकुञ्जबाट प्राइभेटमा दिएर त्यहाँबाट दर्बार कलेजमा भर्ना भई आइ.ए. उत्तीर्ण भएं ।। बी.ए. दोस्रो वर्षसम्म पढें, तर जाँच दिन सकिनँ । धेरैवर्ष पछि साहित्यरत्न भएं ।

मेरो पढाई यसरी बिखण्डित हुनुको कारण चेतनाको अभाव र परिस्थिति अनुकूल नहुनु थियो । उसमाथि घरको अवस्था पनि सुव्यवस्थित नहुनु हो । १९७४ सालमा मेरा

पिताजी जागिरे हुँदा बरबुझारथ गर्न बाँकी भएको भनी मलाई ९७ सालमा समाँतियो । यसभन्दा अगाडि पनि मेरा बाबुले यो बरबुझरथको झमेलाबाट निक्कै दुःख पाइसक्नु भएको थियो । सरकारी वाँकी लागेको भनी मेरो घर लिलाम हुनुबाट बचेको थियो–मेरी आमाको नाममा रहेको घर हुँदा । घर मात्र लिलाम हुन सकेन र अरू सबै मालसामान हिनामिना हुन पुग्यो । त्यसैले मेरा पिताजी ९६ सालमा परलोक हुँदा हाम्रो आर्थिक अवस्था धेरै बिग्रिसकेको थियो ।

मेरी आमाको छोराछोरी गरी नौ सन्तान जन्मेकोमा अहिले म एकजना सिवाय कोही भएन । टाइफाइड, विफर, हैजा आदिको कारण धेरैवर्ष पहिले नै मेरा दाजुभाइ र दिदीहरूको निधन भइसकेको थियो । यसैले म एकिकिसमको दुहुरो थिएँ । मलाई सहयोग र दिशाबोध गर्ने कोही भएन । विभिन्न अड्डा अदालतमा ले.सी.बाट नौसिन्दा बहिदार हुँदै ०७ सालमा रेडियो नेपाल स्थापना हुँदा नेवारीमा उप-सम्पादक र प्रसारक हुन पुगें । ०२४ सालमा लोकसेवाको परीक्षाको परिणाम पंक्तिमा म सर्वप्रथम उत्तीर्ण भएपछि ०२५ सालमा कोशी हुलाक नियन्त्रक भएँ । त्यसबेला मेरो मातहतमा ८४ वटा विभिन्न स्तरका हुलाक कार्यालय थिएँ ।

मैले पढ्न नसक्नुको अर्को कारण पनि छ । आपत्-विपत्मा परेका जो कोहीलाई सकेको सहयोग गर्ने र सामाजिक सुधार गर्ने अभिरुचिले गर्दा पनि मेरो जीवनलाई पछाडि धकेली दिएको म अहिले अनुभव गर्छु । विना पारिश्रमिक अरूलाई सिकाउने, स्कूल खोल्ने आदि मेरो स्वभावजन्य दोष थियो । अहिले यसै टोलको छेउ टुगमवहिलमा रहेको हिमालय माध्यमिक विद्यालय मैले स्थापना गरेको हुँ । स्थापनाकालमा यो प्राइमरी थियो । त्यस्तै साहित्य, सांस्कृतिक महेन्द्र सङ्गीत निकेतन आदि संस्था पनि स्थापना र काम पनि गर्न पुगें । नासःखल जननाट्य परिषद्, संस्कृत नाटक संघ, प्रगतिशील लेखक संघ, आदि । रेडियो नेपालका माइक सम्बन्धित कलाकार तथा कर्मचारीलाई स्थायी गर्नेतिर भएको अथक संघर्ष पनि स्मरणीय भएको छ मेरोलागि । त्यस्तै विराटनगर बस्दा पनि यस्ता सुधार तथा सहयोगको काममा हात हाल्न पुगें, जसबाट अनेक टण्टा र झमेला आइलागेको थियो ।

सहयोगको सन्दर्भमा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई ०१६ सालको एक विहान शान्तभवन अस्पतालमा भेट्न गएं । उनको दर्दनाक क्रन्दन तथा अवस्थाको कारण कैयौं रात मेरो निंद खलबलियो । पशुपति हरिकुञ्जको एउटा पाटीमा लालटिन पिलपिल बलिरहेको, मैलो सिरक देख्दा देवकोटालाई घाटमा ल्याइएको मलाई लागेन । एउटा गरीब परिवार कतै बसाई सर्न आएको मलाई प्रतीत भयो । उनका प्रत्येक शब्द मेरो मुटुमा बिझ्ने काँटा बन्न पुगे । वेदनाले तड्पेर उनले मागेको पोटासियम साइनाइड मैले दिन सकिनँ । उल्टो उनलाई कविताको भाषामा हकानु सिवाय त्यसबेला मैले केही सहयोग गर्न सकिनँ । हरवखत यस्ता सम्झनाहरू ममा दोहरिएर आइरहन्छन्, त्यस्तै मेरो बाल्यकाल पनि । मेरा आमा, दिदी तथा भाइहरूले गरेको सहयोग कुर्वानीको याद पनि ममा आइरहन्छ । हैजा लागी पचली घाटमा बस्दा गरेको दिदीको निस्वार्थ निडर सेवा, पोखरीमा खस्न लागेको मलाई भाइले बचाइदिएको, ९० साल माघ र गते गएको भुईचालोको दुर्घटनाबाट आमाले मलाई बचाउनु भएको घटनाहरू पनि मेरो जीवनपर्यन्त चीरस्मरणीय रूपमा रहिरहने छन् ।

मेरो विवाह २००० साल फागुनमा सरिता जोशीसंग भयो र उनीबाट तीनछोरा, एकछोरी जन्मे – रमेश, दिनेश, उत्तम र प्रमिला । हुलाकबाट निवृत्त भएपछि ०४७ असार १५ गतेदेखि फेरि रेडियो नेपालको नेपाल भाषाको समाचार समूहको प्रमुखमा रही जीवन यापन गर्दैछु । अनेक आरोह अवरोहको यो मेरो जीवनी उराठलाग्दो सिवाय केही छैन ।

०५६, ६, ९

- - -

सम्पादकीय विभागमा काम गर्नुहुन्थ्यो । उहाँले मलाई व्रतबन्धमा गायत्री मन्त्र सुनाउनु भएको थियो । उहाँलाई मैले 'गुरू बा' भन्ने गरेको थिएँ । उहाँ मेरा मामा दोलनाथ अधिकारीका ससुरा हुनुहुन्थ्यो । वीरगञ्जमा वि-युद्ध हाइ इङ्लिस स्कूलमा पढेका बेलामा शिक्षकहरू पशुपतिभक्त धीमडेल र मुकुटधारीलाल दासबाट पनि लेख्ने प्रेरणा पाउने गरेको हुँ ।

मेरा कुनै कृति पनि ठूला-मोटा छैनन् । सबैजसो पुस्तकहरू साना र मझौला मात्र छन् । २००१ सालदेखि अहिलेसम्म वर्षेनि नै भनेजसो मेरा पुस्तकहरू प्रकाशित हुँदै आएका छन् । त्यसोहुँदा तिनको संख्या पचास भन्दा पनि वढी पुगिसकेका छ । ललितपुरका श्री मुकेश चालिसे र श्रीमती जनक चालिसे मिलेर निकै अधिदेखि प्रत्येकवर्ष मेरो एउटा पुस्तक प्रकाशित गर्दै आउनुभएको छ । मकवानपुरका मित्रहरूले पनि अहिलेसम्म मेरा पांचवटा पुस्तक प्रकाशित गरिसक्नु भएको छ ।

मैले केही संस्मरणात्मक लेखहरू पनि लेखेको छु – 'तपस्या कसरी गर्ने ? ('मुना' मासिक, २०५४ भदौ) र 'परोपकार नै पुण्य हो' ।'सगर' साहित्यिक त्रैमासिक) मेरो किशोरावस्थाका संस्मरण हुन् । भूमिगत बेलाका संस्मरणहरूको सँगालो 'गुप्तवासको सम्झना' भानिज विनोद अधिकारीले २०५४ मा प्रकाशित गरिदिएका छन् । लेख्न त मैले कविता र गीतहरू पनि लेख्तै आएको छु । तर मेरो मुख्यविधा भन्नु निबन्ध, लेख र समालोचना नै हुन् । मैले उपन्यास, कथा र नाटक आदि अरू कुनै विधामा पनि हात हालेको छैन ।

म प्रगतिशील लेखक संघको संस्थापक अध्यक्ष हुँ । तीनपटकसम्म अध्यक्ष पदमा रोजिइसकेको छु र हाल यस संघको सल्लाहकार रहेको छु ।

'दायित्व' पत्रिकाको तर्फबाट जेष्ठ नागरिक वर्ष १९९९ मा सत्तरीवर्ष पुगेका साहित्यकारका विषयमा विशेषाङ्क प्रकाशित गर्ने प्रयत्न गरिएको प्रशंसनीय काम हो । यस्ता महत्त्वपूर्ण कार्यहरू भविष्यमा पनि धमाधम हुँदै जान पाऊन् भन्ने कामना हामी सबैले गर्नै पर्छ ।

२०५६ भदौ २१

- - -

विजया दशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्गहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, परिवार

Wel - Come

For: Conference, Seminar, Exhibition, Film-show and any kinds of Social and Cultural Programme

For further details please contact:
BIRENDRA INTERNATIONAL CONVENTION CENTER
New Baneshwor, Kathmandu
Tel: 472460, 494409, Fax: 00977-1-471090, 474912

Mobil

Keepa your engine running like new
And We Can Prove it !

Sole Distributor: Tara Lubricants (Pvt.) Ltd.
Distributor : Tuladhar Impex Phone :227130, 227094
Bagbazar, Kathmandu.
Post Box. No. : 596
Phone : 231630

आफ्नो परिचय आफै

❑ श्यामप्रसाद

मेरो जन्म १९८६ साल असार ६ गते बुधवार भएको हो । अन्तर्राष्ट्रिय मिति अनुसार सन् १९२९ को जून १९ तारिखमा जन्मेको हुँ । (अन्तर्राष्ट्रिय मिति मेरो जन्म कुण्डलीमा लेखिदिनु भएको वि-युद्ध मच्चू. इ. स्कूल, वीरगञ्जका शिक्षक कर्मलकर गबकरले हो । उहाँ दक्षिण भारतका हुनुहुन्थ्यो । त्यसबेला म त्यस हाइस्कूलको सात/आठ कक्षातिर पढिरहेको थिएँ) म मकवानपुर जिल्लाको मन्थली गाउँ विकास समिति अन्तर्गत पर्ने सोलीथुम नाउँको गाउँमा जन्मेको हुँ । त्यस गाउँको उत्तरपट्टि वागमती नदी बग्ने गरेको छ । अघि त्यो गाउँ ललितपुर जिल्ला भित्रको मानिन्थ्यो ।

मेरा बाबुको नाम जोगनाथ हो । उहाँ लामिछाने थरका उपाध्याय बाहुन हुनुहुन्थ्यो । मलाई जन्म दिने आमा हुतकुमारी देवी र मलाई हुकाई-बढाई गर्ने आमा जीवप्रिया देवी हुनुहुन्थ्यो । जीवप्रियाबाट सन्तान नभएपछि उहाँले आफ्नै कान्छी बहिनी हुतकुमारीलाई मेरा बासंग विवाह गराइदिनु भयो । त्यसपछि आमा जीवप्रियाबाट पनि मेरा दाजु र दिदी जन्मनुभएको रहेछ । तर उहाँहरू बाल्यकालमै बित्नु भएछ । त्यसपछि क्रमशः म र मेरी बहिनीको जन्म भयो । म चार/पाँचवर्षको बालक छँदा नै मलाई जन्म दिने आमा बित्नुभयो । मेरी बहिनी पनि जन्मेको केही दिनपछि नै बितिछ । बा बित्नुहुँदा म तेह्र/चौधवर्षको थिएँ । आमा जीवप्रिया बित्नु हुँदा भने म छत्तीसवर्षको भइसकेको थिएँ । उहाँले २०२२ सालमा ससार छोड्नु भएको हो । उहाँको विषयमा मैले 'मेरी आमा' र 'आमाको सम्झना' गरी दुइटा संस्मरणहरू लेखेर प्रकाशित गरेको छु ।

मेरा कान्छा बा गङ्गादत्त लामिछानेका जेठा छोरा रामप्रसाद (मैले उहाँलाई 'रामजी दाजु' भन्ने गरेको हुँ) गोरो अनुहारको हुनुभएकोले मलाई बालककालमा 'काले' भन्ने गरिएको रहेछ । मलाई हुर्काउने आमाले आफू माइती (चायहिल, काठमाडौं) बाट घरमा आउँदा मेरो नाम 'काले' राखिएको थाहा पाउनु भयो । उहाँलाई त्यो नाउँ मन परेनछ । अनि उहाँले–यसलाई अबदेखि 'श्याम' भन्नुभएछ । यसरी म कालेबाट श्याम हुन पुगेको रहेछु । चार/पाँचवर्षको भएपछि मलाई पहाडको घरबाट वीरगञ्जको घर (गह्रबा टोल, हाल वडा नं. १०) मा लगिएछ । मलाई जन्म दिन आमा त्यहीं बित्नुभएको हो । आमा बित्नुभएको बेलामा म आँतिर्युला अथवा र्ुला, कराउँला भनेर मलाई टोलकै एकजना इष्टमित्रकहाँ लगिएको थियो (खर्दार विश्वनाथ गिरीकहाँ) । उहाँसंग मेरा आमाहरूले तिहारमा टीका लाउने गर्नुभएको थियो । त्यसैले मैले उहाँलाई 'खर्दार मामा' भन्ने गरको थिएँ । उहाँको परिवारसँगै मेरी आमा हुतकुमारी र बा पनि उभिनुभएको फोटो हालेर उहाँहरूको कोठामा झुन्ड्याइएको थियो । त्यो फोटो अहिले नष्ट भइसकेछ ।

मैले आफ्नो उपनाम 'सेवक' राखेको थिएँ । ज्योतिकान्त, देशभक्त र बिमर्श इत्यादि अनेकथरी अरू नाउँबाट पनि मेरा निकै रचना प्रकाशित भएका छन् । मैले 'सम्झनामा लुकेका आफ्नै नाउँहरू' भन्ने लेख नै लेखेको छु – 'विप्लव' पत्रिकामा । मेरो विषयमा शोधपत्र तयार पार्नुहुने धर्मराज अधिकारीले 'छद्म' नामका धनी श्यामप्रसाद' शीर्षक लेख लेखेर 'लहर' पत्रिकामा प्रकाशित गराउनु भएको थियो । उहाँले २०४३ मा तयार पार्नुभएको शोधपत्र 'श्यामप्रसाद: विश्लेषण र मूल्याङ्कन' २०४७ मा पुस्तकका रूपमा प्रकाशित भएको हो ।

वीरगञ्ज स्कूलमा पढ्न थालेपछि म श्यामप्रसाद शर्मा भएको हुँ । मैले पटना युनिभर्सिटी मार्फत म्याट्रिकुलेशनको परीक्षा दिएको थिएँ तर उत्तीर्ण हुन सकिनँ । त्यसपछि मेरो औपचारिक शिक्षा छुटेर गयो । नेपाली, हिन्दी र अङ्रेजीका पुस्तक-पत्रिकाहरू हेर्ने गर्न थालें । नेपालीका साथै हिन्दी र अङ्रेजीमा पनि कविताहरू लेख्ने गरें ।

साहित्यमा लाग्ने प्रेरणा मध्यकालीन लेखक कृष्णचन्द्र अर्यालबाट पाएको हुँ । उहाँ 'गोरखापत्र' को

जीवनको एउटा यात्रानुभव

❑ विनोदप्रसाद धिताल

सन् १९९५ को अगस्तमा काठमाडौंबाट म र मेरी श्रीमती अष्ट्रेलियामा नै बसोवास गरेका कान्छी छोरी विशाखा सापकोटाका दम्पतिले बोलाएकाले अष्ट्रेलिया जाने तरखरमा लाग्यौं । अष्ट्रेलियासम्म नै थाइ एयरवेजकै प्लेनमा जानेगरी काठमाडौंबाट बैंकक गयौं र त्यहाँ केही घण्टा लनमा बसी राती ११:४० मा बैंककबाट अष्ट्रेलियाको लागि उडयौं । यसरी हामी अगस्त ३ मा अष्ट्रेलिया पुग्यौं ।

अक्टोबर १३ को दिनमा अष्ट्रेलियामा गएर हेर्नुपर्ने एक प्रमुख स्थान ब्लू माउन्टेन (नील पर्वत) हेर्न हिंड्यौं । त्यसै दिन बेलुका विशाखा दम्पतिको एक मित्रपरिवारले हामीलाई खान बोलाएका पनि थिए । तिनीहरूको वासस्थान पनि ब्लू माउन्टेन्स जाने बाटोतिर नै भएकोले दिनभर घुमी बेलुका घर फर्कंदा त्यहाँ खान पस्ने प्रोग्राम भयो । त्यस दिन लञ्च हामीले चाँडै नै खायौं र लगभग एघारबजे नै बाबु आमा र छोरीका दम्पति गरी ४ जना मात्र आफ्नो भ्रमण-यात्रामा निस्क्यौं । नाति दुईकेटा स्कूल छोड्न मिल्दैन भनी आ-आफ्ना स्कूलमै गए । टेलिफोन तिर्ने अफिस पनि बाटैमा पर्ने हुनाले र त्यो दिन टेलिफोन तिर्ने मानिसको क्यू पनि अलि केही लामै भएकोले झण्डै ४५ मिनेट जति नै अलमल भयो । त्यसो हुँदा शहर छोडी बाहिरी भागमा पुग्दा मध्यान्ह पनि नाघि सकेको थियो ।

अष्ट्रेलियामा जङ्गलको संरक्षण अति नै सुन्दर रूपमा भएको रहेछ भन्नेकुरा त यस अघि अन्ततिर घुम्न जाँदा नै पनि जानकारी भइसकेको थियो । आज त झन् जङ्गलले भरिपूर्ण ब्लू माउन्टेन नै जाँदै थियौं । त्यसैले क्षण/क्षणमा विस्तृत रूपमा त्यही सुन्दर जङ्गलको दृश्य हाम्रा नजर अगाडि पर्दै जान लागे । संसारका सबै महाद्वीप मध्येमै सबभन्दा पुराना रक (चट्टान) भएको यो महाद्वीपका होचा/होचाबाट अलि/अलि बढ्दै अग्लै हुन पुगेका डाँडाका पंक्ति त्यसरी पंक्तिबद्ध पारेर विश्व निर्माताले नै सजाए जस्ता देखिन्थे । कलम बढाउँदा मानसिक चित्रमा आएको दृश्य हेर्दा अहिल्यै पनि प्राकृतिक सौन्दर्यले मन मुग्ध हुँदैछ ।

मलाई लाग्थ्यो– ब्लू माउन्टेन्स घुमी घुमी उठ्दै गएको बाटोबाट पुग्ने थाप्लो होला पर्वतको भन्ने तर होइन रहेनछ । बिस्तारै भिरालो चढ्दै गएको अनुभव हुँदो रहेछ माथिको सतहसम्म पुग्दा पनि । चिप्लो पिचमा कार बगेर हिंडेकोले केही अरू कुराको अनुभवै भएन । जून पर्वतमा हामी पुगेथ्यौं बस त्यहाँबाट अरू पश्चिमपट्टि देखिने विभिन्न घनाजङ्गल भएका डाँडाहरूले भने घनाजङ्गल भएको पर्वतीय प्रदेशले नै भरिएको महाद्वीप रहेछ कि अष्ट्रेलिया भन्ने विचार पनि उम्रिएर आश्चर्यमा पार्‍यो । आफ्नो समयमा दशम श्रेणीसम्म विश्वको भूगोल पढ्दा र प्लेनबाट अष्ट्रेलियाको छाती चिरी सिड्नी पुग्दा अष्ट्रेलियाको धारणा मनमा अर्कै जमी सकेको थियो । समुद्रका किनाराका नजिकका भूभाग – त्यो पनि विशेष रूपले पूर्व-दक्षिणको भाग आबादी भै शहरीया वातावरण होला र अधिकांश भूभाग मरुभूमि नै होला भन्ने । तर ब्लू माउन्टेन्सको थाप्लाबाट पश्चिम दक्षिण, उत्तर तीनैतिर आँखा लगाउँदा घना हरिया जङ्गलले परिपूर्ण रमणीय दृश्य देखिन पुगेकोले साँच्चिनै आश्चर्यपूर्ण आनन्द लाग्यो । डाँडा हरिया जङ्गलले भरिनु त अष्ट्रेलिया सरकार र जनताको वातावरण शुभ राख्ने समानरूपको प्रयास नै हो । जेहोस् यो ब्लू माउन्टेन्सको दृश्य यति आकर्षक लाग्यो अब यहाँ हेर्न लायक स्थान र बस्तुहरू झन् कति आकर्षक होलान् ।

त्यसपछि गाडी अर्कोपट्टिको कालोपत्रे सडकतिर हुईंकयाइयो जुवाई डा. डी.पी. सापकोटाद्वारा । एकैछिन पछि त्यो कार अरू धेरै कारहरू राखिएको ठाउँमा पुगी अडियो । अब प्रशस्ते यात्रुहरू देखिए । साथै रेष्टुरां टाइपका घरहरू पनि देखिए । त्यहाँ पस्नुभन्दा अगाडिसम्म मेरो मनमा भिन्न कुनै अग्लो ठाउँ होला जहाँबाट आँखाले

पारेर बीचबाट गएको बाटोले दुवैतिरको दृश्यलाई पूरै छर्लङ्ग पारिदिएको थियो । माथि जङ्गल भएर केही तल पुगेपछि बढीमात्रामा समथर हुन पुगेका डाँडाहरूका बीचमा हरियो घाँसका चीरहरू देखिन थाले । ती चौर हाम्रो हिमालभन्दा तल भएका प्रकृतिसिद्ध चौरहरू जसलाई हाम्रो आफ्नो नेपाली संसारमा 'माडी' भनिन्छ जस्तै सुन्दर देखिन्थे । तिनमा घोडा र भेंडा पाल्ने काम गरिएको देखियो । साथै नाम कहलिएका अष्ट्रेलियन गाईहरू पनि पालिएका देखिए । त्यस्तै माडीका फाँटहरूमा जता हेऱ्यो उतै हरिया डाँडा, घनाजङ्गल, सुन्दर चौर अनि पृथ्वी र आकाश दुवैमा सुन्दर दिन बनाउने सूर्य र नीलो आकाश देखिन्थ्यो । त्यसैले आकाश र पृथ्वी दुवैलाई एकपटक सजाई प्रकृतिले हाम्रो अगाडि राखिदिएको जस्तो पो लाग्यो ।

बाटो भने पहाडको छातीबाट तल ओर्लिंदै थियो कताकता अनन्ततामा गए जस्तै गरेर । पीच सुन्दर थियो, ट्राफिक शून्य प्रायः थियो । त्यसैले चढ्ने र हाँक्ने दुवै थरीलाई बग्दै गए जस्तो माच लाग्यो । एउटै कुराको खसखस भयो कति टाढा होला र कहिले पुगिएला भन्ने मात्र । घाम ओरालो लागिसकेको छ । घडीमा सुई त्यसरी नै हुत्तिएर गए जस्तै भैरहेछ । त्यसैले मेरा ३ फनो मनमा लागे जस्तै छिटो पुगियोस् र फर्कंदा रात नपऱ्ओस् भन्ने मात्र विचार उठ्दो होला सबैको मनमा पनि भन्ने लाग्दछ । तर बाटो कतै त यति धुमेको छ कि अलिकति होश नपुऱ्याई गाडी चलाएमा केही न केही त्रुटी भै विघ्न परिहाल्ला भन्ने डर पनि लाग्दछ । हामी कारमा हुत्तिदै छौं भने दिन पनि त्यसरी नै हुत्तिदै नै छ । अब अंध्यारोको पर्दा अलिअलि देखिन लागेको हो कि भन्ने आभास पनि बढ्दैछ । गुफाको भने अझसम्म नाम पनि उल्लेख भएको कतै देखिंदैन । कति टाढा छ त्यो पनि कसैलाई थाहा छैन । त्यही बेला अकस्मात् Welcome to gelodan caves (जेलोडान गुफाहरूमा स्वागत) भन्ने देखियो बाटोमा । तर अब त आउने भएछ भन्ने आश आशैमा अडिरह्यो धेरै बेरसम्म । अझै टाढा रहेछ । आखिर बाटो डाँडाहरूको फेंदीमा नै पुगी अड्यो । त्यही रहेछन् गुफाहरू । त्यहाँ पुग्दा केही अंध्यारो देखियो । त्यो त डाँडाको विशेष ओझेलले होला भन्ने लागेथ्यो त्यतिबेला ।

विशाल, अति विशाल चट्टानको बीचमा हजारौं मानिस अट्लान् भने जत्रो गुफा बनेको रहेछ । गुफा भन्नु भन्दा ओडार भने पनि उपयुक्त होला कि भने जस्तो रहेछ । अब कार कहाँ पार्क गर्ने होला भन्ने पऱ्यो । किनभने त्यो गुफा ओडारबाट नै उतापट्टि निस्किने कालोपत्रे बाटो देखियो । बत्तीको उज्यालो पनि देखिन थाल्यो । यसैबीच पल्लो छेउबाट दुई व्यक्ति बाटोबाटै उतापट्टि गएको देखिए कार लैजान हुने नहुने के हो त्यो निधो हुन सकेन । तर एउटा कार भने त्यही बाहिर नै राखिएको देखिए पछि त्यसैको छेउमा नै लगी कार पार्क गरियो र उतापट्टि के रहेछ त भनी हामी चारैजना हेर्न गयौं ।

वास्तवमा कार पार्क गर्ने ठाउँ उतापट्टि पो रहेछ । अफीस भवन त्यस्तै अरू के के भवन हुन्, पाँच/छ भवन पनि रहेछन् । छोपिएको ओडार मुनिको ठाउँ जस्तै चौढा तर आकाश देखिने खुला ठाउँ रहेछ उतापट्टि त । चारैतिर भने चट्टानै चट्टानले बनेका अग्लाअग्ला आकाश छुने जस्ता पर्वतहरूले घेरिएको रहेछ । एक/दुइटा मानिस रहेछन् । तर टिकट अफिस बन्द भैसकेको रहेछ । पाँचबजे नै बन्द हुने कुरा लेखिएको रहेछ । हामी त्यहाँ पुग्दा साढेपाँच पनि नाघिसकेको थियो जस्तो लाग्दछ । यसो माथि हेर्दा माथि जाने बाटोको रूपमा सिढी बनाइएको देखियो । त्यहाँ माथि दुवै भित्तामा जाने स्टीलको भरेंड पनि देखियो तर अब अंध्यारो भने धेरै बढ्यो जस्तो लाग्यो । नजिकै टेलिफोन पोष्ट पनि देखियो । त्यहाँबाट हामीलाई वेलुकाको खाना खान निम्त्याउने नेपाली मित्रलाई खबर गर्न जानु भएका डा. डी.पी. सापकोटा टेलिफोन पोष्ट पनि बन्द भएको पाउनु भई त्यसै फर्किनु भयो ।

अब त्यहाँ बस्नु कुनै काम भएन । किनभने माथिका गुफाहरू हेर्न जाने टिकट नभएपछि जान पाउने कुरै भएन त्यसैले फर्किहाल्यौं । फर्किंदा बाटाको विशाल ओडारमा माथितिर हेर्दा हाम्रो शेषनारायण स्थानको पहरामा गाईका स्तन जस्ता बनेका चूनका स्तन जस्तै धेरै नै देखिए । साथै त्यही ओडारका दुईपट्टि पनि सिढी भरेंड र तिनमा रातो,

परिषद्को सदस्यमा मनोनित हुन पुगें । यो घटना मेरालागि अप्रत्यासित किन थियो भने मैले यसका लागि कसैसँग आग्रह अनुरोध पनि गरेको थिइनँ र मलाई औपचारिक रुपमा कसैले सोधनी पनि गरेको थिएन । मनोनित भैसकेपछि मैले त्यसलाई नकार्ने साहस गर्न सकिनँ । यसको परिणाम एकातिर मेरो आर्थिक र बौद्धिक उन्नतिमा सहायक बन्यो भने अर्कोतिर मेरा नजीकका (खास गरी प्रगतिशील फाँटका) साथीहरूका आँखामा अछुत सरह व्यवहार गर्ने सङ्गीर्णता देखाएर मलाई सहयोग गर्नु त परै रहोस् प्रायः आफ्ना कार्यक्रमहरूबाट नै कटौती गरे । अनि अर्कापक्ष (आफूलाई प्रजातान्त्रिक भन्दै ढोल पिट्ने अप्रजातान्त्रिक संस्कारका) लेखक हुँ भन्नेहरूमा केही म उपर खनिए, जथाभावी तीतो बकल्ने मानहानी गर्न खोज्ने प्रवृत्ति देखाएर मलाई हतोत्साह, मानमर्दन भएको तुल्याउन भरमग्दुर प्रयत्न गरे ।.

तर मैले यसबाट विचलित हुनुभन्दा आफ्नो इमान र क्षमताले भेटेसम्म प्रतिष्ठानको उन्नति कार्यमा सक्रिय रहेर कार्य गरें । दुई-अढाई वर्षसम्म त हाम्रो टीमले निकै जोश र सहयोगसाथ कार्य गर्दै गयो, तर त्यसपछि त्यहाँ दुई व्यक्तित्वको सघर्ष र त्यसलाई झटकाउन आगो सल्काउने एकाध अप्राज्ञिक प्राज्ञहरूको कारणले वा वातावरण अत्यन्तै दूषित, विवादित लाञ्छित हुनपुग्यो । त्यसको छुतबाट प्रयत्न गरेर पनि मैले अलग रहन पाइनँ (सकिनँ) । यसबारे पछि विस्तृत रूपमा अउने छु ।

यसरी पछिल्लो अढाई वर्षको प्रतिष्ठानको प्रदूषित वातावरण प्राज्ञबीचको हिलो छ्यापाछ्यापाँ, कलाकार, कर्मचारीहरूको अनुशासन हीनता, प्रतिष्ठानकै प्रायः शिथिलतालाई लिएर ईर्ष्यालु र छिद्रान्वेषीहरूले राम्रा कार्यलाई ओझेलमा पारेर नराम्रा पक्षलाई हावा दिने र हामीलाई निकै पीडा बोध गराए । जो आफू अनैतिकताको हिलोले सर्वाङ्ग मुछिएको छ, त्यस्ताले हामीलाई नैतिकताको पाठ सिकाउने जमर्की गरे । यसरी प्रज्ञा प्रतिष्ठानकी पछिल्लो अढाई वर्ष अत्यन्त कष्टकर अवधि सकेर आज म स्वतन्त्रताको अनुभव गरिरहेको छु ।

- २०५६ भदौ, आठबारी

तेलको थोपा थोपा जोगाऔं. इन्धन खर्च घटाऔं

घर खर्च घटाउन, गृहणीहरूलाई सल्लाह

- चुलो बाल्नु भन्दा पहिले पकाउने कुराहरू सबै ठिक्क पार्नु होस् ।
- चामल, दाल, गेडागुडी पकाउनु भन्दा पहिले नै भिजाएर राख्नु होस् ।
- चुलोमा बसाएका चिज उम्लिन थालेपछि आँच कम गर्नु होस् ।
- इन्धनको बचतकालागि सकेसम्म प्रेशरकुकरमा नै खानेकुरा पकाउने गर्नु होस् ।
- सदैव राम्रो गुणस्तरको, कम इन्धन खर्च हुने स्टोभ प्रयोग गर्नु होस्, र स्टोभ वा ग्यास चुलोलाई नियमित सफा राखी इन्धन खर्च घटाउनु होस् ।
- भोजन तयार भईसकेपछि परिवारका सबै सदस्यहरू एकै चोटी खान बस्नु होस् । यसबाट खानेकुरालाई पटक पटक तताइरहने झन्झटबाट मुक्त भई इन्धनको खर्च कम गर्नु होस् ।

नेपाल आयल निगम लि.

संलग्न) को संयुक्त सम्पादन आदि कार्यमा संलग्न हुँदा मलाई श्री ५ को सरकारले अमेरिकी पिसकोरका स्वयं सेवकहरूलाई नेपाली सिकाउने सिलसिलामा चार/पाँच महिनाका लागि इ.स. १९६६ मा हवाई द्वीप समूहको हवाई टापुमा पठायो। त्यहाँ पनि मैले अमेरिकीहरूको कडा विरोध सहनुपर्‍यो। तर तत्कालीन शिक्षा निर्देशक श्री केशरीराज पाण्डेको श्रेय मैले भन्नुपर्छ। किनभने उनले त्यस विरोधसँग टक्कर लिएरै मलाई पठाउन सफल भए।

यसरी एकपल्टमा नेपाली सिकाउने शिक्षकका रूपमा चार महिना हवाई टापु (सं.रा.अ.) मा र त्यसपछि चौध महिना अमेरिकाको युनिभर्सिटी अफ साउथ फ्लोरिडामा बाल साहित्य विषयको अध्ययन गर्न बस्ता लगभग अमेरिकाको उत्तरपूर्वी राज्य र मध्यका एकाध राज्यको भ्रमण गर्ने अवसर पाएँ।

२०३४ सालमा जनक शिक्षा सामग्री केन्द्र संस्थानमा गएपछि मैले स्वेच्छाले श्री ५ को सरकार परीक्षा नियन्त्रण कार्यालयतिर आएँ। तर २०३६ सालको पञ्चायत विरोधी लहर प्रबल हुँदै गएपछि मैले पनि जागिरबाट स्वैच्छिक अवकास लिनपुगें। त्यसपछिको दुई वर्ष मैले सहयोगी मा.वि., अरुणोदय मा.वि. आदिमा (२ ! २००९/०११ तिर शारदा विक्रम बस्न्यात र अरू गाउँठे ! शिक्षाप्रेमी प्रौढ, युवाहरूको उदाहरणीय सहयोगमा स्थापित गरेको थिएँ। (यहाँ मलाई आत्मप्रशंसाको अपवाद नलागोस् किनभने यो तथ्य हो)। २०२४ सालको गाउँफर्कको सदुपयोग गरेर युवा किशोर सञ्चालन गरेर ईस्कुल भवन सभा तयार गराएर छोडेको हो मैले। पढाएर र विभिन्न ईस्कुल पुस्तकालयको सल्लाहकार आदि बनेर बिताएँ। त्यसै समयमा २०३८ सालमा मलाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा महेन्द्र प्रज्ञा पुरस्कारद्वारा सम्मानित गरियो।

त्यसपछिको दुई वर्ष मलाई प्रज्ञा प्रतिष्ठानबाट बिइत्बृत्ति प्रदान गरियो र त्यस बापत मैले दुइवटा कृति तयार गरें– 'अविरल बग्दछ इन्द्रावती' (उपन्यास) र 'नीलगिरिको छायामा' (यात्रावृत्त) तयार गरें। यसै अवधि (२०४२) मा मेरो अर्को कथासङ्ग्रह 'शव शालिक र सहस्र बुद्ध' प्रकाशित भयो। तर पुस्तकहरू मात्र प्रकाशित भएर त्यसको लेखकत्वको नगण्य आर्जनले जीवीका चल्न सक्तैनथ्यो। त्यसैले मैले कुनै न कुनै काम त गर्नैपर्थ्यो। यस्तैमा शिक्षा मन्त्रालय अन्तर्गत प्राथमिक शिक्षा परियोजना सञ्चालन हुँदा मलाई करार सेवा अन्तर्गत लिइयो।

प्राथमिक शिक्षा परियोजनाको यस पाँच वर्षजतिको सेवा अवधिमा मेरो सम्पादनमा (व्यवस्थापनमा) लगभग पचास शीर्षकका बालसाहित्यका पुस्तकहरू प्रकाशन भए। तर अमेरिकी सल्लाहकारको बक र पूर्वाग्रही दृष्टिको कारणले त्यो बालसाहित्य योजना अनुत्पादक ठहरिएर बन्द भयो। त्यसपछि त्यहाँ मेरो कुनै उपयोगिता रहेन र म त्यो जागिर छोडेर पा.शि.प. मै सलग्न हुँदा मैले अरू एकाध पुस्तक मिल्किएको मणि (पौ.नाटक) 'सात थुँगा' (बाल एकाङ्की) 'मूर्खहरूको कथा' (बालकथा) पनि प्रकाश गराएँ। र यसै अवधिमा मैले साझा-प्रकाशनको सञ्चालक समितिको लेख प्रतिनिधि सदस्य पदमा निर्वाचित भएर (तीनवर्ष कि चार ?) रहें। त्यतिखेर त्यहीँबाट टोकियो जापानको बाल प्रकाशन संस्था (.....) को अन्तर्राष्ट्रिय बालसाहित्य प्रकाशन प्रबर्द्धन गोष्ठीमा भाग लिन दशदिन जति जापान जाने मौका पाएँ।

२०४२ साल पछि मेरा केही थप कृतिहरू प्रकाशित प्रकाशित भए। जसमध्ये– अझ अगाडि बढ्नु छ अरू अगाडि (हास्यिव्यङ्ग्य) हिउँदे छुट्टिमा (बालकथा) विक्रम र नौलो, ग्रह (वैज्ञानिक किशोर उपन्यास) सागर उलंन्छ सगरमाथा छुन (कथासङ्ग्रह) हुन्। यसरी मेरा कृतिहरूको संख्या हालसम्म दुई दर्जन जति पुगेको छ।

२०४६ सालको प्रजातान्त्रिक आन्दोलनको आँधी उठेर पञ्चायती व्यवस्थासहित भैरै पुरानो कुरालाई आफ्नो चपेटामा लिएर धराशायी तुल्याइदियो। मैले पनि एउटा स्वतन्त्र बुद्धिजीवी र सचेत नागरिक (संस्कारगत राजनीतिक प्रवृत्तिको व्यक्ति) भएकोले तत्कालीन प्र.ले.स. अध्यक्षको नातालै सक्रिय रुपमा त्यस संघर्षमा झाम्फालें। यसरी पञ्चायती व्यवस्थाको अन्त्य गराउन नगण्य योगदान मेरो पनि रह्यो।

अनि फेरि म केही समयका लागि बेकारीको लपेटामा परें। अनि २०४७ सालमा पुन: त्रिभुवन विश्व विद्यालयमा करारसेवा अन्तर्गत उप-प्राध्यापक बन्न पुगें। ०५१ सालसम्म त्यस पदमा रहेर सेवा गरेपछि त्यसै साल भदौ १० गते म अप्रत्यासित रूपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञ-

नीलो, हरियो रङका बत्ती पनि देखिए। तिनै मध्ये एकबाट दुरिष्ट एक जोडी पनि त्यहाँ कुनै गुफा हेरेर निस्केका जस्ता देखिए।

अब हामी विलम्ब नगरी हिंडी हाल्यौं। फर्कंदा उकालो पो भयो। त्यसैले गति अलिविस्तार भए पनि तुलनात्मक दृष्टिले छिटो नै भयो भन्नुपर्छ। साथै अर्को विशेष कुरा के भयो भने तलजाँदा लक्ष्य कतिटाढा छ भन्ने ज्ञान नहुँदा र साँझ पर्न लाग्दा जो अनिश्चिता बढेको थियो त्यस्तो फर्कंदा भएन। त्यसैले नै होला कार झन् छिटो अगाडि बढे जस्तो लाग्यो। अर्को कुरा तल गैह्रोमा ओर्लंदै जाँदा डाँडाको आफ्नैले बढेको अँध्यारो अब घट्दै गई बढी उज्यालो देखिँदै आयो। निकै माथि आइपुग्दा त महाभारतको जयद्रथ बधको कथा नै सम्झना आयो। घाम अझमात्र डुबे डाँडाबाट भन्ने स्पष्ट भयो। त्यसैले पूरै सन्तुष्टि भयो।

जेहोस् जङ्गली डाँडा पार गरी फर्किंयौं उज्यालोमा नै। तर अब बत्तीको रमझम भएको बाटामा टेलिफोन बुथ हेरिँदै जाने कार्यक्रम रह्यो। तर तुरुन्तै कतै देख्न सकिएन। आखिर शहर फर्किने बाटोको निकै तल आएपछि मात्र भेट्न पुग्यो र विशाखाले नेपाली मित्र परिवारसँग कुरा गरिन्। उनीहरू अत्यन्त खुशी भए बाटामा गाडी बिग्रेर अलपत्र पर्न गएको हो कि भन्ने शङ्का दूर भएर। एकछिन पछि त हामी पुगिहाल्यौं। नेपाली मित्र दम्पत्तिले भित्रदेखि नै उठेको बढो हर्षका साथ स्वागत गरे। हाम्रो आगमनलाई उनीहरूको व्यवहारमा औपचारिकताको भावनाको लवलेश पनि थिएन। केबल आत्मीयता मात्र झल्कन्थ्यो। त्यसैले हामीले पनि रातको समय बढ्दै गएकोमा बढी ध्यान दिएनौं र आत्मीयता पूर्ण कुराकानीमा रम्यौं। नेपाली मित्र दम्पतिले रात बढी नै बितेको र मेरो बिहान सबेरै उठ्ने निरन्तरताले गर्दा उनीहरू कहाँ नै सुत्ने अनुरोध गरेका थिए। तर नाति केटाहरू निवासस्थाका नजिकैका अरू मित्रवर्गहरूको कुनै घरमा हुनसक्ने सोचेर उनीहरूलाई धन्यवाद दिई आफ्नै निवासस्थान तिर गयौं। घर पुग्दा रातीको बाह्र बजेको थियो। तर त्यति अबेर भए पनि दिनभरको विभिन्न रूपको रोमाञ्चकारी दृश्यले आजीवन सम्झना हुने एउटा दिन बिताएको पूर्ण सन्तुष्टि सिवाय कुनै अरू कुराको सम्झना हुने सम्भावना थिएन।

विजया दशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा
सम्पूर्ण नेपालीमा
सुख, शान्ति, समृद्धि, एवं दीर्घायुको
लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं।

हरिप्रसाद घिमिरे
(सचिव)
नेपाल घरेलु तथा साना उद्योग महासंघ
परिवार
रुपन्देही, भैरहवा

विजया दशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा
सम्पूर्ण नेपालीमा
सुख, शान्ति, समृद्धि, एवं उत्तरोत्तर
प्रगतिको लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं।

ग्रामीण आवास कंपनी लि.
परिवार
पुल्चोक, ललितपुर

आजसम्मको जीवनमा सिकेको कुरा

❑ छिन्नलता

जिन्दगी गुलाफै गुलाफको बिछ्यौना होइन । अंग्रेजीको एउटा आहानले यस्तो भन्छ । हुन पनि यसमा काँढाहरू पनि हुन्छन्, सुकेका खस्रा पातहरू पनि हुन्छन् । ७५/७६ वर्षको लामो जीवनमा मैले पनि सिकेको कुरा यही नै हो । जिन्दगी कहिले सुखदायी हुन्छ त कहिले दुःखदायी । सुखदायीलाई सुखदायी नै रहन दिन खोज्नु तथा दुःखदायीलाई सुखदायी बनाउन खोज्नु– यही प्रक्रिया नै मेरो विचारमा जिन्दगी हो ।

अहिलेको यो उमेरमा पछाडि फर्केर हेर्दा म देख्छु – मैले पनि जिन्दगीमा धेरै दुःख भोगेकी छु । त्यो दुःखलाई सुखमा बदल्न धेरै नै प्रयत्न गरेकी छु । त्यस क्रममा अरूको सुखको लागि पनि क्रियाशील भएकी छु । मानिस सामाजिक प्राणी हो, ऊ एक्ले बाँच्न सक्तैन । एक्लैको सुख पनि साँच्चैको सुख भएर रहन सक्तैन । सुखी बन्नको लागि कसैले आफूबाट केही आशा गरेको रहेछ भने, त्यसलाई पूरा गर्ने प्रयत्न गर्नु पनि सुखको एउटा स्रोत नै हो । यही भावनाले मेरो जीवन चलिआइरहेको छ । यही अनुसार मैले सक्दो प्रयास गर्दै आइरहेकी छु । मेरो जिन्दगीमा जति पनि द्वन्द्व-प्रतिद्वन्द्व भएर आइरहेका छन्, संघर्ष-प्रतिसंघर्ष भएर आइरहेका छन्– सबै यसैको रूपमा भएर आएका हुन् । आज म आफ्नो जीवनका पहिलेदेखिका कुराहरू सम्झन बस्दा यही नै कुरा देख्छु ।

यही प्रक्रियामा कहिलेकाहीं म आफूलाई ठूलो भूँमरीमा परेको चाल पाउँछु । यो भुँमरीबाट मुक्ति पाउन रन्थनिएर कहिले यता दौडन्छु, कहिले उता दौडन्छु; जता गए पनि निकास थुनिएकै पाउँछु । जीवन नै एउटा ठूलो भुलभुलैया हो कि भनेझैं लाग्न थाल्छ । निस्कने बाटो यो हो कि त्यो हो ? कहिल्यै फेला पर्दैन । मुक्ति कहाँ छ ? आफैंसँग सोध्छु । झुण्डिएको पासो नै मुक्तिको बाटो हो कि ? अथवा गहिरिएको इनार नै मुक्तिको द्वार हो कि ? कहिलेकाहीं त्यस्तो पनि प्रश्न गर्छु । अनि अनेक सपना देख्छु, कहिले रहरलाग्दो, कहिले डरलाग्दो । अनि भावनाहरू आइरहन्छन् अनेक तरहका; गीतहरू गाइरहन्छु मनमनै– कहिले सुखका, अनि कहिले दुःखका ।

त्यो बेला मलाई माया गर्ने, हौसला दिने पनि धेरै थिए । मुक्तिको मार्ग देखाएका पनि तिनीहरूले नै हुन् । समर्पणको भावना अनि त्यसै-त्यसै जागेर आयो । समर्पणको भावना पनि मुक्तिको ठूलो दर्शन हो । निष्ठा पनि ठूलो साधन हो । त्यही भावनामा लीन बनें । यही सिलसिलामा म अनेक नामले पुकारिन थालें । ज्योतिपीले राखेको नाम गोप्य राखियो । बताउनु हुँदैन पनि भन्छन् । आँखा रासो देखेर मायाले मलाई नेत्रकुमारी भन्न थाले । तुलसी जस्तै निश्छल देखेर मलाई तुलसीकुमारी भन्ने गर्थे । वसन्त जस्तै जवानी चढेपछि केही दिन राधाबल्लभ पनि भन्न थाले । राधामा पनि के के बाधा आइलागेछ अनि रमोला भन्न थाले । मेरो भन्नु केही थिएन, सबै स्वीकारें । मुक्तिको बाटो यही सम्झें । अनि आफूले आफैलाई छिन्नलता सम्झेर गुरूको आदेश मानी आफूलाई आड दिनमा आफ्नो सुख सम्झने बाँटमा समर्पित भएर जीवनलाई लहराएँ ।

यही समर्पणको भावनाले मलाई गीतकार बनायो । यस्तै-यस्तै भावना उनेर मैले गीतहरू उने । कुनै अन्तर्भावना भएर गुञ्जिए भने, कुनै अन्तर्तरङ्ग भएर बज । एक दिन अकस्मात् मलाई आड दिनमा आफ्नो सुख सम्झने मेरो आड हल्यो । अनि त साँच्चै छिन्नलता नै बनें । मेरा भावनाहरू अन्तःस्पन्दन भएर भित्रभित्र हुकहुक गर्न थाले, अनि अन्तर्वेदना भएर पोखिए ।

तर यी भावनाहरू, हुकहुकीहरू मेरा व्यक्तिगत भए पनि सबै मानवीय भावना नै हुन्, सबैजसो मानिसमा हुने र सबैजसो मनलाई छुने । त्यसैले हुनसक्छ तिनको धेरैले चर्चा गरे, केहीले अन्य भाषामा पनि अनुवाद गरेर बाहिर प्रचार गरे । यो मेरो अहो भाग्य हो । यसरी मलाई हौसला दिने आज पनि थुप्रै शुभचिन्तकहरू पाएकी छु । त्यो बेला मलाई माया गर्नेहरू, मलाई हौसला दिनेहरू मेरो

र उनले कतैबाट मैले जागिर खाने इच्छा गरेको कुरा सुनेको हुनुपर्छ । त्यसैले उनले एउटा साहित्यकारप्रतिको सद्भावना देखाएर त्यो प्रश्न गरेका थिए मेरो अडकलमा
'पाए त खाँदो हुँ नि, तर कसले दिन्छ र मलाई ?' – मैले उदासिनता देखाउँदै भनें तर उनले सोधे – 'तपाईको योग्यता (पढाइ) कति छ ?

मैले आफ्नो योग्यताका बारेमा भनेपछि उनले केही गम खाएर भने– 'तपाईको योग्यतालाई हुने त छैन (त्यतिबेला स्नातक योग्यताका लागि सोझै शाखा अधिकृत वा सो सरह दर्ता आरक्षित हुन्थ्यो) । एउटा ना.सु. छ, खानु हुन्छ भने ।'

'नायब सुब्बा !', वहिदार मात्र कसैले दिए खानुपर्ने अवस्थामा ना.सु.को प्रस्ताव ! यो त मेरोलागि एउटा ठूलै उपहार थियो । त्यसैले मैले तेसैदिन उनको कार्यालय गएर अस्थाइ नायबसुब्बा (विकासतिरको सरकारी पत्रिका 'विकासोन्मुख नेपालको सहायक सम्पादक) को नियुक्ति पत्र लिएँ ।

यसरी मेरो जीवनमा आर्थिक स्थायित्वको शुरुवात त भयो तर यो पनि त्यति दिगो हुन सकेन । दुईवर्ष खाएपछि नै मप्रति हाकिम (उनका जम्राहरू) तिरबाट उपेक्षित भावना देखिन थाल्यो । किनभने मैले अनुरोधमा जाँडखाने बानी बसाउन सकिनं । त्यसैले मैले त्यहाँबाट राजीनामा दिन विवश हुनुपऱ्यो ।

त्यसभन्दा केही अगाडि मलाई शिक्षा सामग्री लेखक तथा उत्पादन केन्द्र (हाल जनक शिक्षा सामग्री केन्द्र) मा लेखक पदका लागि प्रस्ताव आएको थियो । त्यतिखेर त्यहाँ स्व. नेत्रबहादुर थापा हाकिम थिए र मेरो साथी लक्ष्मीप्रसाद श्रेष्ठ (उनको सहायक)को सिफारिसमा उनले मलाई त्यो पदमा योग्य देखेर बोलाएका थिए । सञ्चार विभागबाट राजीनामा दिएको भोलिपल्टै मलाई त्यो पद (शाखा अधिकृत सरह) मा अस्थायी नियुक्ति दिइयो ।

तर यहाँ आएर पनि मेरो बाटोको अवरोध पऱ्छिएन । शिक्षा मन्त्रालयको वक्रदृष्टि ममाथि परेर होला हाकिमको प्रबल प्रयत्नले पनि मेरो फाइल चलेन र म काम गरिहेको पदमा तत्कालीन शिक्षा सचिवका सम्बन्धी स्थायी नियुक्त भएर आए । यो असफलता मेरो मात्र नभएर मेरा हाकिम श्री नेत्रबहादुरको सम्मानमा पनि एउटा आघात थियो । त्यसैले उनले तुरुन्त त्यहाँको अर्को खाली (सो सरह कै) सम्पादक पदमा अस्थायी नियुक्ति दिएर फाइल बढाए ।

तर यसपल्ट पनि मन्त्रालयको दृष्टि मप्रति पूर्वाग्रही नै रह्यो । छ महिनाको हाकिमको प्रबल प्रयत्नबाट पनि मेरो फाइल अगाडि सरेन । यो घोर अपमानबाट छटपटिएका हाकिमले आखिर आफूले हतियार छोडेर मलाई - 'ए बायु तँलाई यिनीहरूले आउन नदिने भए - मेरो केही लागेन । तैंले व्यथित (तत्कालीन शिक्षा सहायक मन्त्री) लाई चिनेको छस् ? उसले चिन्छ कि चिन्दैन ?....एकपल्ट गएर भन ।'

हाकिमको आशय पाएर म साथी कवि द्वारिका श्रेष्ठलाई लिएर व्यथितजीको आवासमा पुगें । व्यथितसँग मेरो प्रत्यक्ष चिनारी त थिएन, तर लेखको रूपमा उनले मेरो नाउँ सुनेका रहेछन् र सुरक्षा डाइरेक्टर कृष्णबहादुर मानन्धरलाई फोन गरेर आदेश दिए - 'कृष्णबहादुर जी ! म मन्त्री व्यथित बोलेको । फलानो (मेरो नाम लिएर) को फाइल तपाईको दराजमा छ ?....लौ उसलाई तुरुन्त नियुक्ति दिएर पठाउनू !'

आजका जन-प्रतिनिधिका अनुचित आदेश त काट्न नसक्ने संस्कारका प्रशासकहरू, त्यतिखेरको पञ्चायती मन्त्रीको आदेश (त्यो पनि उचित) काट्ने के ताकत ! त्यसको पर्सिपल्ट मैले शिक्षा सामग्री लेखक केन्द्रमा शाखा अधिकृत सरहको पाठ्यपुस्तक सम्पादक पदको नियुक्ति पाएँ । यसपछि त मेरो अगाडि बढ्ने राजमार्ग निकै नै सफा भयो । आफ्नो कार्य र रुचि अनुकूल काम भएकोले मैले आफ्नो साहित्यिक गतिविधि पनि समानरूपले बढाएँ । यसै अवधिमा मेरा धेरैजसो साहित्य कृतिहरू- एउटा बूढो भ्वाइलन आशावरीको धुनमा सङ्ग्रह, फेरि अर्को तल्ला फेरिन्छ, उर्मिला भाउजु कथासङ्ग्रह, तेह्र रमाइला कथाहरू, एक्काईस रमाइला कथाहरू, पञ्चतन्त्रका कथाहरू, अगेनाको डिलमा (बाल कथा संग्रह) सुनौली (उपन्यास) सात सूर्य एक फन्को (यात्रावृत्त); सप्तरङ्ग (एकाङ्की नाटक सङ्ग्रहहरू) र विभिन्न पत्र-पत्रिकामा विभिन्न लेख-निबन्ध, रेडियो नाटकहरू (प्रसारण) को लेखन प्रकाशनका साथै पाठ्यपुस्तकहरूको सम्पादन 'कोपिला' पत्रिका (बाल) र पछि 'बालक' (कोपिला

एउटा अराजकता, एउटा उच्छृङ्खलताको पनि सूत्रपात गरायो । (सांस्कृतिक अतिक्रमणको सूत्रपात गराउन पनि योगदान दियो) छ महिना अमेरिकाको ओरिग विश्वविद्यालयमा सिक शिक्षण लिएर फर्किएका हाम्रा तत्कालीन गुरूहरू गुरूबाट माष्टर (सर) बन्न पुगे र कतिपयले त आफूलाई अमेरिकी नै सम्झन पुगे र अमेरिकी वातावरणलाई नै थपक्क उठाएर ल्याएर यहाँ थोपर्ने प्रयत्न गरे (छात्रसंग भट्टी गएर जाँड खाने, कक्षामा छात्रसंग चुरोट मागेर खाने, उनीहरूलाई पनि खान दिने । शिक्षक कक्षामा पस्ता आदर गर्नु नपर्ने, उठ्नु नपर्ने आदि यसका केही नमूना हुन्) ।

मलाई लाग्छ छात्र जीवनको आजको उच्छृङ्खलता, अनुशासन हीनता र गुरूहरूको अमर्यादा र अर्थमुखी शिक्षाको बीजारोपण यहीबेला यहीं हुन पुगेको हो जो अहिले क्यान्सर झैं शिक्षा जगत्मा फैलिएर एउटा बितण्डा खडा गरिरहेको छ ।

जेहोस् २०१३ साल देखि ०१६ सालसम्म पढाइ पूरा गरेर त्रि.वि.को पहिलो दीक्षान्त समारोहमा स्नातक प्रमाण पत्र लिएपछि म फेरि शिक्षित बेरोजगार बन्न पुगें । यस अवधिमा २०१५ सालको आम निर्वाचनमा खटिएर काम गरेपछि मलाई त्यतिखेर को राजनीतिमा शुरु भएको बहुमत प्राप्त कांग्रेसी उच्छृङ्खलता, अहंवादीता र अरू पार्टीभित्र पनि बढ्न थालेका आन्तरिक विकृति, दाउपेच, लुछाचुंडी, लुच्चा, बेइमान, बाठा-टाठाको रजगज, इमान्दार निमुखा कार्यकर्ताको सधैं उपेक्षा आदिबाट वितृष्णित भएर प्रत्यक्ष राजनीतिबाट किनारा लागिसकेको थिएं । तर मेरो साहित्यिक र अरू सामाजिक सम्पर्क भने विस्तृत हुँदै गएको थियो । 'रचना' पत्रिकाको सम्पादक मण्डलमा कार्यगर्न थालें, नेपाल लेखक संघको (भवानी भिक्षुको अध्यक्षताको) का.का. सदस्य र कार्यालय सचिवमा छानिएं । तर आयको बाटो भने कुनै निश्चित हुन सकेन ।

यसरी एकातिर आफ्नो व्यक्तित्वको विकास हुँदैथियो भने अर्कातिर घर-परिवारप्रतिको आफ्नो उपेक्षाको कारणले पारिवारिक स्थिति झन्झन् ओह्रालो लाग्दै थियो । छोरा-छोरी भटाभट जन्मदै गएका थिए । अझ मेरो बेवास्ताको कारणले र अर्थसङ्टका कारणले तीनवटी छोरी त जन्मेर पनि अत्यल्पायुमै कालकवलित भैसकेका थिए । यसैको कारण घरमा (मेरो बाहिरी संलग्नताको कारणले पनि) केही असहिष्णुताको वातावरण बाक्लिंदै गएको थियो । यही असन्तुलित, विषम परिस्थितिको माझ शिवरात्रीको दिन (राती) मेरी साहिंली (हाल भएकामा) छोरी ताराको जन्म भयो ।

तारा को जन्मले एक प्रकारले मेरो 'तारा' पनि चम्काइदियो (यो एउटा काकताली पनि हुनसक्छ - त्यसैले यसबाट मेरा अरू छोरा-छोरी प्रतिको पनपक्ष नठानियोस्) । किनभने त्यसै साल (०१८) मैले आफ्नो 'नयाँ सडकको गीत' कथासङ्कलले (पाण्डुलिपिकै स्थितिमा) मदन पुरस्कार प्राप्त गऱ्यो । यसैको रकम चार हजारबाट मैले त्यतिखेरको मूल्यको अनुपातमा केही आर्थिक राहत पाएं र पुर्खौली पुराना पाराको घरलाई नयाँ टोपी - टायलको छाना दिन समर्थ भएं । यस्तो आर्थिक उपलब्धी भनेको त यो एउटा पुसको घाम सरह हो । यसबाट स्थायी रूपमा परिवारको व्यवस्था गर्न सम्भव हुने कुरै थिएन । त्यसका लागि एउटा स्थायी आयस्रोतको जोहो गर्नु ज्यादै आवश्यक भैसकेको थियो । त्यो आयस्रोत म जस्तो जागिरे संस्कार (परम्परा) को मानसिका लागि जागिर बाहेक अरू हुनै के सक्थ्यो र ? अरू त कुनै बाटो नै म सोच्न असमर्थ थिएं । तर त्यो जागिर पनि त्यसै कसै ल्याएर कसले दिन्छ - 'चाकडी, मनसुन र आफ्ना मान्छे' को भऱ्याङ नचढी जागिर को तला उक्लनु ? .... तर मेरो अहले मलाई चाकडी गर्नु त के कुरा (आफ्नो जयादै घनिष्ठसंग बाहेक) केही भन्न पनि सक्तिनथें । त्यसैले म त्यसै केही आफ्ना निकटतम साथीहरूलाई यसो 'जागिर खान पाए हुन्थ्यो' भन्नेजस्तो एकाधपटक भन्नु बाहेक अरू केही गर्न नसकेर लण्ठिन थालेको थिएं । अनि त्यस्तैमा एकदिन अप्रत्यासितरूपमा फसिकेबको गल्लीमा सा. नारायणप्रसाद बास्कोटाले मलाई रोकेर सोधे-'होइन रमेशजी, तपाईले जागिर खान खोज्नु भएको छ रे हो ?

नारायण बास्कोटा त्यतिखेर (२०१०/०१२ साल) प्रकाशित हुने साहित्यिक पत्रिका 'प्रगति' का सम्पादक थिए र त्यसवेला उनी श्री ५ को सरकार प्रचार विभाग (हाल सूचना विभाग) का डाइरेक्टर । उनले मलाई चिनेको चाहिं उनैको पत्रिकामा मेरा केही रचनाहरू छापिएकोले हुनुपर्थ्यो

धानिन्जेलसम्म टाढाका जङ्गले भरिएका डाँडाहरूको दृश्य देखिने होला भन्ने लागेथ्यो । तर भित्र पुगेपछि त त्यहाँ 'सौगात पसल' (Souvenir shop) को साथै एउटा टिकट किन्ने ठाउं पनि देखियो । विशाखा दम्पतिले आपसमा केही कुरा गरेर चारओटा टिकट किनेपछि हामीलाई लौ अब भित्र जाऔं भने । भित्रपट्टि रेलिङको छेकबार लगाएका दुइवटा बाटा रहेछन् । जसमा यात्रुहरू क्यू लगाएर बसेका थिए । हामी ती दुई बाटा मध्ये तल ओर्लिने पंक्तिमा बस्यौं । ती क्यू लागेर बसेका यात्रुहरू कुनै कुराको प्रतीक्षामा बसेका जस्तो लाग्यो । प्रतीक्षाको लागि बसिएको वस्तु त्यहाँ केही नदेखिंदा मनमा जिज्ञासा भयो । माथिल्लो बाटोपट्टि नजर लगाउंदा आकाश मार्ग (Sky way) देखियो । त्यसमा रोपवेले क्यारियरमा यात्रुहरू बसालेर पारिपट्टि डाँडातिर लगेको देखियो । तर तलकी पंक्तिमा बसेका हामी कता जाने होउला भन्ने चाहिं अझै पत्ता लागेन ।

एकै छिनमा यो आफ्नै अगाडि पट्टिबाट तलतिर अन्धकार ओडारतर्फ ठाडै गएका दुइटा डण्डामा सुरेली खेल्दै एउटा ठाडो रेल माथितिर आयो । त्यसमा खचाखच बसेका यात्रुहरू पनि देखिए अनि सोच्नै नसक्ने कालो अँधारो ओडारबाट यी यात्रु जस्तै तल कता पुगी माथि आइने रहेछ भन्ने ज्ञान भयो ।

छिनभरमा तलबाट आएका यात्रु ओर्लिए । हामी क्रमबद्ध पंक्तिमा बसेका यात्रु भित्र बस्यौं । त्यो रेलमा पनि रेलको डिब्बामा जस्तै चारजना अटाउने सिट रहेछन् । तर त्यसभित्र पस्दा होचिएर पस्नुपर्ने रहेछ । अगाडिको सिटको डण्डापछि बस्नेले समात्नका लागि नरम रूपले मोहोरिएको रहेछ । त्यस्तै माथिको सुरक्षाका लागि टाउको माथि पनि छेकिएको बार रहेछ । भित्र गएर बस्दाखेरि नै ठाडो माथि पनि छेकिएको बार रहेछ । भित्र गएर बस्दा खेरिनै ठाडो परेर रहेको रेलबे डिब्बामा आफ्नो सिटमा अडान लिन कतै न कतै समात्नै पर्ने परिस्थिति पर्दारहेछ र यात्रुले समातिहाल्दो रहेछ ।

त्यहाँ बसेका यात्रुहरू खाली सिटमा छिटैनै बसि पनि सके । रेल लामो नै रहेछ त्यसैले पूरै भरिएन पनि । तर त्यहाँका यात्रु बसिसकेपछि चलाइ हाल्यो । विशाखाकी आमा साधारण रोटेपिङ जस्तामा त रिङटा र कहाली लाग्दछ भनी नचड्ने यस्तो जो सुकैलाई पनि देख्दैमा तर्सी पार्ने ठाडो रेल्वेमा बस्न आट नगर्नु स्वभाविकै कुरा थियो । तर आफ्नी कान्छी छोरीको मायालु ढाडसले छोरीकै लागि जस्तो गरी बसेकी थिइन् । त्यसवेला मैले पनि आफ्ने खुट्टालाई रामोसंग पैठलगाएर बस्नसक्ने गराउन नसकें पनि साहसिलो बनी पूरै ढाडस भएं । तर भित्र त म आफैंलाई पनि यस्तो ठाडो पर्वतबाट त्यो पनि पट्टै अंध्यारो ओडार हुँदै तल फेदीमा कताकता लगिंदा नराम्रो कहाली पक्कै लाग्ला भन्ने लागेकोले मनमा कताकता अशान्तिपूर्ण कौतूहल उठेको नै थियो ।

अब रेल चलाएको आवाज आउन बेर न त्यो ठाडो रेल काट्यो ओडार भित्र हुईंकेर पस्न बेर भइसल्यो । पैतालदेखि तालुसम्म एकै पटक सिरिङ भयो । खुट्टाले पैठ मारेको ठाउं पनि छोड्यो । केवल अगाडि समातिएको आधारमा उधो मुन्टोमै समातिएर अडिएको मात्र अनुभव भयो । सारा यात्रुहरू डर भगाउन 'हाइ हाइ' गरी कराए । म पनि कराएं त्यसै स्वरमा स्वर मिलाएर । विशाखाकी आमा सिटमा अड्न कसरी सकिन् उनै जानुन् । तर पनि अड्न त अडेकै देखिइन् । विद्युत् गतिमा हुइंकेर तल गएको रेल ओडार पार गरी उज्यालोमा त पुग्यो तर पनि पर्वतबाट तल हुईंकिने नै बाटो लियो ठाडै नै । यो त यो अग्लो डाँडाको फेदीमै पुग्ने रहेछ क्यार भन्ने लाग्यो । त्यो त होइन रहेछ । आरम्भबाट ४१५ मिटर तल गएर अड्ने स्टेशन बनाइएको रहेछ । त्यहीं अड्दो रहेछ । अद्भुत र भयानक दुबै रस मिसिएर हुने आनन्दको अनुभव गरियो भन्ने लाग्यो स्टेशनमा उभिंदा । त्यहाँबाटि जान प्रतीक्षारत यात्रु चढि हाल । अनि निमेषभरमा रेल फेरि माथितिर हुईंकियो ठाडे । मैले आंखा गाडेर हेरे त्यो दृश्य । छिनभरमा रेल काली ओडार भित्र पसेर बिलायो ।

अब कहीं जाने होला कि यही रेल पछिएर वस्ने होला भन्ने लागेको मात्र थियो मनमा, छोरी विशाखाले अब 'फल्स' (झर्ना) तिर घुमेर आउं भनिन् । अनि पछि पो कतै झर्ना हेर्न जाने रहेछ यहाँबाट भन्ने लाग्यो । त्यतिखेर झर्ना

हेरेर आएका यात्रु पनि देखिए । उनीहरू स्टेशनमा पर्खेर बसे । हामी फर्कांतिर लाग्यौं ।

बाटो घना जङ्गल सहितको पहाडबाट होच्चो, अग्लो भिरालो र समथर पनि हुँदै तेर्सो गएको रहेछ । यात्रुहरूको लागि बाटो पूरा सुरक्षित रूपले बनाइएको रहेछ । बाटामा चाहिने ठाउमा अड्ने वार राखी र सिंढी चाहिने ठाउंमा सिढी बनाई लगिएको रहेछ । एक लर्कन नै हिंड्नु पर्ने रहेछ । बाटामा फर्कंदै गरेका यात्रुहरू भेटिंदै गए । तिनमा दुइटी बूढी महिलाले भने अलिकति मात्र चढाइ पनि चढ्न सामर्थ्य नभएर 'क्यँ यता आइएछ' भने जस्तो गरी रुन्चे मुख लगाएका देखिए । हामी पहाडको अनुभव भएका व्यक्तिहरूको लागि त त्यसरी रामांसंग बनाइएको बाटो हिड्दा आनन्द निबाय थकाइको लवलेससम्म पनि अनुभव भएन । फर्ना हेर्ने ठाउंमा गई बाटो अड्यो । अनि माथितिर हेर्दा फर्ना निकैं माथि पर्वतको थाप्लोबाट नै सानो खोल्सो खसेर बनेको देखियो । अष्ट्रेलियाको सितिमिति नखिइने पुरानो पहाडको काखबाट झरेको त्यो फर्ना बनेको पानी निकै नै सानो भएको जस्तो लाग्यो । पानी अति ठूलो भैंदिएको भए साँच्चिकै हेर्न लायक हुने थियो होला भन्ने सोचें । इन्डोनेशियामा 'बाली' टापूमा पनि यात्रुहरूले हेर्ने फर्ना हेरेर्थ्यौं । त्यहाँ पानी यहाँको भन्दा प्रसस्त ठूलो थियो तर अग्लो भने यति थिएन । जेहोस्, क्यानाडामा विश्वविख्यात 'नाएग्रा फल्स' हेरेका आँखाले यो फर्नालाई पनि ठाउं अनुसार फर्ना भनेर हेर्‍यो र त्यहाँ दुई/तीनवटा फोटो खिचेर हामी फर्किहाल्यौं ।

हामी रेल्वे स्टेशनमा आइ पुग्नासाथ धेरै थोरै यात्रु लिएर रेल पनि आइपुग्यो । अनि हामी माथि जान चढिहाल्यौं । माथि जांदा त तल ओर्लेदाको जस्तो अनुभव हुँदैन होला भन्ने लागेथ्यो, त्यस्तै नै भयो ।

अब रेल्वेकै साथमा रहेको आकाश मार्ग हामीले पहिले 'सिंगापुर'मा चढी सकेका हुनाले नचढ्ने भनिन् विशाखाकी आमाले । तर विशाखाको र मेरो चढ्ने राय भएकोले त्यो चढ्ने टिकट पनि लियौं । त्यो आकाश मार्गबाट त्यो अग्लो पर्वतबाट तल देखिने 'ग्यामिसन भ्याली' (Gamesen valley) को सम्पूर्ण कुना-काप्चासम्मको दृश्य र बीचमा उभिन पुगेको टुहुरो (Orphan) भनिने पर्वत चुचुरो तथा तीन बहिनीहरू (Three Sister) भनिने उभिएका तीन चुचुराहरू पनि देखाइने रहेछ ।

यी हेरिने तथा अनुभव गरिने दृश्य र अनुभवलाई हृदयभित्र लिएर 'उपहार पसल' (Souvenier shop) भित्र पस्यौं । त्यहाँ काठमाडौंमा रहेको नाति असीमलाई खेल्ने 'घुएंत्रो' (Boomerang) किन्यौं साथै त्यहाँको सम्झनाको लागि भनी कोठामा देखाउन राख्ने एउटा सानो चम्चा पनि छोरी विशाखाले हाम्रो निम्ति भनी जिद्दी गरेरै किनिन् । अनि बाहिर निस्केर त्यहाँबाट पनि देखिइ नै रहेका तीन बहिनीहरू भनिने डाँडातिर जाने कि नजाने भनी विचार विमर्श गर्न लाग्यौं । हामी उभिएको त्यही ठाउंमा नै तीन बहिनीहरूको रूप पनि बनाई पानी झारिएको रहेछ र ती तीन बहिनीहरूको प्राचीन कथा सुन्नलाई बीस/बीस सेन्टसको दुईसिक्का खसालिदिनु पर्ने रहेछ । हामीले सिक्का खसाली गाथा पनि सुन्यौं ।

'तीन बहिनी' को रेकर्ड भएको कथा सुनिसकेपछि अब त्यहींबाट देखिएको 'तीन बहिनीहरू' भनिने डाँडाका चुचुराहरू देखिइसकेका र तिनको रेकर्ड भरिएको कथा पनि सुनिसकेकाले त्यसतर्फ नजाने भन्ने राय भयो र गुफातिर जाने भनी निर्देशित भएको बाटोतिर गुफा हेर्न जानको लागि बढिहाल्यौं । अष्ट्रेलियामा नै बसोबास गरेका भए पनि विशाखा दम्पति पनि पहिले कहिल्यै त्यो गुफातिर नगएकाले गुफा कति टाढा छ र कस्तो छ भन्ने ज्ञान रहेनछ । त्यसैले अन्दाजकै भरमा साढेपांच जतिमा त्यही ठाउंमा फर्केर आउने गरी जाने अठोट गरी त्यहाँबाट हिंडिहाल्यौं ।

बाटो त्यहाँबाट सुन्दर कालोपत्रे भै अगाडि बढ्यौं । अलिपर पुगेपछि तल ओर्लिन पनि लाग्यौं । अब प्रकृतिले पनि आफ्नो सौन्दर्यको छटा हामीलाई अघाइन्जेलसम्म दिने रूप लिन लागे झैं देखिन लाग्यो । आँखाले ग्रानिन्जेलसम्म हेर्दा पनि हरियो जङ्गलले भरिएका डाँडाहरू एउटाले अर्कोलाई अंगालो मार्न लागेका तथा कसैले कसैलाई ढोग्न लगाउने ट्रेनिङ्ग गर्न लागेका जस्ता देखिन लागे । दुवैतिर जङ्गल

छोडियो । तैपनि अब बीस-पच्चिस दिनमा पढेर परीक्षा दिनु भनेको बौलदठीपन नै त ठहरिन्थ्यो । यही कारणले मीच मारेर बसे । तर एक्कासी २ महिना परीक्षा सर्ने जांदा फेरि हौसिएर पढ्न थाले ।

यसरी एकजना साथी बलराम न्यौपाने, महाँकाल (हाल पानीट्याङ्की) ले सन्काएको भरमा मैले एस.एल.सी परीक्षामा संलग्न हुन पुगे । आशा थिएन पास हुने, तर पास भएंछु, अचम्म लाग्यो ।

एस.एल.सी. गरेर उच्च शिक्षामा पस्ने ढोका त खुल्यो तर त्यसपछि के त ? मेरा अगाडि प्रश्न चिन्ह लाग्यो । त्यति पढाइले चाहना अनुसारको जागिर नपाइने (फेरि चाकडी भनसुन गर्नु पर्ने, कसलाई गर्ने प्रवृत्ति नै बसेन) र उच्च शिक्षामा प्रवेश गर्न सम्पूर्ण परिवारको अभिभारा आफ्नै काँधमा, त्यसमाथि पढाइ खर्च । मेरा सामु एउटा कालो पहाड खडा थियो । त्यसैले मन मारेर आफ्नै इस्कुल (अरुणोदय) को स्याहार सुसारमा र राजनीतिक दौड्धूपमा लागें । एकवर्ष/डेढवर्ष यसै बित्यो ।

एक्कासी २०१२ सालको मध्यतिर अमेरिकी सहयोगमा काठमाडौंमा कलेज अफ एजुकेशनको स्थापना भयो । त्यसमा एकवर्ष र चारवर्ष गरी दुईतहको शिक्षा स्नातकको अध्ययन गर्न (एस.एल.सी. तहलाई चारवर्षे र बी.ए. तहलाई एकवर्ष) दर्खास्त आह्वान गरियो । खाली अध्ययन भएको भए त मैले ओट गर्ने कुरै थिएन, तर पैसठ्ठी रुपियां मासिक छात्रवृत्ति पनि दिइने भएकाले मैले पनि दरखास्त दिएं । स्मरण रहोस् त्यतिखेरको भाउ बेसाहा (रुपियाँको वजन) को स्थितिमा छात्रवृत्तिको ६५/- रु. मासिकबाट मेरो पुस्तक, कापी, कलम खर्च पुगीकन (पचास पैसाले खाजा र चुरोट पुग्थ्यो) घरखर्च-नूनतेल लत्ता-कपडा र केटाकेटीको पढाइ खर्च पुग्थ्यो । र, सातसय उम्मेदवार मध्ये पचहत्तर जना मात्र उत्तीर्ण (अन्तर्वार्ता) हुँदा 'लाटाको खुट्टा बाटामा' भने जस्तो म पनि पर्न गएँ । तर मलाई पछि थाहा भयो यो मेरो भाग्य मात्र थिएन, मेरो साहित्यिक परिचयले पनि काम गरेको रहेछ । २००६ सालमा शारदा पत्रिकामा मेरो एउटा 'गरीब' कथा छापिएपछि म बराबर राष्ट्रिय पत्रिकाहरू 'प्रगति', 'आँखा', 'सेवा' आदिमा छापिन थालेको थिएँ । त्यसैले पढ्लेखेको समाजमा मेरो केही परिचय थियो । किनभने त्यति बेला छनौट भएकामा केही त्यस्तै साहित्यिक व्यक्तिहरू पनि थिए, उदाहरणको लागि दौलत विक्रम विष्ट, बासुशशी, नीरविक्रम प्यासी आदि र आजको शिक्षा क्षेत्रलाई हाँकेर बसेका केही अरू व्यक्तित्व - स्व. हेमचन्द्र श्रेष्ठ (एकवर्षे), डा. राजेन्द्रकुमार रोङगोङ (एकवर्षे) सर्वज्ञभक्त मल्ल, डा. हर्षनारायण धौमडेल, डा. प्रेमकुमार कसजु (जुनियर) आदि पनि त्यतिखेरका मेरा सहपाठी (सह-यात्री) थिए । वच्चु कैलास जस्ता गायक पनि थिए ।

कलेज अफ एजुकेशन चेत भवनमा प्रवेश पाएपछि मेरो जीवनले एउटा निश्चित दिशा लिन पुग्यो । त्यहाँ कोरा सैद्धान्तिक पढाइमात्र नभएर व्यक्तित्व विकासका विविध क्रियाकलाप हुन्थे । त्यहाँ सांस्कृतिक नाटक, सङ्गीत, नृत्य, गायन आदिको आयोजना हुन्थ्यो, साहित्यिक क्रियाकलाप पनि हुन्थ्यो । यो सह-शिक्षाको पहिलो संस्था थियो र त्यहाँ अनौपचारिक प्रेम प्रसङ्ग शिक्षा पनि हुन्थ्यो । (त्यहींबाट केही जोडाले सफल दाम्पत्य जीवनमा पनि प्रवेश गरेथे) । यिनै सब व्यक्तित्व विकासका कार्यक्रमहरूले गर्दा निकैले आफ्नो व्यक्तित्व त्यहाँ निर्माण गर्न सफल भए । मैले पनि त्यहाँबाट आफ्नो बाटोमा अगि बढ्न सहयोग पाएं ।

यहाँ म विद्यार्थी-यूनियनको कार्यकारी सदस्य बने त्यसै नातालै र मेरो कलमको नातालै 'नवीन शिक्षा' पत्रिकामा सह-सम्पादक मनोनित भएं (रामेश्वर शर्माको नाउंबाट) यही साथीहरूको सहयोगले (पांच-पांच रु. शेयर उठाएर) मेरो पहिलो कथासङ्ग्रह 'बिरानो देशमा' प्रकाशनको तर्जुमा गरें (तर त्यो पछि नेपाल भारत मैत्री सघले प्रकाशित गराइदियो) अनि यही अन्तरालमा रेडियो नाटक लेखन र प्रसारणको अवसर पाएं, 'नयां नेपाल प्रकाशन' बाट प्रकाशित पाठ्य पुस्तकका लागि चार/छवटा रचना लेख्ने अनुरोध पूरा गरी पहिलोपल्ट जीवनमा साहित्य सिर्जना गरे बापत पारीश्रमिक (एक लेखकी रु. २ दरले) लिने सौभाग्य पाएं ।

तर यसरी मलाई जीवन व्यवस्थित गर्नमा ठूलो सघाउ गर्ने कलेज अफ एजुकेशन र त्यसको शिक्षा प्रणालीको कृतज्ञ हुँदाहुँदै पनि केही गुनासाहरू चाहिं त्यसप्रति छ । यसले एकातिर मलाई जस्तै धेरैलाई जीवन व्यवस्थित गराउनमा सघाउ भयो भने अर्कोतिर हामी राष्ट्रिय शिक्षामा अति आधुनिकताको छाडा संस्कृतिको प्रवेश गराएर शिक्षामा

(मेरी श्रीमती अलि सजग र व्यवहारिक नभएको भए मसंगको बाँकी सम्पत्ति पनि आफ्नै नातागोता भाइ भैयादले लुछ्याचुँडी गरेर मेरा दरसन्तान छोराछोरीको पाटीको बास गराउने थिए)।

यसमा मेरो तर्क के थियो भने उनीहरू पनि उही बाबुका सन्तान म पनि उही बाबुको छोरो। त्यसैले ममा र उनमा के फरक ? उनीहरू पनि त आफ्नो इच्छाले मेरा बाबुका छोरा भएर जन्मेका होइनन्– मेरा बाकै मोजमस्ति (भूल) को परिणाम हुन् तर मेरो उदारता गलत ठाउँमा पऱ्यो। मेरो जेठो दाजु र भाउजूले (भाइ र बुहारी चाहिँ पहिले नै मरिसकेका थिए र आमा पनि) भएभरको सम्पत्ति भोग-विलास, जाँड रक्सी, ज्याफतमा उडाइदिए। छोरा-छोरीका लागि एक सिन्का सुतरी छोडेनन्।

अनि आज मलाई लाग्छ त्यतिखेर मैले अति भावुक, अति उदार भएर सबै नसुम्पिदिएको भए, आज दाजुका सन्तानको यो विपन्न स्थितिमा म केही मद्दत गर्न समर्थ हुँदो हुँ। (हुनत मैले उसलाई घडेरी लिइदिनेदेखि लिएर बास ठडचाइदिने र पढ्न लेख्न प्रेरित गरेर काममा लगाइदिनेसम्म हर मद्दत नगरेको होइन तर जस्तो बाबु आमा उस्तै छोरो– उसले पनि बाबुकै बाटो लियो। र अहिलेको उसका छोराहरू पनि गतिलो मार्गमा छैनन्)।

यसरी बिस्तारै पारिवारिक बोझ र आर्थिक समस्याले पेल्दै ल्याएपछि मलाई अब चेत आयो मैले त आफ्नो जीवनको झण्डै चौथाइभाग सैद्धान्तिक भावुकता, अव्यवहारिक आदर्शको पछिपछि दौडेर मात्र बिताएँछु। समाजमा इज्जतपूर्वक अर्थोपार्जन गरेर बाँच्न सक्नेसम्मको इलम र सीप पनि आर्जन गर्न सकेको रहेनछु। अति मलाई शैक्षिक योग्यता हासिल गर्नु पर्ने आवश्यकताको तीव्र बोध भयो।

तर अब म गर्ने के सक्छु र ? उरन्ठ्यौलो बुद्धि र अपरिपक्व क्रियाकलापमा समय गुमाएर समय छँदै पढ्नमा पनि त ध्यान दिइनँ, अब जीवनको झण्डै चौथाइ बाटो काटिसकेपछि मैले पढाइ कसरी गर्ने ? कमसेकम एस.एल.सी. पास नगरी जीवनको कुरुक्षेत्रमा पनि बढ्न सकिन्न। तर मेरो जम्मा पूँजी शिक्षाज्ञान भनेको साहित्य पठन-पाठन र अँग्रेजी तर्फ पाँच/छ कक्षासम्मको अनौपचारिक ज्ञान बस। एस.एल.सी. परीक्षा दिन हाई इस्कुल पास हुनुपर्थ्यो। त्यो बाटो पनि बन्द थियो।

तर सौभाग्यबस मैले तीनवर्ष लगभग विनायक मोडेल इस्कुल, चाबहिलमा शिक्षण कार्य गरेको थिएँ। त्यतिखेरको नियमानुसार विद्यालयमा तीन वर्ष शिक्षक भएको व्यक्तिले हाई इस्कुलको अन्तिम (टेष्ट) परीक्षा नदिइकन पनि एस.एल.सी. मा उत्रन पाउँथ्यो। यसै नियम अन्तर्गत मैले पनि २०११ सालको एस.एल.सी. मा उत्रने अठोट गरेर फर्म भरिदिएँ। तर त्यसमा पनि अनेकन अवरोधहरू खडा भए। एक त पाँच/छ कक्षाको पनि औपचारिक शिक्षा नभएकोले एकदम एस.एल.सी. को अग्निमा होम्मिनु बौलठ्ठीपन वा सनक नै थियो (मलाई मेरो प्रतिद्वन्द्वीहरूले यस वापत उड़ाए पनि)।

तर नआँट्नु, आँटी सकेपछि खुट्टा कमाउने पनि त कुरो थिएन। त्यसैले मैले सात दिनभित्रमा पाठ्यपुस्तकहरू जुटाएँ। यसमा मलाई मद्दत गर्नेमा बलराम न्यौपाने, जसले मलाई फरम भर्न सल्काएको थियो, अनि बटु मामा (बटुकृष्ण बाग्ले) आदि भए। ट्यूशनका लागि हाई इस्कुलका तात्कालिक प्रधानाध्यापक स्व. गुप्तबहादुर सेन (अँग्रेजी) बलराम श्रमजीवी (नेपाली संस्कृत) बटुमामा (ग्रामर) अनि शेरबहादुर मिश्रसंग इतिहास भूगोलको सह अध्ययन र विज्ञान (?) यस किसिमले मेरो विचित्र अध्ययन शुरू भयो। विचित्र किनभने परीक्षा केवल एक महिना पन्ध्र दिन बाँकी थियो र पहुतुपर्ने तीन वर्षको सम्पूर्ण एस.एल.सी कोर्श।

तर त्यसै बखत मात्रिकाप्रसादको प्रधान मन्त्रीत्वकालमा कम्यूनिष्ट पार्टीको भातृ संगठनहरूले आन्दोलन छेडे। त्यसैको लपेटामा परेर सुरक्षा कानून अन्तर्गत अनिश्चित कालका लागि नख्खु जेल पुगें। त्यसैबेला जेलमा सहयात्रीहरूमा प्रधानमन्त्रीको छोरा कमल कोइलारा, शिक्षामन्त्रीको छोरा मदन रेग्मी 'थाहा' नाराका प्रवर्तक रुपचन्द्र विष्ट र अरू पनि केही थिए।

यसरी एकासी अनिश्चितकालका लागि धुनामा परेपछि मैले अब परीक्षामा बस्ने निश्चित भएन किनभने मैले जेलको रजिष्टरीमा रमेश बिकल नाम राखेको थिएँ, तर फर्म भर्दा रामेश्वर शर्मा चालिसे। त्यसैले मैले पढाइ स्थगित गरें तर प्रधानमन्त्रीको छोरा र शिक्षामन्त्रीको छोरालाई छुटाउनु परेकोले हामी केहीलाई समेत पन्ध्र दिनपछि

लामो जीवन निर्विघ्न होस्, त्यसको राम्रो प्रगति होस्, सुखमय होस् भन्ने चाहन्थे भने, अहिले मलाई माया गर्नेहरू मलाई हौसला दितेहरू मबाट इहलोक र परलोक दुबैलाई उपयुक्त योगदान हुने कार्य होस् भन्ने चाहना राख्छन्। यी दुबैथरीको शुभाशीष, शुभकामना र शुभेच्छाले प्रेरित भै आज म यतिसम्म भएकी छु। त्यसको लागि ती दुवैप्रति नतमस्तक भै यथायोग्य आभार व्यक्त गर्दछु।

तर त्यो बेलादेखि केही न केही प्रकारले अशक्त शरीर सधैं एकै किसिमले सक्रिय र सशक्त भएर बस्न नसक्ने रहेछ। शरीर निर्बल भएपछि मन पनि सबल भएर कहाँ बस्दो रहेछ। अनि स्वाभाविक रूपले परिवर्तित भएर आइरहने स्थिति-परिस्थितिसित मिलेर बस्न चाहेरै पनि शिक्षा, ससर्ग र अनुभवको अन्तरले कताकता नमिल्दो-अमिल्दो हुँदोरहेछ र त्यही नै नमिल्दो-अमिल्दो घुमीघुमी भुँमरी भै रनभुल्लमा पारेर मानिसलाई फेरि पनि मुक्तिको चाहना गर्ने बनाउँदो रहेछ। त्यो बेला मन सशक्त थियो र स्थिति-परिस्थितिसित जुध्न नसक्ता भएभरको बन्धन तोडी फुल्किन आँट गरिन्थ्यो। आज मन दुर्बल हुँदा स्थिति-परिस्थितिको अनुकूल भएर बस्न नसक्ता मुक्तिको लागि भगवानसित प्रार्थना गर्नुबाहेक अरू उपाय नदेखिने रहेछ।

जे होस्, मानिसको जीवन गुलाफै-गुलाफको होइन रहेछ र भएको काँढा र खद्या पात-पतिङ्गर हटाई गुलाफै-गुलाफको बनाउनमा निरन्तर प्रयत्नशील रहने प्रक्रियाको नाम नै जीवन रहेछ। सात दशकभन्दा बढी अवधिको जीवनको बचाइबाट मैले सिकेको कुरा यही नै हो।

३०/५/०५६

विजयादशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

गण्डकी नुडल्स प्रा.लि.
पुल्चोक, ललितपुर

विजयादशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा सम्पूर्ण नेपालीमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

नेपाल एयर कुरियर तथा कार्गो सर्भिस प्रा.लि.
प्रदर्शनीमार्ग, काठमाडौं

विजयादशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा सुख, शान्ति तथा उत्तरोत्तर प्रगतिकोलागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

पेमा छिरिङ् शेर्पा
साग्रिला होम, बालुबाटार

विजयादशमी तथा शुभ-दीपावली २०५६ को उपलक्ष्यमा समस्त नेपाली जनताहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा
फोन नं. २५०७३४, २५०७३५

जीवनपथका केही मोडहरू

❑ विष्णुप्रसाद धिताल

मेरो जन्म एक साधारण मध्य-वित्त परिवारमा गोरखा जिल्लाको उत्तरी भेगको भज्याङ भन्ने गाउँमा भएको हो । तीनवर्ष पुग्दा नपुग्दै म आमासँग हजुर्बा (बाजे) जागिरे हुनुभएको पूर्वी मधेसको रामपुर भन्ने ठाउँमा पुगें र मेरो अक्षराम्भ त्यहीं भयो । त्यहाँ हजुर्बा मालको हाकिम हुनुहुन्थ्यो । केहीवर्ष पछि नै चन्द्र शमशेरको निधन भएर भीम शमशेरको उदय भएपछि हाम्रो परिवारका चन्द्र पनि अस्ताए जस्तो भयो । हामी सबै पहाड फर्कियौं ।

पहाड गाउँमा कुनै पाठशाला वा व्यवस्थित पढाइको बन्दोबस्त थिएन तापनि एकजना पण्डितलाई घरैमा राखेर हामी ५/६ जना केटाकेटीलाई पढाउने व्यवस्था मिलाइएको थियो । र, हामी लघु कौमुदी, हितोपदेश र सामान्य हिसाब पढ्थ्यौं । हाम्रो गाउँको शिक्षा पूर्व-प्राथमिक वा प्राथमिक तहको थियो भने हुन्छ । अहिलेका नौजवानले गाउँकै स्कूलमा पढेर बोर्डफर्स्ट भए भनेको सुन्दा अचम्म लाग्छ ।

बाजेहरू नै नछुट्टिनु भएको हाम्रो जहान निकै ठूलो थियो । हामी केटाकेटी (ठिटाहरू) मा एउटै भान्छामा एउटै थालमा खाएको भए पनि कसैले २/३ वर्ष अघि नै काठमाण्डु आएर अँग्रेजी पढ्ने मौका पाए, मलाई त्यस्तो सौभाग्य मिलेन । श्री राजेश्वर देवकोटाका पिता हाम्रा अतिप्रिय सज्जन गुरु पं. हरिभक्तकहाँ (गुरूकुलमा भनौं) बसी वर्षदिन जति उहाँसँगै पढेपछि सम्वत् १९९२ को फागुनमा मात्र काठमाडौं आउने मौका मिल्यो ।

तिनताका काठमाडौं (नेपाल) आएर बस्न त्यति सजिलो थिएन । बाजेहरूको जागिर नरहेको, बाबुहरूमा साहिलो बाको मात्र सानो जागिरले धानिन गाह्रो पर्ने हुँदा पहाडदेखि सामल बोकाइ ल्याएर जीविका चलाउनु पर्थ्यो ।

सम्वत् १९९२ को फागुनमा त आइयो – हामीहरूको अन्तिम लक्ष्य अड्डा-अदालत गर्ने र जागिर खाने हुनाले सबभन्दा पहिले चारपास (लेख, हिसाब, औठाको सहीछाप र ऐन-श्रेस्ता-यसै बराबरको नयाँ पढाइलाई एघार पास पनि भन्थे) दिने हेतुले श्रेस्ता पाठशाला धाइयो र साथै रानीपोखरी संस्कृत पाठशालामा भर्ना भएर संस्कृतमा प्रथमा परीक्षा दिन लागियो । सम्वत् १९९३ को पुससम्ममा चार पास र प्रथमा पनि पूरा गरियो । लक्ष्य जागिर खाने भएपनि (१६ वर्ष नपुगी जागिरमा प्रवेश गर्न नपाइने) उमेर कलिलै हुनाले संस्कृत पढ्ने पट्टि लागियो । तर त्यही इमारको माथिल्लो तल्लामा अँग्रेजी पढाइने दरबार स्कूल हुनाले र मलाई सिंही उक्लन साहै रहर हुनाले चारवर्षको साहित्य-मध्यमाको कोर्श तीनै वर्षमा सिध्याई सम्वत् १९९६ सकिंदा नसकिंदा म माथि उक्लें– सुनको तक्मा पाउने भएर ।

उक्लन त उक्लें र अँग्रेजी फुट्टि लेख्न नजानेको हुनाले फिथ्थ क्लासमा भर्ना भएर पढ्न लागें । संस्कृत र नेपाली विषयमा मलाई क्लासमा बसिरहन पर्दैनथ्यो । त्यो खाली समयमा तल ओली संस्कृत पढ्थें । त्यसबेलाका मेरा गुरु पं. रामनाथ आचार्य बडा सहृदयी सज्जन हुनुहुन्थ्यो र मलाई फुसंद भएका बखत आफू खाली रहने मिलाउनु हुन्थ्यो । मंसीर–पौषताका अँग्रेजीको जाँच दिई मीनपचासमा अरू घरविदामा बसेका बखत म संस्कृतको परीक्षा दिन बनारस जान्थें (त्यसबेला महेन्द्र संस्कृत विश्व विद्यालय थिएन र डिग्री लिन बनारस जानु पर्थ्यो) एवं रीतले अँग्रेजीतिर षाण्मासिक र वार्षिक दुवै परीक्षामा कहिल्यै दोस्रा नभैकन एस.एल.सी. मा प्रथम श्रेणीमा सर्वप्रथम भएं र संस्कृततर्फ साहित्य शास्त्री पनि भएँ ।

रानीपोखरीपारि पुगेपछि पनि त्यही क्रम जारी रहँदा पहिलो वर्षमा साहित्याचार्य प्रथमवर्ष पास गरियो र दोस्रो वर्षमा आइ.ए. पूरा गरियो । त्यसपछि छात्रवृत्ति पाई विदेशिएकाले संस्कृतको पर्या टुटेको टुट्यै भयो । कलकत्ता वि.वि. बाट बी.ए. र ट्राभान्कोर (केरल) वि.वि.बाट तथ्याङ्क शास्त्रमा एम्.एस्सी. गरेपछि जागिर पट्टि झुण्डिए पनि, पछि गएर 'लण्डन स्कूल अफ इकोनोमिक्स जस्तै विश्व विख्यात संस्था (लण्डन वि.वि. अन्तर्गतबाट एम्.एस्सी. (इकोन) पहिलो नेपाली भएपछि मेरो पढाइको नेटो काटियो ।

काम चलाउ (जागिर खान चाहिने तात्कालिक एघार पास ऐन श्रेस्ता, हिसाब) मात्र भए पनि पढेर जागिर खावस् भन्ने थियो । त्यसै मैले २००२ सालमा निजामति प्रवेशिका (एघार पास) उत्तीर्ण गरेर बा कै इच्छाले, तात्कालिक कमाण्डर इन चीफ (चीफ साहेब) बब्बर शमशेरको चाकडीमा पनि लगभग एक दुई महिना धाएँ । तर आफ्नो प्रवृत्तिले नै त्यसलाई सहन सकेन र त्यसमा विफल भए पछि बाले भन्सारको नौसिन्दा पदमा जागिर गराउनु भयो । तर म त्यसमा पनि टिक्न सकिन ।

पिताजीले मलाई जागिरमा लागेको देखेर शायद केही सन्तोषको साथ आफ्नो प्राण त्यागनुभयो (२००६ साल पुस) त्यसै बखत देशमा राणा बिरोधी आन्दोलनले चरम रूप लियो । साथै हामीले श्यामप्रसाद शर्माको प्रेरणामा साहित्यिक गतिविधि (हस्तलिखित 'सन्देश' पत्रिका प्रकाशनबाट) सुरु गर्यौं । तर त्यसको आडमा भूमिगत राजनीतिमा पनि ('पाँच भाइ' नाउँको सानो संगठन बनाएर) संलग्न हुन पुग्यौं । यसै सिलसिलामा श्यामजी लगायत म पनि पक्राउ परें । यसैबाट मंसिरमा खाएको जागिर फागुन (२००६) मा अन्त भयो । अनि केही अवधि बन्दी जीवन बिताए पछि राजनीतिक मुद्दामा एकबर्ष तारिखमा धाउनु पऱ्यो (यो तारिख सात साल फागुन ७ गते पछिमात्र छुट्यो) ।

यसरी बाबुबाजेको सपना विपरीत साहित्यको माध्यमबाट राजनीतिमा हाम्फालेको म २०१५ सालसम्म सक्रिय राजनीतिक गतिविधिमा दगुरें । यस अन्तरालमा मैले सामाजिक र राजनीतिक कार्यकर्ता बनेर धेरै क्षेत्रको अनुभव बटुलें - समाज सुधारक बनें, आफ्नै घरको कोठादेखि लिएर बाल-बालिकाको शिक्षा सञ्चालन गर्दै तीन/चार इस्कुलको संस्थापक सदस्य र शिक्षक अनि विभिन्न संघ समिति बनाएर पुस्तकालय सञ्चालन आदिको अनुभव पनि बटुलें । सहयोगी (हाल मा.वि.) गोकर्ण, अरुणोदय (हाल मा.वि) आरुवारीको संस्थापनमा प्रमुख भूमिका लिदै, विनायक मिडिल इस्कुल चाबहिल (हाल मित्र मा.वि.) को साधारण शिक्षक चामुण्डा मा.वि. जोरपाटीको शिक्षक सञ्चालन सहयोगीको शिक्षक सञ्चालक, सल्लाहकार आदि निर्वाह गर्दै र भूमिगत राजनीतिदेखि ने.क.पा. (तत्कालीन) को सक्रिय सदस्य समेतको भूमिका पनि निर्वाह गर्न पुगें ।

एकातिर यसरी मेरो राजनीतिक सामाजिक सलग्नता बढ्दै गएको थियो भने अर्कोतिर सानैमा विवाह भएकोले त्यतिबेला (२०१५) सम्म तीन/चार सन्तान पनि मैसकेका (अझ तीनबटी छोरी मेरो आफ्नै बेबास्ताले र उचित संरक्षणको अभावमा अल्पायुमै कालकवलित भैसकेका थिए) र शिरबाट अभिभावक बुजुकहरूको छत्रछाया पनि हटिसकेकोले सम्पूर्ण घर-परिवारको जिम्मेवारी कांधमा आएकोले परिवार पोषण र बालबच्चा शिक्षा-दीक्षाको समस्या बढ्दै गयो । हुनत बाबुबाजेद्वारा जोडिएको गोकर्ण र आरुबारी, बौद्ध, टुपेक आदि ठाउँमा भू-सम्पत्ति नभएको होइन र चाबहिल मैजुबहालमा समेत तीनतले पक्की घर र तीन/चार रोपनी जग्गा भएको हो । तर राजनीतिको बस्का, साहित्यको नशाले गर्दा म घर-परिवारको समस्याबाट धेरै नै टाढा रहें । घरमा सम्पूर्ण जिम्मेवारी केवल एकली श्रीमतीको रहन गयो । मैले धेरै सम्पत्ति गुमाउनु पऱ्यो । (तर मेरी श्रीमती ज्यादै नै व्यवहारिक, ज्यादै साहसी र विचारवान् भएकीले आज मसँग भएको केही भू-सम्पत्ति पनि रहेको छ, नत्र आफ्नै नाता कुटुम्बले मलाई नाङ्गेझार तुल्याउने थिए) ।

पिताको मृत्युपछि मेरो नेवारनी आमा पट्टिका दाजु भाइले मलाई अंशबण्डाका लागि ढिग्री कसे । हुनत त्यतिखेरको ऐन-कानून बमोजिम मैले मठयाहा पट्टिकालाई छखण्डमा एकखण्ड (कुल-सम्पत्तिको) दिए पुग्ने थियो र त्यति मेरा बाले नै बौद्ध बजारको घर-जग्गा र त्यतिखेरको सामाजिक राजनीतिक परिवर्तनद्वारा ममा आएको वैचारिक परिवर्तन (खास गरी मेरो निजी स्वभावजन्य अति भावुक उदारता) को कारणले मैले समग्र भू-सम्पत्तिबाट आधाभन्दा बढी बागमतीको कुलो लाग्ने र हाँडी गलेको उर्वरा फाँटका लगभग चालीस-पचास रोपनी गतिला-गतिला खेतहरू, आरुबारी कै घरसहितका बारीका पाटाहरू उनीहरूलाई दिएर आफूलाई केवल घर वरिपरिका टार खेतबारी र टाढा टाढाका मोहियानी लागेका (अरूले कमाएर कुत मात्र दिने) खेतहरू सुरक्षित राख्न पुगें । यसो गर्दा मैले चाबहिल मैजुबहालको तीनतले पक्की घर र लगभग साढे तीन रोपनी बारीसमेत कौडीको मोलमा (५,५००/- रु. मा) बेचिदिएं

छालहरूसँग उचालिंदै पछारिंदै

❑ रमेश विकल

स्वस्ति श्री वैक्रमाब्दा १९८५ (शकाब्दा १८५०) अब नर्मदोत्तर प्रदेशे जैवमध्यम गतिमानेन षष्टि सम्वत्सर मध्ये विक्रम सम्वत्सरे..... 'शरदृतौ चान्द्रेण कार्तिक मासे शुक्लपक्षे भ्रातृद्वितीया घट्य: २९/१२... कार्तिकमासे गत दिनेषु २९ बुधवासरे गोकर्ण आरुबारी नाम ग्राम निवासिनो बसिष्ठ गोत्रावतंसस्य श्री चन्द्रशेखर शर्मण: (चालिसे):पाणि गृहिताया श्रीमती छायादेव्या: शुभकुक्षित:प्रथम पुत्र: .....

माथिको यो कुण्डली र विवरण मेरो जन्मपत्रीबाट उद्धृत गरिएको हो। लाग्छ, पलक झप्काउँनै नपाई जिन्दगीले एकहत्तर वर्षको फड्को मारिसकेछ – चारहजार छ सय र पन्ध सूर्यसँगै दगुरी सकेछु म – केही सोच्नै नपाई केही गर्नै नभ्याई ।

'म मातापिताको निजी यौन-विलासको परिणाम मात्र हुँ, त्यसैले उनीहरूप्रति मेरो कुनै दायित्व नै छैन । मेरो इच्छाले म भएको होइन' भन्ने खाले आधुनिक जड भौतिकवादी, अतिव्यक्तिवादी, कृतघ्न सोचाइको संस्कार मेरो छैन । मेरा मातापिताले मलाई यो सुन्दर (सानो भए पनि) हिमाली भूमिमा जन्म दिएर यसका लागि केही गर्न सक्ने इच्छा ममा पैदा गराएकोमा म उनीहरूप्रति कृतज्ञ छु । तर मलाई खेद यति छ– मेरो जन्म जुन हैतुले भयो त्यसबारे सोच्दा म आज आफूलाई लगभग खाली हात नै पाउँछु ।

मेरी आमालाई त मैले जानिनँ नै भनिदिए हुन्छ (म डेढ वर्षकै छँदा दिवङ्गत हुनु भएको रे ।) तर बाँचेर मलाई यो संसार उभिन सक्ने तुल्याउने मेरी हजुरआमा र मेरी विमातृ जेठी आमाको सपना चाहिँ यो छोरो बढ्ला, कमाइ गर्ला, दूध-भात देला भन्ने मप्रति नै आश थियो (उहाँहरू मलाई 'लोरी' सुनाउँदा यही गीत गाउनुहुन्थ्यो) अनि मेरा हजुरबा चाहिँ मलाई सही अर्थमा 'ब्राह्मण' भएर आफ्नो कर्तव्य पूरा गरेको र बाचाहिँ ठूलो बढाको चाकडी गरेर ठूलो जागिर खाएर संसारमा रगजग गरेको हेर्न चाहनुहुन्थ्यो । तर के उहाँहरूको कसैको पनि सपना मैले पूरा गर्न सकें त ? तर जब आज म आफूलाई हेर्छु न म उहाँहरूको स्वप्न अनुकूल बन्न सकें न आफ्नो कुनै स्वतन्त्र सपना बुनेर यहाँ केही गर्न सकें ।

मेरा पिता (पिता के पुर्खागत परम्परा ने) शासकहरूको चाकडी गरी जागिर खाने भएकोले बाल मलाई त्यही बाटोमा हिँडेको हेर्न चाहनुभयो । त्यसैले उहाँले मलाई युगको बदलिंदो परिस्थिति अनुकूल ढाल्न पुरातन शिक्षा (हजुरबाको चाहना अनुरूप) आधुनिक अंग्रेजी शिक्षा दिलाउने पनि कोशिस गर्नुभो । तर मैले गाउँमा निम्न-मध्यम परिवारमा जन्मेको भए पनि गाउँमै सबैभन्दा सम्पन्न र राजाको सिंदूर परेको परिवारमा जन्मिएकोले र आमा नभएको दुहुराको रूपमा परिवारको बढी नै (पिण्ड पानी दिन एउटै छोरो भएकोले) माया ममता पाएकोले अलि पुनपुलिएकै भएँ । त्यसैले न हजूरबाको इच्छा बमोजिम मैले पुरातन शिक्षातिरै बढ्न सकें, न बाको इच्छा बमोजिम जागिरे र आधुनिक अंग्रेजी शिक्षा नै पूरा गर्न प्रवृत्त भएँ ।

हजूरबासँ पढाउन खोज्नुभएको पुरातन शिक्षा अन्तर्गत मैले लघुसिद्धान्त कौमुदीको केही अंश पढेँ (शायद सुध्युपास्य भन्ने सूत्र) र अमर कोषका केही अध्याय पूरा नगर्दै भागि हालें । अनि आधुनिक (अंग्रेजी) शिक्षामा पनि नियमित रूपले कुनै औपचारिक पाठ्यक्रम पूरासंग पढन सकिन । (रुद्री, चण्डी जस्ता पाठहरू त ब्राह्मण पुत्र हुनाले अक्षरारम्भ पछि लगत्तै त्यो पढ्ने परम्परा नै भयो ।)

पिताको दोस्रो सपना थियो धेरै पढ्न नसके पनि

मेरा केही समकक्षी साथीहरूले त्यसबेला, सहायक सचिव, नायब सचिवको तह भेट्नाए पनि कसोकसो मैलेचाहिँ लोकसेवा आयोगद्वारा भर्ना भई गजेटेड अफिसर (अहिलेको सेक्सन अफिसर– अर्थात् अधिकृतस्तरको सबभन्दा तल्लो तह)बाट शुरुगर्नु पर्‍यो । प्रवेश अर्थमन्त्रालयमा भयो । त्यसबेला सचिव श्री हिमालय शमशेर हुनुहुन्थ्यो, मन्त्री (अर्थमन्त्री) प्रधानमन्त्री मातृका बाबु स्वयम् । मेरो स्कूले जीवनसित पूरा परिचित विवेकशील सचिव हुनाले मैले अभ्यास अवधि (भर्ना) पनि पूरा नहुँदै– दश महिना पुग्दै नपुग्दै सहायक सचिवमा उक्लने मौका पाएँ । जागिरको कममा मैले आफ्ना समकक्षीहरूलाई भेट्टाउन वा कसैलाई उछिन्न कठिन लागेन । अर्थ मन्त्रालयको सहसचिव, परराष्ट्र मन्त्रालयको वरिष्ठ सहसचिव, उद्योग वाणिज्य र खाद्य-कृषि मन्त्रालयको सचिव भई स्वेच्छावकाश लिई श्री ५ को सरकारको सेवा पूरा गरी छाडें ।

सरकारी सेवामा रहँदा नसीहद पाउने वा अवगाल पर्ने यस्तो त कहिल्यै भोग्नु परेन तर उकाली ओराली धेरै पार गर्नु पर्‍यो । कहिलेकाहिँ त ज्योतिषीले कुण्डली हेरेर 'जस भने पाउने ग्रह छैन' भनेको साँच्चै रहेछ बयारे जस्तो पनि धेरै पटक लगागेको हैन । यस सिलसिलामा दुइवटा कुराको उल्लेख गर्नु अनुपयुक्त होवैन जस्तो लाग्छ ।

१. म परराष्ट्र मन्त्रालयमा छँदा मलाई संयुक्त राष्ट्रसंघको खाद्य कृषि संगठन (F.A.O) को दुई-दुई वर्षमा हुने साधारण सभामा नेपालको प्रतिनिधित्व गर्ने मौका मिल्यो । F.A.O. को कार्यकारी समिति (Executive Council) मा हरेक दुई वर्षमा सदस्यहरू (तिन्ताका ३४, अहिले धेरै छन्) छानिन्छन् । नेपालले ५३/५४ तिरै F.A.O. को सदस्यता हासिल गरेको भए तापनि सन् १९६७ सम्म का.स.को सदस्य बन्न सकेको थिएन । त्यसबेला म एक्लो भए पनि राती २/३ बजेसम्म आफैंले टाइप गरी Note Varbale बनाउने, कोही प्रतिष्ठित सदस्यहरूसँग सम्बन्ध बढाउने इत्यादि सबै गरेर तेस्रो व्यालटमा पुगेर (पहिलेका व्यालटमा नहटाइएकाले) नेपाललाई कार्यकारिणी समितिमा छनाएं । साथै, सो समितिका प्रोग्राम कमिटी र आर्थिक कमिटीमा सदस्यहरू क्षेत्रगतका साथै व्यक्तिगत योग्यताका भरमा छानिनेमा– आर्थिक कमिटीमा म सन् १९६७ मा र सन् १९६९ मा अत्यधिक बहुमतले छानिन सफल भएकोमा मलाई बहुतै खुशी लाग्यो । स्कूले जीवनमा सधैं पहिलाको-पहिला हुँदा पनि त्यति खुशी लागेको थिएन होला । तर सरकारी तवरबाट त्यसको केही पहिचान (Recognition) नभएको देख्ता पहिले जति खुशी लागेको थियो एक हिसाबले त्यसभन्दा बढी बिस्मात लाग्यो– मानौं हितोपदेशमा 'यस्मिन् कूले त्वमुत्पन्नो .....' भन्या मैलाई लागेजस्तो भयो । F.A.O. मा अझ कुनै संयुक्त राष्ट्रसंघका एजेन्सीमा जस्तो पालैपालोसँग का.स.को सदस्य हुने प्रथा छैन र छानिनु नै पर्छ । सन् १९६७ फेरि नेपाल छानिन सकेको छैन ।

२. सचिव त भइयो, तर तिन्ताका पनि पांचवर्ष भन्दा बढी विशिष्ट श्रेणीमा बस्न नपाइने– निवृत्त हुनै पर्ने नियम थियो । सचिव भएको अढाइवर्ष पूरा हुँदा नहुँदै मलाई F.A.O. बाट एउटा नलिउँ नछाडूँ जस्तो पदको निमित्त आमन्त्रण आयो र मलाई बढी धर्मसङ्कटमा पार्‍यो । एकातिर सरकारको सचिव जस्तो पद कसरी छोड्ने, अर्कातिर, अब अढाइ वर्ष पछि के गर्ने ! कामगरि खानु पर्ने मानिसलाई ४५/५० वर्षको उमेरमा रिटायर हुनु पर्ने भयो– व्यवहार धान्नु पर्ने, केटाकेटी पढाउनु पर्ने इत्यादि अपरिहार्य दायित्वतिर हेर्दा, त्यो उमेरमा, निष्क्रिय भएर बस्नु ठूलो अपराध हुन्छ जस्तो लाग्यो र 'वरमद्य:कपोत:.....' भन्ने ठानी F.A.O.मा काम गर्न जान पाऊँ भनी राजीनामा दिएं जो स्वीकृत भयो ।

अहिले फर्केर हेर्दा एक किसिमले बाटो बिराएँछु कि जस्तो लागे तापनि F.A.O. मा गएर सन् १९८८ को सितम्बरमा निवृत्त भएर फर्कंदा मलाई तीन कुराको फाइदा भएछ (१) कम से कम साँठे चौधवर्ष वा करीब १७ वर्षको क्रियाशील आयु थपेंछु (२) केटाकेटीलाई ऐन मौकामा बाहिर लगी गतिला स्कूल-कलेजमा पढाउन सकेंछु (३) निवृत्त जीवनलाई केही सजिलो बनाउन पुगेंछु ।

F.A.O. र विश्व खाद्य कार्यक्रम W.F.P. का विभिन्न ओहदामा रही काम गर्दा (पहिले अधिकृतको दोस्रोतहमा गएको मान्छे निर्देशकको स्तरमा साढेपाँच वर्ष काम गरी निवृत्त हुँदा) केही मात्रामा कुनै न कुनै बेला असन्तुष्टि नभएको होइन भनौं भने 'जन्मदैंको निराशावादी' भन्ने दर्जा मिल्ला भन्ने डर लाग्छ ? मेरो जीवन गाथा छोटकरीमा यही हो ।

' अहिले मेरा छोराछोरी, नाती, नातिनाहरू सबै

अमेरिका, बेलायत र इण्डोनेशियातिर छरिएका छन्, हामी बूढाबूढी घर कुरेर बसेका छौं । आपना सन्तानले गरेको प्रगति देख्दा खुसी अवश्य नै लाग्छ, तर एक्लो वृद्धजीवन विताउन त कहिले काही दिक्क पनि लाग्दो रहेछ । कहिले तराई तिर जान्छौं, कहिले विदेशतिर बसालिन्छौं, यसरी नै चलिरहेछ बुढ्यौली ।

अहिले मलाई साहित्यसंग सम्वन्धित जीवनबारे केही संस्मरण उपलब्ध गराउन दायित्वका प्रधान सम्पादकबाट आग्रह भएकोले त्यतातिर केही चर्चा गरौं –

मैले विद्यार्थी अवस्थामा जे जति कविता र निवन्धहरू कोरें त्यही नै मेरो साहित्य भनी चिनाउने आधार हो । जागिरमा प्रवेश गरेपछि मैले साहित्यतिर सोच्न पनि फुर्सद पाइनं । अफिसबाट फाइल बोकेर घर आउंने र विहान बेलुका र छुट्टीका दिनमा पनि त्यही अध्ययन गरेर अफिस फर्कन्थें । अहिलेको रिटायर्ड जीवनमा पनि खासै केही लेख्न सकेको छैन । शारदा, भारती आदिमा प्रकाशित कबितहरूको एउटा सङ्कलन 'नी' (कवितासङ्ग्रह) ३/४ वर्ष अघि प्रकाशित भएको छ । अरू युपै लेख निवन्धहरू छन् र तिनको सङ्कलन पनि निकाल्ने मेरो सोचाइ रहेकोछ ।

आफूले नलेखे पनि वर्तमान साहित्यप्रति मेरा केही गुनासाहरू छन्, यसलाई सुझाव भने पनि हुन्छ ।

१. पहिलेको एउटा युग थियो: नेपाली भाषालाई स्थापित गरेर त्यसै भाषाको आधारमा साहित्य सिर्जन गर्नुपर्ने युग । भानुभक्तले नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा स्थापित गर्न रामायण लेखेर जनजिब्रोमा ल्याए । त्यो भाषा मध्ययुगमा मोतिराम जस्ता कविहरूको प्रोत्साहन पाएर परिस्कृत हुंदै आधुनिक कालसम्म आयो र देवकोटाकालीन साहित्यकारहरू धेरै माथि उठाइए ।

मैले त्यसबेलाको साहित्यिक गतिविधि देखेकी छु र देवकोटाकालीन स्वर्णिमयुगसंग परिचित छु । राणाहरूको त्रासदीमा वडो संयम अपनाएर लेख्नु पर्ने बेला थियो । तैपनि देवकोटा, लेखनाथ र सम जस्ता त्रिमूर्तिले हिन्दी, बंगाली, उर्दु, फारसी, अरबी र अंग्रेजी भाषाहरूबाट समेत शब्दहरू ल्याएर नेपाली भाषाको भण्डार ठूलो पारिदिए । भाषा-साहित्य विकासका लागि त्यो एउटा साँच्चै नै स्वर्णिमयुग थियो । सम्झदा लाग्छ त्यस्तो युग पुन: आउला ?

२. अहिले नेपालमा आएको स्वतन्त्रतासंगै साहित्यमा पनि छाडापन आएको छ । स्वच्छन्दताको नाममा साहित्यिक अराजकता देखिएको छ । लेखकमा आज संयम छैन, भाषाप्रति गौरव छैन, मोह छैन भने हुन्छ । छन्दमा त हरितालै लागे जस्तै भयो ।

स्वतन्त्र लेखनबाट भाषाको विकास भएको छ भनेर सन्तोष लिने धौरै ठाउं छ । स्वतन्त्रताका नाममा रेडियो, टि.भी. र पत्रपत्रिकाहरूले भाषाको मनपरी प्रयोग गरीरहेका छन् । कृतिहरूको अनर्गलता प्रकाशन भैरहेको छ तर गुणात्मक कृति हेर्न धुइधुइती खोज्नु पर्दछ । मैले एस.एल.सी. दिंदा २०० जना विद्यार्थी थिए अहिले लाख नाघिसके । यस अनुसार भाषा र साहित्यको गुणात्मक विकास त्यै अनुपातमा हुनुपर्थ्यो, तर खोई ?

छिमेकी राष्ट्र भारतमा प्रान्त अनुसारका भाषा छन् । ती भाषाहरू मध्ये धेरैले संवैधानिक मान्यता पाएका छन् र ती प्रान्तीय भाषाहरूको शुद्ध उच्चारण र प्रकाशनमा नागरिकहरू अति सजग छन् । तर यहां भने एउटा नेपाली भाषाले संवैधानिक मान्यता पाएको भए पनि त्यसैमाथि पनि अतिक्रमण भएजस्तो छ । नेपाली भाषाको विकृतिबाट राष्ट्रियस्तरको काम कारबाहीमा त अठ्यारो पर्छ नै, त्यस बाहेक व्यवहार चलाउन पनि कठिनाई पर्नेछ । भाषा माथिको यस्तो बल मिच्याईलाई नियन्त्रण गर्न सचेतता अपनाइएन भने नेपाली भाषाको अवस्था कस्तो हुने हो भन्न गाह्रो छ ।

३. भाषा-साहित्यको विकासक्रममा दुई पक्ष विचारणीय छन् । साधारण बोलचाल वा लेखापढीको भाषा सरल, जनसाधारण सबैले बुझ्ने तर शुद्ध हुनुपर्छ । साहित्यिक भाषाचाहिं सरल, सुगम, सरस र सालङ्कार पनि तर 'गहन भावपूर्ण । जुन कुरा पढेर पाठकले (मन पराएको हिसाबले) टाउको हल्लाउदैन त्यो साहित्य साहित्य नै हैन भन्ने पुरानो उक्ति सार्थक हुने खालको छ । आजकल त कतै शब्द बिन्यास जति क्लिष्ट भयो, भाव जति दुरुह भयो त्यति साहित्यको पारा चढ्यो भन्ने जस्ता साहित्यिक छताछुल्ल भए जस्तो लाग्छ, त्यसो हुन भएन ।

- - -

कार्यक्रम सञ्चालक कृष्णप्रसादले यो यहाँको नियम हो र यसभन्दा बढी लिन चाहनु वा लिंदै नलिनु दुवै आपत्ति जनक कुरा हुन् यती रकमलाई डा. केशरजङ्ग रायमाझी र मनमोहन अधिकारी आउंदा पनि स्वीकार गरेका थिए भनी अनुरोध गर्दा पनि लिन मन्जुर गरेका रहेनछन् । उनीहरूले पनि त्यो अन्तर्वार्ता प्रसारण नै गरेनछन् । यसकारण पनि मप्रति उनीहरू प्रशन्न भएका रहेछन् ।

मस्कोको पांचवटा अस्पतालमा मेरो उपचारको प्रक्रिया चलिरहेको थियो– करोडमा एक जनालाई यस्तो रोग (रोमाटिक अर्तोर्डेक्स) तपाईलाई लागेछ डाक्टरले भने । डाक्टरको भनाइअनुसार दुबै खुट्टा काट्नुपर्ने थियो तर मेरो हठको कारण काटिएन ।

ट्रीटमेन्टको लागि मैले बेलाबेलामा अस्पताल जानुपर्ने भएको र बीचबीचमा खाली हुने भएकोले खाली समयको सदुपयोग गर्न म पेरिस गएं । त्यसबेला कृष्णराज अर्याल फ्रान्सका राजदूत थिए । उनी मेरा सम्बन्धी (मामा ससुरा) भएकोले त्यहां पनि मलाई बस्ने खाने खर्च लागेन ।

पेरिसको दुई महिनाको बसाइको पनि मेरो अत्यन्त मीठो सम्झना रहेको छ । कुमार खड्गबिक्रम शाह राजकुमारी शारदा शाहका साथ त्यहीं बस्नु भएको रहेछ । उहांहरू के कामले त्यहां जानुभएको थियो यो मेरो चासोको विषय होइन । कुरा यत्तिमात्र हो कि उहांहरूसंगको सम्झना मेरालागि कस्तो प्रकारको रह्यो ।

पेरिसको राजदूतावासमा टेबुलभरि खानाका परिकार राखेर हामीहरू सबै वरिपरि बसेर खादै गरेको बेला उहांले मलाई भन्नुभयो–तपाईजस्तो व्यक्तिसंग आज यसरी खान पाउनु मेरो सौभाग्य हो ।

मैले भनें– होइन यस्तो के भन्नुभएको हजुरले ? कुमार साहेब ! हजुर भनेको राजाको ज्वाई, राजाको भिनाजु, हजुरको अगाडि म त धुलाको कण मात्र, हजुर चढेको गाडिले उडाएको धुली समान ।

फेरि उहांले भन्नुभयो– त्यो होइन, राजाकी छोरी विहा गरेर पो मैले यो मान्यता प्राप्त गरेको, नत्र म एउटा ब्रिटिश काउन्सिलको क्लर्क मात्र त हुं– मासिक रु. पांचसय खाने । त्यसबेला हामीले तपाईलाई भेट्न मुस्किल पर्थ्यो । केही अफिसियल कामहरू बोकेर म तपाईकहां जान्थें र शीर झुकाई नमस्कार गरेर फर्कन्थें । मेरो क्यारियरमा असर पर्ने केही मेरा गल्तीहरू मेरो बोशलाई भनिदिनु होला भन्ने डर लाग्थ्यो । अब भन्नुस्– राजदरबार संग सम्बन्धित तपाईजस्तो एउटा नेपाली प्रोफेसर, प्रसिद्ध साहित्यिक पत्रकार तथा लेखकसंग एउटै टेबुलमा आंखा जुधाई गफ मारी हांसीहांसी खाना खान पाउनु भनेको मेरो लागि ठूलो सौभाग्यको विषय होइन र ?

त्यसपछि म लण्डन गएं । लण्डनमा बस्दा पनि मलाई खाना खर्च धेरै परेन । त्यहां प्रशस्त नेपालीहरू रहेछन् । सधैंजसो खान बोलाइ रहन्थे । त्यसबेला म ईश्वर मानन्धरको नटराज रेष्टुरेण्टमा बसेको थिएं । उनीले पनि मलाई त्यत्तिकै सहयोग गरे । मैले नेपालमा सुनिराखेका तीन स्थानहरू हेर्ने इच्छा मलाई थियो– बोलबंकडको कुना, बंकिमघम प्यालेस र बी.बी.सी.को अफिस । म ती तिनै ठाउंमा पुगें । बी.बी.सी. नेपाली सेवामा खगेन्द्र नेपालीलाई देख्दा मलाई अतिखुशी लाग्यो । मैले अन्तर्वार्ता र कविता पाठ गरें । जुन मानिस जनक शिक्षा सामग्री केन्द्रको एउटा मामुली टाइपिष्ट थिए, अहिले त्यहां गएर घर मोटरकार के के हो के के ? उनले मला ? हिन्दी प्रोग्राममको 'आप से मिलिए' प्रोग्राममा अन्तर्वार्ता दिन आग्रह गरे । त्यसबेला नेपालमा जनमत सङ्ग्रहको घोषणा भैसकेको थियो तर जनमत सङ्ग्रह भएको थिएन । त्यस्तो बेलामा मलाई एउटा जटिल प्रश्न राखियो – तपाईको के विचार छ ? त्यसको जवाफ मैले बडो बुद्धि पुऱ्याएर कुटनैतिक ढङ्गले दिनुपरेको थियो । अन्तर्वार्ता पश्चात् मलाई जे-जति पौण्ड मिल्यो त्यसले मलाई एक महिना लण्डन बस्न पुग्यो । मैले दिंदा पनि ईश्वर मानन्धरले पनि लिन मान्नु भएन । उहां ठूलो छाती भएको मानिस हुनुहुंदा रहेछ ।

त्यहांबाट म पुन: मस्को फर्कें र केही दिन बसें । मलाई खुट्टा दुख्न पूर्णत: ठीक भएको थिएन । लण्डनमा वढी सहयोग डा. बिहारी लाल श्रेष्ठबाट पनि पाएं । उहांले आफ्नै घरमा राखेर ठूला ठूला अस्पताल र डाक्टरहरूलाई देखाउनु भयो । डाक्टरले एकपटक चेकअपको लागि पुन: आउने सल्लाह दिए र म नेपाल फर्कें ।

यसरी मैले खुट्टाको उपचारको क्रममा झण्डै एकवर्ष यूरोप भ्रमणमा जांदा यु.एस. डलर १३०० लिएर गएको थिएं । फर्कंदा ११०० डलर लिएर फर्कें ।

मेरो यो युरोप भ्रमण सुखानुभूतिको निम्ति गरिएको नभए पनि भ्रमणमा भएका सुखद् अनुभवहरूले संस्मरण योग्य बनेको छ । र, 'न भूतो नभविष्यति' जस्तै स्मृतिमा रहिरहेको छ ।

- - -

खुट्टा दुखाइले उब्जाएका केही अनुभूतिहरू

❑ मदनदेव भट्टराई

मैले लेख्नुपर्ने संस्मरणहरू धेरै थिए तर अहिले केही कृतिहरूको प्रकाशन र गिती एन्वमहरूको तैयारीमा लागेकोले दायित्वका सम्पादकको आग्रहलाई धेरै दिनसम्म थन्क्याएर राखें। जब मलाई ताकेता आयो तब म केही लेख्न लेखाउन बाध्य भएँ।

पीडा र सङ्कट नै सिर्जनाको पहिलो जननी हो कि सायद। जुन पीडाले मलाई अहिलेसम्म आक्रान्त पारिरहेको छ त्यस पीडालाई म कसरी भुल्न सक्थें। अहिले पनि मलाई यसै पीडाले सताउने गरेको छ। जुन पीडाको सस्मरण नै आजको मेरो लेखनको विषयवस्तु हुनेछ।

आजभन्दा २२-२३ वर्ष अघिको कुरो हो– मेरो खुट्टा अचानक दुख्न थाल्यो। अलिअलि गरेर मलाई हिंड्न मुस्किल पर्न थाल्यो, करिब दुई वर्षसम्म कहिले कता त कहिले कता उपचारका विभिन्न उपायहरू अपनाएं। केही सीप नलागेपछि मैले कान्छो भाइ शान्तदेवलाई लिएर दिल्ली गएं। त्यहाँबाट फेरि फर्केर का छो राजुदेवलाई लिएर भेलोर गएँ। अपरेशन गर्नुपर्छ भन्ने डाक्टरी सल्लाह पाएँ। अपरेशन बाहेक अरू केही उपाय छ कि भनेर म साईबाबाको दर्शनार्थ गएँ। पूरा एक महिना पुट्टपर्ती र हवाइ फिल्डमा बसें, त्यहाँ मैले साईबाबासँग व्यक्तिगतरूपमा कुराकानी गर्ने अवसर पनि पाएं। बाबाबाट केही उपाय निस्कन्छ कि भन्ने आशा पनि भयो, तर उहाँबाट पनि अपरेशन गर्ने सल्लाह भयो। साईबाबाले भन्नुभयो– 'तिमी भेलोरमै C.M.C. Hospital भनी हौऊ, अपरेशनको बेला म आफै आउँला।' यस्तो अपार स्नेह पाएर म मनमनै खुशी र धैर्य लिंदै पुनः भेलोर गएं। डाक्टरहरूले विविध तरिकाबाट उपचारका उपायहरू निकाले। हड्डीका विशेषज्ञ र नशाका विशेषज्ञहरूले आ-आफ्नो क्षेत्रबाट गर्नुपर्ने उपचार गरे। ढाड्बाट पानी निकाले तर आखिर खुट्टा काट्नुपर्ने निर्क्यौल गरे। मैले मानिनँ तर दाहिने खुट्टा माथिको फिलाको हाड नकाटी भएन। टोटल हिप रिपिलेसमेन्ट भयो। प्लाष्टिकको हिप र स्टीलको रड राखेर अलिअलि हिंड्न हुने बनाइयो। म नेपाल फर्केर आएं तर दुख्न चाहिं छाडेन। तत्कालीन रुसी राजदूत र डाक्टरको सल्लाह अनुसार म उपचारको लागि मास्को जाने निधो गरें। तर मलाई भाषाको समस्या थियो। पैसा धेरै चाहिन्छ, त्यसको व्यवस्था र गएर उपचार गरी फर्कने सबै व्यवस्था कसरी गर्ने ? श्री ५ का सम्वाद सचिव चिरनशमशेर थापाले मलाई आश्वासन दिए– तपाई मस्को जानुस् त्यहाँ फ्रि ट्रिटमेन्ट हुन्छ। मैल एम्बेस्डरलाई भनिदिन्छु, तपाईलाई सहयोग प्राप्त हुनेछ।

त्यसबेला ज्ञानेन्द्रबहादुर कार्की मस्कोका राजदूत थिए। मलाई शुरूमा उनले त्यति मन खोलेर सहयोग गरेनन्– जति बदरीप्रसाद खनालले गर्नुभयो। उनीले आफ्ना दाजु भूपालमान सिंह कार्कीलाई फोन गरी सोधेछन्– मदनदेव भट्टराई भनेको कस्तो मान्छे हो, कुन स्तरको साहित्यकार वा पत्रकार हो ? भूपालमानले भनेछन्– पावरफुल मान्छे हो आफ्नो क्यारियर बनाउनु छ भने मन खोलेर उसलाई सहयोग गर।

त्यसपछि त सांच्चै मलाई उनले मात्र होइन सम्पूर्ण परिवार नै सम्मान दिएर राखे, मलाई कुनै प्रकारको कठिनाइ भएन। बदरीप्रसाद खनालजीले गर्नसम्म सहयोग गर्नुभयो।

मेरो बारेमा त्यहाँको मस्को रेडियोलाई पनि थाहा भयो। त्यहाँका नेपाली कार्यक्रम सञ्चालक कृष्णप्रसाद श्रेष्ठले अन्तर्वार्ताको लागि मसँग आएर अनुरोध गरे। मैले बुद्धको देश, शान्तिप्रिय देश, सगरमाथाको देश, वीरहरूको देश र असलग्नताको सिद्धान्त अपनाएका देश– नेपालले रुसप्रति सधैं मित्रता एवं सद्भाव बढाउन चाहन्छ र रुसबाट पनि यही कामना राख्दछ। रुसले नेपालप्रति देखाएको सहयोग र सद्भाव अति महत्त्वपूर्ण छ र यो निरन्तरता सधैं रहोस् भन्ने चाहन्छ आदि इत्यादि भनें, केही कविताहरू पनि पाठ गरें।

कार्यक्रम सञ्चालकहरू खुशी भए र मलाई ५० रुबल दिए। खुशी हुनुको एउटा वेग्लै प्रङ्ग रहेछ– म जानुभन्दा अघि राजदूत बालचन्द्र शर्माको पालामा डा. ईश्वर बराल मस्को गएर मैलेजस्तै मस्को रेडियोको नेपाली कार्यक्रममा अन्तर्वार्ता दिएका रहेछन् र अन्तर्वार्ता दिएबापतको रकम थोरै भयो भनी पचास रूबल लिन इन्कार गरेर कार्यक्रम सञ्चालकलाई ठूलो अप्ठ्यारोमा पारेका रहेछन्।

आत्मसंस्मरण

❑ धर्मराज थापा

मेरो जीवनको घाम-छायाँ भित्रका मेची महाकालीका लेक, बेसी, पहाड, तराईका टाकुरीबाट उभिएर जीवनका उकाली ओराली गर्दाका ठेसठक्कर घटनाहरूलाई कत्ति पनि नछोडी लेखनी अघि बढाउन जमर्को गरेको छु।

अहिले मलाई यस निर्जन ठाउँमा आएर भावना उडाउने, आत्मसस्मरण पोख्ने समय मिलेको छ। यसले मलाई यस शालीग्रामी पुण्यभूमि, चित्त चोर्ने चितवनको शस्यश्यामला धर्तीलाई अभिसिञ्चित गर्दै बगेका नारायणी र रेबा दुबै नदीका किनारकों सानो सोमेश्वर काख, माण्डव्य ऋषिको माडीफाँट वसन्तपुर बजारमा आएर यी भावना एकासी प्रस्फुरण भएको हो। भाव फुर्न पनि कसैले हृदयमा हिर्काउनु पर्दो रहेछ।

गद्यमा होस् या पद्यमा भित्रको भाव पोखिनुपर्छ। म चाहिं गद्य, पद्यमा सिद्धहस्त कहलिएको लेखनदास चाहिं होइन। पद्यमा पनि अनुप्रास मिलाउन खोज्ने, छन्दको ज्ञान भएको पण्डित पनि पटक्कै होइन। लयमा त्यसै पाखापाखेमा दगुर्ने भर्खर मूल फुटाई भुल्का छर्दै बाटो समातेको निर्जन वनको कुलकुले झहरो जस्तो जनताको कवि। लहडीदास मान्छे, मनचलेको बेला चेतनको सुसेली हाल्दै गाई चराउने, वन बगर रनवन घुम्ने, गोठाले गीतका भुल्केनी गेडामा भित्रको भावना बाहिर बतासमा फर्याक्न खोज्ने अथवा यसो भनौं हेमन्त ऋतुको नीलो आकाश हरियो वनमाथि एकान्तको अवसर छोपेर आफ्नो विरह पोख्ने गोलसिमल चरीजस्तो। गोलसिमल भन्ने मेरो गीतैगीतको संगालो हो। साझा प्रकाशनद्वारा उहिल्यै प्रकाशन पनि भएको थियो। त्यो चरीले नेपाली जनजीवनका व्यथा र पीर बोकेर आफ्ना गीतमा नेपाली आकाश र धर्तीलाई जीवनको तत्त्वबारे जीवनको मर्म पोखिरहेको हुन्छ, आकाश र धर्ती गुञ्जाउँछ।

म आज महाभारत शनिश्चरे डाँडाको थुम्कोबाट उभिएर उत्तरका हिमश्रृङ्खलाहरूमा आँखा दगुराउँछु। धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्णाको सान्ध्यदीप सुनौली ज्योतिमा बलेको देख्छु र आफ्नो मुहारलाई पनि हेर्छु। सेता बादलका गुल्था बीचबीचमा गुजुल्टापरी कुनै तपस्वी ऋषिको झुप्रो, अथवा हिमाल चढ्न जाने विश्व पदयात्रीले हिमाली भञ्ज्याङ्मा टाँगेका सफेद पाल जस्तो, गण्डकीको सुन्दर प्राकृतिक पहाड पर्वत नदीनाला समथर फाँटको मनोहर झिलिमिली दृश्यले मलाई सोमेश्वरबाट मनका पखेटा फुकाई उडौं कि इन्द्रका अप्सरा झैं भन्ने उर्वशी भावना उठ्छ।

तिनै धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्णा हिमालयबाट झरेका काली, सेती, मोदी, मादी मर्स्याङदी, चेपे, दरौंदी, आंकु, ताजी, त्रिशूली, बुढी गण्डकीको सङ्गम नै नारायणी हुँदै आफ्नो गण्डकीको विशालता जन्मभूमिको साहित्य, संस्कृति, कला,बोकेर पवन पावन तीर्थ देवघाटकै भुक्ति मुक्ति कारण प्रदायिनी बन्न पुगौं कि भन्ने जमर्को चलेको छ। यिनै सप्तगण्डकीको सङ्गम अर्को महत्त्वपूर्ण तीर्थ त्रिवेणी हुन्।

यो अञ्चल लोक संस्कृतिको क्षेत्रमा संसारमा प्रसिद्ध हुँदै प्रख्यात बन्न पुगेको छ भने हाम्रा आदिकवि भानुभक्त, कवि शिर ोमणि लेखनाथ, राष्ट्रकवि माधवप्रसाद घिमिरे, प्राकृतिक पोखर ाका सुन्दर कवि मुकुन्दशरण उपाध्याय जस्ता राष्ट्रप्रेमी कविहरूको कविता फुर्ने काव्यभूमि पनि बन्न पुगेको छ।

यही भूमिको माछापुच्छ्रेको सुन्दरकाख पोखराको उत्तरको सिरान सुन्तले-सुन्तला फल्ने फलफूलको निकुञ्ज सेती र काली खोलाले अँगालो हालेको बाटुले चौर भन्ने गाउँमा बिक्रम सम्वत् १९८१ साल साउने संक्रान्तिको घाम झुल्कने बिहानीको कलिलो प्रहरमा मैले आफ्नी आमा मनमाया देवीको कोख फोरेर जन्म पाएको थिएं। फुलबाट मुजुरका बच्चा बाहिर निस्केर खुरुर ..... दगुरे झैं म आफ्नो आँगनमा दगुर्ने मौका पाएं।

सोमेश्वरको थुम्कोबाट त्यो काव्यमय सङ्गीत साहित्यको झुल्का फुटिरहन, ठाडो र तेर्सो चुड्के भाका झिकेर मायाँ पिर्तीका कारुणिक चुलीका सुरिला स्वरमा

गुन्जन भइरहने गाउँघरको प्राकृतिक सुन्दर पोखराले मलाई बोलाइ रहे झैं लाग्छ –

'कहां गयो हितकारी माया तिम्रो किन बज्दैन मुरली'

त्यो मायालु दिदी बहिनीका गलाको रन्को सिरसिरे हिमाल बतासले फन्को मारेर घुमाइफिराइ मेरै अघिल्तिर ल्याइ पुऱ्याउँछ । बातावरण नै सङ्गीतमय पार्छ । बिहानका वैंशालु घाम पश्चिमका डाँडामाथि पुगिसके । यिनले प्रत्येक बिहानदेखि फुल्केर अस्त नहुने बेलासम्म जीवन जगत्लाई झस्काएकै हुन्छ । तर पनि म बाहिरी मायाजाल गरी रेशमी रुमाल बुनेर समय खेर फालिरहेकै हुन्छु । मृत्युकोसाथ संघर्ष गरेर उड्छु । यसै त बनमा मर्दिन भने झैं सपना फेटा फरिया बाँधी कति दिन हिँड्ने लाज पचाई भने झै यो स्वार्थी पापी समाजसित दाझा किट्दै म बोल्न पनि सकेको छैन ।

'मर्दामा साथ जाने कुनकुन चीज हुन् सम्झ त्यो काम गर्दा' भन्ने कवि शिरोमणि लेखनाथको कविताले बीचबीचमा बाडुली लगाउँछ । उनले हामी जस्ता आफ्नो मात्र स्वार्थको ढुकुटी भर्न खोज्ने पैसा पिशाचहरूलाई बेला छर्दै खबरदारी गरेका पनि हुन् ।

'जा चङ्गा जा तँ जा जा ढुलुम्तु नगरी सर्र अब्बकासिदै जा, बाटामा निर्भरीका चपल नय को दिव्य तारो हुँदै जा ।'

आफू त चञ्चले ,दिव्यआँखा भएकी रूपवती अप्सराको दिव्य तारो बन्न सकियो न त विपनाकै विजयको फेटा बाँधेर सिन्दुर जावा गर्दै हात्तीमाथि सवार भई लम्कन सकियो । न त 'मर्दामा साथ जाने त्यस्ता कुन कुन चीज हुन् कामगर्दा सम्झ त्यो' भनेर गहन विचार गरी त्यसको छानबीन नै गर्न सकियो । मोति झैं झल्कने सेता दाडिमका बियांसरीका टल्कने ती दन्तावली पनि फटाफट फक्लेर झर्न लाग्दा नै लाग्ने आश्चर्यमा परियो । मनमा पीडाका गह्रौ भारीले थिचेर ढाड कुकुक्क भई धनु झैं नुहिसक्यो । काला केश सेता काँस झै बनेर फुलिसके । हाँगाको गुलाफ कोपिला कतिचोटि फुलेर भुइँमा झऱ्यो फेरि मुजुरा हाल्यो, सुगन्ध छरे, भुँवराहरू झुले फुलदानीमा सजियो । अझै त्यो बगैंचा मगमग पारी जीवन हँसाइरहेकै हुन्छ ।

'ईश्वर्को हाँसो पाएका फूल छोएर नमार'

भन्दछन्– महाकवि देवकोटा । हामी तत्त्व नबुझेका महामूर्खहरू ईश्वरको हाँसोलाई अविबेकी कुविचारका अणुवमहरूले मानवता खरानी पार्न नै खोजिरहेका छौं । खै ! आफूले गरेका सिर्जना रत्नलाई जोखतौल गरेको ? कसी घोटेर पनि पहिला दोसा छुट्याएको ? निस्सार मायाको संसारभित्र घुम्दाघुम्दै पचहत्तर वर्षको खुड्किलाको डिल अझै पनि मलाई प्यारो लाग्छ । फर्केर हेर्दा भने कहाली लाग्छ ।

यहां जोखतौल गर्ने समालोचक भन्नेहरू आफ्नै विद्वत्ताको डम्फु फुकिरहेका छन् । कथाकार, प्रसिद्ध बाबु साहेब पुष्कर शमशेर जबराको 'आ-आफ्नै डम्फु' कथाको शीर्षक झै । कस्तो खाले कविता रच्नेलाई कवि भन्ने ? गीतकार कस्तालाई भन्ने ? जनताको सच्चा जनकवि कस्तालाई भन्ने, त्यो को हो ? जनगीत भन्नुको अर्थ कसरी खोज्ने ? यी कुनै पनि विशेषणको राम्रोसँग साङ्गोपाङ्गो गर्न नसक्ने एउटा कुरो भन्न खोज्दा आफ्नै स्वार्थीपक्षको नीतिलाई मात्र सगरमाथाको चुचुरोमा पुऱ्याएर पुरस्कृत गर्न खोज्ने बुद्धि, विचार र विवेकमा बिर्को लागेका धमिलो राजनीति ग्रसित व्यक्तिहरूले अथवा दलबलले फेरि चोखा सिर्जनशीलहरू माथि ठाडै हमला गर्न र इतिहास मारमेटी पार्न लागे झैं लाग्छ ?

काँचलाई हिरा भन्ने, हिरालाई काँच भन्न कत्ति लाज नमान्ने, किनुवा नक्कली प्रमाण पत्र लिएर लोकसेवा आयोगको आँखोमा छारो हाल्ने, डाल्डा मिसाएको घिउलाई शुद्ध चोखो भन्दै हिँड्ने यस्ता छद्मभेषी साहित्य कलाकारहरूले यस हिमाली मुलुक सांस्कृतिक, साहित्यिक सरलासरला मसिनु मग्मग बसाउने झिनुवा धान झुल्ने फाँटमा पाइलो नपरोस् । यहाँ नेर स्वर्गीय नाटककार श्री बालकृष्ण समज्यूको गजल म उद्धृत गर्छु –

'के गोर्खाली के गढवाली हामी सब हौं नेपाली'

भन्दै रसिलो हँसिलो नेपालको पहाडी ग्रामीण जनजीवनको ढुकढुकी बोकेर मदेश तराई अँगालेर राष्ट्रनिर्माण गर्न सके पो हुन्छ । स्व. कवि गोपाल सिंह नेपाली भन्नुहुन्छ –

'जीवनव्रतमा अब अगाडि सर्न सके पो हुन्छ,
गर्छु भनेर मात्र हुँदैन गर्नसके पो हुन्छ ।'

मलाई सम्झना हुन्छ– एकचोटि २००९ सालको कुरा हो, चम्पारनदेखि कवि गोपालसिंह नेपाली काठमाण्डू

केही संस्मरण

❑ माधुरी भट्टराई

कोठामा एक्लै बुढेसकालको ७२ वर्षको उमेर सम्झदै गम्भीरहेकी थिएं । त्यसैबेला 'दायित्व' पत्रिकाका सम्पादक रामप्रसाद पन्तबाट वृद्ध साहित्यकारहरूलाई सम्मान गर्ने र उहाँहरूबाट केही आफ्नो संस्मरण लेखिदिनको लागि भन्नुभयो । यो वृद्ध उमेरमा आफ्नो के संस्मरण लेखुं भनेर अकमकिंदै थिएं । तैपनि कनीकुयी आफ्नो केही संस्मरण सम्झदै केही कोर्न थालें ।

मैले १३ वर्षको उमेरदेखि केही न केही कविता कोर्न थालेकी हुं । आमाले सानो उमेरमा छोडेर जानुभयो, बाबुले पनि सातवर्षको उमेरमा छोड्नुभयो । दाजु, भाउजु र हजुरआमाको रेखदेखमा हुर्कन थालें । १२ वर्षको उमेरमा बटुटोल निवासी पं. बासुदेव भट्टराईज्यूका साहिला छोरा नन्ददेव भट्टराईज्यूसँग विवाह भयो ।

केही न केही कविता कोर्ने प्रेरणा, बाबु, हजुर आमा र दाइबाट पाएको थिएं भने विवाहपछि घरमा ससुराज्यूको प्रेरणाले गर्दा कलम रोक्नु परेन । सयुक्त घर–परिवारको कामबाट फुर्सद निकाल्दै केही न केही लेख्नथालें । तर अरूको लेखनी थाल्नु भन्दा पहिले श्रीराम भगवान्को गुणगान कोर्न कलम सऱ्यो । आफू धेरै नपढेको साधारण लेखपढ मात्र गर्न सक्ने थिएं । हजूरआमा र बाबुले सानै उमेरमा कौमुदी, गीता, रामायण आदि पढाउनु भएकोले सोही कुराको स्मरण गर्दै रामभक्त हनुमान, सरस्वती प्रेरणादायिनीलाई सम्झदै तुलसीदासकृत रामायणलाई नेपाली कवितामा भावानुवाद गर्ने जमर्को गरें ।

२००८ सालतिर यो रामायण भावानुवाद गर्न थालें ,तापनि २०१८ सालमा आएर मात्र यो रामायण पूरा भयो । तर यो रामायणलाई २०४६ सालमा आएर मात्र छपाउन सकियो । यसैबीच अरू केही लेखनीको थालनी गरें । मुकवेदना, हाम्रो स्वदेश रामो, स्तोत्र सङ्ग्रह, आनन्द लहरी आदि । तर आज आफूमाथि लागेको अनेक रोगव्याधिले गर्दा केही लेख्न नसक्ने मूकनारी बनेर बस्नुपरेको छ । यति स्मरण पनि लेख्न नसक्दा छोरी, बुहारीलाई आफ्नो स्मरण भन्दै लेखिदिन अनुरोध गरें । यतिका कविताहरूको रचना कसरी गर्नुभयो भनी अहिले सबैले प्रश्न गरेको सुन्दा आफैलाई अचम्म लाग्छ । आफ्नो समयमा जुनबेला म केही लेख्थें, पढ्थें, कोर्थें, कसैले त्यसबेला आएर केही कोर्नुहुन्छ कि, केही भन्नुहुन्छ कि भनेर प्रश्न गरेन । जे होस् तर आज 'दायित्व' पत्रिकाका सम्पादकले वृद्ध साहित्यकार को सम्झना गर्दै केही लेखेर दिनु हुन भनेकोले केही आफ्नो सानो संस्मरण कोर्ने मौका पाएं ।

- - -

२०५६

विजयादशमी तथा शुभ-दीपावलीको उपलक्ष्यमा समस्त देशवासीहरूमा सुख, शान्ति तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

राष्ट्रिय खेलकुद परिषद् परिवार

त्रिपुरेश्वर, काठमाडौं

म र मेरा धारणाहरू

❑ सूर्यबहादुर पिबा

मेरो नाम सूर्यबहादुर पिबा हो । सूर्योदय भएपछि जन्मिएको हुनाले मेरा पिताजीले मेरो नाउँ सूर्यबहादुर भनेर राख्नु भएको हुनुपर्दछ । सूर्योदय पछि सन्तान जन्मियो भने देखिन् नेपालका अधिकांश मानिसहरू आफ्नो छोराको नाम कि सूर्यबहादुर कि सूर्यप्रसाद कि सूर्यलाल भनेर राख्दा रहेछन् । त्यसैले भक्तपुरको खौमा टोलमा जहाँ म जन्मिएको थिएँ त्यही टोलमा अर्का एकजना व्यक्ति पनि ट्वाक्क मेरो नामसित मिल्ने सूर्यबहादुर नाम गरेको रहेछ । 'एकतन्त्री शासन भएन', 'प्रजातान्त्रिक शासन चाहियो' 'नागरिक हक देऊ', 'नागरिक हक दिन सब्दैनौ भने गद्दी छाडिदेऊ' भनी कराए बापत निरङ्कुश राणा सरकारले मेरो नाममा पकाउ पूर्जी काट्यो । तर बिघरा लठुवा पुलिसहरूले मेरो नामसंग मिल्ने टोलका अर्का सूर्यबहादुरलाई पो कठालो समातेर लगी रातभर थानामा धुन्यो । पछिसम्म पनि पकाउमा पर्ने सूर्यबहादुर भन्ने व्यक्तिले 'तिम्रो नामसंग मेरो नाम मिलेर पकाउमा परी रातभर जाडोमा कठ्घाग्रिएर ठानामा बिताउनु पऱ्यो बा' भनेको म कहिल्यै बिर्सन सक्दिनं ।

बाबुको कपडा पसलको टाटमा बसेर व्यापारी भएर जिन्दगी बिताएको भए आजभोलि म एकजना निकै धनाढ्य मान्छे हुन्थे होला । बाबुले भने बमोजिम एकजना तरुनी बिहे गरेर श्रीमतीसित नभुली जान्ने भएर राजनीतिमा लागे बापत राणा सरकारले मलाई लगभग तीन वर्ष जेलमा ठोस्यो । पछि करकापमा परेर नेपाली जनतालाई प्रजातन्त्र दिने परेपछि मात्र मोरा राणाहरूले बिबश भएर मलाई मामाको घरबाट निकालेर छाडे । तब फेरि बाबुजस्तै कपडाको व्यापारी भएर व्यापार गर्नलाई टकाराजा नभएकाले टकासका केही नभएर पनि गर्न सकिने बुद्धि बेचेर खाने मास्टरी गर्दै लेख्ने पनि चलाउँदै गएं म । विद्यार्थी जीवनमा पनि अलि लेख्ने काम गर्थें तर पूरा लेख्ने समाती लेख्दै गएको चाहिं वि.सं. २००७ सालदेखि मात्र हो ।

आजसम्म पनि नेपालमा अधिकांश नेपालीहरू बुझ्ने पनि नबुझेजसो गरी बस्दछन्, सुने पनि नसुने झैं गरी बस्दछन् र जस्तै अन्याय भएको देखे पनि नदेखे झैं गरी बस्दछन् । मेरो ब्रह्मले भन्छ– यो कुरो शत/प्रतिशत साँचो हो । तर तपाईंले यो मेरो कुरोलाई हो भनेर कदापि समर्थन गर्नुहुने छैन, किनभने तपाईं पनि त उही ह्याङ्को मूला नै हुनुहुन्छ । त्यसो भएर लेखक भई लेखनी चलाउने फाँटमा मैले हास्यव्यग्य फाँट रोजेको हुँ । हास्यव्यग्य यस्तो बिधा हो जुन बिधामा कलम चलाएर जनतालाई केही भनियो भने मान्छेको हृदयमा भनेको कुरा एकपल्ट पढ्यो भने नपसी छाड्दैन । जुन कार्य गर्न हुँदैन त्यो कार्य गर्ने मान्छेलाई छेड हानेर केही लेख्नियो भने यदि त्यसमा हास्यरसको पुट भो भने पढ्ने मान्छेको चित्त दुःखे पनि त्यो मान्छे लेखकसंग अक्सर रिसाउँदैनन् । तर हास्यरस नराखीकन व्यग्यात्मक ढङ्गले मात्र लेख्नियो भने व्यग्यकारसंग पाठक रिसाइ हाल्दछ । डाँका अथवा चोरले डँकैती गरेको या चोरी गरेको देख्ने मान्छेलाई मौका पाइयो भने मुक्याउन बेर मान्दैन भनेझैं व्यग्यकारलाई पनि मौका पाइयो भने दुर्जन पाठकले बदला लिन कत्ति बेर मान्दैन । त्यसैले साहित्यमा अरू बिधामा कलम चलाउनुमा र व्यग्यबिधामा कलम चलाउनुमा आकाश पातालको फरक देख्दछु म । अरू बिधामा कलम चलाउनु मौरी पालन, कुखुरा पालन, मत्स्य पालन आदि गर्नुजस्तै हो भने व्यग्य फाँटमा कलम चलाउनु बिच्छी पालन, सर्प पालन आदि व्यवसाय अप्नाउनुजस्तै हो । तर व्यग्यमा हास्यरस घुसाउन सकियो भने त्यो लेखक हास्य-व्यग्यकार ठहन आउँछ र त्यसले पाठकले गर्दनको मैल निकाल्ला कि भनेर डर मान्नुपर्ने पनि हुँदैन । हास्यव्यग्य साहित्य सम्बन्धमा मेरो छोटकरीमा भन्नु यत्तिकै हो । धन्यवाद !

१८ गते असोज २०५६

निमन्त्रित हुँनुहुन्छ भारतवर्षको एउटा साहित्यिक जमात लिएर । उहाँको बेतिया घर हो, काठमाडौं आगमन भयो । केशरमहलको पश्चिमी पर्खाभित्रको एउटा भवन जङ्गीलाठ केशर शमशेरबाट नेपाली सांस्कृतिक परिषद्लाई प्राप्त भएको थियो त्यस घरमा स्व. प्रा. डा. ईश्वर बराल र श्री नरेन्द्र रेग्मी दुई प्राणी आफ्ना परिवार लिएर डेरागरी बस्नु भएको थियो । त्यसै परिषद्बाट 'इन्द्रेणी' नामको पत्रिका प्रकाशित हुन्थ्यो । नारायण प्रसाद बाँस्कोटा पनि कहिलेकाहीं झुल्किनु हुन्थ्यो । काठमाडौं भित्रका प्रायः नेपाली साहित्यिकहरूको जमघटले कवि गोपालसिंह-नेपालीको अभिनन्दन भयो– त्यस परिषद्मा । त्यहाँ कवि नेपालीले २-३ वटा कविता सुनाउनु भयो । एउटा थियो 'जीवनको व्रत' –

'झिरमिर झिरमिर पानी पर्छ
झन्-झन् मन यो गम्कन्छ
बादलमा बिजुली चम्कन्छ
झिरमिर झिरमिर पानी पर्छ ।'

अर्को थियो–

'म सम्झन्छु तिमीले सम्झे
झन् मेरो मन कस्तो होला
तिम्रो दिलमा बस्न पाए
मेरो मन यो कस्तो होला ।'

यसरी कवि गोपाल सिंह नेपालीले आपना सरस, भावनामा कविता सुमधुर कण्ठ फोरेर त्यहाँ सुनाउनु भयो । बहाँले जुनसुकै कवि सम्मेलनमा उभिएर कविता सुनाउँदा त्यो समारोहको बातावरणलाई चारचन्द्रमा झुल्काइदिनु हुन्थ्यो । अति सुललित कण्ठ, अति संवेदनशील हृदय, अनुप्रास मिलेका सौन्दर्ययुक्त सचेतनता, कोमल नवीनशैली शील्पकलाका भावनाले ओतप्रोत जनजनका मुटु छुने रचना नेपालीका श्रीमुखबाट निस्कँदा मेरो कानको बाटो गरी हृदय रन्थनाउन पुग्थ्यो । त्यो गरिमामय क्षण केशर पुस्तकालयभित्रको सांस्कृतिक परिषद्मा इतिहासकार स्व. बालचन्द्र शर्माले भन्नुभयो– 'हाम्रो नेपालमा पनि गोपाल सिंहका भाइ जनकवि धर्मराज थापा हुनुहुन्छ । लौ अब हाम्रो थापाजीको तर्फबाट पनि यो सभा गम्काइ दिनुपऱ्यो ।'

नेपाली विद्वान्का नजरहरू पनि मतर्फ चम्कन थाले ।

कवि गोपाल सिंह नेपालीजस्तो हिन्दी साहित्यको कवितामा नाम चलेको, पढेलेखेको, जान्नेसुन्ने मान्छे, बाँस्तो त थिइनं तर पनि मेरा प्रकाशित रत्न जुनेली पहाडी सङ्गीत दुइटा गीती कथामय पुस्तिका २००३ सालदेखि नै प्रकाशनमा आइसकेका थिए । मैले –

'धुरुधुरु नरोऊ आमा तिम्रो आंसु पुछेर छोडौंला'

भन्ने राष्ट्रिय गीत नेपाली कांग्रेसको पहिलो विशाल आमसभामा हालकी दशरथ रङ्गशाला (सानो टुंडिखेल) को मञ्चबाट राजनीतिका शीर्षस्थ नेताहरू (विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, सुवर्ण शमशेर, गिरीजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय, पुष्पलाल आदि) को उपस्थितिमा सस्वर गाएको थिएं । त्यहाँ मैले तिनै गीतहरू– 'भरियाले बिसायो भारी भञ्ज्याङ्को पिपले छायामा', 'निद्राचोर को होला मेरा नजरको' भन्ने थरिथरिका छन्दहरूको दुई/चारवटा मार्मिक गीत र कविताहरू सुनाएं । त्यो सभाले साहित्य सङ्गीतको रस छुट्यो । कवि गोपाल सिंह नेपालीको कवित्वको प्रभाव त्यहाँ पऱ्यो । धर्मराज थापालाई पनि कवि गोपाल सिंह नेपालीले मीठो चुम्बन दिनुभयो ।

यसरी म ब्युँझेको थिएं । कबिले आफ्ने प्रकृतिको चित्रण र समाजको दुःखदर्द, जीवनका अनेकौं लहरका साथ सुख-दुःख र हर्ष-विरहका आंसु बगाएर खिच्न सक्नु पर्दछ ।

'हेर दाइ काली पार पहिरो,
पहिरोभन्दा पीरती झन् गहिरो' ।

२०५६/५/११

वडा दशैं २०५६ को सुखद् उपलक्ष्यमा
समस्त नेपालीमा हार्दिक मङ्गलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

योगेन्द्रकुमार श्रेष्ठ
(वडा अध्यक्ष)
का.म.पा. वडा नं. १ परिवार

आत्म परिचय– श्यामदास वैष्णवको

❑ श्यामदास वैष्णव

आफूले आफूलाई उग्राएर आत्म-परिचय दिनु गाह्रो काम हो। आफूभित्र रहेको चैतन्यले कुन परिस्थिति र कुन समयमा आफूबाट के काम गरायो म अङ्कित गर्न खोजिरहेछु अक्षरमा। हेरौं कस्तो रङ्ग-ढङ्ग देखिने हो आफ्नो र कस्तो क्रियाकलाप दर्शिने हो। छोटकरीमा विश्लेषण गरिहेरौं – आफूलाई। जसबाट अरूले चिन्न, बुझ्न सकून् – कुनै नामधारी म भन्नेलाई। अनि उसको जात, वर्ग, स्थान र पनलाई पनि जानिहालून्।

म नाम चलेको श्यामदास वैष्णव– साहित्य, सङ्गीत कलाको क्षेत्रमा लागी नाम कमाएको मान्छे। भित्र 'चन्द्र' कहिएको र बाहिर सूर्यलाई मन पराउने मान्छे जन्मिएँछु– १९८१ साल वि.सं. श्रावण महिना कृष्ण सप्तमीमा लाजिम्पाट भन्ने स्थानमा। परम्परा पर्न गयो– मठ, शहरको, विष्णुको मठ-मन्दिरमा पूजाआजा गरी पारिवारिक रूपमा जिउनेहरूको। पहिले ख्याति प्राप्त वैरागी र पछि वैष्णव बनेका हामी। बाबुको नाम कृष्णदास वैष्णव र माताको नाम दुर्गाकुमारी। बाजेहरू– बालकदास, नरसिंह दास आदिको नामले इतिहास र दरबारमा समेत उल्लेखनीय बन्न गएका। विशेष पर्वमा बराबर निमन्त्रणा आइरहने। यस्तो परम्पराको बीचमा देखिन गएँछु– म श्यामदास वैष्णव हुनगएर।

ठूलो र सगोल परिवार बीच म पहिलो नाति जन्मेको हुनाले हर्ष र उल्लास छाएछ। सबले कोठाकोठामा लगी खेलाउने गर्न लागेछन्। यहाँसम्म कि आमाले दूध ख्वाउन पर्दा पनि बालक कहाँ लगिएको छ खोज्न पर्ने। कृष्णाष्टमी पर्व र श्यामदासको आफ्नो पर्व जस्तो देखिन गयो पछि। कारण नारायणहिटीको पूजारीको घर हुनाले– फलफूल मिठाइले टनाटन हुनजाने घर। त्यसमा एक्लो नातिको रजाई सबको निम्ति रमाइलो बन्न जाँदो रहेछ। बालककाल भर आँखा खोल्ने बित्तिकै फलफूल र मिठाई संधै जुर्ने।

उमेर चढ्दै गएपछि नाति बनेको 'श्याम' नामधारी बालक गरुडजीको 'सेवी' बन्न गयो। बाजेहरू चाहिं नारायणका सेवी। ठूल्ठूलो चाडपर्वमा नारायणहिटी दरबारका बिशिष्ट व्यक्तिहरू आउँथे। नारायणको दर्शन गर्नभन्दा पहिले– गरुडजीलाई रुपैयाँ मोहर चढाउँथे। 'नाति बालक' उल्लास पूर्वक रुपियाँ मोहर टिपी सञ्चित गर्दथ्यो – (हात भरीको लक्कू बनाई) कान्छा बाजेलाई बुझाउन। आफ्नो बाजे 'अशक्त' हुनाले घरका प्रमुख बनेका कान्छा बाजेप्रति उ उत्तरदायी बनेको थियो। गरुडजीलाई चढाइएको रुपियाँ पैसा आफ्नै बाबुले माग्दा पनि ऊ दिँदैनथ्यो – बुझाउनेलाई दिनुपर्छ भनेर। कहिले काहीं चाडपर्वमा आएका दरबारी महिलाले गरुडसेवी बालकलाई राम्रो कपडा देखाई दिन खोज्दा ऊ भन्दथ्यो– चाहिन्न मेरो घरमै छ।

बाल्यकालको क्रियाकलाप बारे स्मरण गर्दा केही झल्काहरू दर्शन आउँछन् अहिले। एकपल्ट भर्भराउँदो आगोमा थच्चिन पुगेको सम्झिइन्छ। खसिनी आमा (घरमा काम गर्ने खरो बूढी) ले पोलेको चाकमा पोतोले पोतिदिएको कुरा अझै सम्झिइन्छ। बाबु कृष्णदासले आफूलाई बाङ्खरी (अक्षर) पढाउन लाग्दा घामको मुस्लो आँखीझ्यालबाट छिरेको रमाइलो सम्झना हुन्छ। एकपल्ट– रातो फल (सर्पको काफल) खोंदा कोक्याएर रुन लाग्दा आमा दुर्गाकुमारीले आफ्नो दूध पियाएर शान्त गराएकी थिइन्– छोरा बालकलाई। घरको बारीमा काम गर्ने ज्यापू (पहलमान चा) कृषकले स्नेहपूर्वक बारीमा लगी ड्याङ परेको ठाउँमा बसाली जाँड खाने ? भनेर जिज्ञासा प्रकट गऱ्यो। मैले हुन्छ भनी खाइदिएँ। त्यसको प्रतिफल मलाई संगै सुताउने गरेका कान्छा बाजे डल्लो बा रिसाएर कुल्ला गर्न लगाई मात्र सुत्ने आदेश दिए। उनकी श्रीमती डल्लीआमा पनि मलाई संगै सुताउथिन्। उनको कोठामा सुत्दा एकदिन स्याल कराएको झम्टाइको खड्गोबाट बाँचें। एउटा अत्याउँदो डरले बोक्सीले जस्तै गाँज्न खोजेको थियो एकपटक त। अब अहिले आमाको काखको न्यानो र मातृस्नेहको तेल-वेसारले मेरो बाल-उट्पटघाडे, चकचके चोर मनलाई शान्त पारिसकेको थियो। दण्ड सजायको गाली-हप्काइभन्दा स्नेह, सान्त्वनाको तेल-वेसारले शरीरभरि मनभरि मधुर-नरम गुद-गुदी भरिँदै गएको थियो। आमाले आफ्नो मजेत्रो ओढाइदिनु भएको थियो र नचलिकन सुत्न प्रेरित गर्नु भएको थियो। म एउटा सुरक्षा कवचको आवरण भित्र निर्भिक र निश्चल हुँदै गएको थिएँ। मेरो मनको पर्दामा– आँखा अगाडि झिंक्रो, झिंक्रोभरि काँक्राको झाल, झालका मुण्टा-मुण्टामा पहेंलै फूल, यता-उती काँक्राका बतिला, एउटा बतिलामा मेरो हातको लम्काइ, अँधो मुण्टिदैं खड्राइ अनि मेरो कङ्लासुरको आमा रुबाइहरू चलचित्र झैं नाचेका हुन्थे। पिठ्यूँमा आफ्ना हातले थपथपाउँदै रहनु भएकी आमा प्रत्यक्ष अगाडि, मात्र आमा, एकात्ममयी योगमाया आमामा लीन हुँदै, आमामा एकाकार हुँदै आफू हराउँदै आखिर म सुषुप्ति निद्रामा निमग्न भएको हुन्छु।

निकैबेरपछि यथासमय म निद्राबाट बिउँझें, म चलबलाएँ, आमा....आमाको रट लगाएँ। आमा आउनु भयो सबभन्दा पहिले मेरो बाल मनको अदम्य कामना र उद्भट प्रयासको फल बतिलो काँको मेरो हातमा राखिदिनु भयो, घरका अरूलाई सुनाउँदै भन्नु भएको थियो 'यो बतिलोमा केटाको हंस पसेको छ।'

आमाको सुरक्षा कवचभित्र त्यो बतिलो उमेर, त्यो बतिलो काँको, ती बतिला दाँतको टोकाइ, टुटिल्को, तेल-वेसार, झिंक्रो, झाल, पहेंला फूलैफूल, स्नेहमयी आमैआमाका सम्झनाका लहरहरू, लयहरूमा समाउँदै समाधिस्थ हुन्छु म आज पनि।

अहिले आमा हुनुहुन्न तर आमाको सुरक्षा कवच भित्र आफू भएको, स्नेहसिक्त हेको अनुभव हुन्छु।

- - -

With best compliments on the Happy Occassion of Vijaya Dashami & Deepawali 2056

Durbar Marg
P.O.Box. No. 482
Kathmandu, Nepal

Cable : EVEXPRESS
Telex : 2388 EVEX NP
Fax : 977-1-226795
Tel : 220759

EVEREST EXPRESS
Tours & Travels (P.) Ltd.
Generel Sales Agent
For
Delta Air Lines/Singapore airlines

Heartly Greetings On the Auspicious Occasion of VIJAYA DASHAMI & DEEPAWALI 2056

Branch Office
Kantipath,
Kathmandu
Tel. No 222217, 240136

Everest Travel Service (P.) Ltd.
Everest De Cargo (P.) Ltd.

Head Office
Gangapath, Kathmandu
Po. Box : 223
Tel. No. 249216, 249263

आमाको दृष्टि सान्निध्यमा बाल-धुब झैं तपस्यारत ध्यान निमग्न भएको पाउंछु आफूलाई ।

अहिले ढिकी-झांतो हराएर सम्झनामा लुकेको छ । यो सम्झनेहरूको पनि पुस्ता सकिंदा ढिंकी-झांतो एउटा इतिहास नभए दन्त्यकथा भएर रहला । अब झांतो पिस्दा आमाको हातमा ठेला परेर पाक्ने र ढिंकी कुट्दा अनि ओखलीमा धानको घान लगाउंदा कहिले खुट्टा कहिले हात कुटिएर च्यांपिएर, टिटानस भएर मृत्युसंग जुझुपर्ने अवस्था पनि छैन । आजभोलि सबै जसोका धान र पीठो सेलर मेसिनले कुटिदिन्छन्– गाउं-गाउंमा समेत । ठूला र व्यस्त शहरहरूमा धान देख्नै नपर्ने भैसक्यो, मेरी आमाका छोरी-बुहारीहरूले आजभोलि पकेट र झोलामा एकदम तयार चामल र पीठो पसलबाट किनेर ल्याउंछन् । व्यस्ततामा अल्झेका नातिनी र नातिनीबुहारीहरू त पकाएको त्यो चामल र पीठो खान होटलमा जाने भइसकेका छन्, या त होटेलबाट 'लञ्च प्याकेट' घरमा ल्याएर खाने भएका छन् । अहिलेका छोराछोरीहरूलाई आमाको सम्झना निम्ति ढिंकीको प्रसङ्ग समाउन पर्दैन र मिल्दैन पनि । वास्तवमा ढिंकीले आमाको सम्झना गराउने अनिवार्यता पाएको पनि होइन । आमाको वात्सल्य लीला हेर्न त्यो बेल ढिंकी नाचेको थियो, यथार्थ यात्ति हो । आमाको महिमामयी ममता हेर्न यथार्थ साक्षी हजारौं-हजारौं छन्, ढिंकी हराउंदैमा चिन्तित हुनुपर्ने अवस्था छैन । ढिंकी शाश्वत-सनातन पनि त होइन । आदिमाता, पूर्वमाताहरू धेरैसंग ढिंकी थिएन । त्यो साक्षी ढिंकी त एउटा समयदेखि देखिंदै आयो र अर्को समयमा अल्पिंदै गयो । आमा भने शाश्वती छन्, जहिलेदेखि सन्तानको अस्तित्वको परिकल्पना हुन्छ, आमाको माया सनातन भएर अविरल प्रवाहित छ ।

म सम्झन्छु – मेरो उमेर लगौंटी लगाउने पनि भइसकेको थिएन, एकसरो दौरामा हामो बालककाल गुज्रन्थ्यो । आंगनको छेउंबारीमा झिंकोमा कांकाका बतिला लागेका थिए । बतिलो उमेरको म जस्तोलाई बतिलो कांको जस्तो मन ललचाउने अरू के नै हुन्थ्यो र ! आमा घरधन्दामा व्यस्त हुनुहुन्छ, घरका अरू सबै मान्छे आ-आफ्ना काममा बाहिर गएका छन् । मेरो काम छैन, मलाई बतिलो कांकोले बोलाइरहेछ । म पिंढीबाट आंगनमा ओर्लन्छु र कांकोको झिंकोको नजिक गएर आफू चढ्न सबने-नसक्ने अन्दाज लगाउंछु । कसैले देख्दछ कि भनेर यताउति हेर्छु, घरभित्रबाट म्याउं गर्दै फुत्त बिरालो बाहिर निक्लेर गोठतिर लाग्दछ, नूनढिकेमा बसेका सर्यौंटा (सरौंचरा)हरू बिरालोलाई झम्टौंला झैं गर्दै कल्याङ्वल्याङ् चर्का हल्ला गर्दै कराउंछन्, मेरो मुटुमा पनि एकछिन त ढ्याङ्रो ठोके जस्तै भयो । एकैछिन पछि वातावरण शान्त भयो, मलाई डर लागेको थियो– कतै यो हल्ला सुनेर आमा बाहिर आउनु हुने त होइन ? कतै कांको टिप्ने मेरो योजना भाताभुङ्ग हुने त होइन ? ठूलाबडाले केटाकेटीलाई कांको टिप्न त्यसमा पनि बतिलो कांको टिप्न कहां दिन्छन् र ? औलाले देखाउंदा त कुहुन्छ भनेर हप्काउंछन् । अब वातावरण शान्त भएको छ, मेरो कांको टिप्ने उद्देश्य झन् प्रबल भएर गएको छ, बतिलो कांको नकाटिकन सिङै दांतले टुक्याउंदै चपाउंदै गर्दाको आनन्दको कल्पनामा म त्यसै त्यसै अगाडि बढ्दै छु । सकी नसकी निकै मुस्किलसंग झिंकोमा चढ्छु । एकातिर सुकेका सिन्ना चुच्चाले नाङ्रा पिडौंलामा कोतर्दैछ, अर्कोतिर कांकाको झालको पात र लहरामा हुने झूस बिझेर अत्याउला जस्तै छ, तर हातको तन्काइ र मनको लम्काइ आंखाको संगसंगै कांकाको बतिलोतिर नै छ । एउटा हातले झिंकोको मसिनो सिन्नो समातेर अर्को हातले आफ्नो पहुंचभन्दा अल्लि परै झुण्डिएको बतिलोलाई समाउन तानिंदा हातले समाती राखेको सिन्नो भाचिन्छ, खुट्टाको सन्तुलन पनि खलबलिन्छ र आ....मा भन्दै खंगारिन्छु भुईंमा । मेरी आमा– रुवाइले आमालाई तानेर दगुराउंदै म छेउ ल्याइ पुऱ्याएको हुन्छ । म आमाको काखमा टांसिइसकेको हुन्छु । पिंढीमा लगेर गुन्द्रीमा सुताइ मलाई फुल्याउंदै थाल्नुहुन्छ आमा–'भनेको नमान्दा त हो नि नरोउ वा नरोउ' भन्दै । म लोट्दा संजोगवस आंगन छुट्टिने डिलको ढुङ्गामा निधार बजिन पुगेछ, रगत रसाउंदै टुट्लिएको छ निधार । पिडौंला र तिघ्रातिर पनि कोतरिएको र पाछिएको छ । आमा हत्तपत्त भित्र भान्छामा गएर पातको खोरीमा तेल, बेसार गराएर ल्याउनु हुन्छ र मेरो निधार, पिडौंला, तिघ्राका घाउहरूमा लेपी दिनुहुन्छ ।

म तब सम्झन थाल्दै हुन्छु – आज एउटा काल

सुनियो डरले गर्दा कान ओडनेले छोपी दिएपछि म निदाएंछु । त्यस बखत बिजुली थिएन । टुकी बा पानस बल्ने गर्दथे । रातमा बढी अंध्यारोले छोप्ने गरेकोले स्वत: बढी डर सिर्जना हुने गर्दथ्यो र कथा पनि त्यस्तै खालको सुनाइन्थ्यो । खुब डरलाग्थ्यो । एक दिन कान्छा बाजेले पाल्ने गरेको सेतो घोडाको पछिल्तिर कौतुहलसाथ उभिइ रहंदा उल्ले पछिल्लो खुट्टाले घुंडामा हानिदियो । म दुखाइले रुन थालें । बाजेले तेल बेसार दलिदिई साम्य पार्नु भयो । एक दिन टन्न खाएर अघाएको बखत दक्षिणामा पाएको तामाको पैसा अघाएपछि पैसा किन चाहिन्छ ? भन्ने लागेर चोकमा रहेको ईंटाले बल गरीगरी तामाको पैसा फुटाएको म सम्झन्छु । त्यस बखतको स्मरण गर्दा– एउटा दैवी घटना म उपर घटेको म सम्झन्छु । म पेट दुखेर कोठामा पल्टाइएको थिएं । सबैजना (घरभरिका) मलाई एक्लै छोडेर जान लागे । आफ्नी बज्यैले मेरो सामू आएर भनिन् – 'हामी पशुपति जान्छौं तं सुतिराख् है बाबु ।' मैले अनायासै हुन्छ, भनें । त्यसपछि म मस्त निदाएंछु । आंखा खोलेर हेर्दा त बजै पशुपतिको प्रसाद लिएर आइसक्नु भएको । उहांले ममाथि पशुपतिको जल छर्किदिनु भयो । मानौं 'पशुपति' को उच्चारणको भर र फर्किए पछिको जलले मलाई त्यसै सञ्चो गराएको अनुभव भयो ।

यहां स्मरणीय कुरा के छ भने मेरा मामली बाजे अर्जेल दामोदर डिङ्गा (आमाका बाबु) सिफलमा बस्थे । उनीहरूको शरणस्थल नै जस्तो पशुपति मन्दिर थियो । म मामलीमा बस्दा मलाई बराबर पशुपति लगिन्थ्यो । र म पशुपतिको बडे साढे देखेर खुशी हुन्थें र छक्क पर्थें पनि । एक प्रकारले बाजे र मामाहरूको मालिक नै जस्तो लाग्थ्यो– पशुपति । यता नारायणको अन्न खाएर हुर्केको म उता बाजे मामाहरूको मालिक पशुपतितिरको पहुंचले मलाई नारायण (विष्णु) र शिव (पशुपति)को अनुयायी बनाएको अनुभूति हुन्छ– गढेर विचार गर्दा । दुबैतिरको सांस्कारिक प्रभावले पनि शायद मलाई 'भक्त' बनाए झैं लाग्छ । यद्यपि अन्याय र दुराचारप्रति म सानैदेखि विद्रोही र खरो नै रहें – स्वभाव नरम भएर पनि ।

एकातिर मेरी घरकी बजै (मेरा बाबुकी आमा सानु) भोजे परम्पराकी थिइन् । बाजे जगन्नाथले उनलाई (अविवाहिताको रूपमा) भिऱ्याएका रहेछन् । त्यही परम्पराबाट हामी जन्म्यौं ठूलो घरमा । बजैको परम्पराले मलाई भोज-भतेरमा पनि सामेल गरायो । जसबाट म शहरी रीतिस्थितिबाट परिचित हुन गएं । भन्नुपर्दा भैरव र गणेश सित पनि म परिचित हुन गएं– भन्न सकिन्छ । सोच विचार गर्दा म उस्तो खेलबाडमा लागें जस्तो लाग्दैन– बालककालमा । रमाउंथें त आफ्नैपनमा । रमाइलोका सम्झना गर्दा– कृष्णाष्टमीको खट तयार गराइएको घर (लाजिम्पाट)मा हेर्थें र चिरांग र मैनबत्ती बालेर कृष्णजात्रा चलाइएकोमा समाहित हुने गर्दथें । मौजाबाट आएको 'आंप' जति खाएपनि कान्छाबाजेबाट दिइएको घटनाले म अहिले जिल्ल पर्दछु । ठूलो घर हुनाले बगैंचा, चौक र यताउता जाने ढोका बन्द गरेर कहिले काहीं घरमा आएका बालकहरूसित अंध्यारोमा रमाएको म सम्झन्छु । मेरा बाबु कृष्णदास बगैंचा सजाउने र सातातिना कारीगरी काम गर्थे । म त्यो हेरेर आनन्दित हुने गर्थें । विशेषत: मेरो बालस्वभाव छल-कपट लोभ-लालचमा नपरी 'आर्थदी' बनेर रहने बन्यो भन्ने सम्झन्छु– म अहिले ।

- - -

वडा दशैं २०५६ को सुखद् उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं ।

लोगो

दुग्ध विकास संस्थान
परिवार
लैनचौर, काठमाडौं

मेरो जन्म र जागिरे जीवन



❑ गोमा

मआमाको गर्भगृहबाट निस्कन खोजिरहेकी थिएँ । आमा प्रसव व्यथाले अत्तालिइरहनु भएको थियो । बिचरी चौधबर्षकी बालिका आमाको यो संघर्षको दिन थियो –वि.सं. १९८२ जेष्ठ १५ गते । यता ७१/७२ बसन्त पार गरिरहनु भएका हजूरबुबा बुहारीले नाति जन्माउँछे र स्वर्ग जाने बाटो खुलाउँछे भनी बाहिर पीढी कुरिरहनु भएको थियो– बिहानैदेखि पानी घडी थापेर, बाँसको कलम, मसीदानी र नेपाली कागज अगाडि राखेर टिप्पणी लेख्नलाई । मेरो आगमनको प्रतीक्षाले उहाँलाई अधैर्य बनाइरहेको थियो रे । त्यही बेला मेरो आगमन (जन्म) को सूचना मेरो 'च्याँ' सुनेर उहाँ यति प्रफुल्लित हुनु भयो रे ! शायद नाति जन्म्यो कि भनेर । तर भित्रबाट पानबती (अमलेख प्राप्त गरेर पनि त्यही बसिरहेकी दासी)ले हजूरबुबालाई 'रोटी' भनेको सुन्ने बित्तिकै पानीघडी थापेको भाँडो त्यही पर्याकेर पुर्पुरोमा हात राखी आँशु बरबरी झार्नु भएछ ।

हजूरबुबाले त म पछि मेरी सौतेनी आमाका सन्तानहरूबाट नाति पनि देख्नुभयो र चौरासीबर्षको लगभगमा जानुभयो । स्वर्गको ढोका खुल्यो भन्ने विश्वासले सन्तुष्ट भएर जान पाउनुभयो । तर म जन्मँदाको साइतमा झार्नु भएको एक-एक थोपा आँशु मेरो वेदनात्मक जीवनको प्रतीक रहेछ, सङ्केत रहेछ र तिनै आँशुका थोपाले म सधैं लखेटिइरहेकी छु । शायद आँखा पनि नखोल्दै पाएको यो तिरस्कारले मेरो जीवन सधै तिरस्कृत भएको त होइन ? त्यसैले होला म जान्ने बुझ्ने हुनुभन्दा धेरै अगाडिदेखि नै आँशुमै डुब्दै भिज्दै आँशुलाई नै अभिन्न साथी बनाउँदै यो जीवन ओसारिरहेकी छु ।

साढे तीनवर्षको अबोध बालिकालाई बुहारीको रूपमा (आमाको माइतीमा अपुताली परी) भित्र्याउनु भएका मेरा समादरणीय हजूरबुबाले बुहारीलाई नुहाइधुवाइ कपाल कोरीबाटी गरेर हुर्काए जस्तै फेरि मलाई पनि तीनै महिनादेखि हुर्काउने अभिभार लिनुभयो मेरा हजूरबुबाले । तीनमहिना अघि गरिएको तिरस्कार अब असीम माया ममतामा डुबाउँदै मेरो स्याहार सुसार गर्नुपर्‍यो । कुबुराले आफ्ना चल्लालाई छोपेर राखे झैं गरी मलाई मेरा सौतेनी आमाहरूको टोकेसोबाट बचाउनुपर्‍यो । सौतेनी आमाहरूको कठपुतली भएका बाबाको के कुरा गर्नु ? त्यसैले जहाँ सप्ताह, पुराण भन्न गए पनि, श्राद्ध गरिदिन गए पनि पीठमा बोकेर हात समाती डोऱ्याएर संगै लैजानु हुन्थ्यो । घरमा पढ्न आउने गाउँका क्षत्री, बाहुन, ठकुरी र गुरुङ आदिका केटाहरू पढाउँदा, मलाई संगै राख्नुहुन्थ्यो । तिनीहरूले पढेका रामायण, महाभारतका केही श्लोकहरू अक्षर नचिन्हीकनै कण्ठ गरिछु । लौ, यसलाई अक्षर चिन्नाउनु पर्‍यो भनेर अक्षर चिनाइ दिनुभयो । त्यसपछि त मैले रामायणको सुन्दर काण्ड कण्ठै पार्न लागेंछु, अझै पनि सुन्दर काण्डका धेरै जसो श्लोक कण्ठै छन् । फलस्वरूप पढ्नकै लागि पढ्न भनी नवसीकनै दुर्गाकवच, भक्तमाला, चण्डीका श्लोकहरू धेरैजसो कण्ठ भएछन् । हजूरबुबा सप्ताह, श्राद्ध, विवाहमा जाँदा उहाँले पढ्नुभएका ठाउँमा यहाँ पुग्यो बुबा, यो हरफ छुट्यो भन्न पनि जान्ने हुँदै गइछु । तर यति हुँदाहुँदै पनि मेरो बाल्यकाल हजूरबुबाको छायाँबाट अलिकति पताउता भयो कि बेहाल हुने रहेछ । आखिर घर न हो, सौतेनी आमाहरूकै राज्य थियो, बुढो हजूरबुबाको चल्दथ्यो र ! मौका पर्‍यो कि उनीहरूको दँशबाट सधैं सताइन्थें ।

हजूरबुबा बित्नु भएपछि घर माइती सबै सौतेनी आमाको कब्जामा पर्‍यो । मेरो बेहाल देखेर र सुनेर बाल विधवा मेरी ठूली हजूरआमाले मलाई काठमाडौं ल्याउनुभयो । हजूरबुबाले लेखपढ गर्न बाटो लगाई दिइसक्नु भएकोले यहाँ केही सजिलो भयो । हजूरआमाको प्रयासले कोहीसँग पढ्न पाएँ, कसैलाई पढाउन पाएँ । आखिर २००४ सालमा पाटन धर्मोदय वि.मा कन्या स्कूल (धाख्वाहरूबाट

सम्झना–आमाको

❑ कमलराज रेग्मी

मसानै केटाकेटी छँदा जबदेखि सम्झनालाई समाउन सक्ने भएको हुन्छु, त्यो समयमा फर्किएर उभिएको छु । रातको तेस्रोपहर बिल्न लागेको छ, नगिचैको नारायण मन्दिरको फूलबारीमा चमेराहरू पर्कन लागेको च्याँच्याँ चीची सुनिन लागेको छ । आमा उठ्दै हुनुहुन्छ, आमा संगसँगै उठ्ने बानी बसेको छ मेरो पनि । आमाले फकाउनु हुन्छ 'सुत बाबु, अँध्यारै छ, डराउन दिने आउँछ' भनेर । आमाले जति फकाए पनि म मान्दिनँ, आमासँग छुट्टिएपछि त डराउन दिनेले झन् एक्लै पारेर ड्याकि हाल्छ नि । जति जाडो, अप्ठेरो भए पनि आमाको नजिकै रहेर आमाले काम गरेको हेरिरहँदा भरोसा र रमाइलो लाग्छ ।

बाहिर दलानको सिकुवामा ढिकेरी छ । एउटा टिम-टिम बलिरहेको ढिब्रीको मधुरो उज्यालो, म टुकुक्क बसेको छु । डालाभरिको धान ओखलमा खन्याइन्छ । लुँडी लगाउँदै आमाले धान कुट्न थाल्नुहुन्छ । धानको त्यो रास माथि उचालिँदै-पछारिँदै गर्ने ढिंकीको फलामे दाँत भएको मुसलको प्रहार र ढिंकीको उतोलन र सन्तुलन निम्ति पुच्छर पट्टि लगाएको चुकुल – आरलो समेत मिलेर निर्मित भएको त्यो मनमोहक दृश्य र आबाजसँग मेरो बाल-मन नाच्न थाल्दछ । ढिकीको पछिल्लोभाग थिच्दै, उचाल्दै गर्दा तल-माथि वातावरणमा डुबुल्किँदै आमाले त्यो सञ्चालित ढिंकीसंग कर्ममय क्रीडा नृत्य गर्नुभएको दृश्यमा मेरा आँखा पनि तल-माथि तल-माथि हुने निरन्तरतामा तन्मय हुन्छन् । 'भक्करल्याङ् भक्करल्याङ्' को त्यो लयबद्ध आवाज मेरो कानमा एउटा सुर-ताल मिलेको सङ्गीत झैं दोहोरिरहेको हुन्छ । यो परिस्थितिमा मेरो आसन स्थिर र म एकाग्र भएको छु । यसबेला मलाई भोक, जाडो, अप्ठेरो जस्तो कुनै पनि बाधा अथवा विषयेच्छाले छोएको, सताएको थाहा भएको छैन । 'भक्करल्याङ् भक्करल्याङ्' मेरा निमित्त ब्रह्मनाद, प्रणव, ओंकार भएको छ र आमा – ढिंकी – धान मिलेर सम्पन्न हुँदै गरेको यो कर्म सौन्दर्य मेरालागि यो सृष्टि-स्थितिको अनुपम भव्य समारोह भएको छ । म यसैमा तादात्म्य, तन्मय, एकात्म र लीन भएको हुन्छु ।

ढिब्रीको मधुरो प्रकाश, आमा, ढिंकी, तल-माथि, तल-माथि, 'भक्करल्याङ् भक्करल्याङ्' यी सबैको समष्टि अर्थात् योग-ध्यानस्थ म आमाको सान्निध्यमा, आमाकै कर्मलीलामा आनन्दोत्सव मनाइरहेको हुन्थें । त्यो बेला मलाई पतञ्जलिको योगसूत्र, अष्टाङ्गयोग (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि) को ज्ञान कहाँबाट हुनु ? न त बुद्धको विपश्यना ध्यान, आनापानसति, कायानुपश्यना, संवेदनानुपश्यना, चित्तानुपश्यना, धर्मानुपश्यना र निर्वाणको अभ्यास गराइपाउने सम्भावना नै कहाँबाट प्राप्त हुनु ? न त रजनीश (भगवान, ओशो) को 'हँसिवा, खेलिवा करिवा ध्यान'को मौका नै कहाँ भेट्टाउनु ? म त त्यो बेला आमा–ब्रह्ममा समर्पित शिशु-जीव थिएँ । त्यो प्रभाती-प्रहरको कर्मयोगको द्रष्टा-साक्षी म योगनिद्रामा रमाउँदै फेरि स्वाभाविक निद्रामा उँघ्न थाल्दथें । आमाले सुस्त काखमा उठाएर फेरि ओछ्यानमा सिरक ओढाएर थुमथुम्याउँदै मलाई निद्राउन हालपछि आफू फेरि गृहकार्यमा निरालस निमग्न हुनुहुन्थ्यो ।

अहिले आमा हुनुहुन्न तर आमाको सम्झना भने भइरहन्छ, हुन पनि स्मृतिकोषमा सबैभन्दा ठूलो, आत्मीय, महत्त्वपूर्ण, पवित्र आमाकै कृति र व्यक्तित्व बिराजमान छ । अब घरमा आमाका कर्म-साधन ढिंकी-झाँतो पनि छैनन्, तिनको पनि सम्झनामात्र बाँकी छ । छिमेकी माधिल्लो घरमा इतिहासको पात्रजस्तो भएर एउटा ढिंकी रहेको छ । कहिलेकाही रातिको बिहान 'भक्करल्याङ् भक्करल्याङ्'को आबाज सुनिन्छ । त्यहाँ आजभोलि धान कुटिँदैन, त्यस्तै समारोह पर्दा चोखो गरेर सेलरोटी पकाउने पीठो कुटिन्छ । मैले त्यो आबाज सुन्ने बित्तिकै पुग नपुग सत्तरीबर्ष जति अगाडिको त्यो ढिंकी, त्यो आबाज र त्यो कर्ममय चलचित्रसँगै

विद्यार्थीमाथि गोली चलायो । त्यतिखेर बिहारका मुख्यमन्त्री बिहारकेशरी कृष्णसिंह नेपालका प्रधानमन्त्री मातृकाप्रसादका अभिन्न मित्र थिए । नेपाल सन्देशको ब्यानर समाचार शीर्षकमा 'निर्दोष छात्रों के खून से बिहार केशरी के पञ्जे रङ्गे गए' दोसो प्रमुख समाचारको शीर्षक थियो– 'राजधानी के रङ्गमञ्च पर मातृका सरकार की रङ्गलीला ।' उक्त समाचारहरू प्रकाशित भएपछि दुई दिनसम्म म काममा गइनं । तेसो दिन उहाँसंग जम्का भेट हुँदा उहाँले गाडी रोक्न लगाएर भन्नुभयो– 'नेपाल सन्देश' को दायित्व तपाई माथि छ, म प्रजातन्त्रवादी हुँ, तपाईको भावना र विचार माथि मेरो कहिले पनि हस्तक्षेप हुँदैन ।' यसरी पाएं मैले मातृकाप्रसाद कोइरालाको सहिष्णुता ।

बि.स. २०१५ सालको आम निर्वाचनमा भैरवप्रसाद आचार्य नेपाल प्रजापरिषद्को प्रत्याशी थिए । एक दिन उनले भने– 'भोलि पाँचहजार भा.रु. खोंजेर ल्याउनु ! मैले भनें कहाँबाट ल्याऊं ? रिसाएर भने– 'म केही सुन्न चाहन्न, धितो बसेर पनि ल्याऊ' । उनी बहिर्मुखी थिए । मैले मेरो राम्रो जग्गा झोंकमा आएर बिक्री गरी भा.रु पाँचहजार लगें । पुनः उनले भने– यति छिटो कहाँबाट ल्याएको ? जग्गा बेचेर ल्याएको सुनेर भने– 'हुस्सु रेहेछौ' । अहिले त्यो जग्गा दुई/तीन लाख कट्ठाको हिसाबले बिक्री हुँदैछ ।

अहिले भद्रपुरदेखि बितांमोड तथा बिराटनगर, बीरगञ्ज तथा काठमाडौं जाँदा त्यो जग्गा हेर्छु र मनैमनमा भन्छु– 'म हुस्सु हुं !' यद्यपि प्रवानीपुरको जग्गा अहिले करोडौंको भयो होला । तर, त्यो सर्वस्वहरणमा परिसकेको, त्यसको मुआब्जा त्यतिखेरको हिसाबले उचित नै थियो ।

पञ्चायतीकालका रोचक घटनाहरू:

पहिलो घटना: त्यतिखेर म नेपाल मजदूर सगठनको केन्द्रीय उप-सभापति थिएं । रुसबाट मेरो नाम पद तोकिएर पत्रसहित टिकट आयो र मैले प्रस्थान गरें तर दिल्लीबाट फिर्ता गरियो । त्यसपछि मेरो नागरिक अधिकार खोसिएर करीब साढे एघार महीना काठमाडौंमा वन्दी बनाएर राखियो । मलाई यस क्षेत्रबाट साथ दिने एक मात्र भवानी घिमिरे मात्र थिए । त्यसै सन्दर्भमा बि.बि.सी. लन्दनका रत्नाकर भारतीसंग भवानी घिमिरेले भेटाउनु भयो र काठमाडौंका पत्र-पत्रिकाहरूमा मप्रति गरिएका अन्यायका वक्तव्यहरू प्रकाशित गरिए । त्यतिखेर पञ्चायती व्यवस्थाका जङ्गबहादुरको रूपमा सूर्यबहादुर थापा थिए । पछि मेरा विद्यार्थीकालका परिचित श्री कीर्तिनिधि बिष्ट प्रधानमन्त्री हुनासाथ ममाथि लगाएको आरोप निराधार भनेर खारेज गरियो । पञ्चायतकालमा नै पुनः सूर्यबहादुर थापा प्रधानमन्त्री भएर भद्रपुरमा प्रवेश गर्न पाएनन् । त्यतिखेर नगर पञ्चायतका का.मु प्रधानपञ्च के.बी कार्कीले साथ दिई वजार नै बन्द गरायो र युवाहरूले काला झण्डाको जुलुस प्रदर्शन गर्दा थापा बहादुरीका साथ फर्किन सफल भए ।

- - -

होशियार ! होशियार ! होशियार !!

गाँजाको दुर्व्यसनबाट यस्तो पनि हुनसक्छ:

- व्यक्तिको जीगर हराउने ।
- भक्कुरै सुनेका वा याद पाएका कुराहरू बिर्सने ।
- मस्तिष्कको स्नायुहरूलाई शिथिल र नष्ट गर्ने ।
- श्वास प्रश्वासमा खराबी ल्याएर पीठी र फोक्सोको क्यान्सर हुनसक्ने ।
- गर्भवती महिलाको पेटको बच्चालाई हानिपुर्ने ।
- पुरुषहरूको वीर्य कम हुने र स्त्रीको महिनावारी गडबड भई बच्चा नहुने ।

त्यसैले गाँजाको खेती, कारोबार र सेवन नगरौं !

श्री ५ को सरकार
गृह मन्त्रालय
लागू औषध नियन्त्रण शाखा
सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. २२८८०४
फ्याक्स: २२७१८६

शुद्ध जडिबुटीहरूद्वारा निर्मित तथा सधै सबैका लागि स्वास्थ्यकर एवं कास, श्वास, प्रतिश्याय (रुघा) आदिमा समेत उपयोगी सिंहदरबार वैद्यखानाको तुलसी चिया नियमित रूपमा पिउने गरौं ।

S.V. TULSI Herbal Tea



उत्पादक
श्री ५ को सरकार
स्वास्थ्य मन्त्रालय
सिंहदरबार वैद्यखाना विकास समिति
फोन नं. ४२११७४, ४१२२०
फ्याक्स: ४२३७८१

For Good Health
A product of Singhadurbar Vaidyakhana Vikas Samiti

खोलिएको नि:शुल्क) मा पढाएको २००६ सालमा प्रधानाध्यापिका भई काम गरें । त्यो स्कूलको कोष राम्रो भएकोले श्री पद्म मा.वि.का शिक्षकहरूले धर्मोदय कन्या स्कूललाई श्री पद्म मा.वि.मा गाभ्ने विचार गरे । त्यसरी अर्को स्कूलमा गाभ्दा मेरो पदै खारेज हुने भयो । त्यसबेलाको तलब राम्रो थिएन । जीविकोपार्जनका लागि निकै धौं/धौं पर्दथ्यो । त्यसमा पनि कहिले अर्को स्कूलमा गाभ्ने भन्दछन्, कहिले के भन्दछन् कहिले के । मेरो जागिरे जीवनको शुरूदेखि अन्तिमसम्म यस्तै झन्झटबाट बित्न लाग्यो । त्यसबेला काठमाडौंमा टाइपिष्टको महत्त्व शुरू हुन लागेको थियो । मैले पनि यसको प्रशिक्षण र साथै शर्टह्याण्डको पनि प्रशिक्षण लिएं थिएं । मेरी एक छात्रा अनारको बुबा वेदनारयण श्रेष्ठ राजदरबारमा जागिरे हुनुहुन्थ्यो । उहाँले मेरो दुःख देख्न सक्नु भएनछ र मलाई भन्नुभयो । यो स्कूलको कुनै भरोसा छैन । मन लागेको बेलामा राख्छन् र मन नलागेमा जाऊ भन्छन् । भविष्यमा पेन्सन आदि केही पाइने होइन । बरु आफूलाई सुहाउने पोष्ट कता खाली छ त्यो बुझेर श्री ५ महाराजधिराजका जुनाफमा एउटा बिन्तिपत्र लेख्नुहोस् । म साथीहरू मार्फत बिन्तिपत्र चढाउन लगाउँछु र हुकुमको प्रमाङ्गी गराउने कामको जिम्मा मेरो भयो । बरु तपाई पनि दर्शन गर्न चाहनुहुन्छ भने हामीहरूले मौका मिलाई दिउंला । मौसुफ सरकार असाध्य सहृदयी होइबक्सिन्छ, दीनदुःखीको मर्म अति बुझी बक्सिन्छ, भन्नुभयो । तर उहाँले भनेकै बेलामा मैले बिन्तिपत्र लेख्न सकिनं । श्री ५ विभुबनका गाथमा आराम नभई स्वीटजरल्याण्ड (नीस) मा औषधोपचारका लागि सवारी भयो । पछि सबै व्यहोरा लेखेर बिन्तिपत्र (वेदनारायण) अनारको बुबा मार्फत पठाएकी थिएं । तत्कालीन युवराजधिराज श्री ५ महेन्द्रका जुनाफमा स्वकीय सचिव लोकदर्शन मार्फत चढाउँदा नीजले मागिएको पदमा भर्ना गरी काम लगाउनु भन्ने इत्यादि सिंहदरबार स्वास्थ्य मन्त्रालयमा तोक लगाई आयो । त्यसबेला मैले सर्टह्याण्डसमेत परीक्षा दिएकी थिएं र पास पनि भएकी थिएं । मैले मागेको पद– मासिक रु. १२०/- खाने पद थियो । त्यो पदमा मलाई नदिईकनै अर्कैलाई दिइयो । म त्यसै धाइरहें। जहाँ पनि शक्तिवादको प्रशासन चलिरहेकै त छ नि ! तैंपनि सिंहदरबार भित्रको जागिर खानुरहेछ र २०१० फागुन १५ गते स्वास्थ्य मन्त्रालय अन्तर्गत पञ्चवर्षीय योजनामा मासिक रु. २० मा सरकारी जागिर पाएं । जीवनमा कहिल्यै त घाम लाग्छ होला भन्ने ठानेकी थिएं तर झरी र बादलले छोडेन ।

नेपालमा प्रथम पञ्चवर्षीय योजना शुरू भएको थियो । त्यसलाई परिचालन गर्न अमेरिकाबाट सहयोग प्राप्त भएको थियो र उताबाट विशिष्ट सहयोगीहरू आई कालीमाटी रबिभवनमा विभिन्न विषयमा अफिस खोलेका रहेछन् । श्री ५ को सरकारले हामी अफिसका लागि कर्मचारी र टेक्निसियन गरी जम्मा ४०/४५ जनालाई कालीमाटी पठाइयो । हाम्रा हाकिम पनि अंग्रेजी नजान्ने हुनुहुंदो रहेछ । जेनतेन एक महिना जति त त्यहाँ टिक्नुभयो हामी सबैलाई तलब पनि खुवाउनु भयो । त्यसताका कर्मचारीहरूलाई तलब खुवाउन किताबखानाबाट रिर्पोट पास गरेर मात्र खुवाइन्थ्यो । हाकिम त ४० र ४५ जनाको तलब गुटमुटयाएर बेपत्ता हुनुभयो । कसैले खोजी पनि गरेनन् खाएको खायै गरी भारनुभयो । तर टेक्निसियनहरू फिल्डमा जानुपर्ने भएकोले कताबाट पैसा मिलाएर तोकिएका गाउँमा छरिएर गए । यता हामीहरू १४/१५ जना तलब खान नपाई त्यसै काम गर्दैथ्यौं । बल्लतल्ल एकजना हाकिमलाई पठाएर उहाँले काम सम्हाल्नु भयो । मलाई र अर्को एकजना कर्मचारीलाई अंग्रेजीमा लेखपढ् गर्न नजान्ने भनेर फिर्ता पठाइयो । त्यसबेला स्वास्थ्य सेवा विभाग वीर अस्पतालको ढोकानिर एउटा ठूलै बङ्गला थियो । त्यतिबेला डा. जितसि मल्ल डाइरेक्टर जनरल हुनुहुन्थ्यो । अधिराज्यका अस्पताल र अन्य स-साना बिभागमा कर्मचारी सरुवा भर्ना गर्ने आदि उहाँको जिम्मा थियो । मलाई यही अफिसमा टाइपिष्टको खाँचो छ भनी हाजीर गराई काम गर्न लगाए तर तलब भने पाइंदैन । यसैगरी ११ महिना बित्यो । मैले बराबर निबेदन दिइरहन्थे । एकदिन त मेरो निबेदन स्वास्थ्य मन्त्रालयमा पठाइयो । पहिलो दिन त पियनले मेरो कारबाही गर्नका लागि लेखिएका कागज पत्रका फाइल देखाएर भित्र पस्न (सिंहदरबार भित्री ढोका) दियो । भोलिपल्टदेखि मेरो लागि गेटपास दिइएको थिएन । मुख देखाउन जाउं त गेटपास छैन, नजाउं भने गयल गरेर

त्यतिका महिनाको तलबै खान नपाई त्यसै छोड्नु पर्ने । यताउताको ढोकाबाट भित्र-भित्र हुँदै स्वास्थ्य मन्त्रालयमा पुग्दथे । एकबर्ष भएपछि बल्ल त्यही नियुक्ति भएको अफिस कालीमाटीबाट तलब खुवाउनु किताबखानामा के जनाइएको छ भन्ने पत्र पठाइयो । त्यसपछि मात्र रु. ७२०/- एकैमुस्ट खान पाएँ । त्यतिका महिना तलब नपाउँदा कसरी दिन बिते होलान् सबैले सोच्न सकिन्छ ।

मेरो हजूरबुबाले म सानी छँदा सधैं पढ बाबु पढ, मात्र भन्नुहुन्थ्यो, संस्कृतका श्लोक अथवा लघुकौमुदी, अमरकोश कण्ठ गर्न गाह्रो लाग्दथ्यो । काठमाडौं आएपछि अँग्रेजी पढ्न सिक्न लागें तर मेरी ठूली हजूरआमालें कति पढाउन सक्नु र ? त्यसैले अँग्रेजी त जान्ने भनी रविभवनबाट फिर्ता पठाएपछि मलाई निकै ठूलो चोट लाग्यो पढपढ भन्दा मानिनें मैले चोट नमान्दा पाएँ ऐले,

बेहोशीमै ठगिएँ, छलिएँ, हा ! जीवनमा बेसरी म लडें
कसरी हो ! अब काल बिताऊँ !

मेरो 'शारदा' पत्रिकामा १९९४ सालमा छापिएको 'जलन' नामक कविता हो । यिनै हरफ सम्झेर अब स्कूलमा भर्ना भई पढ्छु भन्ने निर्णय पनि गरें । काठमाडौंमा २००४/०५ तिरै हाईस्कूल र ने प्रौढ स्कूलहरू खुलिसकेका थिए । त्यसैले दरबार हाईस्कूल भवनमा त्रिभुवन प्रौढशिक्षा निकेतनमा नवौंकक्षामा भर्ना भई (बिहानमा) पढ्न शुरू गरें । एस.एल.सी पास पनि गरें र रत्नराज्य लक्ष्मी कलेजबाट आइ.ए. पास गरी बी.ए.मा पढ्न लागें । तर कलेज पढ्दाखेरीको कष्ट सम्झिंदा अहिले पनि मुटु चस्किन्छ । त्यसबेला पुतली सडकको कलेज, भुइखेलको डेरा, अनि सिंहदरबारको दशै बजे पुग्नुपर्ने अफिस । दुई मिनेट ढिलो भयो कि हाजिर कापीमा रातो चिन्ह लगाइन्थ्यो, हाकिमको भनाइ थियो पढ्ने हो भने जागिर नखानू, जागिर खानु छ भने नपढ्नू इत्यादि । त्यसैले कलेजमा अन्तिम पिरियड छाडेर दगुर्दै दगुर्दै डेरामा आई आधापेट खाएर फेरि त्यसै गरी दगुर्दै अफिसमा जान्थें । शायद अहिलेको जस्तो सबारी साधन मोटर, बस, होण्डा आदि भएको भए बाटैमा किचिएर मर्थें हुला । कलेजमा पनि यसरी दिनहुँ पिरियड छोड्ने मनेर शिक्षकहरू आफ्नो अपमान भएको महशुस गर्नुहुँदो रहेछ ।

यही अध्ययनको क्रममा मैले काम गरेको अफिसमा मुखियाको पद खाली भयो, मैले आफ्नो योग्यता देखाई निवेदन दिएँ तर कुसाइतमा जन्मेकी छोरी यहाँ पनि ठक्कर पाएं । तत्कालीन स्वा.से. विभागका हाकिम डा.दिनेशानन्द बैद्यबाट स्पष्ट जबाफ पाएं– आइमाईलाई मुखियाको पद दिनुहुन्न, यदि दिनै पर्‍यो भने, तिम्री साथी शान्तिप्रियालाई दिने विचार गरेको छु, तिम्रो त पछि पालो आउन सक्छ, उनी त धेरै पढेलेखेकी छैनन्, कहिल्यै पालो आउँदैन । बी.ए.दोस्रोवर्षको अध्ययनमा पनि मेरो प्रमोशन हुन सकेन । बरु त्यहीको नवौं श्रेणीमा पढ्ने एउटा पियनको एकैचोटि मुखिया पदमा प्रमोशन भयो । बल्लबल्ल जागिर खाएको ८/९ वर्ष बितेपछि मात्र मुखियामा पदोन्नति भयो । यस्तो अफिसमा के नियम, के विज्ञापन, के योग्यता । मात्र यी कुरा चाहिने रहेछ– हाकिमको चाकड़ी, सम्पन्नशालीको सन्तान, कि त झिल्केमिल्के चतुर हाकीमको कान भर्ने योग्यता भएको या त नाताबाद आदि । अफिसको यो तुच्छपनले म निकै आत्तिएँ, अघाएँ । बरु शिक्षण पेशा राम्रो होला भन्ने ठानी लोकसेवा आयोगको परीक्षा पास गरी दरबार स्कूल भवनस्थित रानीपोखरी संस्कृत प्रधान पाठशालामा अँग्रेजी विषय पढाउने शिक्षकको रूपमा आएँ । मेरो जागिरे जीवनको निष्कण्टक क्षण यही थियो । त्यहाँका प्र.अ.विश्वनाथ पोखेल ज्यादै असल हुनुहुन्थ्यो । कसैलाई पनि बिझाउने कुरै थिएन । समयमा पुग्यो, आफ्नो कक्षा लियो, समयसम्म अफिसमा बस्यो, हिंड्यो । बिडम्बना, मेरो भाग्य बिधातालाई यो पनि सह्य भएन । २०३० सालमा नेपालमा नयाँ शिक्षा योजना लागू गरियो र २०३३ सालमा यो योजना काठमाडौंमा पनि लागू भयो । कतिपय सरकारी विद्यालयको पूर्ण सरकारी शिक्षक शिक्षिका एकठाउँबाट अर्को ठाउँमा सारिदै गए । मलाई पनि बागबजारस्थित शहीद शुक्र मा.वि.मा काजमा पठाइयो । त्यसबेला फेरि मलाई जागिरको तीतो अनुभव बेस्करी पाएँ । मलाई त्यही बेला राम्ररी धाक्का भयो आफ्नो जागिरको प्रथम थलो आफ्नै घर हुने रहेछ । अरूको ठाउँमा जानु भतुवा भइने रहेछ । शहीद शुक्र मा.वि.को पनि आफ्नै परिवार, आफ्नै जमात भएको ठाउँमा म जाँदा त्यहाँ सबैको मुटु ढुकढुक भएछ, मन भारी भएछ । हुनत मैले कसैको भाग खोस्न गएकी पनि

स्थित बौद्ध बगानको विशाल परिसरमा थियो भने फौजी गभर्नरको निवास तथा सचिवालय त्यसको पूर्वमा रहेको विशाल तीनतल्ले भवनमा थियो । सरकारमा हुनुपर्ने अङ्ग-प्रत्यङ्गहरू सबै भइसकेका थिए । त्यतिखेर मात्र २२ वर्षको उमेर थियो मेरो । म र दानखालिङ्ग उमेरमा बौंतरी र दुबै फौजी गभर्नर सचिवालयका प्रमुख तथा सल्लाहकार थियौं । त्यो स्मरण गर्दा मलाई मेरो जीवनको रोचक सपना जस्तै लाग्छ । त्यस्तै सन्दर्भमा महानन्द सापकोटाको नेतृत्वमा पुग्दा सशस्त्र जनक्रान्तिको निर्णय स्थल बैरगनिया सम्मेलनको प्राङ्गण नै थियो । उक्त सम्मेलनमा सशस्त्र जनक्रान्ति गर्ने निर्णय हुनु, बि.पी, गणेशमान सिंह र ज. सुवर्ण शमशेर समेतको अनुपस्थितिमा सशस्त्र जनक्रान्तिको सर्वोच्च कमाण्डरमा गान्धीवादी नेता मातृकाप्रसाद कोइरालाको नाम आउँदा मैले र डा.के.आइ.सिंहका प्रतिनिधि आर.बी.शर्माले विरोध गर्दा मैले सापकोटाको गाली खाएँ । उहाँले मलाई 'केटाकेटीले नसम्झी नबोल्नू, चुपलाग' इत्यादि भन्नु भएको मेरो स्मृतिमा ताजेजस्तो लाग्छ ।

महानन्द सापकोटा पनि पत्रकार, साहित्यकार, राजनीतिज्ञ तथा भाषाशास्त्रीका साथै प्रजातान्त्रिक सामयिक सरकारका शिक्षामन्त्री थिए । यद्यपि मेरा पथप्रदर्शक महाकवि देवकोटा पनि केन्द्रको सरकारमा शिक्षामन्त्री भएका थिए । यसरी मैले महाकवि देवकोटा र भाषाशास्त्री सापकोटाको सान्निध्यमा बस्ने सौभाग्य अवश्य नै प्राप्त गरें । तर पुजारी– मात्र पुजारी नै रहन्छ देवता हुँदैन । तथापि पुजारी हुन पाउनु मजस्ता तुच्छका लागि धेरै ठूलो हुन्छ । झापा–भद्रपुरमा सामयिक सरकारले आफ्नो नौ महीना सात दिनको कार्यकालमा विकास-निर्माण, शिक्षाक्षेत्र र नेपाली भाषाको प्रचार-प्रसार तथा स्वायत्त शासन संस्थाहरूको गठन आदि छोटो अवधिमा धेरै काम गऱ्यो । चोरी-डाका निर्मूल नै पाऱ्यो । त्यसैबेला गठन गरेको भद्रपुर नगरपालिका पुस्तकालय आदि धेरै सामाजिक तथा शैक्षिक संस्थाहरू छन्, ती संस्थाहरू तथा त्यस सरकारका कैयौं अवशेषहरू अहिले पनि मेची अञ्चलमा यत्रतत्र छरिएका नपाइने होइनन् । यस बाहेक त्यस सरकारका सह-गभर्नर श्री नरेन्द्रनाथ बास्तोलाद्वारा त्यस सरकारको इतिहास नै लेखिएको पाइन्छ । त्यसपछि देवीप्रसाद उप्रेतिको स्मृतिग्रन्थमा उहाँले जीवित अवस्थामा आफैले लेख्नु भएको विवरण पनि छ । उप्रेति त्यतिखेर त्यस सरकारका न्याय कानूनमन्त्री थिए । मेची अञ्चल आहेक त्यस सरकारले कोशी अञ्चलको आठराई क्षेत्रको भू-भागमा पनि शासन गरेको थियो । शैक्षिक क्षेत्रमा देवीप्रसादका देनहरूको कोशी-मेचीमा सुचारू रूपले संचालित भइरहेका धेरै माध्यमिक तथा महाविद्यालयहरूमा हजारौं बिघा भूमि स्थायी श्रोतका लागि प्रदान भए । भद्रपुर स्थित मेची महाविद्यालयलाई पनि स्थायी श्रोत हेतु एकसय दश विघा जग्गा प्रदान गर्नु भएको यथार्थै छ । र, धैला डुब्बा माध्यमिक विद्यालयलाई शुरुदेखि नै निःशुल्क शिक्षामा परिणत गर्नु, पोखरिया हाईस्कूल तथा चुहान डाँडा क्याम्पस समेतलाई स्थायी श्रोत प्रदान गरी स्वावलम्बी बनाए । अर्को त्यस नौ महिने सरकारको पालामा चोरी-डकैती निर्मूल भए, हाटबजारहरूका फुटपाथहरू वा सुन-चाँदी र गरगहनाहरू खुला (अहिले साग तरकारी रू जस्तै) राखेर खरीद-बिक्री हुन्थे । त्यतिखेरका अन्य रोचक घटनाहरू धेरै छन्, मानिसहरूले यस भू-भागबाट प्रभावित भएर भन्थे– नेपालमा रामराज्य अर्थात् सत्ययुग छ ।' त्यतिखेर सामानहरू सस्ता थिए, तर पैसा महँगा थिए ।

मैले बैरगनिया सम्मेलनमा मातृकाप्रसादको बिरोध नै गरेको थिएँ । तर प्रधानमन्त्री हुनु भएको तीन-चार महीना पछि मेरो सर्वस्वहरणमा परेको प्रवानीपुर (पर्सा) स्थित खेतीको २२ विघा जग्गाको दशहजार मुआब्जा दिनुभयो र पछि पनि सञ्चालन गर्नु भएको (प्रोक्षमा) नेपाल सन्देशको सम्पादनको अभिभारा प्रदान गर्नुभयो । यद्यपि म त्यतिखेर नेपाल प्रजा परिषद्को सक्रिय कार्यकर्ता तथा पूर्वाञ्चल क्षेत्रको सेक्रेटरी पनि थिएँ । यसर्थ नाम नदिएर नेपथ्यमा बसेर सम्पूर्ण दायित्व लिएको थिएँ । नेपाल सन्देश हिन्दी भाषामा त्यतिखेर काठमाडौंमा प्रकाशित हुन्थ्यो र त्यसको प्रकाशकमा पशुपतिनाथ प्रकाशन ट्रस्टको नाम राखिन्थ्यो । पछि गएर नेपाल सन्देशको प्रकाशन भारतको पटनाबाट शुरू भयो र त्यसमा नियमित रूपले दुईपृष्ठ नेपाली भाषामा प्रकाशित हुन्थ्यो । काठमाडौंबाट प्रकाशित हुँदा त्यतिखेरको एउटा रोचक घटना यसप्रकार भयो– पटनामा सरकारले

साहित्यकार तथा कविले जटिल भन्दा पनि जटिल स्थितिमा पनि स्तुतिवादको सहारा लिएको हुँदैन । यसै हेतु भनिएको छ – साहित्य जीवित समाजको अभिव्यक्ति हुन्छ ।

पत्रकारिताको क्षेत्रमा देबकोटाको सान्निध्यमा बि.सं. २००४ सालदेखि प्रवेश गरें । यसै हिन्दी साहित्यको क्षेत्रमा पहिले नै लागिसकेको थिएं । तर नेपाली साहित्यको क्षेत्रमा वि.सं. २००८ सालदेखि सक्रिय भइ पत्र-पत्रिकाहरूमा रचनाहरू दिन थालें । शुरूदेखि नै मेरो अभिरुचि खोजपूर्ण रचनाहरू लेख्ने थियो । फलस्वरूप नेपाली र हिन्दी भाषाहरूमा करीब सातसय जति लेखहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित गराएँ । तर मेरा रचनाहरूमा अधिकाश राष्ट्र र राष्ट्रियतालाई सर्वोपरि राखिएको पाइन्छ । स्तुतिवादको विरोधी हुँदा घात-प्रतिघातहरू पनि नभोगिएका होइनन् ।

वि.सं. २००५ सालमा बनारसबाट वीरगञ्ज 'युगवाणी' का केही अङ्क र क्रान्ति विषयका पर्चाहरू लिएर पुग्दा सर्वप्रथम तेजबहादुर अमात्यसँग सम्पर्क गरें । क्रान्तिकारी नेता तेजबहादुर अमात्य मितेरी साईंनोमा मेरा मामा पर्ने र मेरो घर पनि उहाँको घरको ठीक अगाडि नै थियो । त्यतिखेर मेरा कान्छा मामा वीरगञ्जमा बन जाँच अड्डाका हाकिम थिए र त्यहाँका बडाहाकिम थिए – सोम शमशेर ज.ब.रा. । बनारसमा नै मलाई राणाहरूको क्रूर जहानिया शासनको घोर विरोधी बनाइसकेका थिए । केही पर्चाहरू बाटामा छरिए । बाँकी सबै पर्चाहरू र युगवाणीका अङ्कहरू तेजबहादुर अमात्यलाई दिएँ । भोलिपल्ट मामालाई भनें– बडाहाकिम कस्ता हुन्छन् ? मलाई पनि संगै लैजानोस् । त्यतिखेर 'राणा' मात्रै बडाहाकिम हुने वीरगञ्ज जस्तो 'क' श्रेणीको जिल्लामा 'क' श्रेणीकै राणा हुने नियम थियो । भोलिपल्ट समयमा नै बडाहाकिमको दरबारमा पुगियो । मामाले भन्नुभयो –'बडाहाकिम साहबको सवारी हुँदा लाइनमा लाग्नुपर्छ, दाहिनेतिरका लाइनमा पहिले ब्राह्मणहरू र त्यसपछि क्षेत्रीहरू उभिन्छन् । देवेतिरको लाइनमा दर्जा अनुसार अरू-अरू जातहरू उभिन्छन् । ब्राह्मणहरूले स्वस्ती सरकार भन्नुपर्छ र अरू जातले निहुरेर अभिवादन गर्ने चलन छ ।'

बडाहाकिमको सवारी भयो र मेरो छेउबाट निस्किंदा मैले नमस्कार भनें । 'नमस्कार' शब्द सुनेर क्रोधको स्वरमा उनले भने– 'यो को हो ?' छेउका मानिसले भने– 'सरकार! तिवारीको भानिज हो– वनारसमा पढ्दैछ ।' यो सुनेर भीषण आवाजमा भने–'निकाल यस बनारसी गुण्डोलाई।'

यो घटनाले मलाई दृढ प्रतिज्ञभई राणाशाहीको विरोधमा लाग्न बाध्य तुल्यायो । त्यहाँबाट कुलेलम ठोक्ने सङ्केत भयो र साहेबज्यूको बगैंचा हुँदै रबसोल पुगें । रबसौल स्थित मस्करा भवनमा बनारस 'गाण्डीव'का सम्पादक भगवानदास अरोड़ाका अनुज जगदीशचन्द्र अरोडा र सम्भवतः कृष्णप्रसाद भट्टराई थिए । मेरो जगदीशचन्द्र अरोडासँग भेट भयो । उहाँले भन्नुभयो– 'तिम्रो वीरगञ्जमा सर्वस्वहरण भयो तथा जिउँदै समाले निर्णय पनि भइसकेको छ । तिम्रो मामालाई के हुने हो ? तर तिमी तुरुन्तै यहाँबाट किशनगञ्ज जाऊ । किशनगञ्जमा तिमीले तेजनारयण सिंहसँग भेटन् र यो चिन्ह देखाउनू ।'

तेजनारायण सिंहसँग पहिलेदेखि नै फोटो थियो त्यसै आधारले चिन्हेर मलाई भाषाका क्रान्तिकारी नेता भैरवप्रसाद आचार्यको जिम्मा दिए । उहाँ मेरा मितेरी साईंनोका दाइ नै हुँदा म दुक्क भएं ।

आचार्यले मेरो अगुवामा महानन्द सापकोटालाई राखेर आपसी परिचय गराए । भैरवप्रसाद आचार्य मृदु नभएका बहिर्मुखी नेता थिए भने सापकोटा अन्तर्मुखी थिए । हाम्रो कार्य–बर्मा, मनिपुर, आसाम, दार्जिलिङ्ग आदि विभिन्न ठाउँहरूबाट सशस्त्र जनक्रान्तिमा सहभागी हुन आउनेहरूलाई यथास्थानमा पुऱ्याउने र सहयोग गर्ने नै थियो । यसरी विभिन्न ठाउँहरूबाट आउनेहरूमा कुनै निहित व्यक्तिगत स्वार्थ नभएर बर्बर अत्याचारी जहानिया शासनलाई समाप्त गर्ने नै थियो, नेपाली जनतालाई दासताबाट मुक्त गराउने नै थियो । बि.सं.२००६ सालको समाप्ति हुँदाहुँदै वर्तमान मेची अञ्चल र कोशी अञ्चलको आठराई समेतमा उद्देश्य पूर्ण भयो । फलस्वरूप 'पूर्वी नेपाल प्रजातान्त्रिक सामयिक सरकार'को गठन भयो । त्यसका सर्वोच्च फौजी शासक भए भैरवप्रसाद आचार्य र राजधानी भाषाको वर्तमान सदरमुकाम भद्रपुरमा । त्यस सरकारको सचिवालय, मन्त्रालयहरू भद्रपुर

थिइन, पूर्ण सरकारी शिक्षक थिएँ । मैले खाइपाई आएको तलब त्यहाँ पठाइन्थ्यो । उनीहरूको एकपैसा पनि मलाई दिनु पर्दैनथ्यो । तैपनि प्र.अ. देखि लिएर सामान्य शिक्षकहरू सबै मलाई दुःख दिन र त्यहाँबाट फिर्ता पठाउने चाहन्थे । तत्कालीन प्र.अ.ले चाहिं यो शिक्षक मकहाँ हुँदै हुँदैन, पढाउनै जान्दिन भनेर कुरा लगाउने रहेछन् तर जि.शि.अफिसमा त्यो कुरा सुनिएन । अनि जे गर्दा पनि हटाउन सकिएन भन्ने ठानेर प्रतिहप्ता बत्तीस पिरियड दिए (यसको मतलब प्र.अ.ले आफ्नै मान्छे राख्ने निश्चित गरेकोमा मलाई हटाउन खोजेका रहेछन्) । दश/एघार महिनासम्म तलब रोक्का गरिदिए । उनीहरूको भनाइ के थियो भने, सञ्चय कोष कटाउने नियम हामीलाई थाहै छैन । तिम्रो मात्र सञ्चय कोष कटाउन हामीलाई के चासो ? जुन स्कूलमा सञ्चय कोष कटाइन्छ त्यहाँ जाऊ भन्दथे । यसको मुख्य कारण म उनीहरूभन्दा प्रौढ हुनु रहेछ । अनि अर्को कुरा के थियो भने रेडियो नेपालबाट र गोरखापत्र आदिबाट रचना पठाई दिनु भन्ने चिठी-पत्र मेरो नाउँमा आइरहन्थे यो कुराले पनि उनीहरूलाई ज्यादै ईर्ष्या र डाह हुँदो रहेछ त्यसैले पनि मलाई नसहेका रहेछन् । अचम्म लाग्दछ विद्यालयमा कामसँग भन्दा उमेरसँग मतलब रहेछ । वास्तवमा कामसँग मतलब हुनुपर्ने जागिरबाट उमेरको हदले अवकाश प्राप्त गर्न सरकारले साठीवर्ष तोकेकै थियो, उनीहरू कसैलाई टाउको दुखाउनै पर्दैनथ्यो ।

दश/एघार महिनासम्म तलब नपाएपछि ठाउँठाउँमा सम्बन्धित व्यक्तिसँग दुःख पुकारा गर्नुपऱ्यो । तत्कालीन सहायक शिक्षा मन्त्री हिरालाल विश्वकर्मा हुनुहुन्थ्यो । उहाँकहाँ गएर उहाँको अगाडि रोएँ, उहाँले पनि फोनबाट जि.शि.अ.लाई भन्नसम्म भन्नुभयो अनि जि.शि.अ.ले लोसे तबरबाट विद्यालयलाई स्पष्टिकरण पठाउनु भन्ने पत्र लेखे । बल्लतल्ल रु. १५००/- सापटी भनेर दियो । फेरि मैले तत्कालीन शिक्षा डाइरेक्टर चन्द्रकला किरणलाई कवितै कविताबाट निवेदन दिएँ । अर्कोतिर राजदरबारमा कार्यरत सचिव (साहित्यकार) लाई फोनबाट मेरो दुःखको गुनासो अवगत गराएँ । एकैचोटि दुवैतर्फबाट जि.शि.अ.लाई ताकेता गएछ । जि.शि.अ.विद्यालयमै आफै आएर प्र.अ.लाई भन्नसम्म भन्नुभयो । उता महिला डाइरेक्टर चन्द्रकला किरणले प्र.अ.लाई बोलाएर ड्याँको झार्नसम्म झार्नु भएछ । अनिमात्र मैले पाउने तलब सबै पाएँ । त्यसपछि त झन् मलाई त्यहाँ टिक्नै मुस्किल भयो, कसैले सहेनन् । नोकरी छाडौं भने भोकै मर्नुपर्दथ्यो, नछाडौं टिक्नै मुस्किल । मेरो तलब रोकिएको बेलामा गोरखा पत्र र रेडियो नेपालले रचनाद्वारा प्राण धानिदिएका थिए । मैले यसरी अरूलाई नगुहारेकी भए शायद त्यहाँबाट तलबै दिने थिएनन् कि । उनीहरू नेवारीमा कुरा गर्थे, मैले केही नबुझेजस्तो गर्थें । उनीहरूले मेरै कुरा काट्ने र गाली गर्ने गर्दथे । तर नेवारी भाषा प्रायजसो मैले बुझ्दथें तर उनीहरूले यसले कुरा बुझ्दिन भन्ने ठानेर हाँसीहाँसी मेरै कुरा काट्नसम्म काट्थे । विद्यालयको प्र.अ.जस्तो पदमा आसीन भएर पनि प्र.अ. 'बिकल' ले आफ्नै सहकर्मीहरूलाई चिन्न नसक्नु ज्यादै अचम्मको कुरा हो । यसैको प्रतिफल जोसँग मिलेर मलाई हटाउन खोजिएको थियो तिनै उनको विरोधी भएर उनलाई पनि त्यहाँबाट हटाई छाडे । त्यसपछि त्यहाँ शिवहरि बारलेबाट त्यो पद समालियो । उहाँलाई फर्पिङमा सरुवा गराइयो । प्र.अ. शिवहरि बारले ज्यादै भद्र भलादमी थिए, कसैलाई पनि बिगार्न नचाहने, आफै धेरै मेहनत गर्ने तर ज्यादै सज्जन हुनु पनि आफैलाई धोका दिनु अभिशाप रहेछ । यसर्थ उनको सज्जनतालाई ठगेर कतिपयले उनलाई दुःख दिन खोज्दथे । उनी मान्छे नचिन्ने होइनन्, तर पनि भनेको नटेरिदिएपछि उनी के गरून् ? कसैलाई बिगार्ने उनको बिचारै थिएन । तर त्यहाँका दुईचारजना मिलेर फलानो लेखापाललाई निकाल्नु पर्‍यो, फलानो खेलको प्रशिक्षक किन राख्नुपर्‍यो आदि भनेर उनलाई सधैं कचकच गर्दथे । उनीहरूसँग मिलेर त्यहाँका कार्यरत शिक्षक कर्मचारीको जागिर बिगार्न नसक्नु नै प्र.अ.को अयोग्यता बन्यो । यसैगरी दुई/तीनवर्ष शिवहरि बारलेले स्कूल चलाए । अनि उनले टिक्न नसकी स्वैच्छिक अवकाश लिए । उनको पद श्रीमती कृष्णा श्रेष्ठले समालिन् । 'घुमिफिरी रुम्जाटार' भनेझैं उनलाई पनि म स्कूल भरिकी भएँछु । सबै ठाउँ ओगटिदिएझैं । यसैबेला मेरो उमेरको हद साठीवर्ष लागेको सूचना चौथ्रमहिना अगावै किताबखानाबाट आयो । उनी र उनका मतियारको खुशीको ठेगाना रहेन । साठीबर्षे म

उनीहरूका लागि हाँसको बथानमा कौवा जस्तै भएँछु । हुन पनि हो त्यहाँ सबैभन्दा जेठी मै थिएँ र यही नै सबैका लागि अप्रिय तथ्य थियो । कतिपय शिक्षकको स्पष्ट भनाइ हुन्थ्यो, मलाई वृद्धावस्था मन पर्दैन तर वृद्धावस्था मन पर्नु र नपर्नुमा के फरक पर्छ र ? यो त स्वतःप्राप्त हुने प्रकृतिको नियम हो ।

साठीवर्ष लागेर पनि श्री ५ को सरकारबाट अर्थात् शिक्षा मन्त्रालयबाट दुईवर्षका लागि करार सेवामा राखिदिनू भन्ने पत्र आयो । त्यो पत्र हातमा लिएर सिंगान पुछेर फालिदिन्छौं भन्ने कुरा विद्यालय सञ्चालकका सदस्य र प्र.अ.ले मेरो अगाडि भन्ने गर्दथे । तर के गरून् शिक्षा मन्त्रीको आदेश मान्न करै लाग्यो, राखे । त्यसबेला पनि काममा जोताउनसम्म जोताए । हप्ताको ३१ पिरियड दिन्थे 'कामगर्न सक्छु भनेर आएकी होइनस्, गर् त लौ' भन्ने गर्थे । मैले उहिल्यै सुनेको गीतको एकहरफ सम्झना भयो– 'जल्नेवाले जला करो तकदीर हमारे पास है' नभन्दै त्यस स्कूलमा अरू दुईवर्ष फेरि भोग्नु पर्ने रहेछ, कसैले मन पराए पनि नपराए पनि । आखिर त्यहाँ थप दुईवर्ष बिताउने मौका पाएँ । त्यसबेला फेरि अर्को खासखुस सुन्नुपर्‍यो 'पावर लगाएर आएकी खूबै फूर्ति रहेछ ।' कसैको केही नबिगारीकन अझ उनीहरूलाई सित्तै काम सघाउँदा पनि यस्तो तीतो व्यवहार भोगिरहनु पर्‍यो । मेरो जागिरे जीवनको विडम्बना ! दुईवर्ष के थपिनु थियो फेरि प्रधानाध्यापक श्रीमती कृष्णा श्रेष्ठ र त्यहाँका अन्य शिक्षक शिक्षिकाहरूलाई दिन गन्दै बिताउनु परेछ । अब यति दिन बाँकी छ, अब यति दिन छ भन्दै हर्षोल्लासका साथ बिदाइ दिने कुरा पनि सुनें । जुनसुकै कुराकी पनि सीमा हुने रहेछ । प्र.अ.को र उनका अनुयायीहरूकै यो खासखुस नेबारीमा सुन्दासुन्दा झर्कों लाग्यो र लौ त उनीहरू म नभएपछि खूब रमाइलो गरून् भनेर केही दिन बाँकीमा नै राजीनामा लेखेर पठाएँ । कसैले बिदाइ गर्ने परेन । यसरी नै मैले जागिरे जीवनको शुरू र अन्त्य गरी चौतीसवर्ष बिताएँ । तैपनि जागिरको टेवा स्वरूप पेन्सन पाएकी छु, जागिरे जीवनको भोगाइको झझल्को यसरी नै आजीवन पाइरहेँछु । चौतीसवर्ष सम्मको कष्टदायक जीवन हर हमेशा सम्झिरहेकी छु ।

- - -

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा
समस्त देशवासी महानुभावहरूमा
सुख, शान्ति तथा समृद्धिको लागि
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

विक्रम पाण्डे
(कालिका कन्ट्रक्सन) तथा
उपाध्यक्ष–राष्ट्रिय प्रजातन्त्र पार्टी
जिल्ला कार्य समिति त्रितवन, एवं
संयोजन: राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा
हाम्रा समस्त ग्राहक महानुभावहरूमा
सुख, शान्ति तथा समृद्धिको लागि
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

मथुरा मास्के
(म्यानेजिङ्ग डाइरेक्टर)
श्री डिष्टिलरी (प्रा.) लि.
अरुणखोला, नवलपरासी

खुला हुन्छ । संयोगवश त्यस दिन एकादशी वा त्यस्तै केही परेको थियो । अतः त्यस सम्मान-पत्रलाई फान्दै भन्नुभयो –यो कुइरेले मलाई सुनको दान दिने ! किन्न खोज्ने ! थाहा छैन म सरस्वतीको पुजारी हुँ । यस चमत्कारी घटनालाई आफ्नो हृदयबाट कहिले पनि हटाउन नसक्ने नै भएँ । उनका सन्ततिहरू अहिले अधिकांश झापामा र केही मुख्य व्यक्तिहरू काठमाडौंमा कार्यरत छन् । त्रि.वि.वि. का रीडर मोहनराज शर्मा (मोराश) र एक भाइ तथा उनका परिवारका सदस्यहरू काठमाडौंमा, तीनजना भाइ उनीहरूका परिवारहरू भद्रपुरमा र मोहनराजको आफ्नै भानिज केशव धिताल परिवारसहित बिर्तामोडमा बसेको छ ।

वि.सं.२००३ सालको वि.पी. कोइरालाको योजनानुसार कलकत्ताको भवानीपुर स्थित 'खालसा कलेज'को प्राङ्गणमा भएको ऐतिहासिक सम्मेलनमा चालिसेले विद्यार्थी प्रतिनिधिको रूपमा सहभागी बनाउनु भयो । यद्यपि त्यस सम्मेलनको संयोजकमा देवीप्रसाद सापकोटा थिए भने सहयोगीहरूमा डा.डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा, भट्टराई बन्धुहरू समेतका नेताहरू थिए । तर मातृकाप्रसाद कोइराला अहिंसाका पुजारी हुँदा पुग्नु भएन । आसाम निवासी देवीप्रसाद सापकोटा बनारसमा बसेका थिए ।

त्यस सम्मेलनको रोचक एवं अत्यन्तै महत्वपूर्ण प्रसङ्गमा गणेशमान सिंहको उपस्थिति थियो । सम्मेलन शुरू हुने वेलामा गणेशमान सिंह पनि पुग्नुभयो र उपस्थिति वहीमा आफ्नो नाम कृष्णबहादुर श्रेष्ठ भनेर उपस्थिति जनाउनु भयो । उहाँलाई उपस्थित समूहमा सुन्दरराज चालिसेले चिन्हेर वि.पी. कोइरालालाई परिचय दिनुभयो । त्यतिखेर सम्मेलनको मञ्चैबाट वि.पी.ले गणेशमानलाई आह्वान गर्दै भन्नुभयो –'म नेपाल प्रजापरिषद्का नेता 'लौह पुरुष' गणेशमानलाई मञ्चमा आह्वान गर्दछु र प्रजापरिषद्लाई पनि यसै सम्मेलनमा समावेश गर्न अनुरोध गर्दछु ।' यो वाक्य सुनेर उपस्थित सहभागीहरूका कान ठाडा भए, सबैको नजर गणेशमान सिंहतिर पर्‍यो । मञ्चबाट गणेशमानले सर्वप्रथम तीनवटा शर्तहरू राखे – (१) सम्मेलनको व्यानरमा लेखिएको 'अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस' को अखिल भारतीय वाक्यांश

तुरुन्तै झिक्नु पर्ने, (२) नेपाल प्रजापरिषद्का नेता ठङ्कप्रसाद आचार्य आजन्म कारावासमा हुँदा सम्मेलनले सभापति मान्नुपर्ने र कार्यकारी सभापतिमा वि.पी. कोइरालाले सर्वसम्मतिबाट हुनुपर्ने, (३) नेपाल प्रजा परिषद्का शहीदहरूद्वारा प्रदत्त 'जय नेपाल' लाई उनीहरूको चीरस्मृति स्वरूप यस सम्मेलनले दृढप्रतिज्ञ भई स्वीकार गर्नुपर्ने ।

त्यस सम्मेलनबाट राखिएका शर्तहरू सर्वसम्मत भए । त्यसै सम्मेलनबाट वि.पी.ले गणेशमान सिंहलाई सम्बोधन गरिएको 'लौह पुरुष' पनि सर्वसम्मत नै भयो ।

पत्रकारिता तथा साहित्यिक क्षेत्रमा:

यद्यपि मलाई राजनीति क्षेत्रमा डोऱ्याउनेमा श्रद्धेय अग्रज सुन्दरराज चालिसे थिए । तर पत्रकारिताको क्षेत्रमा प्रवेश गराउने 'युगवाणी'का प्रकाशन/सम्पादकहरूका जेष्ठ भ्राता नारायणप्रसाद भट्टराई थिए । वि.सं. २०२६ सालमा भानु प्रकाशनबाट प्रकाशित (नेपाली भाषामा प्रकाशित) मेरो कृति 'खोजखाज' उहाँलाई नै समर्पित गरेको छु । 'युगवाणी' मा त्यतिखेर प्रमुख सम्पादक थिए–महाकवि लक्ष्मीप्रसाद देवकोटा । उहाँकै आशीर्वादबाट नै मैले नेपाली भाषा, साहित्यादि क्षेत्रहरूमा लम्किने सुअवसर पाएँ । नभए शुरूदेखि नै हिन्दी भाषाको माध्यमबाट नै अध्ययनरत भएर हिन्दी साहित्यको स्नातकले नेपाली भाषा, साहित्यको अधिकृत पुजारी हुने वरदान पाउनु मेरालागि दुर्लभ थिएन र । यदि नेपाली साहित्यका विधाहरू समातेर किञ्चित् पनि यस पक्तिकारबाट योगदान पुगेको छ भने त्यसको सम्पूर्ण श्रेय श्रद्धेय महाकवि देवकोटामा समर्पित गर्दछु । देवकोटाको सान्निध्यमा पूरै एक वर्ष बस्दा रोचक घटनाहरू धेरै मेरा स्मृतिमा नभएका होइनन् । तर ती रोचक घटनाहरू यसमा अङ्कित गर्दा 'दायित्व' प्रतिको दायित्वमा नै आघात पर्ला । साहित्यको विषयमा चर्चा हुँदा– महाकवि भन्नुहुन्छ – 'साहित्यकारले सत्य र ज्ञानका प्रपातहरू ब्रह्माण्डबाट प्रसारित गर्दै, जनमानससम्म निरन्तर प्रवाह गरिरहनु पर्छ र साहित्यकार एवं कविको आसन सत्ता- धनकुवेरको आसन भन्दा धेरै माथि हुन्छ ।' अवश्य नै जाग्रत साहित्यकारको भावना पनि महाकवि देवकोटाजस्तै पवित्र हुन्छ । जाग्रत

केही संस्मरण केही धारणा

❑ डी.पी. अधिकारी

सन् १९४७ मा राजनीतिमा मेरो प्रवेश सार्वजनिक जीवनमा मेरो प्रवेशको शुरूवात थियो । साहित्य लेखनप्रति पनि म बराबर आकर्षित हुँदै आएँ । दुबै क्षेत्रमा मेरो लगातारको अध्ययनले पछि पछि मलाई के अनुभव हुँदै आयो भने– राजनीतिले परिलक्षित गरेको सामाजिक विकासको लक्ष्य साहित्यको गहिरो अध्ययनको अभावमा प्राप्त गर्न सम्भव छैन । राष्ट्रको विकासको लागि निर्धारित गरेको लक्ष्य प्राप्तिको लागि राजनीतिले जनमानसलाई संघर्षमा उत्प्रेरित गराई रहने गरे पनि साहित्यिक सृजनाले आफ्नो समाजको व्यवहारगत चरित्रलाई मसिनोसँग उद्घाटित गरेर सामाजिक विकासको चिन्तनधारलाई प्रष्ट्याउने काम पनि गरिरहेको हुन्छ । यस दृष्टिले हाम्रो देशको साहित्य लेखनलाई हेर्दा सामान्य भावना र उत्तेजनामा बोल्ने भन्दा नेपाली साहित्य आफ्नो सामाजिक जीवनलाई गहिराइमा पुगेर अध्ययन गर्न सकेको छैन । विशेष गरी नेपालमा लेखिएका उपन्यासहरू, जसलाई गद्यलेखनको उच्च उपलब्धि मानिन्छ, ती उपन्यासहरूले नेपाली जीवनलाई गहिराइमा पुगेर अध्ययन गर्न सकेका छैनन् । यसको नराम्रो प्रभाव नेपाली समाजको चिन्तन क्षेत्र लगायत अरू व्यवहारमा पनि पर्न गएको छ । यो पनि एउटा कारण छ, नेपाली राजनीति– आदर्श प्राप्तितर्फ अग्रसर हुने भन्दा गुप स्वार्थको वरिपरि घुम्ने काम मात्र गर्दै आएको छ ।

देश र जनताको समुन्नति हेर्ने प्रेरणाले नै म शुरूदेखि नै राजनैतिक गतिविधिप्रति आकर्षित बनेको हुँ । राजनैतिक क्षेत्रको गतिविधिले नै मलाई साहित्य लेखनप्रति बढी आकर्षित गराउँदै ल्यायो । मेरो साहित्य लेखनमा म त्यतिबेला ज्यादै उत्साहित बनेको थिएँ । सन् १९४९ को समय थियो, जतिबेला म भारतको कलकत्ता शहरमा बी.ए. पढ्दै थिएँ । त्यहाँ पढ्ने नेपाली विद्यार्थीहरूले कथा प्रतियोगिताको आयोजना गरेका थिए । त्यो प्रतियोगितामा मैले लेखको 'दुई मूर्ति' नामक कथा पढियो । मेरो कथा सर्वश्रेष्ठमा छानियो । यो कथा पछि 'नेपाली छात्रवाणी' भन्ने पत्रिकामा छापिएका थियो ।

मेरो जीवन सधैंजस्तो राजनैतिक गतिविधि र साहित्य लेखनमै केन्द्रित रहेको हुँदा मेरा आत्मसस्मरणका घटना र चिन्तन पनि समाजसँग मात्र आबद्ध रहन गएका छन् ।

मैले स्कूल कलेजमा पढ्दाको समयदेखि नै विशेष गरी कथा लेख्ने गर्थें । त्यतिबेला कलकत्ता र बनारसमा पढ्दै गरेका नेपाली विद्यार्थीहरूद्वारा सम्पादित पत्रिकाहरूमा एउटा दुइटा छापिएका पनि थिए । २०१६ सालमा 'यथार्थवादी आलोचना' नामक एउटा आलोचना सम्बन्धी पुस्तक प्रकाशित भयो । २००७ सालपछि शुरू भएको साहित्यिक लेखनको प्रगतिशील फाँटको लेखन प्रवृत्तिमा सुधार ल्याउने उद्देश्यमा त्यो पुस्तक लेखिएको थियो । त्यतिबेला म कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको हुँदा मलाई साहित्य फाँट हेर्ने जिम्मा पनि दिइएको थियो । त्यसपछि विस्तारै म कथा, उपन्यास र आलोचना फाँटमा लेख्दै आएँ ।

'०१७ सालपछि प्रवास जीवनमा रहँदा बनारसमा मैले 'आशमाया' भन्ने उपन्यास लेखें । त्यहीं 'माउसुली' कथासङ्ग्रह पनि प्रकाशित भयो । २०२७ सालमा मेरो अर्को उपन्यास 'धरती अझै बोल्दैछ' छापियो । र, त्यसैबेला अर्को कथासङ्ग्रह 'लङ्गडो मान्छे' भन्ने पनि छापियो । २०३२ सालमा मैले आलोचनाको क्षेत्रमा लेखेका लेखहरूको सङ्ग्रह 'नेपाली साहित्य र आलोचना' पुस्तकको रूपमा छापियो ।

अहिले म जनजातिमाथि केन्द्रित 'युगान्तकारी' नामक उपन्यास लेख्दैछु । चाँडै प्रकाशमा आउने छ । आलोचना सम्बन्धी मेरा लेखहरू अहिले पनि फाट्टफुट्ट निस्कनें गर्दछन् ।

- - -

जीवनका यथार्थगत अनुभूतिहरू

❑ कृष्णचन्द्र सिंह प्रधान

कर्फ्यू लाग्ने कालको राति, बाक्लो अँध्यारोमा म जन्मेको रहेछु । शून्य चिरेर एकाएक छरिएको हलचलसँगै मेरो आगमनको सूचना फैलिन्छ ।

प्रत्येक सन्तान लाग्यो एउटा संयोग हो– आमा बाबुहरूको । यसलाई आकाश र धरतीको जोर्नी भने । परिणाम: म क्षितिज भई देखापर्छु १९८२ मा । त्यस दिनलाई नागपञ्चमी भन्दा रहेछन् ।

राजधानी जस्तो शहर र मन्दिरैमन्दिरको देश, काठमाडौंको सुन्तागाउँको चिसो गल्ली र घरलाई सिन्नो पृथ्वी ठानेर मुठीमा कैद गर्न खोज्छु ।

जिउँदो सालिक भनें– मान्छेको यस भौतिक रूपलाई । अनि कसैको नाति, कसैको छोरो भनिने यो मान्छेको यही हुलिया बाहेक छ नै के ? के भनेर चिनाउने ?

आगमनको बोध गराउने निस्तो उपस्थिति मान्छेको लगतमा थपिने खालि एउटा अङ्क हो । छुट्टै पहिचान नभएको अनुहार त जोसित पनि छ । गोविन्द त्यस्तै थियो-धेरै मान्छेसित मिल्ने अनुहारको मान्छे, ऊ जस्तो पनि थियो, त्यो जस्तो पनि थियो तर कृष्णचन्द्र होइन । त्यो त जन्मेकै थिएन । हो नि, जसलाई कृष्णचन्द्र भन्छन् त्यो म जन्मेकै रहेनछु । जन्मने त गोविन्द हो र ऊ जस्तो गोविन्दप्रसादहरू कति छन् कति - त्यस्तै बानी बेहोरका जसको अनुहार अरू धेरै मान्छेको अनुहारसित मिलदोजुल्दो छ । त्यसरी नै रुन्छ, हाँस्छ, खान्छ, मर्छ । म त्यही गोविन्द थिएँ मात्र घरको परिधिलाई संसार सम्झेर परिवारभित्र हराउने गोविन्द ।

अस्तित्वको बोध गराउने व्यक्तित्व अथवा जीवन्तताको अनुभूति दिने हलचल, सीप त केही हुनु हो । यो आफैले कमाइन्छ । बाबुबाजेको अंश होइन जो उत्तराधिकारमा पाइन्छ र जसको उपभोग गर्छन् छोराछोरी, नातिनातिनाहरू ।

निष्कर्ष हो गोविन्द उसको आमाबाबुको सन्तान हो तिनीहरूबाट जन्मेको छोरो । कृष्णचन्द्र मेरो हो, मैले सृष्टि गरेको, नितान्त मेरो आफ्नो कमाइ । उसको त आफ्नो आमा पनि छैन, बाबु पनि छैन, गुरू पनि छैन । आदिबासी नामको कुनै जाति छुँदैछैन त भन्दिनँ । तर जसलाई भन्छौं तिनीहरू त्यहीका आदिबासी हुन् भन्ने बारे आश्वस्त हुन सकिन्न । मेरो जस्तै सबैको हक दावी लाग्ने यस जमिनमा उहिले यसरी नै मान्छेले घर बनाए छन्, गाउँ बसाए छन्, देश उभ्याए छन् । कोही विजेता भई पसे, हारेर कोही भागे छन् । कोही अर्को ठाउँ कब्जा गरेर राजा बने छन् । कोही भने दास भए अथवा जहाँ गए, बसे, त्यही रमाएर मिसिए । कालान्तरमा तिनीहरू मध्ये कति आदिबासी कहलिए । भनूँ भने तिनीहरू पनि त्यहींकै होइनन् जसलाई आदिबासी भन्छौ । मूल जातिका बशजहरू जो जहाँका भए पनि कोही कता झरे, कोही कता उक्ले । सजिलैसित धान्न सकिने ठाउँको खोजी र सुबिधा अनुसार संसारमा फैलिए छन् । छरिएछौ हामी मान्छेहरू र कोही कहाँका मूलबासी भनियौ, कोही कहाँका आदिबासी । लाग्छ सबै आगन्तुक हौ ।

देशभित्रकै मानिसहरू पनि कहाँका हुन् र कहाँका भइदिएका छन् । मेरै कुरा गरूँ– म काठमाडौंको होइन, पाटन हुँ । १८२६ पछि यसकै वरपर संभवत: मेरा पुर्खाहरू काठमाडौं आएका हुन् । म यलबाट यमि भएँ । यसबारे कतै लेखिसकेको छु । नेपाल कहिले आएछौ शोधकै विषय लाग्छ । त्यसो भए पनि खास नेपालका प्राचीन निवासीहरूमध्ये सभ्य, सम्पन्न, सुसंस्कृत कहलिने नेवार पनि हो– म त्यसै जातिको नेपाली हुँ ।

माथि भनी सकें– कृष्णचन्द्रको आमाबाबु छैन र गोबिन्द कृष्णचन्द्र होइन, कृष्णचन्द्र गोबिन्द होइन । दुबै मैं हुँ भनेर चाहिं सायद स्पष्टीकरण गर्नु नपर्ला । बेग्लै नामको बिभेद सबै निरर्थक हुन्छ भन्ने छैन, सार्थक हुन्छ भन्ने पनि छैन । प्रत्येकले छुट्टै परिचय संगालेको हुन्छ, इतिहास बोकेको हुन्छ । जस्तो गोविन्द चाहेर गोविन्द भइदिएको होइन ।

उसको वञ्चितता उसको घरको हो, आमाबाबुहरूको हो। ऊ त सामाजिक परिणति भोग्न मात्र विवश थियो। यसर्थ गोविन्द एउटा नाम हो जसलाई किकर्तव्यविमूढ स्थितिको विवस परिणति भनें। कृष्णचन्द्र हुनलाई त त्यस्तो स्थितिसंगै लड्नु पर्थ्यो। यसका निम्ति गर्ने कोशिसले कृष्णचन्द्र भइदिएको हुं।

सामाजिक सेवा, शैक्षिक गतिविधि, साहित्य लेखन, राजनीतिक चासो आदिमा छरिएर जनजागरणसित सम्बन्धित हुन्छु। सरोकारको विषय पनि हुनाले एकप्रकारको सामाजिक, सांस्कृतिक, राजनीतिक अभ्युत्थान गर्ने चेतनाका यी प्रतिबिम्ब थिए। सबैमा अभिरुचि राखेर पनि समर्पित भएँ साहित्यमा। लेख्न प्रेरित गर्ने घटना भयो अप्रिय काम गर्नुपर्ने पीडा र नाम छपाउने लोभ। आर्थिक कारणबस स्कूल त छोडिहाले। समय कसै गरी बिताउनै पर्थ्यो। खेलकूदमा नलागेको बेला अक्सर कोठामा एक्लै कविता गरिरहन्थें। कि त चित्र कोरेर दिन गुजार्थें। कविता पनि भन्नु मात्रै हो। साँच्ची भनुं भने नबकल गर्थें। तर तमाखुको विरोधमा लेखेको कविता मेरो पहिलो हो र कसैको अनुकृति थिएन। उठ्नै पाएको हुन्न आँखा मिच्दै तमाखु भर्ने पुत्र कर्तव्यबाट दिक्क म कबितामा यही दुखेसो पोखेर आनन्दित हुन्छु। म १२/१३ वर्षको थिएँ। अर्को प्रेरणा भयो 'शारदा' मा छापिएको दाजु हृदयचन्द्रको नाम पढेर। यसबाट यति छोइएँछु, यति आकर्षित भएँ र त्यसले ममा एक किसिमको ईर्ष्या जगाइ दियो। पछि त साहित्य मेरो सोखको विषय होइन अस्तित्व जोडिन्छ र समर्पित भएँछु। त्यसैमा आफूलाई खोज्नको निमित्त प्राप्ति भन्दा महान् के हुन सक्छ ?

यसकारण मलाई लाग्यो लेखेर मात्र हुँदैन त्यो त्यतिकै सार्थक पनि हुनुपर्छ – शून्यमा मुखरित हुने आवाज जस्तो टङ्कारो, भीडमा पनि चिनिने अनुहार जस्तो विशिष्ट, दिएर पनि दिनै नसकिने वस्तु जस्तो दुर्लभ, समय स्वयं उपकृत हुने उपहार जस्तो किमती, पोखरीमा हान्दा निस्कने लहर जस्तो गतिवान्, सधैंभरि अनुकरणीय लाग्ने सृजनशीलता जस्तो मौलिक। मैले यही गरें भन्ने खोजेको होइन। जे दिन्छौ हामी वा जे दिन चाहे मैले त्यस्तो हुनुपर्छ भन्ने मानक रूपबाट म आकर्षित भइरहें, उत्प्रेरित भइरहें, प्रोत्साहित भइरहें।

अभ्यासकालमा कबिता धेरै लेखें हुला। छापिएको पहिलो रचना पनि कविता नै थियो –'उदय' मा प्रकाशित 'अश्रुधार' २००२ सालको। साथै सिकारु लेखकहरूमा सबै विधामा लेख्ने रहर देख्छु। म पनि त्यस आकाङ्क्षाबाट अलग हुन सकिनँ, त्यो लोभ त्याग्न सकिनँ। लेखेको जति सबै राम्रो भयो कि भएन सोच्दैनौं। जुन जुन विधामा हात हाले सबैमा पारङ्गत भएँ कि भइनं ध्यान दिंदैनौं। लेख्न पाए पुग्यो। यसरी कथा, कविता, निबन्ध, आलोचना, नाटक के लेखिनं। पछि आफैलाई आफ्नो कथा राम्रो लाग्दैन। मेरो कबिताले मेरै चित्त बुझाउन सक्तैन। नाटक मेरो विधा नै होइन भन्ठानेर त्यसको सङ्कत गर्ने छोड्छु।

निष्कर्ष हो हरेक लेखक आलोचक नै हुँदैन तर तिनीहरू भित्र आलोचक पनि हुँदो रहेछ। त्यसले राम्रो नराम्रो छुट्याउने गर्छ। कथा, उपन्यास, नाटकहरू समाजकै खराबी, दोष, त्रुटी र मानवीय कमजोरीहरू औंल्याएर लेखिएको एकप्रकारको अनिर्दिष्ट आलोचना नै त हो जसलाई सिर्जनात्मक साहित्य भन्छौ। यसले नयाँ सस्कार, नयाँ समाज निर्माण गर्ने प्रक्रियामा सघाउ पुऱ्याउन सक्छ।

म के भन्छु भने लेखक, साहित्यकारहरू अरूप्रति उदार भए पनि आफूप्रति कठोर हुन सक्नुपर्छ। आफ्नो बारे यस्तै मूल्याङ्कन गर्नेहरू वास्तविक सर्जक भई देखा पर्छन्। निरपेक्षतामा आफूलाई हेर्नेहरूको सबलतामै साहित्यको स्तरीय सिर्जनशीलता सम्भव हुँदो रहेछ।

मलाई मन नपर्ने मेरा आफ्ना रचनाहरू प्रति कठोर हुने प्रेरणा यसैबाट लिएँ र तिनीहरूलाई सल्काइ दिन्छु। थुप्रै कथा लेखें, दुई/चार छापिए छन्। तर जब मलाई मेरै कथा राम्रो लागेन मिल्काइ दिन्छु। कविता जो छापिए त्यति मात्रै होइन। धेरै त अप्रकाशित नै छन्। तर नैसर्गिकताको अभावमा कवि भनाएर तिनको अवमूल्यन गर्न चाहिन। यसकारण लेख्नै छोडिदिएँ। नाटक लेखें– मन लागेन त्यसैले लेखिनं। मैले लेखेको मलाई नै राम्रो लाग्दैन भने त्यसले अरूको मन जित्न सक्तैन। आफ्नो रचनाको इमान्दार पाठक पहिले आफू नै हो। आफूलाई विर्सेर आफ्नो मूल्याङ्कन गर्नेको निर्णय गलत हुँदैन। त्यसैले लेखेको जति छपाउने आत्मश्लाघा गरिनं।

यसप्रकारसंग 'नदी किनारका माझी'को जन्म भएकोले मैले यस कृतिलाई जीवनको एउटा प्रमुख घटनाको रूपमा लिएको छु। र, मलाई अहिले पनि के लागेको छ भने कुनै सम्वेदनाबाट निस्केको विषयवस्तुले मानवीय जीवनमा विशेष प्रभाव राख्दछ।

मेरा रचना वा कृतिहरू प्रायः प्रयोगको दृष्टिकोणले लेखिएका हुन्छन्। साहित्यमा एउटा वेग्लैखाले प्रयोग स्थापित गर्नुपर्छ भन्ने मेरो मान्यता छ। त्यसै भएर पनि परम्परावादी दृष्टिकोण राख्नेहरूलाई मेरा कबिता वा कृतिहरू पच्न सक्तैनन्। अहिले मेरा कृतिहरूको बारेमा गहिरिएर समालोचना हुन सकेको छैन। बुझिदैन र जटिल छ भन्नेहरूको सख्या अधिक छ। यस कृतिका बारेमा पनि सकारात्मक भन्दा नकारात्मक विवेचनाहरू धेरै भए। डा.वराल, डा.त्रिपाठी, जगदीश शमशेर राणाले पनि यस कृतिको टिप्पणी गर्नु भयो। डा.कुमारबहादुर जोशीले त यस भिबको एउटा भाग 'गङ्गा प्रवास' को बारेमा एउटा किताबै तयार गर्नु भएको छ।

समालोचकले आफ्नो दृष्टिकोण प्रस्तुत गर्दा गहिरिएर अध्ययन गरी रचनात्मक प्रस्तुति दिन सकेमा पाठकवर्गले सही कुरा जान्न पाउछन् र जनताले लेखकको बारेमा निस्पक्ष मूल्याङ्कन गर्न सजिलो हुन्छ। निस्पक्ष मूल्याङ्कनको अभाव अहिले खड्किएको छ। गहीरो अध्ययन नगर्ने गर्दा आज धेरै कृतिहरू मन पराउने मात्र होइन कति नामै सुन्न मन नपराउनेहरू पनि देखा पर्दैछन् –

कुनै पनि कुराको नयाँ प्रयोग दिन् भनेको कठिन कुरा हो, त्यो प्रयोग सबैलाई मन पर्छ भन्ने पनि छैन र सफल हुन्छ भन्ने पनि छैन। कुनै समय त्यस्तो आउला नयाँ प्रयोग मन पराउने समय। अनि त्यसको उचित मूल्याङ्कन र आवश्यकता त्यसैवेला बढ्न सक्छ।

लेखकले जुनसुकै दृष्टिकोणले लेखोस् त्यो आखिर उसको सम्पत्ति हुँदैन राष्ट्रको सम्पत्ति हुन्छ र त्यस कृतिले समाजलाई दिशाबोध गर्नसक्छ। तर त्यसलाई सफल बनाउने वा असफल बनाउने त्यस कृतिका व्याख्याता वा पाठक हुन्छन्। त्यसैले ती सही हुनुपर्छ र इमान्दार। साच्चै भन्ने हो भने बिस्तृत रूपमा नेपाली साहित्यको इतिहास आएकै छैन। अब इतिहास यस्तो लेखियोस् कि लेख्दा यी सबै कुराको बिचार पुऱ्याइयोस् भन्ने म चाहन्छु।

अनि बूढो भएर लेखेको साहित्य राम्रै हुन्छ वा हुनुपर्छ भन्ने केही छैन र नयाँ लेखकका नयाँ प्रयोगका रचनाहरूमा गहीराइ हुँदैन भन्ने पनि छैन। साहित्यलाई जहिले पनि महत्त्वपूर्ण तराजुमा राखेर विश्लेषण गर्नु उपयुक्त र उपयोगी हुन्छ।

- - -

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा सम्पूर्ण
नेपालीमा सुख, शान्ति तथा
समृद्धिको लागि हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं।

ऋषिराम काफ्ले
(अध्यक्ष)
राष्ट्रिय यातायात मजदूर भलाई कोष
काठमाडौं

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा सम्पूर्ण
नेपालीमा सुख, शान्ति तथा
उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछु।

रत्नेशमान सिंह प्रधान
धोबीचौर, काठमाडौं

'नदी किनारका माझी'सँग जोडिएको एउटा संस्मरण

❑ मोहन कोइराला

जीवनको यस मोडमा आउँदासम्म मेरो जीवनमा धेरै तीता मीठा घटनाहरू घटेका छन्। आफ्नो जीवनलाई विभिन्न तरिकाबाट बुझ्ने मौका पाएको छु। यी सबै कुराहरूको चर्चा यहाँ गरेर साध्य छैन। तथापि 'दायित्व'को अनुरोधलाई स्वीकार गर्न कुनै एउटा प्रसङ्ग नकोटचाई नहुने भएकोले 'नदी किनारका माझी' लेख्दाको बिसँनै नसकिने एउटा प्रसङ्गलाई अगाडि सारेको छु।

मलाई मुखबाट रगत जाने त्यस्तै पेट सम्बन्धि जटिल रोगले बेला बखत पीडा दिने गरेको हो। यसरी पटक-पटक अस्पताल बस्नुपर्‍यो औषधी सेवन गर्नुपर्‍यो। कसैले टी.बी.को शंका गरे भने कसैले हृदय रोगको। तर रोग यही भनेर निर्क्यौल हुन सकेन। मुटु केहि बेसी चलिरहने भएकाले आखिर यो मुटुकै रोग हो भन्ने ठहर डाक्टरहरूको रह्यो।

००७ सालतिरको कुरा हो– मलाई रगत बान्ता भयो। म बीर अस्पताल भनां गरिएँ। मुटुको धड़कन बढ़ेको ले मलाई धेरै समयसम्म आइ.सि.यु.मा राखियो। उपचारका धेरै प्रक्रियाहरू अपनाइए। अस्पतालबाट डिस्चार्ज हुँदा पनि घरमा प्रयोग गर्नको लागि अस्पतालमा प्रयोग गरेकै औषधी दिइयो।

अब मेरो मनमा के लाग्यो भने– यस रोगबाट म पार पाउन सक्तिन, अब मेरो बाँच्ने कुनै बाटो छैन। यस तरिकाले कति दिन बाँच्न सकिन्छ? निद्राको औषधी, सुतउठको समस्या.... । त्यसैले मैले मनमनै निर्णय गरे अब मैले समाजको लागि थप केही कुरा छाडेर जानुपर्छ, जसबाट मेरो जीवनमा लागेको इच्छा सार्थक होस्।

मैले पहिलेदेखि नै सोचेका-विचारेका सामाजिक रहनसहन, रीतिरिवाज र संस्कारका कुराहरूसँग परिचित केही जनजीवनको पहिचान नेपाली समाजमा गराउनु पर्छ भन्ने मेरो सोचाइ रह्यो। यस बारेमा मेरो भाइ शङ्कर कोइरालाले पनि 'खैरेनी घाट' लेखिसकेको थियो तर मेरो प्रस्तुति र त्यस उपन्यासको प्रस्तुति बेग्लै हुन सक्थ्यो। त्यो औपन्यासिक रूपमा लेखिएको थियो भने मैले गद्य कवितामा लेख्ने अलग विषय थियो। त्यस्तै अन्य नाटकीय प्लट समावेश गरेर अर्थात् कविता, नाटक पनि हुनसक्छ भन्ने एउटा अलग्गै प्रयोगवादी धारणाको बिचार गरे र छबटा लामा कविता लेखें। तर गद्य कवितामा लामो श्रृखला बनाएर नाटक लेख्नुपर्ने काम अवश्य कठिन हो भन्ने जान्दा जान्दै पनि लेखी छाड्ने आँट गरें र त्यो पुस्तक सम्पन्न भयो।

यस भित्र छ भाग छन्, जसमध्ये माझीहरूको संस्कार र जीवनचर्याको वर्णन भएको 'गङ्गा प्रवास' खण्ड करिब एकसय पेजको छ। यसैगरी अरू बाँकी पाँच भागहरू पनि पुग नपुग कम वेशी पेजको हाराहारीमा बिस्तार भएका छन्।

यस कृति ।काव्य भने पनि हुन्छ। मा मैले आफ्नै खालको बेग्लै विचार, धारणा र सिद्धान्तहरू प्रस्तुत गरेको छु। यो कृति परम्पराबाट बिलकुल फरक छ। अरूको भन्दा भाषा शैली र प्रस्तुतिमा फरक पनि देखिनु मेरो लेखनको अलग्गै विशेषता पनि हो। वास्तवमा मैले यसलाई मृत्युपछिको एउटा चिनूको रूपमा लेखेको थिएं। जसले पछिसम्म पनि आफ्नो पन र आफ्नो छाप छाडिरहोस्।

लेखिसकेपछि होमनाथ दहालजीले आफ्नो आग्रहमा आफ्नै प्रेसमा छापिदिनुभयो र उत्तम कुँवरको सरसल्लाहबाटै मदन पुरस्कार गुठीमा पनि दर्ता गरियो। संयोगबश 'नदी किनारका माझी' ले मदन पुरस्कार पनि पायो तर जसले कृति दर्ता गराउन मलाई प्रेरित गरेका थिए उनले मदन पुरस्कार पाएको सुन्न पाएनन्। अर्थात् कृति पुरस्कृत हुँदा उत्तम कुँवरजीको देहावसान भैसकेको थियो। म उनको सदाशयताप्रति सदा आभारी रहेको छु।

'नजानें गाउँको बाटै नसोध्नू' उखान सम्झें। यसलाई मनन गरेर हो कि पछुतो पनि गरिनँ, दुःख पनि लागेन अनि म केन्द्रित भएँ आलोचना र निबन्धमा।

छपाउने हतारले कहिल्यै आतुर भइनँ, जति लेख्न नपाउँदा चटपटाउने गर्छु। नलेखी बस्न सक्तिनँ, लेखिसकेपछि छाप्ने समस्यासित त्यति सारो जुध्नु पर्दैन। लेखेको चिसिन नपाउँदै कसैको भइसक्छ वा टिपी हाल्छन्। बरु इच्छ्याएको लेख्ने काममा व्यवधान परिरहँदा जरुर चल्छ।

कहिले कसलाई के चाहियो– लेखिदिनु परेको छ। विशेषाङ्क निकाल्नेहरू आउँछन्– नलेखी सुक्ख पाउँदिनँ। कसैले के उपलक्ष्यमा, के निकाले भन्छन्– पूरा गर्नै परेको छ। कोही भूमिका लेखिदिन भन्छन्, कोही स्मृति ग्रन्थका लागि स्नेह र श्रद्धावश पनि नाइ भन्न सक्तिनँ, लेख्नै पर्‍यो।

प्रकाशक आफैले भनेर छापिदिए त कुरै भएन। भन्नु पर्‍यो भने असजिलो लाग्छ। नगर्लान् भनेर होइन, भइ दिएन भने अपमानित बोध गर्नु पर्नेछ। मलाई यो असहनीय लाग्छ। त्यसैले भन्न गाह्रो मान्छु।

'भज्याङनिरै' पहिलो पुस्तक हो, आफ्नै लगानीमा छापेकोले समस्या परेन। 'कवि व्यथित र काव्य साधना' भूमिकाले तानेको अप्रत्यासित रूप हो। व्यथितको सहयोग पाएर सजैं भइदिन्छ। साझा प्रकाशनले माँगेर छापेको निबन्धसङ्ग्रह हो 'सालिक'। 'नेपाली उपन्यास र उपन्यासकार' साझाकै योजना अन्तर्गत लेखेको ग्रन्थ नै भयो। धेरैले भनेर आलोचनाहरूको सङ्ग्रह 'सिर्जनाको सेरोफेरो' तयार गरें। यसको श्रेय इन्द्रमालीलाई दिन्छु। यो प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भयो। बचन खेर गएन। यी सबैको अर्थ भन्दै नभनी भइदियो भन्न खोजेको होइन। भनेर त काम हुँदैन भने भन्दै नभनी कोसित के छ, कसरी थाहा होस्? यसका लागि धुरिनु परेन, पछि लागिरहनु परेन, यत्ति हो। बरु एउटा आदर्श कायम गरें। त्यो के भने म जहाँ हुन्छु, भएको बेला त्यहाँबाट आफ्नो पुस्तक निकालिनँ। साझा प्रकाशनमा छँदा प्रज्ञा प्रतिष्ठानलाई अनुरोध गरें, प्रज्ञा प्रतिष्ठानमा हुँदा साझा प्रकाशनलाई। उपस्थितिको दबाउबाट लाभ उठाएकोलाग्ने काम गरिनँ। सिर्जनाको सेरोफेरो, अनाम सत्य, पाइलाः आगतमा टेकेर, त्यसै अन्तर्गत प्रकाशित भए। म यी कुराहरू केवल छपाउने काममा उदासीन र अनुत्साही हुनाको सन्दर्भमा भन्दैछु।

दुई पुस्तक प्रकाशनको बाटो कुरी बसेका छन्। कसैलाई त भन्नै पर्ला।

यो साहित्यकारसित सम्बन्धित आत्मसंस्मण हो। अनिवार्यतया उल्लेख हुनुपर्ने केही बुँदा बारे सम्पादकको अनुरोध छ। सबैको यथोचित समावेश आफैंसित सम्बन्धित विषय अन्तर्गतका अभिन्न अनुभूतिसँगै व्यक्तिएका छन्।

यथार्थमा यसलाई जीवनको विगतसंग एकछिनको साक्षात्कार भन्न मन लाग्यो जो अल्पन्तै संक्षिप्त र केही सस्मरणीय पनि लाग्ने छ– यिनीहरू भोगाइसँगै गाँसिएर अन्तर्भूत भइदिएका छन्। म यसभन्दा पृथक् लागोइन।

- - -

वडा दशैं २०५६ को सुखद् उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं।



पानीको धारा वरिपरि सधैं सफा गरौं
खेर जाने पानी करेसाबारीमा लगाऔं

खानेपानी तथा ढल निकास विभाग
(वातावरणीय सर-सफाई शाखा)
पानीपोखरी, काठमाडौं

सफा रहौं, स्वस्थ बनौं

दुई नदीका जलको विभाजक,
सौन्दर्यका निर्झरले कलात्मक,
छ शैल सानो तर दीर्घ सुन्दर,
रसज्ञका निम्ति मनोज्ञ मन्दिर ॥
विशाल यो छैन, विशाल गौरव
यहाँ जुटेको छ र यो विशाल छ,
यै शैल वन्दा घिमिरे कुलस्थली
भयो महागौरव सभ्यता खुली"

(केही हरफ महाकाव्य 'देवयानी'का)

जन्मभूमिको स्मरण एवं गायन किन नगर्नु। मर्यादा-पुरुषोत्तम श्री भगवान् श्री रामले त यसरी गर्नुभएको छ, जस्तो कि –

"अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते।
जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी ॥"

अर्थात्-हे लक्ष्मण ! लङ्का सुनैको भए पनि, म मन पराउन्न, जननी र जन्मभूमि त स्वर्ग भन्दा पनि ठूली हुन्।

तिनै जन्मभूमि मन्थलीको उत्तर किनारामा बह्ने सोभो लामो सुन्दर नीलरेखा तामाकोशी (जामु कौशिकी) को एक पावन स्मृति -

"त्वन्मूर्मीणा हारैः सलिल मणि भारैरधिरसं
प्रपातानां पातैर्विलसति च लासोत्क वपुषा।
विलोक्याऽऽसोकं तेऽभिनय निपुणाया दृषदपि
स्वजाङ्घ सन्त्यज्याऽमृतसमजलं मज्जति पथि ॥

(अप्रकाशित 'तासकौशिकी संस्मृत्य'बाट)

अर्थात् - हे कौशिकी ! मणि माणिक्य जस्तै कञ्चन जल बोकिला प्रवाहका हारहरूले, उठ्ठै खस्ने प्रपात वा झर्नाहरूले नृत्यमा उत्कण्ठित शरीरद्वारा तिमी पृथ्वीमा लीलामय विलासमा सुशोभित छयौ। नृत्य-निपुण तिम्रो यो सुन्दर दृश्य देखेर बाटामा जड पत्थर पनि आफ्नो सहज जडता त्यागेर अमतायमान पानीमा डुबुल्की लिन्छ।

अर्को धूमिल स्मरण हुन्छ – मेरो अक्षरारम्भ म पाँचौं वर्षमा देवता श्रीपञ्चमीका दिन भएको हो। श्री चुनीलाल ज्योतिषले गाईको गोबर र रातोमाटोले लिपेको मझेरी भुइंमा चोखो काठको पिर्कामा रातोमाटोको मसिलो धूलो फिजाएर गणेश-सरस्वतीको वन्दना गराई पीपलको हरियो पातमा श्रीखण्ड चन्दनले पाँचकुने सरस्वती लेखेर पूजा गरी त्यसमा पितावाट शास्त्रीय विधिपूर्वक निर्मित 'सरस्वती चूर्ण' को रस मिसाएर मलाई चटाइया र मयूरका प्वाँखका डाँठले हो वा मालिङ्गको कलमले उहाँ (चुनीलाल) ले ककहरा चिन्हाउनु भयो।

सरस्वती चूर्ण बारे- पन्ध्र दिनसम्म चान्द्रायण व्रत (पहिलो दिन एक गाँस, दोस्रो दिन दुई गाँस, तेस्रो दिन तीन गाँस गर्दै पन्ध्रौं दिनमा पन्ध्रगाँस एक छाकी भात खानु पर्ने व्रत) गरेर 'अभिजित्' मुहूर्तमा नयाँ फलामे हातियारले साँकिएको वृक्षको हाँगो वैदिक मन्त्रसहित एकै चोटमा छिनेर बनाएको समिधाले अरणिमन्थनवाट निस्केको अग्निमाथि नामे खड्कुलीमा तोकिएका तृण लताहरू उपवान पूर्वक पकाई लेदो जमाएको वस्तु। त्यसको रस अक्षरारम्भमा चाटन पाउने कति बाल-बालाहरू पढ्नमा निकै तेज भए। म त केही समयपछि नै एकपटक सुनेको श्लोक तत्काले मुखाग्रे सुनाइदिन्थें, त्यो नेपाली होस् वा संस्कृत। श्रीपञ्चमीका दिन पञ्चहायन शिशुलाई अक्षरारम्भ गराउने हामी हिन्दूहरूको वैदिक सनातनी संस्कृति हो।

यसपछि संझन्छु छ वर्षको उमेरमा गरिएको आफ्नो व्रतबन्ध र पितावाट गायत्री मन्त्र सुनी बटुक भेष छाडी सक्कली ढाकाको नयाँ दौरा-सुरुवाल टोपी र कानमा सुनको चौगेडी लगाई मातृ-चरणमा चाँदीको एक रुपिया राखी दर्शन गरेको र आमाले काखमा राखेर शिर सुसुम्याई दिनु भएको आसिक- नानी ! चिरायु हुनु र ठूलो पण्डित हुनु। 'पण्डित' शब्दको अर्थ आङ्ग्ल विद्याका आधुनिक विद्वान् जेसुकै ठानून् जसको सही अर्थ हो - सत् र असत्को विवेक गर्ने बुद्धिको नाम हो पण्डा र त्यो पण्डा जसको छ, त्यो पण्डित।

त्यति सानो उमेरमै व्रतबन्ध गर्नुपर्ने कारण- गुरु श्री चुनीलाल ज्योतिषले 'यो नानी सातको हुंदा आमा रहनु हुनेछैन, एकमात्र छोरो यसले आमाका दूधको ऋण चुकाउन पाउनुपर्छ। आमाले पनि छोराकै हातवाट आफ्नो इच्छा पुऱ्याउन पाउनुपर्छ' भन्नुभएको थियो। उहाँको भविष्यवाणी उहाँका सात्त्विक आहार-बिहार एवं आस्तिक निष्ठाल गर्दा

हिंड्ने गरेको आफैले देखेकै पनि हो। त्यो बेला काठमाडौं उपत्यकामा अहिले जस्तो बूढो पास्नी गरेका मानिसहरू भाग्यले मात्र देख्न पाइन्थ्यो। आजकाल बिहे गरेको रजतजयन्ती मनाउनु त फेशनै भैसकेको छ।

यो स्थितिमा मैले आफूलाई बूढो भएँ भनेर नसम्झनु कुनै अस्वाभाविक थिएन; बूढो भएपछि गर्हला भनेर थाती राखेका कुरा गरिहाल्न हतार मान्नु पर्ने केही थिएन। मैले सोंचे अनुसार बूढो भएपछि मानिसले काम गर्न सक्तैन – मनले पनि शक्तैन, शरीरले पनि सक्तैन। शरीरमा अनेकौं नयाँ-नयाँ रोग लागेर आउँछन्, मनलाई शान्तिसँग काम गर्न दिँदैनन्। सहलह गर्न शक्तैन, सहिष्णु हुँदैन, शान्ति बिहीन हुन्छ। ममा पनि रोग नभएको होइन, छ– धेरै अगाडिदेखिको। नाकको, रुघाखोकीको रोग छ – चालीसौं/पचासौं वर्ष अघिदेखिको। डाक्टरहरूले पुरानो हावा नथुन्ने घरमा नवस्नू, छोडिदिनू भने, छोडेरै हिंडेको पनि दशौं/पन्ध्रौं वर्ष भइसक्यो। अब खाली शहरको धूलो र धूवाँ भएको सडकमा हिंडेपछि अरू पनि सताउने गर्छ, त्यत्तिकै हो। पेटको आउँको पनि शिकायत छ, त्यो पनि चालीसौं/पचासौं वर्ष अघि देखिको छ। त्यसको लागि पनि काँचो पानी, चिल्लो-चिसो खानेकुरा नखाने गरिएको छ। कम्मर दुख्छ कहिलेकाहीं, त्यो पनि बीसौं–पच्चीसौं वर्ष अगाडि शौचालयमा अनि कौशीमा चिप्लिएर लड्दाको तुस भन्छन् – एक्सरे हेर्ने डाक्टरहरू। अनि पत्थर छ किडनीको – त्यो पनि जमाना अगाडि उर्दी-पूजीमा जाँदा धेरैबेर पिशाब रोकी राख्ने गर्नाले भएको भन्छन्। बढी पानी खाएर 'फ्लस' गर्ने गरेको छु। यी कुनै कुराले बूढौतीको अनुभव गर्न दिएको छैन।

यसैले पनि हुन सक्छ मलाई लक्षित गर्दै, भन्न थालिएको 'बूढो' शब्दले मेरो मनमा खासै अर्थ दिन सकिरहेको थिएन अनि यथावत् रूपले चल्दै आइरहेको जीवनयापनमा आजको परिवर्तित परिस्थितिमा अपेक्षा गरिने सरहको बूढीरुढी परम्पराले कुनै खास अडान लिन भ्याइरहेको थिएन। सानैदेखि नयाँ-नयाँ कुरा जान्ने, थाहा पाउँदै जाने, रुचि-अभिरुचिले पनि हुनसक्छ अथवा आफ्नो सीमित ज्ञानप्रतिको सचेतनताले पनि हुनसक्छ। आजको वैज्ञानिक उन्नति र प्राविधिक विकासले घरपरिवारमा समेत आएकी बदलिंदो जीवन पद्धति, विकसित हुँदै आएको नयाँ सस्कार-संस्कृति र रीति-थीतिमा नजानिंदो किसिमले आफू पनि ढालिँदै आएको रहेछु, केही चाल पाएको रहेन छु, केही असजिलो अपठचारो महशु ! गरेको रहेन छु। यस्तै किसिमले सहलह गर्दै सहिष्णुता र शान्ति प्रियतामा लहसिँदै आफूलाई बूढो भएको चाल पाउन नमानिरहेको रहेछु। अब त बूढो भइसकियो साविक बमोजिम सधैं व्यस्त रहने जीवन पद्धतिमा पूर्णविराम लगाई बूढो भएपछि गर्ने भनी धन्क्याइ राखेको कामतिर लाग्ने मन नभइरहेको रहेछ। आज एकासी रामप्रसाद पन्तको परिभाषा सुन्दा झल्याँस्स भएँ। साँच्चै, अब बाँकी रहेको काम गर्ने बेला भैहाल्यो त ? सोच्न बाध्य भएको छु।

४/४/०५६

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा समस्त
देशवासीमा हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं।

नगर विकास कोष
परिवार
नयाँ बानेश्वर, काठमाडौं

विजयादशमी तथा शुभ-दीपावली
२०५६ को उपलक्ष्यमा समस्त
देशवासीमा हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं।

मेरिनोल नेपाल 'आशादीप'
(मानसिक विरामीहरूको पुनःस्थापना केन्द्र)
सिफल, काठमाडौं

म पनि बूढो भएँ त ?

❑ माधवलाल कर्माचार्य

म पनि बूढो भएँछु । रामप्रसाद पन्तले त्यसै भन्नुभयो । अन्तर्राष्ट्रिय वृद्ध वर्षको उपलक्ष्यमा आफ्नो पत्रिकाको लागि मेरो अभिव्यक्ति मादै उहाँले फोन गर्नुभएको थियो । 'तपाईंको बृद्धको परिभाषा के हो ?' भनि सोध्न पुगेंछु । उहाँले ७० वर्ष नाघिसकेको हुँ ।

झल्यांस्स भएँ । बूढो त भएकै रहेंछु । बूढो भएपछि गर्हला भनेर काम थुप्रै बाँकी राखेको थिएँ । विहान मात्र दराज खोल्दा टिपोटहरू थुप्रै फेला पारेको थिएँ– बूढो भएर फुर्सद होला र मिलाएर लेखुंला भनेर जम्मा पारिराखेको । यस्तै छरपस्ट छरिएका लेख-रचनाहरू पनि थुप्रै छन्, फुर्सद पाएपछि सफा गरी तिनलाई प्रकाशनयोग्य बनाउंला भनी सोचिराखेको । घरकै पनि कुराहरू कति छन्–बूढो भै फुर्सदै फुर्सद भएपछि मिलाउंला भनी पर सारी राखेको । बूढो त मै नै सकेको रहेछु । यो भन्दा बूढो हु ! अब धेरै छ र ! अरूले बूढो भइस् भन्न थालिसकेपछि आफूले मात्रै भएको छैन भन्न मिल्ला र ?

कस्तो यादै नभएको– दिन त्यसै बितिरहेको रहेछ, जिन्दगी विति नै रहेको रहेछ– पहिले जस्तै । कहिल्यै फुर्सद नहुने, कहिल्यै चुप लागेर बस्न नपाइने बूढो भएँ भनेर सोच्ने नपाइरहेको । थाकेको कहिल्यै नहुने । यो सकियो, उ गर्नुपर्ने, उ सकियो त्यो गर्नुपर्ने । पहिले पनि काममा लागेदेखि दिनको १२/१३ घण्टा काम गर्ने गर्थे अहिले पनि उस्तै छ । पहिले पनि कामको चापले बराबर उत्तेजना हुन्थ्यो, अहिले पनि छ । चौबीस घण्टाको दिनरातले नपुगे जस्तो लागिरहन्थ्यो, अहिले पनि उस्तै छ । खाली कामको प्रकृति मात्र फरक, खाली कामको लाभ मात्र फरक । पहिले अध्ययन-अध्यापन हुन्थ्यो, प्रशासन-व्यवस्थापन हुन्थ्यो, लेखन-सम्पादन हुन्थ्यो, रुपान्तरण-भाषान्तरण हुन्थ्यो । त्यो बेला दोहोरै लाभ हुन्थ्यो, आर्थिक र मानसिक पनि । अहिले धेरै मानसिक मात्र । अरूभन्दा मानसिक लाभ नै ठूलो होइन र ! त्यसैले पनि फुर्सद लिन नचाहेको रहेंछु । मलाई त्यस्तै लाग्यो । नत्र त पहिले मैले केटाकेटीमा देखेका बूढाहरू जस्तै म पनि ज्यादा व्यक्तिवादी हुन्थें– अरूले गरेको चित्तै नबुझ्ने, 'मान न मान मैं तेरा मेहमान' जस्तो व्यवहार गर्ने, आफू कहिल्यै ह्याकमा पर्न नखोज्ने, सधैं लाभ आफ्नो मात्रै चाहने । अथवा निर्व्यक्तिवादी हुन्थें–'भज मन नारायण' मा लीन हुने, फुर्सदै फुर्सदमा भगवान् देख्ने, कुनै कुरामा केही नदेख्ने ।

मैले सोचें– म व्यक्तिवादी कि निर्व्यक्तिवादी ? भौतिकवादी कि अध्यात्मवादी ? यी दुइटाको बीचमा पनि केही हुन सकिन्छ र ? नभए म के हुँ त ? नभए किन आज ७० वर्षको उमेर भइसकेपछि पनि मेरो आफ्नो दिनचर्यामा केही परिवर्तन नपाएको ? मेरो प्रवृत्ति किन धेर-थोर उस्तै उस्तै रहेको ? जीवनमा मैले पनि बाउन्न घुम्सा त्रिपन्न लात नखाएको कहाँ हुँ र ? अपमान, हेला र लाञ्छना मैले पनि भोग्न नपरेको कहाँ हो र ? जाल-झेल, शोषण, दलनमा पर्न नपरेके कहाँ हो र ! मानव समाजमा बसेपछि बहुसख्यक मानिसले भोग्न परेको मैले पनि भागेकै हुँ । तैपनि आज यस्तो लाग्यो – अरूले त यस्तो होस् भनेपनि मैले आफूलाई म त्यस्तो हुँ भनी मान्न सकेको रहेंनछु । कसैले त बूढो भइस् भने पनि मैले आफूलाई बूढो भएँ भनी मान्न सकेको रहेंनछु । मेरो दिन यथावत् बितिरहेको रहेछ, मेरो जीवन यथावत् चलिरहेको रहेछ ।

मेरा आफन्त तथा दौंतरी साथीहरू कतिजना बिदै जांदा कताकता आफ्नो पनि समय आइपुगेको जस्तो लाग्ने नगरेको होइन । तर उनीहरू बूढो भएर गएका हो भनेर कहिल्यै लाग्दैनथ्यो । जीवनयापनमा कतै न कतै तल-माथि परेर गएको जस्तो लाग्थ्यो । बूढो हुन बाँकी छदैमा गए भनेर थकथकी लाग्थ्यो । आजकाल पहिले जस्तो होइन, समय धेरै बदलिसकेको छ । सानो केटाकेटी छंदा मानिसको आयु २७/२८ वर्षको हुन्छ भन्ने सुनेको थिएँ । पछि अलि ठूलो भएपछि ४५/४६ वर्षको मान्छे बूढो भएर लौरो टेकेर

पुरुष्यो पनि र पिताजीले व्रतबन्ध गराउनु भयो ।

व्रतबन्ध पछि मलाई पिताजीले दुर्गाकवच पढाउन थाल्नु भयो । केही दिन पछि खोलापरि 'कुंडहर' पण्डित बा श्री बिष्णुप्रसाद कहाँ पनि जान लागें । क्रमशः वर्ष दिन नपुग्दै सप्तशती (चण्डी) सकेर नौरथाभरि दिनहुँ एक आवृत्ति (१३ अध्याय चण्डी पाठ गर्न थालें मध्यम-उच्चस्वरमा) अनि पिताजीले रुद्री पाठ पढाउनु भयो साररस्वरसहित । पाञ्चायनको पूजा नगरी प्रातराश पाइन्नथ्यो र रोजै गर्थें, गर्थें, भन् चतुर्मासमा रुद्राभिषेक थपियो, जसले गर्दा मेरो वाचनशक्ति हाँडीमा लट्टे पड्कै भैं पटटट्ट हुनथाल्यो । के सकून् हजारौं रुपियाँ शुल्क लिए पनि त्यस उमेरका छात्रलाई त्यस्तो वाचन-शक्ति भएका बनाउन जतातते च्याउ भैं उमेरका आजका आधुनिक निजी बोर्डिङ विद्यालयहरू– लाज हुनुपर्ने हो ती विद्यालयका शिक्षकहरूलाई ! डाडूमा पानी तताएर मर्नुपर्ने हो तिनका प्रिन्सिपलहरूले छात्रका वाक्-शक्तिमा अशुद्धि र ढिलाइ देख्ता ।

त्यसपछि पिताजीबाट सन्था लिदै यजुर्वेद पढ्न लागें । आउंदो नपारे पनि हेरिहेरी भन्न सक्ने गरी चालीस अध्याय पढिसकेर पीपलको बोट मनि उहाँबाट गायत्री मन्त्र भैं वेद मन्त्र सुने अतएव पिताजी गायत्री मन्त्र र वेदमन्त्रका गुरु पनि हुनुभयो ।

यसै अवधिमा म आमासँग माबल 'खापा' (ओखलढुङ्गा जिल्लामा पर्ने पाखरेल गाउँ) गएको सम्झन्छु साथै यो पनि सम्झन्छु– बाटामा हिड्दा याद गरेको उहाँको नामो, चिल्लो, कालोकेश कटि तलसम्म लर्केको । तब न सौन्दर्य नारीको ! अधकट्टा ठुटे केशमा के आकर्षण ! आमाको त्यो सुन्दर केशपाशको दर्शनको बीजले नै होला मैले यो कविता लेख्न सकेको अहिले-

काला केश लरक्क लर्किई जितून् शैलस्थ मेघावली,
गौरी-शङ्करका चुचा उपरका हुन् हार तारावली,
सादा भेप, जपा-जपी अधर हुन्, आँखा मनोदर्पण ।
बाँकी जोबनको हिसी मिसिईदा भक्मिकन्छ आकर्षण ।

(अप्रकाशित 'नारी । सही जागरणमा आऊ' बाट)

म सात पुग्न आँट्ता श्रीचुनीलालले भन्नुभए अनुसार आमा तामाकोशीको किनारमा सचेत अवस्थामै स्वर्गे हुनुभयो । मैले नै गर्नसकें सबै वर्ष दिनके कार्जक्रिया शास्त्रविधि अनुसार ।

आमाको वर्षान्त श्राद्ध पछि माहिली छोरी हरिराङ्गाको विवाह गरिदिई, कान्छी डेढवर्षकी छोरी नानी कान्छी (डुकु कुमारी) लाई आपनी निःसन्तान विधुई माहिली दिदी हृदय सुन्दरीलाई पाल्न दिई, आठवर्ष मलाई साथमा लिई पिताजी बन्दे माझी र ऐमाने भुजेल भरियासाथ तराईतिर झर्नुभयो दशैंको मुखमा र दोस्रो वास भयो 'डाडी' मरिनमा त्यसैको स्मरण यो-

"आमाको वरखी सकेपछि पिता झर्दा तराईतिर,
दोस्रो वास त्यही भयो, शिशु थिएँ, सन्झन्छु राम्रै तर ।

('मिठु' शोक खण्डकाव्य)

'डाडी' मा ठूली छोरी 'कमला' को घरमा उहाँका जेठाजु श्री ईश्वरीप्रसाद ढकालकहाँ बस्नुभयो । उहाँ दुईचार दिन समाधिस्थ हुने गृहस्थी महात्मा हुनुहुन्थ्यो । त्यसैले महात्मा नामबाट चर्चित हुनुहुन्थ्यो । मचाहि दिदीकहाँ बसें । दिदीकी सासूले आमा नभएको दुहुरो भनेर म निदाएको वेला तेल लगाइदिनु भएछ जीउभरि । साना बालकमाथि बूढीको माया कस्तो मीठो ! अझै सम्झन्छु त्यो चिल्लो जीउ ! त्यही वेला उक्त महात्माकी छोरी मेरी 'मिठु' विहा नहुँदै यस्ती देखिएकि थिइन् सम्झना शोककाव्य'मिठु'बाट –

त्यै वेला कटिमा अंगाली जलको घल्चा तिमी आइर्थ्यौ,
सम्झन्छु गुनकेसरी कलि सरी झाडी झुरोकी थियौं,
फक्री फुल्न बसन्तका दिनहरू पर्खीरहेकी कलि,
कस्ती हृष्ट र पुष्ट गौरवदनी, आँखा चनाखा अलि ॥

अब वृद्ध-द्वयका बीच हाम्रो विवाहको प्रसङ्ग उठेछ, सानै भएकाले सातवर्ष पर्खने वाचा पनि भई बैठिएछ । हामीले केही कुरो बुझे छौं, अनि हामी –

'हामी बालक-बालिका अब सँगै बातैं नमानें भयौं,
हेर्नै छाडिदियौं परस्पर, लुकी च्याएर हेर्ने भयौं' (मिठु)

केही दिन त्यहाँ बसेर 'कटहर वन' (रौतहट) निस्किन बाटो लाग्यौं लखन्ती खोलाको चारकोसे बगना भालुले बाटो छेकेर झन्डै झम्टेको । कसो तसो सहयात्रीणी भोटेनीले लामो लङ्गुरोको झुप्पाले त्यसको टाउकोमा झ्याम्म हान्दा

तसँर भाग्यो बलवान् जाम्बवान्को सन्तान ! मानिरहेको दशै नमानि हिंड्दा यस्तो भयो भन्ने महसूस भयो पिताजीलाई । गृहिणी बिनाको गृह के गृह ! भनी विरक्तिंदा र उहाँको प्रकृति कविको जस्तो लहडी हुँदा दशै नपर्खिंतु भएको हुनुपर्छ । राती दुईतिर खोलो बग्ने बीचको चउरमा एउटा रुख मनि डोकाको फाँके सामल खाई धुनी बालेर बस्यौं । घनघोर पानी दर्केर धुनी निभ्यो, असमेल भएर खोलो बढ्यो, दुवैतिर अन्धकारमा केही देखिँदैनथ्यो, खालि खोलाको भयानक आवाज मात्र सुनिन्थ्यो,हिंसकजन्तुको पनि भय थियो । यस्तोमा मलाई भोटेनीले काखमा च्यापेर ओढेको बर्कोले ढाकी मातृवात्सल्य राम्ररी दिइन् । आजको सभ्य भनिने समाजमा अपरिचितमाथि के यस्तो निःस्वार्थ एवं निश्छल माया पाइन्छ ? स्त्री जाति मायाका देहधारी मूर्ति हुन् भन्ने कुरै हामीलाई बिर्साइ सक्यो बिदेशी रहन-सहनको सिकोले ।

क्रमशः कटहर बन पुग्यौं । अमिनिमा लण्टन (न्यायाधीश) हुनुहुन्थ्यो भानिजदाइ श्री कृष्णप्रसाद आचार्य । उहाँले पिताजीलाई कागजे तहबिलदारमा नियुक्ति दिनुभयो । म झगडियाका फैसला नक्कल सर्दै रोजै दुई-चार आना भारतीय पैसा कमाउन थालें । यसले मलाई भविष्य जीवनमा उपलब्धि भयो– लेख्ता छिटो हात चल्ने । त्यसबेला टङ्कारो अविकृत स्वरमा वाचन-शक्ति र लेखन-शक्ति रहर लाग्दो थियो मेरो । नीलहरि ढकालका छोरीका पीरका र पत्नी शोकका छन्दोबद्ध कबिताहरू दुनियाँलाई सुनाउन थालें र छिमेकीका गृहिणीहरूबाट माया पूर्वक खाजा पाउन थालें । भानिजदाइका माहिला छोरा ओमर खैयामका पद्यानुवादक एवं मेरो गीतिकाव्यका भूमिकामा उल्लिखित हाल स्वर्गीय भतिज फणीन्द्रप्रसाद आचार्य (भुजुरी) संग प्रेम ममता घनिष्ठतासित बढ्यो । तर उनी अंग्रेजी पढ्थे इङ्गिस स्कूलमा, म साथैं फैसला अमिनिमा भानिजदाइले जति सम्झाए पनि, पिताजीले नास्तिक हुन्छ भनेर अंग्रेजी पढाउन मान्नु भएन । संस्कृत पढाउने पाठशाला त्यहाँ थिएन । तथापि अमरकोश पढाइदिनु भनेर एक मात्र कायस्थ शिक्षक भएको सानो स्कूलमा भर्ना गरिदिनु भयो । ती के पढाउंथे अमर कोश ! आफैं केही श्लोक मुखाग्र पार्दै पिताजीलाई सुनाउँथे । हिसाब भने कायस्थले सिकाएका हुन्, चाँडै जाने भागाहार सम्म । त्यसै स्कूलमा फर्ष्ट बुक पढ्दाधिन् साल अड्डाका हाकिमकी छोरी-राम्रो घाँघर लगाउने । को बोल्न सक्ने उनीसंग, ती ठूला हाकिमकी छोरीसंग । तर ती मसंग असाध्य चल्थिन् छुकछुके लेख्तालेख्तैको शीशाकलम खोसिदिन्थिन्, म पनि बलात् फिर्त्याउन सक्थें, तर जब तिनी मुजुरा अलि अलि पलाएको छाती भित्र कलम लुकाएर म तर्फ हेरी मुसमुस हाँस्थिन्, त्यस बेला भने म अलपत्र पर्थे । केटी माथि आक्रामक हुन नसक्ने यो मेरो सहजात प्रकृति असल हो कि खराब ! म भन्न चाहन्न । तर आजकल केटालाई यस्तो समस्या पर्दैन, प्रथम आक्रामिका केटी नै हुन्छन्, नपन्याए हेरे हुन्छ टी.भी. वा अन्यत्र ।

यसरी केही काल बितेपछि म कचहरी भित्र लेख्ने थिएं । आयो १९९० सालको भुईचालो - इट्टाको कचहरी घर भत्किन थाल्यो, बारि निस्किंदा पनि जमिन फुटेर पानी र सर्पहरू निस्किई जलामय भयो संसार । प्रकृतिले आँटे एकै निमेषमा नाशिने नै रहेछ सारा विज्ञानको चमत्कार ! चिट्ठी आएर मन्थली घर पुग्दा गाउँ (शिखर) को मूलघर पाताल ! बेंसी डाँडाको घर चकिएको मात्र । भएको सम्पत्तिको बिनाशमा पिताजीलाई बढ्ता पीर पऱ्यो 'सरस्वती चूर्ण' र हस्तिदन्तको त्रिपाशा नपाइएकोमा । भाबुकलाई सम्पत्ति भन्दा पनि अन्य वस्तु हुँदा रहेछन् महत्त्वपूर्ण, पछि भूकम्पक्षतिको राहत पाइयो पाँच रुपियाँ टक्का नगद ।

गृह, गृहिणी दुवैबाट बञ्चित पिताजीलाई उहाँकै माहिला दाजु जि. श्री विष्णुप्रसाद र, माहिली भाउजू (मलाई पहिलो पटक दुध चुसाउने आमा) ले राम्ररी आश्वस्त बनाई आफै घरमा राख्नु भयो र मलाई उहाँका कान्छा छोरा श्री हृदयराज शर्मासँग बसी पढाउन काठमाण्डू (नेपाल) पठाउनु भयो - पिताजीले सबै आम्दानी उहाँलाई नै सुम्पिदिनु भयो । काठमाण्डूमा आई माहिली फुपू कहाँ, जहाँ बहिनी पनि थिइन्, बसी पछि भानिज बुबा श्री भद्रध्वज उपाध्याय कहाँ बसी नक्साल श्री शेषराज शर्मा रेग्मीको घरमा महान्मा भानिजदाई श्रीदेवीप्रसाद आचार्यले लगिदिनु भई संस्कृत पढ्थालें । उहाँ भरदिन समूहका समूह छात्रहरूलाई प्रथमादेखि

पछि कक्षको कपालबाट हो एउटा जुम्रो ल्याई स्वामीज्यूलाई दिएपछि बच्चु ! तेरो नाडीमा जम्रा राखिदिएर स्वामीजी हेर्न थाल्नु भो । नजीकै अगाडि परेकाहरूले हेरे, जुम्रा पाखुरातिर लाग्यो । 'लौ, जुम्रो त उत्रनतिर लागेन, पाखुरामा पुग्नुभन्दा पहिले म एकथोक मार्दैछु । सबैले बचन दिए, बाबुले सङ्कल्प गरी मलाई दिने हो भने यस शिशुलाई बचाउन यत्न गर्छु ।' स्वामीजीको कुरो भईमा पर्ने नपाई तेरा बाज्ये र बज्यैहरू सबले एकएक स्वरले भने– 'ईश्वरी, किन अकमकिएको हँ ! दान गरिदे छोरा स्वामीजीलाई । हेर बच्चु, त्यस्ता अवस्थामा जौ-तिल, कुश र पानी लिई पूरा सङ्कल्प गरेर स्वामीजीका आज्ञाले करमपाब्रोमा तुलसीका डन्डीसमेत हाडिदिएको हो । अब तँ बाबुसंग मलाई देखिसहन्न, केही पनि दिँदैन, भाइहरूलाई बहिनीहरूलाई जे भने पनि दिन्छ, मलाई गाली मात्र गर्छ, भन्दै सधैं रीस गर्छस् ! तँ त स्वामीजीको शिष्य होस् ! तँलाई साँझसाँझमा आफैंले बोकेर भित्र दलानमा राखी जडीबुटीको झोल मुख फट्टाउँदै खुवाउँदै माघ महीनाको रातभर स्वामीहरू र हामीहरूले तँ चलमलाउन थालेपछि नुहाइ/धुवाइ गरेका थियौं । त्यसदिन र रात हाम्रा मान्छे निखलाम बसे । हाम्रा जीउको मासु बिसौली/बिसौली घटिसकेको थियो– भोलिपल्ट हेर्दा । तेरो बाबु तँलाई सबभन्दा बढ्ता माया गर्छ । तँलाई के थाहा छ ? उसकै तीन छोरा र माहिला तेरो काकाको एउटा, सान्दिदीकी छोरी एउटी कसैलाई पनि उसले काखमा राखेको छैन, ऊ कसैलाई काखमा राख्दैन रे ! तँलाई काखमा राखेर दान गर्नु परेकोले त्यो काख अलच्छिना छ रे ! तँलाई जे चाहिए पनि बाबुबाजेसित कहिल्यै पनि नमागेस् ! उनीहरूसँग पनि नलिएस्, बुझिस् नातिकेटा ! तँलाई म छुँदैछु, आमा छुँदैछ, काकाहरू छन्, दिइहाल्छन् नि !' हजूरआमाले दश बर्षको लागेपछि, व्रतबन्ध जुरेपछि, सरसामग्री समेटिन र भोजभतेरको मालसामान जम्मा हुन थालेपछि, पातगोल्लि जम्मा भएका र घरपरिवार भरिका आइमाईका माझमा बसेर बताउनु भएथ्यो ।

यी कुरा म आज पनि अक्षरशः बिसंन सकिरहेको छैन । त्यसबेला र पछिपछि पनि मैले पिताजीको ठाडो आदेश जीवनभर पूरा गरें, उहाँ पनि म नभएका मौका मलाई माया र तारीफ गर्नुहुन्छ रे– सबैबाट सुनिन्थ्यो । र पनि उहाँ काम अहाउनुपर्दा यति नराम्ररी बोल्नुहुन्थ्यो र काम पूरा गरेपछि पनि श्याबासी दिनै पऱ्यो भने सङ्गमा भनिहाल्नु हुन्थ्यो – 'घरको खाएपछि गर्नुपर्छ ! कुन ठूलो काम गरे भन्ठान्छस् तँ ? यति त ज्यामी, भरियाले पनि गरिहाल्छ । जोगी बुद्धि हेर न । ए (जो सुकैलाई सम्बोधन गर्दै अथवा ठाडा भए हकार्दै) फलानी अथवा फलाना, यो जोगीको चेलोको अनुहार हेर त । इनाम पाउन आएको होला मेरो अगाडि ! जा ! भाग जा ! लात खालास् ।'

जहिलेसम्म मुदुमा यी रहस्यप्रति चिन्तन मनन गर्ने शक्ति भएन, म उहाँको घोर बिरोधी र पिताजी मेरो भयानक बिरोधीका रूपमा थियौं । रहस्यमा गहिरिन थालेपछि भने उहाँका आज्ञामा म सिर्फ 'खाएको छु त गर्छु नि !' भन्दै हिंडिदिन्थें र काम सकेर पनि हजूरआमा, आमा, काका आदिले स्पष्ट गराएर भनिदिन अनुरोध गर्थें । म हम्मेसी साम् परेर आफूले गरेको कामको नतीजा दिँदै दिन्नथें । मेरो र मेरा जन्मदाता पिताको सम्बन्ध यसै परस्पर बिरोधी थियो । थियौं त वास्तबमा हामी दुइटै ओंखर पाड़ा नै ! यसपाला पितृद्रोही छोराको पूर्वस्मरण यत्ति नै ।

- - -

दीपावली २०५६ को उपलक्ष्यमा
सबैलाई हाम्रो शुभकामना !
नेपाल बैंक लिमिटेड
(स्थापित १९८४)

र सिरामा पखी-पखी, फेरिई-फेरिई चाल आउँदै, जाँदै गर्छ। तुलसी मठ मन्तिर तिलकुश चन्दन आला सुकेका प्रसाद, तुलसीका मञ्जरी, सुकेको मुठा डाँठ, सम्पूर्ण धामका बिभिन्न प्रसाद र पोकापाकी छरीबरीका बीच कुशासनीमा सुताई रामनामी र पीताम्बर ओढाइएको छ, दिनभर खाली हुन पाइन्न कसै न कसैको हातको सर्दो तातो त्यस शरीर वा लाशले पाइरहेकै छ, छ। यसै क्रममा सबै आगन्तुक मग्न देखिन्छन्। सबै सबै बालक जियाउने सत्प्रयासमै सलग्न छन्। बाहिर थाहा पाउने बटुवा क्षणक्षणमा ओहोरदोहोर गरेका छन भने बगैंचाभर उभिएर खिन्नतासाथ तमासे बनी थाकेर मुन्टो निहुँराउँदै जाने पनि त्यत्तिकै छन्। ईश्वरको इच्छासँग को लाचार मान्छेले गर्न पनि के सकोस् र। क्रम टुटेको पनि होइन, नयाँ अनुभवी उपचारकले आफ्नो प्रयोग छोडेको वा थामेको पनि होइन, हुँदै रह्यो, चल्दै रह्यो, समय भने चिप्लिंदै गो– यिनै कुराको बयान गर्दै आँसले आँखा भर्नु हुने आमा, हजूरआमा र पछि चिनिएकाहरू स्वास्नीमानिसहरू धेरैपल्ट भेट्एको हुँ मौका-प्रसङ्गको बयानमा।

मध्याह्न सकिने बेला बित्दा पनि सास छउन्जेल आस हुन्छ भनी ठान्नेहरूले आ-आफ्ना उपायहरू गरिरहेकै हुँदा सम्भाव्यताभन्दा बढी असम्भवता नै देखिन थाल्यो। सबैलाई नैराश्यताले ढाक्न थाल्यो। अब नसाको चाललाई भ्रम मान्नेहरू बढी हुनथाले। डाक्टर, वैद्य पनि के गरून् र! उनीहरूका औखती सनासोले मुख फट्टाउँदै खुबाइएको पनि हो। उनीहरूले भेट्टाउँदाको भन्दा कत्ति पनि परिवर्तन वा प्रगति घण्टौं प्रयास गरिंदा पनि जब देखिएन, तब त एक एक थरी आश्वासन दिंदै खुरुक्क बाटा लाग्नुमै श्रेय ठान्नुपर्ने भो। हजूरआमाहरू भन्नुहुन्थ्यो– 'बिहान १० बज्दा अक्षरारम्भको साइत गरिएको हो। मूर्च्छाको मूर्च्छै चार बज्न आंट्यो। मान्छेदेखि भएभरको भगवान्लाई पुकारी सकियो, नाति केटो दोसंधिमै ढलिरहेछ। छिंक्कासमेत नलागेको बच्चो इन्तु न चिन्तु लडिरहेछ। के गर्ने– के नगर्ने।'

'यत्तिकै थियो, अन्यौलमै थियौं सब। रुने आँसु सबैका सुकिसकेका थिए। सुन्तला बगैंचा तैंले देखेकै छस्, मानिस भरिभराउ थिए। बीसआनामा त्यही घर-बगैंचा हो। त्यतिउन्जेल मेरा देवर, जेठाजु, देव्रानी, जेठानी जुवाइँ खलक सबै भरिभराउ भइसकेका थिए। लगभग पौने चारबजेतिर चारजना शिष्यहरूको अघि लागेका स्वर्गद्वारी स्वामी भीडलाई हटाउँदै क्याम्पाभित्र टुप्लुक्क पस्नु भो। सबैले गएर ढोगभेट गरे 'स्वामीज्यू विनासूचना सबारी भो। यस्तो बिचल्ली छ हाम्रो त' तेरा हजूरबा अनि मकमकिंदै निहुरनु भो। अनि मैले हात जोडेर बिन्ती गर्दै भनें– स्वामीज्यू! हजूरलाई परमेश्वरले पठाइदिनु भएछ। चेलाको दीपवंशकै निभेपछि कल्याण त कसरी होला र!' अनि उहाँले बरदमुद्रामा आश्वासन दिंदै 'शान्ति-शान्ति' भन्दै चोकको तुलसीमठतिर कदम सार्नु भो। ईश्वरीले तिमीलाई छाडेर गुरुको पाउ ढोगे। त्यसबेला स्वामीजी र ईश्वरीमा के के सवाल जवाफ भो धेरै मानिसमा गज्याङगुजुङ कुरा हुँदा सुन्न पाइएन। पछि भन्ने बिरामीकै विवरण लिए थे रे। अनि उहाँले धेरै बेर लगाएर तिम्रो जीउका हरेक ठाउँमा हान्दै सुमसुम्याउँदै गर्नु भो। हामीले नाडी भेट्टाइएन भन्ठान्यौं। आधा घण्टा भन्दा बढी समयपछि ओढाइ राखेका रामनामी झिकिदिनु भो र उठेर हामीलाई इशारा गर्दै बोलाउनु भो। तेरो हजूरबा, म र तेरीआमा नजीकै गएर उभियौं अनि भन्नुभो– 'सबैले भनेपछि त्यो कुरा मान्नै पर्ला, यो बालक जिउत्याउन सक्ने डाक्टर, वैद्य कोही भएनन् होइन त?' अनि हामी सबैले स्वीकार्यौं। त्यसबेला अफिमची वैद्य र पोखराली वैद्य दुवै फर्केका थिएनन्। दुबै अगाडि सरे। स्वामीजीले भन्नु भो – यस शिशुको नाडी भेट्टाउनोस् त वैद्यराज! बिचरा वैद्यहरूले सबदो नाडी खोजेपछि निराश भएर भने–'स्वामीजीको आज्ञाले मात्र हामीले आश गरेर खोज्यौं, नाडी त कतै छैन। धनञ्जय वायु नउडेर नै होला, ६ घण्टा बित्दा हामी बोल्न नसकेका, फर्कने सबैले यसै भनेका हुन्। कुनै सीप नलाग्ला जस्तो छ।'

स्वामीजले भन्नु भो– 'ठीक छ, धनञ्जय वायु त छ हैन त?'

दुवै वैद्यले भने– 'हो, छ, नत्र जीउ अर्झाहृएकै छैन। र रौंहरू लुलै छन्।'

स्वामीजीले भन्नु भो – 'यसका जीउ वा कपालबाट जम्मा उबेर गए वा गएनन्, त्यो याद गरियो वा गरिएन? भैगो, यहाँहरूले एउटा जीवित जुम्रा ल्याइदिनुपर्यो अनि यो बालक बचाउन सकिन्छ वा सकिन्न, म पक्का गरिदिन्छु।' अब त्यो बेला सबैलाई असजिलो भो क्यारे। आइमाई दुई/चारजना कागियो खोज्दै बैठक कोठातिर पसे। छिनभर

आचार्यसम्मका ग्रन्थहरू निःशुल्क पढाउनु हुन्थ्यो। कमाएर दैनिक निर्वाह गर्नुपर्ने मध्यवित्तीय विद्वान्को यो त्यागपूर्ण राष्ट्रसेवा केले भेट्ने! उहाँका विषयमा र उहाँले पढाउने कोठाको सम्बन्धमा 'एक स्मरण' - लेख आध्यात्मिक सम्पदा, सरक्षण तथा समाज कल्याण प्रतिष्ठानबाट प्रकाशित 'अध्यात्म' पत्रिका २०५५ वैशाख, वर्ष १, अङ्क २ मा प्रकाशित गरेको छु। त्यसैले पिष्टपेषण यहाँ नगरें। तथापि यत्तिमात्र प्रातःस्मरणीय उहाँको स्मरणमा –

न तादृशो जङ्गम-शब्दकोशो न तादृशः पुस्तक वेश्मरूपः।
न तादृशो मूर्तिधरःस्मृतिना जायेत देशे विकृति प्रवेशे॥
निःशुल्क मध्यापनमेव येन दैनन्दिनी व्यापृतिरित्थमानि।
विचार आचार उभावभिन्नौ कृतौच कस्तेन समो युगेऽस्मिन्॥

'श्री पतञ्जलिमुनिका योग सूत्रहरू
नेपाली श्लोकमा' बाट।

अर्थात् - त्यस्ता हिंड्ने शब्दकोश, त्यस्ता स्वयं पुस्तकालय स्वरूप र शास्त्रहरूका त्यस्ता मूर्तिभाव महोदय विकृति पसेको यस देशमा अब जन्मलान्। छात्रहरूलाई निःशुल्क पढाउनु नै आफ्नो दैनिक व्यापार बनाउने र आचार र विचारमा भिन्नता नपार्ने त्यस्तासंग यस युगमा को दाजिने र!

यता पढ्न लागें मध्यकौमुदी शुरूमै, उता भानिज युवाको घरमा पाउन थालें पितृ-मातृ-वात्सल्य र दिदी बहिनी दाजुभाइहरूबाट पनि पारिवारिक स्नेह। त्यसै घरबाट सिकें सहरिया सभ्यता र भेटें वेलोमती पाखेपन। अनि संस्कृत विद्याले मेरो मानस धरातल परिष्कृत पार्दै लग्यो। मध्यमासम्म पढ्ने पछि घरजोडा सोह्र वर्षको भएछु र पूर्व चर्चित महात्माकी चौधबर्षिणी अदृष्टरजा: (रजस्वला नभइसकेकी) कन्या 'मिठ्ठु' (खड्ग कुमारी) संग बिवाह भयो मेरो। बिहा गरेर घर ल्याउदा मिठ्ठुलाई मैले देखें यस्ती -

दोहोरी जिउकी, ठूला नजरकी, छाती निकै उकिसदी,
खुजाली धरकी हुँदा गडतिरें बोलाइमा छुट्टिंदी,
ठाठी, काम र काजमा लत हुँदी, त्यस्तै छिट्टी, सोमती,
हाँसी बोल्न सिपालु, जाँगरवती आयी तिमी श्रीमती।

'मिठ्ठु शोककाव्य' बाट।

यसरी म नेपाल आई पढाइ चालु राखें। क्विन्स कलेज वाराणसीबाट दिएको मध्यमा परीक्षा (साहित्य) को प्रमाण पत्र पण्डितराज सोमनाथ सिग्देलका हात परेछ। थाहा पाई मान्न जोडा चिन्दिनें भनी दिनु भएन र बेपत्ता बाभें। उहाँका प्रिय शिष्य प्रा.चूडानाथले गुरुको घरमा मलाई याद गर्नु भएको रहेछ र प्रमाणपत्र दिलाउनु भयो कुनै सोमनाथको बयान मैले पछि यसरी गरेर बम्काइको प्रायश्चित्त गरेको छु –

विद्वान् पण्डितराज! राजकुलमा भै नित्य सम्मानित,
पाञ्चौ बालकदेखि वृद्ध तकमा ज्ञानारिन संदीपित।
भाषा, व्याकरणादि काव्यहरूका ज्ञाता, विधाता, बनी
पायौं शाश्वत शान्ति, यै दिन सकून् हाम्रा नयाँ लेखनी"

(बिराटनगरबाट प्रकाशित २०३८ 'आँकुरा' पत्रिका बाट)

मध्यमा, शास्त्री प्रथम- द्वितीय खण्ड (द्वितीय श्रेणी) एवं काव्यतीर्थ (हरिहर संस्कृत महाविद्यालय कलकत्ता) बाट प्रथम श्रेणीमा पास गरेपछि, क्विन्स कलेज वाराणसीबाट शास्त्रीको पुराखण्ड पास गर्ने अध्ययनमा व्यग्र रहें। पाठ्यक्रममा परीक्षा दिनुपर्ने तोकिएको विषयमा, तोकिएको छन्दमा, तोकिए जति श्लोक पनि थियो र छन्दोज्ञान र संस्कृतमा कविता लेख्ने बानी बस्यो। यस्तो नियम पाठ्यक्रममा राख्नु शिक्षाको स्तर बढाउने हो भन्ने महसूस गरेको छु।

शास्त्रीको जाँच दिन म काशीमा रहँदा पिताजी र बहिनी (नन्द) लाई लिएर मिठ्ठु आफ्नो थोत्रो घरमा सरिछन्। मेरो पढाइ बिग्रिने भयो, अंग्रेजी पढ्न बाधा पर्ने भयो भन्ने चिन्ताले उनीसंग म ताईं क्रुद्ध भएं।

जाँचमा कविता अनिवार्य थियो – विषय बुझें-वर्णा, संख्या धेरै श्लोक - तीनोटा भए पुग्छ भन्ने सोचें - छन्द बुझिएन, तथापि लेखिदिएं 'वंशस्थ' छन्दमा भाग्यवश मिलेछ। श्लोकहरू यिनै हुन् - अंग्रेजबाट पीडित भारतलाई सम्झेर परीक्षाको अवधिमा रचेको वर्षावर्णन, जस्तो कि -

दिने दिने भारत वर्ष दुर्दशां
बिलोक्य संजातदयोऽ श्रुनिर्भरः
बिलङ्घ्य मार्तण्डकरान् नभोऽम्बुदा
जनानिवाऽऽ श्वासयितु पतत्यधः
पतन्यहो पर्वतकूटतो झरा
वने वने नृत्यति वर्हिमण्डली।
अपाङ्गसञ्चारित भीत तारका

मैनालीसँगको एउटा सम्झना

❑ हर्षनाथ भट्टराई

वि. सं. २०२६ साल माघ महीनाको कुरा हो –

म आफ्नो पुस्तक प्रकाशनको सिलसिलामा बनारस जगदम्बा धर्मशालाको दक्षिण लड्मा बसेको थिएँ। एकदिन उत्तर लड्बाट बिहान सवेरै नेपालीपाराको भजनको आवाज आयो। उठेर ढोका खोली हेरेको त अदालती पशुपति पाठक र गुरुप्रसाद मैनाली गङ्गाजी स्नान गर्न जान लाग्नु भएको रहेछ।

सोही दिन साँझ धर्मशालाका व्यवस्थापक कृष्णप्रसाद ढुंगानासँग बसेर कुराकानी गर्दै थियौं, मैनालीजी आइपुग्नु भयो र स्वागत, मान-मर्यादापूर्वक उहाँसँग पनि कुरा हुन थाल्यो। कुराकानी अनुसार थाहा भयो – मैनालीजी इलाहाबादमा कल्पबास (पारिवारिक जीवन र सामाजिक कोलाहलदेखि टाढा रहेर एकान्त, शान्त जीवन बिताउनको लागि माघ महिनाभर गङ्गा र यमुनाको सङ्गमस्थल नदी तटप्रदेशमा छाप्रो वा पाल टाँगी निवास गर्ने र शुद्धाहार, नृत्यस्नान, भजनकीर्तन गरी महिना बिताउने कार्यलाई कल्पबास भनिन्छ) बस्न आउनु भएको रहेछ। त्यसबखत भागिरथी स्नान र विश्वनाथको दर्शनार्थ निस्किन थाल्नु भएको रहेछ। मैनालीजी पहिले भन्दा धेरै दुब्ली-पातली देखिनु हुन्थ्यो। उच्च कुल-घरानको खानदानी मान्छेले एक्कासी त्यस्तो कठिन कार्यमा लाग्नु भनेको कम साहसपूर्ण कुरा होइन। मैले त्यस कार्यको प्रशंसा गरे र 'नासो'ले समाजमा ल्याएको हलचलको बारेमा पनि चर्चा गरें।

कुराकै सिलसिलामा मैले एउटा ठट्टा पनि गरें। तर त्यो ठट्टा उहाँको लागि वास्तविकतामा परिणत भएछ – सरकारी उच्चपदस्थ कर्मचारीहरू: प्रधानमन्त्री, प्रधान न्यायधीशदेखि लिएर सचिव र अड्डाका हाकिमहरू प्रायः सबैजसो जीवनको उत्तरकालमा निकै धर्म-कर्ममा लागेका देखिन्छन्, दार्शनिक र आध्यात्मिक बनेका देखिन्छन्। के तिनीहरूले सरकारी सेवामा रहँदा गरेको कुकर्मको प्रायश्चित स्वरूप धर्म-कर्मतिर प्रवृत्त हुने गरेका त होइनन्? मैनालीजी पनि न्यायाधीश, अड्डा अदालतका हाकिम, बडाहाकिमसमेत भैसकेका मान्छे, उहाँको मनमा पनि मेरो कुरा बिध्यो होला। रातो-पिरो हुँदै पड्किनु भयो– के मलाई पनि त्यस्तै ठानेको! बहियात मान्छे.....इत्यादि।

त्यसपछि त मैनालीजी अरू कुरै नगरेर कड्केर हिँडिहाल्नु भयो। ढुंगानाजीले मेरो कुराको पुष्टि गर्दै भन्नुभयो 'तपाईले ठिक भन्नुभयो– साहित्यमा यी जति प्रशंसित व्यक्तित्व हुन् त्यसको ठीक उल्टो प्रशासक हुन्।' मैले सोचें– मेरो ठट्टा मैनालीजीलाई पूर्णतः अभेद्य बाण बन्न गएछ। ६ ७ दिनको बनारस बसाइमा उहाँसँग बोल्ने त कुरै छाडौं मतफं हेर्दा पनि हेर्नु भएन।

नेपाल फर्केपछि भेटघाट हुँदा पनि उहाँ बोल्नु भएन। मलाई देख्नासाथ मुख मोडेर हिँड्ने गर्नु भयो। म क्षेत्रपाटीबाट पकनाजोलतिर जाँदा प्रायः उहाँसित भेट भइरहन्थ्यो। यसको एक वर्षपछि उहाँलाई लिभर सम्बन्धि रोग लाग्यो र बिस्तारै त्यस रोगले क्षीण बनाउँदै लग्यो। एकदिन बाटामा हिँडिरहेको बेला उहाँले मलाई बोलाउनु भयो – ए बाबु! के छ हालखबर? किन..कता.. इत्यादि। मानिसले जीवनको अन्तिम क्षणमा एकप्रकारको अस्वाभाविक लक्षण देखाउने गर्दछन्– अरूले बुझ्नुमात्र पर्दछ। मैनालीको पनि त्यो नयाँ लक्षण रहेछ, केही दिन पछि त उहाँ बितिहाल्नु भयो।

वास्तवमा मैनालीजीसँग मेरो पहिलेदेखि नै चिनजान थियो। अलि टाढाको नाता (ससुराको मित) पनि पर्दथ्यो। तर उहाँसँग व्यक्तिगत स्वार्थको लागि कहिले पनि कुनै बिन्तिभाउ गरिनं। उहाँ एक सशक्त कथाकार हुनुहुन्थ्यो। चक्रपाणि पछिको दोस्रो राम्रो गद्यकारको रूपमा मैनालीजीलाई लिइन्छ। उहाँको 'नासो' कथासङ्ग्रह प्रकाशित हुनु अघि शुद्धा-शुद्धि हेर्ने सौभाग्य मैले पाएको हुँ। त्यो सङ्ग्रहको गुरूकपि पहिलो पटक हेर्न पाएकोमा मलाई गर्व पनि छ। मैनालीले पहिले माधव घिमिरेलाई अनुरोध गर्नु भएको तर घिमिरेजीलाई फुर्सद नभएकोले त्यो अवसर मलाई प्राप्त भएको हो। छपाउनको लागि पनि उहाँले मलाई भनेको भए मैले छपाएर पनि ल्याइदिने थिएँ। तर छपाइको जिम्मा उहाँले भाइ छत्रप्रसाद मैनालीलाई दिनुभयो।

मैनालीसँगको यो पुरानो स्मृतिलाई ताजा बनाई छपाउनको लागि 'दायित्व'ले जसरी मलाई प्रेरित गऱ्यो, यसलाई मैले मैनालीजी प्रति श्रद्धाञ्जलि अपर्ण गर्ने एउटा प्रेरकतत्त्वको रूपमा लिएको छु।

- - -

भएको थियो। हामी यता हिँड्नै लाग्दा काहिला र माहिला हजूरबाहरू घोडा चढेर आइपुग्नु भएछ्यो। त्यत्रो ठूलो जमघटबाट छुट्नु परेरै पनि मलाई सके अनमना तुल्याइरहेको होला। कारण, सबैले मलाई एक/एकचोटी बोकेर बगैंचा (सुन्तलाबारी) घुमाइसकेका थिए। त्यसो त एक/एकपल्ट काठी नखोल्दै घोडामा चढिसकेको पनि थिएँ।

बाबुबाले 'पिसाप गर्छु भन्छ बच्चुराम, ठूलदाजु मन्दिरमा पखँदै गर्नुहोस् न त, म यसलाई आरामसाथ ल्याउँला' भने पछि 'भैगो, त्यसै गर, म चोखो जलको भाँडो चोख्याएर जल भर्दै गर्छु, फुको पूजासामान माटे बोक! मसँगै आ!' भन्दै हिँड्नुभो। म काकासँग रमाउँदै चारैतिरबाट आइरहेका मानिसहरू हेर्दै पिसाप फेरेर मन्दिरतिर लागें। छिचोली नसक्नु हूल, पञ्चै बाजाहरूको घ्याई-घ्याई, भीडको खलबल, रङ्गीचङ्गी फौज, पूजा र दर्शन गर्नेहरूको खलबल, किचाघानमा पेलिँदै गएर पूजाआजा गरुञ्जेलको उकुसमुकुस, भक्तहरूले भगवतीलाई चढाउँदा परेको अबीर केसरी अक्षताहरूले रङ्गीएर निक्कै बेरमा मन्दिर घुमेको कुरा अहिल्ये पनि छायाचित्र झैं आउँछ। त्यसपछि माटे (चन्द्र शमशेरका पालामा पाचुके भइसकेको बाँधाप्रथा भए पनि त्यस्ताका सन्तान घरपालुवामै रहेर आफ्ना मालिककले दिइएका घरवारमा स्वामी छोराछोरी भरिभराउ भए पनि मालिककै घर-घरको काम गर्ने मालिकबाटै चाडपर्व लुगाफाटो दशैं, तिहारचाडपर्व मनाएर रहनेहरूमा हामीकहाँको मुख्य युवक र सबैको प्यारो सेवक)को काँधमा बोकिएको स्मृति चाहिँ छ, अरू घटना-दुर्घटनाको याद रहेन पनि।

कतिबेर माटेको काँधमा निधाएँ, कति बेला घरमा आइपुगें, आँखामा पानी लगाउँदै आमा र हजूरआमाले बिउँझाएर बिउँझिँदा संजिसजाउ घर दलानभरनै बीस-पच्चीस जना चिनेका, बोलिएका, आफन्त र अन्यान्य सबै बसिरहेका, सबैको मुहार हँसिलो र आफैंतिर हेरिरहेका, सुन्तलाको बोट बोटमन्तिर तीनचार घोडा खडा देख्दा भीडको किचाघानभन्दा फरक र शान्त आफन्तहरू देख्दा पाँचवर्षे केटो जुरमुराउँदै उठेर घोडातिर दगुरेथ्यो रे, म त सम्झन्न। करबल साथ माझ राखिएको धुलौटो, खरी, कापी र कलमनेर लगी पिताजीले सबैलाई ढोगाउनुभो र धुलौटोमा आफूले मङ्गलपाठ सरस्वती स्तोत्रको पाठ गरीबरी धुलौटाका टाउकामा पूजा गरेपछि अवर्ग र व्यञ्जनवर्गका बीचका पाँच अक्षरलाई सातपटक सोच्चारण पढ्न लगाउनुभो। धुलोटाका मास्तिरपट्टि रेखीमाथि फलफूल मिठाई र दीप, कलश-गणेश पूजित रूपमा थिए। मलाई देवताहरूलाई र आफूलाई पाउमा ढोगाउनु भो .... बस, म त्यति सम्झन्छु, त्यसपछि .....।

अब मैले त केही देखिनं, जतातत्तै अन्धकार, घोर अन्धकार! सुन्नै पनि के र! निबिड र निस्तब्ध अन्धकार! अनुभव पनि शून्य, ज्ञान पनि शून्य, चेतना पनि शून्य! अब त त्यहाँ मेरा निम्ति सबयोक शून्य भो, मैलाई थाहा छैन – जनपिता बाबुको खुट्टामा ढोरन निहुराइएको प्राणप्रिय-वंशदीपक– भविष्यको थकाली– के के हो के के – परिवार प्रमुखहरू सबैका प्रत्यक्षमा घोषियो र उठेन रे! अनि उठाउन लाग्दा चेतेत, अचेत, बिहोश, निष्प्राण, मृत अनि लाश मुर्दा जे जे र कै भनून् न! अन्तरै के भो र? आखिर अत्यास, बोलाहट, क्रन्दन, चिच्याहट कोकोहोलो, दगुरादगुर: मान्छे, घोडा, साइकल, बैद्य कविराज, डाक्टर जजसको मन र मस्तिष्कले भ्याएको सहयोग, सेवा, उपचार अनि छिनछिनको आशा र निराशा, दिलासा र भरोसाको परिवर्तन अनि त्यस्तै गर्नसक्नेहरूबाट देव-देवी, भगवान्-भगवती, ईश्वर-परमेश्वरप्रतिको प्रार्थना, भकल, अक्षता छुट्टाउनु, धाम धामका प्रसादहरू खन्याइदिनु, शरीरका भागभागमा ताता-चीसा बुटी– मालिस-अर्क-प्राणसञ्चारी मानिएका ओखतीहरू दल्नु, मल्नु, सेकाउनु आदि लगातार चल्न थाले रे .....।

अब कर्मसँग काल वा अकालसँग संघर्ष गर्नेहरू कोही एक्लै त कोही साथका मानिससित भन्न वा गुनगुनाउन थाले रे। 'यत्नाबेरसम्म निष्प्राण रहेको बालक काठ किन भएन? किन लूलै भो?' अर्को कुनै भन्थे रे– 'हैन, नाडी छैन कसरी भन्नु! एकछिन हातमा हुन्छ, भेटिन्छ, अर्कोक्षण खुट्टामा, अर्कोक्षण काखीमा र अर्कोक्षण छेपाली खुट्टीमा स्पन्दन भेटिँदै छ। यता हराए उता पाइन्छ! के भो यस्तो अचम्म!' बिचरा बैद्य, डाक्टर यसरी थाके भने झारफुके धामी झाँकीहरूले त छेउ भित्तै पाउने भएनन्। बच्चो आँखा खोल्दैन, हातखुट्टा चलाउन्न, श्वास-प्रश्वास लिदैन, तर नाडी

त्यसरी म पितृद्रोही छोरो हुँ

❑ वसन्तकुमार शर्म्मा नेपाल

आज फेरि त्रिहत्तरवर्ष सात महिना अघि रामनवमीका दिन सूर्योदय बेलामा सालनालसमेत यसलोकमा नर बन्न आइपुगेको, श्री दिवाकर शर्म्मा उपाध्याय नेपाल र श्रीमती हेमकुमारी देवीका औरस प्रथम पुत्र बालक ६ जना बाज्ये र सातवटी बज्यैहरूको एक मात्र नाति अनि बाह्रजना बाबुकाकाहरूको छोरो र भतिजोको रूपले उत्रेको बच्चो। आफ्ने पुर्खौली घर भोटाहिटी टोलबाट हिजो अष्टमीको सूर्यास्त भएपछि स्वच्छ हावा पानीको निम्ति दोजिया आमालाई डोलीमा सुताईंदा संगसंगै सुत्दै (भ्रूणरूपले गर्भकोशमै)पितापितामहहरूले नव-आर्जित मुङ्खुको नेपाल-बिर्ता अन्तर्गत डुक्नेपानी गोलढुंगा (श्री ५ बडामहाराज पृथ्वीको उपत्यका-विजयलाई काली जगाइएको आशा-गुर्जा (ढाल-तरवार) बोकी गोर्खाबाट हिंडेर अघिअघि लाग्दै क्रमशः हनुमान ढोका ल्याएर बिश्राम गर्ने कटुवाल नेपाललाई चापेदार (कञ्चुकी)को पद बक्स र नुवाकोट विजय बापत फिल्टुड जिनिड र काठमाडौं विजय भए बापत नेपालटार तथा मुडिखु डाँडाको खड्गनिशाना छाप भई बिर्ताका साथै दरसन्तानले सेवा गर्न पाउने चापेदारी) को घरमा जन्मन पुगेर पनि उता नवप्रसूता बुहारी अत्यन्तै शिथिल र ज्वरग्रस्त रहेकीले आधादिनको प्रतीक्षापछि औषधोपचार र डाक्टर, वैद्य सुलभ हुने हुँदा लाजिम्पाट बन्धकी घरमा पुऱ्याइएर राखियो र त्यहीं नै पाँच/छ वर्षका निम्ति स्वास्थ्य लाभ गर्ने मौका आमा छोराले पाए अरे भन्ने कुरा मैले आमा, काकी र हजूरआमाहरूबाट चर्चा प्रसङ्गमा सुन्न पुगेको हुँ।

तिरमिरे प्रकाशमा झिम्कोपर्दा झैं मलाई सम्झना आउँछः त्यो दिन वसन्तपञ्चमी थियो, १९८९ को हिउँद, पिताजीको औंला समातेर खेतको माटो काट्दै दुबैतर्फका किसानले प्रतिवर्ष झैं पुरिने लामो फाँट तरेर टुकुचा खोलामा पुगें। दुबैतिर बैंसका रूखको छहारी भएको टुकुचाको किनार फाँचिलो र नीलकाँटाको झाड दुबैतिर फराकिलो भेटेर ठूलो विपत्तिबाट पार पाएकोले म त्यही बसिदिएँ। पिताजीले 'तं रमिता भर्न आएको मान्छे होइनस् त ? यसरी जहांतहीं बसिस् भने भगवती सरस्वती माताको पूजा गर्लास् ? उठ, सबैतिर हेर त। तं आएको बाटाभरिको लस्कर।' नभन्दै मैले पार गरेको खुसीनीटारको सरस्वती फाँट त निकै ठूलो र मैले पार गरेको बाटो कहींकही पातलिएको मात्र हो, खूब लम्बा, लाम्किरो जस्तो चहकिला मधुरा राता नीला लुगाफाटाले रङ्गिएका मानिसको कहाली लाग्दो लस्कर, सलबलाइरहेको सर्पजस्तै, कस्तो कस्तो जिन्दगीको पहिलो दृश्यले छक्क थिएँ। म कता-कता सम्झन्छुः मेरो अतासिदो चाला देखेर पिताजीले बाबुबालाई भन्नुभो- 'बाबु, तेरो भतिजो बच्चु त यत्तिकैमा थाके जस्तो छ। तैंले चोखोपानीको करुवा पनि ल्याएको छस् होइन त ? पानी पिएर यो सुस्ताओस्। चोखोजल मन्दिरकै धारामा भर्लास्, भइहाल्छ, खुवाइदे पानी।'

नभन्दै मलाई सबथोकले चेपेको रहेछ, तिखांले, हिंडाइले, लम्बा फाँटको दुबैतिर खसिएला भन्ने पीरले, पिताजीले कहिले दायाँ र कहिले बायाँ हातले समातेर बलकरले अगाडि हिंडाउँदा उचालिंदै तानिनु परेको परिश्रमले बीचबीचमा फर्कने लुँडा लस्करलाई त्यही लाम्कीरे बाटोमा पनि बाटो दिनुपर्दाको ढल्काइ र मर्काइले दोहोरै फाँटभर कतै गहुँ त कतै आलुका हरिया पाटाहरूका हरियाली भइँमा खसिने भयले, अझ खासगरी त पिसापले च्यापेर पनि म अतासिएको रहेछु क्यारे। मैले सरस्वतीमाताको पूजाको निम्ति सानो चौथाइ कहुवाको पानी खान पाउँदा बल्ल प्राण सञ्चरणमा सुखानुभव भएर होला बाबुबासंग पिसाप गर्छु भनिहालें अनि पिताजीले भन्नुभो- 'कान्छा। के भन्छ'यो ?'- बाबुबा (मेरा पिताजीका सहोदर कान्छा भाइ प्रायः बिसन्चोको सिकार भइरहने हुँदा ओखतीमूलोका निम्ति गोलढुंगामा बस्नुहुन्थ्यो र पिताजीसंगै माताजी(आमा), बाबुबा, म र मभन्दा पछिको दुईवर्षे भाइ लाजिम्पाट घरमा बस्थ्यौं। त्यसदिन 'श्री ५ को बसन्तश्रवण' समारोह सकिएपछि हजूरबा पनि आइपुग्नु भएको थियो हनुमानढोकाबाट, गोलढुंगाबाट चारजना डोलेले बोकेको तामझामका हजूरआमा बिहानै बाह्रनी दिदी साथी लिई आइसक्नु

लुकेर बसेको एउटा सम्झना

❑ वासु पासा

जवानीपना भनेकै उत्ताउलोपना हो। जोश बढ्ता हुन्छ। होश केही कमी मात्रै। ममा जवानी थियो, जोश थियो अनि साथी पनि केही थिए- नारदमुनि थुलुङ, भूदेव राई, नरेन्द्रबहादुर प्रधान। उहांहरूको साथमा पूर्वतिर घुम्न जाउँ भनी हिंडियो। त्यसबेला म अखिल नेपाल किसान संगठनको नेतृत्व गर्दैथिएं। त्यस सगठनको नीति र कामसंग बेमेल भएकोले मैले विरोध गरेर शुद्धिकरणको रूपमा अर्कै सगठन खोलेर म त्यसैको प्रचार-प्रसारमा पूर्वीय भेगको भ्रमणमा गएको थिएँ। बिराटनगर पुग्दा त्यहाँका एकजना मारवाडी व्यापारीका छोरा मदन पनि तपाईहरूसंग जान्छु भनी पछि लागे। उनलाई साथी लिई जानुपर्ने भएको हुनाले एकरात म त्यहीं बसें। अरू साथीहरू पहिलो दिनै गए। ती मदन र म अर्को दिन गयौं। मोटरको बाटो थिएन, हिंडेर जानुपर्ने। बिराटनगरबाट हर्मोर नदी पुग्दा अन्धकार भैसकेको थियो। हामीसंग लत्ता कपडा केही थिएन। तमोर नदीको किनारमा बालुवा माथि सुतेर रात बितायौं।

अर्कोदिन बिहान हिंडेर छिनामाखु खड्गबहादुरको पाहुना भएर बस्यौं। पर्सिपल्ट मात्र हामी भोजपुर बजार पुग्यौं। त्यस दिन त्यही साथीहरूसंग रमाइलो तरिकासे दिन बितायौं। डा. भूदेव राईले मलाई भन्नुभयो – तिमी बिहा गर्छौ ? मलाई लाज लाग्यो- केही बोलिन। उनले मलाई एउटी केटीसंग भेट गराए- अति सुन्दर केटी। त्यसलाई देख्दा मलाई मधुबालाको सम्झना भयो – त्यस्तै थिई त्यो केटी। उनीले त्यस केटीको मन बुझें। शहरबाट आएको मजस्तो लबकाजवान केटो देखेर ऊ मनमनै प्रशन्न थिई, नाई भन्न उसको मनले मानेको थिएन। हुन्छ भनिहाल्न पनि सकेकी थिइन। तर भूदेव राईले भनिसकेपछि हुन्न भन्न ऊ सक्तिनथी। उसले उता फर्केर मसिनो स्वरमा भनी- बौल्दै नबोल्ने केटासंग के बिहा गर्ने ?

वास्तवमा म राजनीतिमा यति सक्रिय भएर लागेको थिएँ कि मलाई अरूसंग बोल्ने, घर व्यवहारमा लाग्ने र बिहाबारीका कुरा गर्ने फुर्सद पनि थिएन। मेरो एउटै धुन थियो, आफूले थालेको राजनीति र शुद्धीकरणको अभियान कसरी सफल पार्ने। मैले नारीलाई त्यसबेला एउटै रूपमा लिने गर्थें- उनीहरू महिला मात्र हुन् – आमा, दिदी, बहिनी। त्यो भन्दा बढी म सोच्दै सोच्दिनथे।

यो २००९ सालको कुरा हो।

राजनैतिक चेतना जगाउने र आफ्नो पार्टीले अङ्गीकार गरेको सिद्धान्तको व्याख्या गरी जनतालाई आफ्नो पार्टीप्रति आकर्षित गर्ने अभियानमा निस्केका हामीहरू एकै ठाउँमा बस्ने कुरै थिएन। त्यसकारण हामी अर्को दिन सखुवासभाको लागि प्रस्थान गऱ्यौं र चैनपुर पुग्यौं। आहा। कति राम्रो त्यो चैनपुर बजार। मलाई त स्वर्गजस्तै लाग्यो। सबैको मन कति स्वच्छ। कति स्वच्छ विचार। कसैको मनमा लोभ-लालच छैन।

त्यस दिन बजार पनि लाग्ने रहेछ। बजारमा भाँडाका सामानहरू अत्यन्त धेरै, तर पाउन चाही सबैथोक पाइने रहेछ। खानेकुरा पनि मीठो। हामी सहरबाट गाउँमा गएका केटाहरू गाउँको लागि हामी आकर्षणका केन्द्रबिन्दु थियौं। हामीलाई देखेर भरखरका तरुनी केटीहरू लाज मानेर लुकी लुकी हेर्थे। शीरमा मुस्लिम केटीहरूले जस्तो घम्टो ओढेका लज्जावती केटीहरू झ्यालहरूबाट र छेउँछाउँबाट चियाएर हेर्ने गर्थे। मलाई सम्झना भयो – भूकम्प जांदा हातको दुई अंगुठाले पृथ्वीमा टेकेर भूकम्प थाम्ने शक्ति बोकेका शक्तिका अवताररूपी देवी महिलाहरू। उनीमा कति शक्ति छ, कति शक्तिशाली छन् उनीहरू। उनीहरूको शक्ति नाप्ने आधार वा कुनै यन्त्र छैन। पुरुषद्वारा हेपिएका छन्, दबिएका छन्।

हाम्रो हिन्दू परम्परा र प्राचीन संस्कारमा महिलाले योनी ढाक्ने वस्त्र लगाउनु हुँदैनथ्यो, लगाउँदैनथे। त्यसमा वैज्ञानिकता थियो। नारी भनेका पृथ्वी हुन्- सहनशीला। नारीको योनी र पृथ्वीको सीधा सम्पर्क रहन्छ। सिर्जनाका मूल आधार हुन् तीं दुवै। त्यसै सह-सम्बन्धले गर्दा पृथ्वीमा हुने अपशकुनहरू योनीको प्रत्याकर्षणबाट रोकिन्थे। हाम्रो धर्म र संस्कृति अहिले एकातिर थन्किएको छ, काम अर्कोतिर। तर अहिले कस्तो बिडम्बना भएको छ भने त्यहाँका

जति गायिका र नायिका अन्तका छैनन् होला । त्यसबेलाको त्यो अवस्था र अहिलेको स्थिति देख्दा अचम्म लाग्छ ।

त्यसपछिको हाम्रो कार्यक्रम तेह्रथुम जाने थियो । तेह्रथुमतिर लाग्दा हामीबीचमा पार्टी, राजनीति र सामाजिक सस्कारहरूका बारेमा चर्चाहरू भए । चरित्र नै हिन्दु धर्मको महान् आदर्श हो, जहां चरित्रमा दाग लाग्छ त्यहां विनाश निश्चित्छ । आदर्श भनेको नारीमा सतीत्व र पुरुषमा स्वत्व हुनु हो । त्यसमा दाग लाग्यो भने हिन्दूधर्म खत्तम हुन्छ, आज त्यही भइरहेको छ ।

कम्यूनिष्ट सिद्धान्त गलत होइन, त्यसका आदर्शहरू महान् छन् तर गलत प्रयोगले गर्दा कम्यूनिष्ट सिद्धान्त आज विश्ववाटै मेटिदैछ । कम्यूनिष्ट भनेको पार्टी कार्यालय होइन, झण्डा होइन, सगठन पनि होइन, एउटा भावना हो । भावनासँग संगठित हुनुपर्ने–त्यो भएको छैन । कम्यूनिष्ट भनेको अधिनायकवाद विस्तारवाद र सम्प्रभुत्ववादको विरोध हो र बहुजनहिताय बहुजनसुखाय हो । त्यसले घर होइन देश बनाउछ । अर्थात् घर बनाउनेले देश बनाउदैन, देश बनाउनेले घर बनाउदैन । अहिलेको राजनीतिले धेरै विकृतिहरू ल्याएको छ । पहिलेको राजनीति स्वर्ग जाने थियो अहिलेको राजनीति नर्क जानेछ । म कम्यूनिष्टको डफामा नबुझेर पसें तर बुझेपछि बाहिर निस्कें ।

बिजुलीको चीममा एउटा ज्योति हुन्छ तर त्यो ज्योति चीमको इच्छाले त्यसभित्र समाहित भएको हुँदैन । अर्थात् आफ्नो इच्छाले चीम बलेको वा निभेको हुँदैन । त्यस ज्योतिले फलानोको प्रेमी, स्वास्नी, छोरी, बुहारी भन्दैन । त्यसैले म के भन्छु भने ज्योति भनेको धर्म हो र त्यो ज्योति संगठनमा लाग्नेमा हुनुपर्दछ ।

हामी तेह्रथुम पुग्दा गोरखा दलको भाषण चलिरहेको रहेछ । भाषण एकछिन सुनेपछि म भित्र विद्रोह जाग्यो । मैले मदनलाई भनें– जाउं सभा बिथोलौं । मारवाडीको छोरा भएर पनि ऊ यति साहसी थियो कि भीड छिचोल्दै वि.वि.सुब्बा बोलिरहेको माइक मिल्काइदियो, म गएर झण्डा फालिदिएं । यसैगरी अरू साथीहरूले पनि सभा बिथोल्ने बिभिन्न तरिकाहरू निकाले । कार्यक्रम हुन पाएन । एउटा गजब के लाग्यो भने राई र लिम्बुले ढाकिएको क्षेत्रमा पनि उनीहरूले हामीमाथि प्रत्याक्रमण गर्न सकेनन् । हामी अर्कै बाटो गरी रातारात धरानतिर लाग्यौं ।

पछि मेरो छुयाके अनुहारलाई खोज्दै पुलिसहरू आएछन् तर मलाई र मेरा साथीहरू कसैलाई पनि भेट्नाउन सकेनन् । धरान पछि हामी वीरगञ्ज आयौं र त्यसपछि काठमाडौं फर्क्यौं । यो मेरो लुकिरहेको सम्झना पोख्ने अवसर दिएकोमा 'दायित्व' लाई धन्यवाद दिनैपर्छ ।

+ + +

धेरै वर्षपछि म वीरगञ्ज गएं, त्यसबेला मैले एकजना साथीलाई भेटें । त्यहां मैले एउटा गजबको कुरा के देखें भने भोजपुरमा देखेकी त्यो मधुबालाले त्यससंग पो विहा गरेकी रहिछ, पहिलेको त्यो आकर्षक रूप अहिले आमाको रूपमा परिवर्तित भएर विकृत भैंसकेको देखेर भने मलाई रुन मन लाग्यो । त्यो मेरो जीवनमा बिर्सन नसकिने गरी रहेको छ ।

यस घटनालाई विश्राम दिएर मैले आफ्नो खरो धारणाको चर्चा गर्दछु । म त आफ्नै जातको समाजमा र आफ्नै परिवारमा नअटाएको मान्छे । राजनीति छाडेर म पछि प्रशासनमा लागें । सहायक अञ्चलाधीशसम्म भएं । मेरो कडा स्वभाव भएकोले अप्ठ्यारो परेको ठाउंमा समस्या सुल्झाउन सरकारले मलाई नै पठाउने गर्थ्यो । जहां गए पनि मैले आफ्नो जिम्मेबारी पूरा गर्थें । सहायक अञ्चलाधीश भए पनि मैले अञ्चलाधीशले प्रयोग गरेको अप्ठ्यारो अधिकार स्वयं प्रयोग गर्थें । मैले कानूनको अगाडि दाजु, भाइ, इष्टमित्र भनिनें । दाजुलाई धुनाएं, भाइलाई दण्ड जरीवाना गराएं । नियमको अगाडि कोही पछि हट्नु हुँदैन, आफ्नो भनेर नियमलाई मिच्नु हुँदैन भन्ने मेरो सिद्धान्त थियो । मेरो कामको प्रशंसा गर्दै गोविन्द भट्टले भन्नु भएको छ 'बासु पासाले धर्म छोडेको छैन ।' मेरो सिद्धान्तमा –

हांसेर हुन्छ भने नसम्झाउने,
सम्झाएर हुन्छ भने गाली नगर्ने,
गाली गरेर हुन्छ भने नपिट्ने,
पीटेर हुन्छ भने नथुन्ने,
थुनेर हुन्छ भने नमार्ने,
नमारी नहुने भए नछाड्ने ।

अन्तमा चार लाइन –

अब कतै पनि बज्दैन मन्दिरमा घण्टा
कुदेको मूर्तिमा पनि कहां छ र ईश्वर ।
जीवन हराई देउ जीवन मिल्छ
आत्माभित्रै परमात्मा लुकिरहेको छ ।

- - -

रहेको एउटा अर्को स्मृतिलाई उद्धृत गर्ने चेष्टा गर्छु । तिनताका के हाम्रो हाटहरूका मान्छे, के पारि मुलानका मान्छे, चोर डाँकाको भएको त्राही/त्राही भएकाले, उनीहरू राती मस्तसँग घरभित्र सुत्न सक्तैन थिए । घरबाहिर भकारीमुनि सुत्ने गर्थे, किनभने ती चोर डाँकाहरूले लुटपाट पारी जाबा मच्चाउँद हिड्थे । लुटपाटका साथ मान्छेको ज्यानै पनि लिने गर्थे, जिउ ज्यानका डरले भकारीमुनि सुत्ने गर्थे अथवा खेतखेतको आली/आलीको आश्रय लिएर त्यसैमा रात बिताउने गर्थे । सन्त्रासको त्यस रोगले छोइएको हुँदा हामीहरू पनि भकारीमुनि सुत्ने गर्न थालेका थियौं ।

एकरात रागलीलाको नाटक हेर्ने निहुँले गौरीगञ्जभित्र पनि पसी टोपलेका केही गोरखपुरियाहरू हाम्रा घरमा पनि चोरी डकैत गर्ने निहुँले सेन काटेछन्, घर को रखवाली गर्ने कुकुर भुक्लान् भन्ने डरले कुकुरलाई तेलको मालपुवा खुवाएर सेन काटेको प्वालबाट घरभित्र पसी हाम्रो गहनागुरिया, असल जातका लत्ताकपडा एवं नगद रुपियाँ राखेको बाकसै लिएर हिंडेछन् । बाकस तान्दा घ्यार्र भएको शब्दले हाम्री कान्छी आमाको निद्रा खुलेछ, उनी उठेर चोर/चोर भनेर कराउन थालेपछि भकारीमुनि सुतेको मेरो निद्रा पनि भाँचिएछ, फेरि त जुरुक्क उठेर म हाटखोलाको घर कम्पाउण्डदेखि गौरियाखोलातिर जाने बाटोतिर लागेंछु, बीचमा निकै ठूलो चौर थियो, त्यस चौरमा गाई, भैंसी, कुकुर, बिरालो र मान्छेका कङ्कालहरू बिस्कुन सुकाए जस्तै छरिएका थिए । बाकस बोकेका गोरखपुरे चोरहरू अघिअघि थिए– म थिएँ चोरहरूको पछिपछि । तिनताका चोरडाँका पक्रने अभियानमा लाग्नु भएका भूपालमान सिंह कार्कीलाई सम्झन पुगियो, त्रासले गरेको अभियानको कथा मेरो पिताजी मलाई सुनाउने गर्नुहुन्थ्यो । फेरि त हृदय धकधक र आङ जिरिङ्ग भए पनि मेरो नशामा साहसको रगत प्रवाहित हुन थालेकोले हातमा हतियार नभए पनि मैले छरिएका त्यही पशुहरूका कङ्काल उचाल्दै ती चोरहरूमाथि झटारो हान्न शुरु गरें । मैले हानेको झटारोले उनीहरू पनि अतालिएछन् र गौरियानदी किनारमा बाकसै छाडेर भागे । एउटा त फेला पनि पऱ्यो, त्यसलाई समातेर पुलिसको जिम्मा लगाइ दिएं । चोरलाई कङ्कालको झटारो हानेको स्मृति म कहिले पनि बिर्सन्नं । त्यो नर्बिसिउन्जेलसम्म भूपालमान सिंह कार्की पनि मेरो सम्झनामा रहिरहनु हुन्छ ।

राष्ट्रिय खोप दिवस २०५६ को लागि स्वास्थ्य मन्त्रालयको अनुरोध

पोलियो रोग उन्मूलन गर्नका लागि यही २०५६ साल मंसीर ५ गते आइतबार र पौष ४ गते आइतवार राष्ट्रिय खोप दिवस संचालन हुँदैछ । यी दुई दिनहरूमा:

- ५ वर्षसम्मका सबै बालबालिकाहरूलाई पोलियो थोपा ख्वाउन नजिकको खोपकेन्द्रमा लैजानुहोस् ।
- याद गर्नुहोस्: नियमित खोप सेवा र गत बिगत वर्षका राष्ट्रिय खोप दिवसहरूमा पोलियो थोपा खाई सकेका ५ वर्षसम्मका सबै बालबालिकाहरूलाई पनि यस वर्षको राष्ट्रिय खोप दिवसमा समेत पोलियो थोपा ख्वाउनै पर्छ ।
- राष्ट्रिय खोप दिवसमा ख्वाईने पोलियो थोपा अतिरिक्त मात्रा हो ।
- साधारण रुघाखोकी, ज्वरो र झाडापखाला लागेको भए पनि पोलियो थोपा ख्वाउन हुन्छ ।

सम्झनुहोस्: २०५६ साल मंसीर ५ गते र पौष ४ गते आइतवार बालबालिकाहरूलाई पोलियो थोपा ख्वाओ । लुलो लङ्गडो हुन बाट बचाओ

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, टेकु

विजयादशमी तथा शुभ दीपावली २०५६ को हार्दिक शुभकामना

विजयादशमी तथा शुभ-दीपावली २०५६ को शुभ उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभचिन्तकहरूमा हार्दिक शुभकामना

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)

हेड अफिस तथा मुख्य शाखा
बिदेवी मार्ग, ठमेल, पोष्ट बक्स ३८१०, काठमाडौं
फोन नं. २२७७४९, २४०२०६, फ्याक्स : २२२८००

मेरा जीवनका दुई स्मृतिहरू

❑ दौलतविक्रम विष्ट

धेरै वर्ष अगाडिको निकै निकै धमिलो भैसकेको कुरा होइन, यही ०१४/१५ सालतिरको कुरा हो । तिनताका मेरा पिताजी सोमराज विष्ट झापा गोश्वाराका खरिदारी जागिर छाडी खेती गर्ने रहर बोकेर गौरीगञ्ज भन्ने हाट खोलामा खेती गर्न थाल्नु भएको थियो । जुरो पानी पञ्चायत अन्तर्गतको ९ नम्बर ओडामा डेढसय बिगाहा मेरो नाउंमा खरीद गरी खेती गर्न शुरु गर्नु भएको थियो । तिनताका सम्ममा मेरी आमा मानकुमारी विष्ट स्वर्गीय हुनुभइसकेको हुंदा गौरीगञ्जबाट एकपाउ जति पूर्वपट्टि रहेको गौरिया खोलामा उहाँको दाहसंस्कार गरिसकेको थियो । आफ्नी आमाको मत्यु भैसकेको थियो तापनि उहाँको स्मृतिले म लघारिन छाडेको थिइन । गौरीगञ्ज हाट खोलानिर बनाइएको खरको घर बयाम्पाभित्र धान राख्न सातबटा भकारी पनि बनाउनु भएको थियो । गौरीगञ्जबाट भद्र र बजार जाँदाखेरि बीच बाटोमा कन्काइ नदी, नालाहरू पर्दथे । साथै साल, कर्मा र हल्दुका ठूला ठूला जङ्गलहरू जहाँ, हात्ती जरायो, हरीण, बाघ र बँदेलहरू फेला पर्ने हुनाले मान्छेहरूको त्यति साह्रो आवागमन थिएन । बुधकर्ण जमिन्दार भन्ने घरको छेउछाउमा रहेको जलचलको जङ्गलमा मान्छे खान पल्किएको बाघ र चितुवाहरूको ग्याईग्याई नै थियो । त्यसैले त्यो बाटो दिउँसो पनि मान्छे हिंड्न डराउंथे । मान्छेहरू र गोरुगाडाको अभावै थियो । जङ्गलमा हरिण, जरायो आदि जनाबर र बाँदरहरू त स्वाभाविक रूपले पाइन्थे । गौरीगञ्जदेखि पूर्वतर्फ बसेको रङ्गेली र बिराटनगरतर्फ पुरन पनि धौ/धौ थियो, बाटामा नदी नालामा तर्नको निम्ति न पुलहरू नै थिए । गौरीगञ्जदेखि पूर्वतिर रहेको तेलगानी, कृष्णखोलापारिको महाबारा, भुडे सीमल हुँदै कन्काइ नदी तरी झापा जान पर्न्थे भने पनि न बाटो नै राम्रो थियो न त गोरुगाडा हिंड्ने बाटो नै राम्रो थियो । नदीनाला र खोल्सा/खाल्सीहरू अनगिन्ती थिए । गौरीगञ्जदेखि उत्तरतर्फ रहेको बस्ती, अनारमुनि धूलाबारी बाटो दमक आदि ठाउँहरूमा जान पर्न्थे भने पनि बाटोघाटोको अभाव थियो । जङ्गल भने साँह्रै बाक्लो थियो । गौरीगञ्जदेखि दक्षिणतर्फ भारतको पूर्णिया जिल्ला जोडिएको हुंदा त्यता भने जङ्गल थिएन तर पनि बाटाघाटाहरू राम्रा थिएनन् । वर्षादमा भने त्यो ठाउं हाम्रो निम्ति एक किसिमले ज्यालखाना जस्तै बन्न पुगेको थियो । ती ठाउँहरूमा चोर डाँकाहरूको चकचकी थियो ।

१. एकपल्ट मेरो पिताजीलाई गौरीगञ्जबाट अनारमुनि जानु पर्थ्यो । हामी बाबुछोरा गोरुगाडामा चढी छोटो बाटो अनारमुनीतर्फ लाग्यौं । हिंड्न त हिंड्यौं तर बाटो खाल्टाखुल्टी परेको थियो । खोला-नालाहरूमा पनि पुल थिएनन । कसैगरी दमक पुगेर विर्तामोडतिर लागेपछि नकलबन्दा धुलाबारी पुगेपछि भने बाटो घाटो राम्रो देखिन थाल्यो । नदीनालाहरूमा काठका छाँटपरेका पुलहरू बनेका थिए । त्यता भूपालमान सिंह कार्कीले बनाउने जिम्मा लिनु भएको थियो । जताततै भूपालमान सिंह कार्कीको चर्चा थियो, बाटोघाटो र पुलहरूका निर्माण उहाँको जय-जयकार मनाउँदै थिए । उहाँले निर्माण गरेका ठाउँभन्दा यता आठमौजा, गौरादह आदि नराम्रो देखिए तापनि मैले त एक ठाउंमा भूपालमान सिंह कार्कीको जय नै भनेको थिएं । वास्तवमा भूपालसिंह कार्कीले निर्माण गर्ने जिम्मा लिनुभएको ठाउं स्वर्ग जस्तो, हृदयलाई त्यसै/त्यसै गदगद ल्याउने देखिन्थ्यो भने गौरादह तिरका ठाउं नर्क समान देखिन्थ्यो । त्यसैले मुखबाट भूपालमान सिंह कार्कीको जय निस्कनु स्वाभाविक थियो किनभने त्यो ठाउं नै एउटा सुन्दर रसिलो गीत जस्तो थियो । साक्षात् 'सत्यं सुन्दरं शिवम्'को प्रतीक थियो– त्यो ठाउं ।

२. यसै सिलसिलामा मेरो मानसमा गहिरो किसिमले टाँसिएर

आत्मसंस्मरण

❑ भरतराज घिमिरे 'मन्थलीय'

आज 'दायित्व' को अनुरोधले अन्तराष्ट्रिय वृद्ध वर्षमा प्रकाशनार्थ चौहत्तर वर्षे म लेख्दैछु केही आत्मसंस्मरण । यो संस्मरण जीवनका पाइला-पाइलाको अटूट शृखलाबद्ध होइन, तथापि केही अंशमा हो । कस्ता कस्ता महामानवहरूका आत्म-कथा पढेर पनि विकृतिका काला धब्बा मानसपटबाट वा कार्यकलापबाट हटाउन खोजेनन् आजका बहुश: नेपालीले भने, जाबो मेरो संस्मरणात्मक लेखले के उपलब्धि हुने समाज वा 'दायित्व' पत्रिकालाई ।

अथापि लेख्नु त पर्‍यो नै । सामग्री वटुल्न मस्तिष्कको दैनिकी पल्टाउं भने, दायित्वमा अवश्यै अटाउँदैन, तर कसैले कसैको सम्झनामा मन्चबाट घण्टौं फलाके पनि, आफैले आफ्ना कुराले पाना-पाना भरे पनि वा महाकाव्ये ब्रुपाए पनि, तिनका शुष्क दाल-भात-टुक्रु सिवाय केही पाइंदैन भने, सबै ती बेकारका हुन् । त्यसैले बेली विस्तार न लगाऊं म आफ्ना याबत् अनुभूत घटनाहरू बारे । बरु बिबिदिशुहरूलाई मेरो अर्धविस्मृत अतीत संसारमा लैजान गद्यका अन्तरालमा काव्य-पथ पनि देखाउंदा रमाइले होला कि ! काव्य-पथ भन्नाले उकालोको थकाइमा अलिकति आरामदायी तेर्सो बाटो जस्तै, गद्यको केही न केहीको एकनासे उजाड बगरको हिंडाइमा भेटिने आफ्ना काव्य भूमिको फुलबारी ।

आत्म-कथा लेख्ने शैली यस्तो होइन भनेर पनि स्वयंमन्य विद्वान्हरू फतफताउंछन् भने फतफताउन् तिनका शैलीमा, म चाहिं आफ्नै पारामा शुरु गर्छु पहिले अतीत कालको नसम्झिएको अनुभूतिको गर्भबाट –

मैले बिर्सें- कति सकस भो गर्भमा कोचिंदामा,
मैले बिर्सें- कति बल पर्‍यो च्यापिई निस्किंदामा,
मैले बिर्सें - कति अमृतको पान भो थून चुस्ता,
बिर्सें बिर्सें - कुन रस भरी पार्दथ्यो पुष्ट लाम्टा ॥

('अप्रकाशित बिसिंबिसी सम्झें कवितावाट)

बि.सं. १९८२ मकरसङ्क्रान्ति बिहिवार एकाविहानै काश्यप गोत्रकी घिमिरे उपाध्याय ब्राह्मणी श्री सोम कुमारीले छोरो पाउनु भएछ, दुइटी छोरी पछि– हरिवंश-नवाहको प्रसाद स्वरूप । त्यही छोरो त हुं म । जन्मेंछु पूर्व २ नं (त्यो बेला भन्ने चलन) रामेछाप जिल्लामा पर्ने मन्थलीबेसी पसल डाँडा (आजको जि. सदर मुकाम) को आफ्नै पुर्‍यौली घरमा । केही ज्योतिर्विद् पिता श्री भवप्रसाद उपाध्यायले बुढेस कालमा नवजात पुत्रको मुख हेरी भन्नु भएछ – औंसीतिथि भेट्यो, स्वाल्ती टोबने भयो यसले - जस्तो मेरा ग्रहले अघिल्ली (?) भद्रालाई, तर यो दीर्घायु र बिद्यावान् हुनेछ भनी थप्नु भए । पात्रो पल्टाएर । कुम्भलग्न, एकादश चन्द्र, दशम मङ्गल राम्रा परका छन् भनिएको छ 'दश मङ्गारको यस्य स जातः कुल दीपकः' इत्यादि पनि उहाँले भन्नु भएछ । मेरा अग्रजको शैशवमै निधन भएकाले वृद्धिमती प्रसूले आफ्नो काखमा नराखी सबै छोरा-छोरी जीवितै रहने सौभाग्यवती माहिली जेठानी दिदीका पोल्टामा मलाई राखिदिनु भएछ र उहाँले कान्छी देउरानी बहिनीको छोरो एकपैसाले किनेर पहिले पल्ट स्तन-पान दिई जन्मदायिनी आमा पछिकी आमा उहाँ हुनु भएछ । जात कर्म पछि न्वारान गर्दा मेरो नामकरण भएछ, 'भेषराज' । वर्तमान नाम त गर्भाधान हुनुभन्दा अगाडि नै कुनै योगीले राखिदिनु भएको रे । यसवारे 'नेपालको विद्वत्परम्परा' नामक डा. श्री भूपहरि पौडेलवाट लिखितम ग्रन्थमा हुनुपर्छ । यी आप्तवाक्यका आधारका कुरा हुन् । अब सम्झिएको अनुभववाट भन्दै जाउं,

मेरी जन्मभूमि यस्ती छिन् -
रमाइला पूर्व-हिमालका थली,
कोसी निरै झन् रमणीय मन्थली ।
नदी हुंदै सुन्दर लाग्छ सिर्जन,
यहां त झन् छन् वन, शैल मोहन ॥

न को युवा प्रावृषि पश्यति प्रियाम् ।
अहो अहो ! भूमि नभो विभागयो-
र्बभूव सम्मेलनमस्वुलूकैः ।
असम्भव वस्त्वथवा न कुवचि-
च्चिराय पृथ्वी यदि विश्वते बनी ।

अर्थात् – दिनहुँ भारतको हविगत देखेर अश्रुपूर्ण दयावन्त भई आकाशको मेघ जनतालाई आश्वासन दिन हो कि झैं तल झर्छ । पहाडका टुप्पाबाट झर्ना झर्छन्, बन-बनमा मुजुर नाच्छन्, डराएर आँखाको पुतली कुनातिर पुऱ्याउने प्रियालाई कुन युवक न हेर्ला र ! आश्चर्यै आश्चर्य छ ! आकाश र पृथ्वीका विभागको मिलन वृष्टिको धाराले गराएका छन् अथवा ठूलो पृथ्वी अथवा वन भएकी पृथ्वी चिरकाल रहेसम्म असम्भव कुरो कहीं छैन ।

पूरा साहित्य शास्त्री द्वितीय श्रेणीमा पास भए पछिको यो कुरो -

शास्त्री पास गरी हिंडे घर पुगें तेस्रो दिनै साँझमा,
भैंसी लाहुरि पुष्ट सानु सिंगको थ्यो बोकको माझमा,
मोटा थून पगारि घाईघुईले घन्काउँदै आंगनी
भर्दैधिन् गम खाइखाइ गबुवा मेरी गृहस्वामिनी ॥
देखाइन् खुसले महामिलनमा त्यो दूध यै हो भनी,
देखें त्यो र निकै लचक्क रहेदो बैशालुको ज्यू पनि ।
बाबाको सुप्रसन्न स्वस्थ तनको पाएर झन् दर्शन
आनन्दी परिवार लागि मनका भाग सबै चिन्तन ॥

('मिठ्ठु' उत्तरार्ध)

पढाइ खर्च हाल्नु नपरे र आँखती गर्नु नपरेसम्म व्यवहार धान्ने थियो त्यो गृहस्थी । दुबै आनन्दित थियौं । मलाई महत्त्वाकाङ्क्षाले छोयो– आएँ अरू पढ्न नेपाल । यस अवधिमा महाकवि लक्ष्मीप्रसादसँग निकै घनिष्ठता बढ्यो - संस्कृतमा लेख्नु भएको 'प्रमिथस' खण्डकाव्य सच्याउन मलाई दिन् भयो– धेरै अशुद्धि थियो तर उहाँका शब्द बदलेर छन्द मिलाउन मैले पाप सम्झें, अशुद्धि पनि मन परेन र त्यही भनें, उहाँले त्यो फिर्ता लिएर नेपालीमा लेख्नुभयो । उहाँसँग भएका सम्पर्क बारे सबै लेखूं भने ठूलै ठेली किताब हुन्छ, अतएव केही मात्र लेख्छु– नेपालीको शाकुन्तल महाकाव्य पाण्डुलिपि मै मैले धेरै सर्ग सुनेको हुं उहाँका मुखबाट । उहाँको अंग्रेजीमा लेखेको शाकुन्तलको पाण्डुलिपि सुनेर अँग्रेजी जान्ने साथीहरू मख्ख परी हाँसे– संगसँगै म पनि हाँसेंछु र डिल्ली बजार कालिकास्थानका हरिहरनाथ रेग्मीले कानमा सुटुक्क भन्नुभयो– तैंले के बुझेर हाँसिस् । म नतमस्तक भएँ अनि त्यसै दिन देखि सानो अक्षर ए.बी.सी. पढ्न थालें ठूलो अक्षर त मलाई माल अड्डाको हाकिमकी छुकछुके छोरीले सिकाएकै थिइन् । अनि एक वर्षमा एस.एल.सी. पास गरें द्वितीय श्रेणीमा । पद्मोदय हाइ स्कूलमा टेष्टमा प्रथम श्रेणीमा प्रथम भएकोका मोहन दास कर्मचन्द गान्धीको आत्म कथा र केशरबहादुर के.सी. को देश-देशावरको बयान नामक ग्रन्थ पुरस्कार स्वरूप पाएँ, जुन पढेपछि मेरो विचार र देश-विदेशको ज्ञानमा निकै परिष्कार आयो । मैले म्याट्रिकको भूगोल पढ्दा भूगोका कण्ठस्थ गर्ने कुरा छन्दोबद्ध कवितामा राख्थें र कण्ठगर्न सजिलो हुन्थ्यो जस्तो कि नदी मुखमा पर्ने बेलायतका सहरहरू -

डन्डी टे नदमा र टाइन विषे रामो छ न्यूक्यासल,
थेम्स्मा लण्डन, मर्सिमा लिवर पुल, सेवर्नमा ब्रुस्टल ।
ग्लस्गो क्लाइड बीच औ अबरडिन् डी.मा.र.लिथ् फोर्थमा,
हम्बरको मुखमा छ त्यो हल बुझौं हामी बृटिश ह्वीपमा ।

एस.एल.सी.को पढाइमा हाँडीगाउँका रामजीप्रसाद अर्याल र उहाँका भाइहरूले खूब सहायता गर्नु भो । आई.ए. मा प्रो.श्री क्षितीशचन्द्र चक्रबर्ती र बी.ए. प्रथम वर्षमा प्रो. श्री यदुनाथ खनालले अँग्रेजी पढाउनु भएकाले र हरिहरनाथ रेग्मीका कृपाले अँग्रेजी साहित्यमा ज्ञान हासिल गर्न सकें । पश्चिमको विलियम वड्सवर्थ, शेली, कीटस्, सेक्स पियर एच.जी.वेल्स, आदि र पूर्वका व्यास, बाल्मीकि, भास, कालिदास, भारवी, माघ, भवभूति श्रीहर्ष, बाण आदि धेरै कविहरूका रचनाले जीवनमा उज्यालो ल्याए । संस्कृतफर्क साहित्य शास्त्री, काव्यतीर्थ र अँग्रेजीतर्फ बी.ए.सम्म पढ्दा घनिष्ठतामा आएका सतीर्थ्य मित्रवरहरूको नाम नामेसीसम्म उल्लेख गर्न पनि लेख ठूलो होला भन्ने डरले नसकेकोमा स्वर्गीय र जीवन्त सबैसँग क्षमा माग्दछु यस्तै क्षमा माग्दछु यसपछि सामाजिक, राजनैतिक र जागिरमा कर्मचारी काम गर्दा मिलेका साथीहरूसँग पनि । तथापि कविरत्न श्री

काट्थे राते म पनि त्यसरी श्लोकको लोक भित्र
त्यैं हो बीजाक्षर, जुन छ यो आजको काव्य चित्र ॥

('जनमत' जेष्ठ ०५२/०५३)

अतएव सम्पर्क र लेखन यति खेर आध्यात्मिक बिधातिर भरेंछ । मलाई बालककालदेखि नै आदरणीय दाइ श्री मेघराज उपाध्यायले अन्तःस्करणमा रोपिदिनु भएको औपनिषद् विरुवा अध्यात्म पल्लबित् हुँदैछ सम्प्रति । यसैलाई मलजल गरिदिने प्रा. गोपालनिधि तिबारी, पहिले र डा. स्वामी रामानन्द गिरि अहिले पाएको छु सौभाग्य वश । आजकल आध्यात्मिक बिधामा मेरा लेखहरू प्रकाशित गर्दैछन् आध्यात्मिक सम्पदा संरक्षण तथा समाज कल्याण प्रतिष्ठानको अध्यात्म पत्रिका र गीतासमुदय प्रकाशनको समुदय पत्रिका आदि । यसका अतिरिक्त 'जयतु संस्कृतम्' ले प्रकाशन गर्न लागिरहेछ उत्तर महाभारतको नेपाल पर्व अन्तर्गत किरात उपवर्ग संस्कृत पद्यधारामा नेपाली अनुवाद सहित ।

जे जस्ता हुन् क्षणहरू भयो साधना धेर थोर
के छुट्थ्यो यो उस जनमको भोग बा राग-रोग ।
के नैराश्य क्षण हुनु न यो ओहदा खोज्न लेख्छ
आफैं निस्की हृदयतलको भाव साहित्य बन्छ ॥

+ + +

त्यो साहित्याकृति फलवती स्नानशुद्धा बधू झैं,
त्यो साहित्याकृति रसवती राजसी कल्पना झैं,
जल्ले चित्रार्बाल समयको खिच्दछे दी सुभाव,
जल्ले दिन्छे पलपल परा-शान्तिको आत्मभाव ।

('जनमत')

मेरो आत्म-संस्मरण लेख्नि पर्ने कुराहरू, अन्य पनि छन् धेरै । परिस्थिति अनुसार अनुकूल पर्दा प्रकाशन गरिने छ । केही प्रकाशन डा. प्रा. श्री भूपहरि पौडेलले नेपालको विद्वत्परम्परा नामक बृहत्काय ग्रन्थमा गर्नु भएको छ, साधुवाद छ उहाँलाई र यो दायित्व पत्रिकाले नेपाली साहित्य-जगत्मा मेरो पनि दायित्व देखी मलाई लेख्न कुतकुत्याएकाले केही लेख्नु पऱ्यो । कृतज्ञता ज्ञापन गर्छु उक्त दायित्व पत्रिकाका सम्पादक श्री रामप्रसाद पन्तप्रति पनि ।

आजीवन एउटा खेद चाहिं रहिरहने भयो, जेका लागि उफ्रियो उफ्रियो, पढाइसम्म छाडियो, कति जेल परे, कति प्रवासिए, कति शहीद पनि भए, त्यो प्रजातन्त्र आयो गयो पुनः । स्थायित्व भयो ०४६ मा । नयाँ घर दिएँ कार्यालय राख्न मन्थलीमा तर व्यवस्था कियान्वयनमा अशुद्ध । प्रजातन्त्र सीमित रह्यो नेताका घेराभित्रै, गाउँ-गाउँमा जन-जनमा आउन सकेन । आशा पनि छैन आउला भन्ने यस्तो स्थितिमा – अर्थात् सबै क्षेत्रमा विकृति र बिसङ्गति एवं धर्म र संस्कृतिको ह्रासको स्थितिमा । शुद्ध प्रजातन्त्र नभोगी मरिन्छ कि !

दिक्क नहुनुहोस् पाठकबृन्द ! फेरि दुई श्लोक –
मैले बिर्सें - कति रहर भो मस्किंदै बैस वस्ता,
मैले बिर्सें - कति लहड हो मस्किंदी साथ हाँस्ता,
मैले बिर्सें – कति नववधू शर्मिइन् शर्म खोस्ता,
बिर्सें बिर्सें – रतिसुख पनि – स्निग्ध गार्हस्थ्य आस्था ।

मैले बिर्सें सुख छ कुन रे ! रोजिएको कि रोज्ने ?
मैले बिर्सें दुख छ कुन रे ! भोगिएको कि भोग्ने ?
ऐले सम्झें – सुखमुख त्यही खुल्छ देखे प्रदीप
आफ्नै अन्तःस्करणतलमा जो छ साक्षी स्व-रूप ।

(बिर्सि बिर्सि सम्झे अप्रकाशित कबितावाट)

मन्थलीय पल्ली
१९, भाद्र २०५६ धट्टेकुलो, डिल्लीबजार

विजयादशमी तथा शुभ-दीपावली २०५६ को सुखद् उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरूमा हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं ।

नेपाल बङ्गलादेश बैंक लि.
Nepal Bangladesh Bank Ltd.
Joint Venture with IFIC Bank Ltd., Bangladesh

२०४२ चैत्र पाप मोचनी एकादशीका विहानै चिया-चमेना नखाई मिट्ठु स्वर्गे भइन् र एक्लिएँ अहिले सम्मन । अब म उनलाई यसरी सम्झन्छु – .

नारी ध्यौ पति भक्तिपूर्ण त्यसमा आचारको शुद्धता,
ग्रष्टा माथि अनन्य भक्ति र निजी आनन्दमा मग्नता,
प्राणीप्रेम र स्वच्छ, शुद्ध मनका व्यापारको हेतुले
देवी ध्यौ गुणको बखान नहुँदै खोसी लग्यो दैवले ।

उनको स्वर्गारोहणका तीन महिनापछि 'मिट्ठु' शोक खण्डकाव्य लेखेर पाण्डुलिपि कविवर श्री सिद्धिचरणलाई सुनाउँदा एक शब्द उहाँले वदलिदिएर ठूलो गुन लगाउनु भएको छ ।

अब ऐले निवृत्तभरण खाएर वस्छु, स्वाध्यायमा छु स्वास्थ्य ठीक रहँदा लेख्छु । प्रकाशित कृतिहरूको आधारमा - 'हिडपा' - विराटनगर, परिवेश-मन्थली, सुनकोशी प्रतिष्ठान-बनेपा आदि बहुश: साहित्यिक, प्रतिष्ठानहरूबाट अभिनन्दन एंव 'उदयानन्द', 'गुणराज' प्रतिभा (संस्कृति मन्त्रालय) 'पाणिनी' (विश्वहिन्दू महासंघ) 'देवकोटा' (नेपाली वाङ्मय प्रतिष्ठान) आदि पुरस्कार ममाथि प्रदान भएका हुन् । देशप्रति भाषाप्रति नेपाली साहित्यप्रति खास केही गर्न सकेको जस्तो लाग्दैन त्यसैले होला– मदन पुरस्कार गुठीको प्रतियोगितावाट उत्रन सकेकों छैन अद्यावधि र पछि पनि आशा छैन । जे गरें त्यो मेरा प्रकाशित कृतिका पृष्ठपत्रले बताउने छन्– एउटा शङ्कराचार्यको जीवनमा आधारित 'श्रुति-सौरभ' नामक महाकाव्य र 'कृष्णाभिसमर्पणम्' भन्ने संस्कृतको खण्डकाव्य । प्रा. जयराज आचार्यले दयामाया गरी कतैबाट प्रकाशित गराइदिन्छु भनेर लैजानु भएको छ साझा संस्थानले तीन वर्ष राखेर फकाई दियो त्यो महाकाव्य । धन्य हो त्यो संस्था ! धन्य हुन् तुलसी भट्टराई देखि विश्वम्भर चञ्चल साथमा अधिकारीहरू । अन्य कृतिहरूमा प्रकाशित १४ र अप्रकाशित १३ गरी जम्मा २७ छन् । विभिन्न फुटकर कविता लेख कथा आदि पत्र-पत्रिकामा प्रकाशित हुँदैछन् । २/३ वटा कथाका पाण्डुलिपि कविवर माधव घिमिरेलाई सुनाउँदा एउटा शब्द पनि प्रसाद स्वरुप पाइन । तर उहाँको अवस्थामा नाटकको पूरै संस्कृत पद्यमा अनुवाद गरेर उहाँलाई दिएको छु हेरुँ के गर्नु हुन्छ !

कुनै पृथ्वी जयन्तीमा कविको प्रतिनिधि रूपमा मलाई रा.प्र.प्रतिष्ठानको आयोजित कविगोष्ठीमा कविता वाचन गर्ने मौका चाहिँ दिनु भएको हो उहाँले । उहाँ कुलपति हुँदाका वखत मैले एउटा नेपाली काव्यको पूरै संस्कृतमा मन्दाक्रान्ता छन्दमा अनुवाद गरेर प्रकाशनार्थ दिएको थिएँ । कापी नै वेपत्ता पारिदियो त्यस प्रतिष्ठानले । समालोचनाको क्षेत्रमा– मैले शिष्ट भाषामा वी.पी.को मोदि आइनको समालोचना गरेको हुँ सर्वप्रथम 'अभिव्यक्ति'ले प्रकाशित गरिदियो । 'रचना'ले प्रकाशित गरिदियो केदारमान व्यथितको 'भूकम्प' भन्ने कवितामा समालोचना, 'उन्नयन'ले पत्रिका प्रकाशित गरिदियो मदनमणि दीक्षितका 'द्रौपदी र सीता' र मदन पुरस्कार विजयी 'माधवी' उपन्यासको समालोचना र प.लक्ष्मीप्रसादको महाकाव्य 'वेन-वैन्य वर्णन'को समालोचना पनि । त्यस्तै कवि कञ्चन पुडासैनीको मदन पुरस्कार विजयी प्रत्यागमन खण्डकाव्यको समीक्षा प्रकाशित भयो 'अभिव्यक्ति' पत्रिकामा । मैले सुनेको थिएँ प्रत्यागमन खण्डकाव्य कवि भरतराज पन्तको 'दोभान' महाकाव्यलाई जितेर मदन पुस्कार विजयी भएको भन्ने कुरो कहाँसम्म सत्य हो । पढ्दा त स्थूलकाय काव्यको दृष्टिमा दोभान हो उत्कृष्ट, काव्य सम्पदाको आख्याताको दृष्टिमा भने प्रत्यागमनको सौरभ सामर्थ्य जित्ने वुता देखिँदैन उसमा । काव्यमा काव्य धर्मिता र सरसता हुनुपर्छ शुष्क पाण्डित्यनै काव्यत्व होइन, न त छन्दमा शब्द टाँस्नु मात्र काव्यत्व हो न वा शब्दका अक्षरहरू यताउती पारेर शब्दालङ्कार बनाउनु नै काव्यत्व हो ।

दायित्वले मेरा केही अनुभवहरू आफ्ना पानामा समावेश गर्नुपरेकाले उपर्युक्त गन्थन गरियो आत्मश्लाघा नसम्झियोस् । अझै दुई/तीन कुरा बाँकी छन्– जस्तो कि मलाई साहित्यमा प्रेरणा दिने विशेषत: संस्कृत पढाउने गुरू आचार्य शेषराज शर्मा रेग्मी नै हुनुहुन्छ किनकि उहाँबाट मैले साहित्यको शिक्षा पाएँ आरम्भिक अध्ययनदेखि अन्त्यसम्म । गद्य विधामा– लेखहरू भएपनि मुख्य मेरो विधा काव्य नै हो नेपाली काव्यप्रति प्रेरणा मलाई यसरी भयो जस्तो कि –

माता बित्ता समय नपुगी वेदनामा पिताले
रेखा खिंच्ता स्मृति-महलका छन्दमा प्रेमिताले
मेरो सानो हृदय-पटमा रङ्ग साहित्य छायो,
त्यो नै बीजाङ्कुर रस परी बैंसमा मुस्कुरायो ।

त्यो पहाडी प्रचलन विहा-बेदिमा छैन अद्य,
भन्ये पालैसित वर-बधू-पक्षका व्यक्ति पद्य,

कृष्णप्रसाद घिमिरेसँगको घनिष्ठता आजीवन रहिरह्यो संस्कृत कविताका रचनाको आदान प्रदान बाट ।

यसै अवधिमा हिन्दी साहित्य प्रशस्तै पढें– मैथिली शरण गुप्त, हरि औध दिनकर, महादेवी वर्मा, प्रसाद, सुमित्रानन्द पन्त आदिका काव्यहरू र प्रेमचन्द, बंकिमचन्द, रवीन्द्रनाथ ठाकुर, शरदचन्द्र आदिका उपन्यासको अध्ययनले जुन व्यक्तित्व बनायो, त्यसमा ती लेखकका अमर आत्माप्रति कृतज्ञता प्रकट गर्दछु । यिनका ग्रन्थ पढ्न परामर्श दिने समाज सुधारक प्रगतिशील विचारधाराका, एवं अध्यात्मवादी मुरारि र सत्यव्रत खण्डकाव्यका लेखक श्री साम्बभक्त सुवेदी आजीवन अविस्मरणीय नै हुनुहुन्छ । उहाँले नै हो मेरो हृदयमा सामाजिक सेवाको महत्त्व र राणा प्रशासनको अत्याचारको बोध गराई दिनुभएको ।

यस अवधिमा विदाको समयमा घर जाँदा जिजु बाजे इन्द्रलालले बनाउनु भएको जोल्टिएका बरपीपलको चौतारोमा बाल-बाला जम्मा गरेर नि:शुल्क अंग्रेजी पढाउन शुरु गरें जहाँ पढेका कुनै-कुनै छात्र अहिले ठूला-ठूला पदमा पुगेका छन्, जुन बीज बीचमा केही वर्ष लुप्त भए पनि, पछि निस्कियो मन्थलीमा महेन्द्रोदय माध्यामिक विद्यालयका नाममा । महेन्द्रोदय नाम पनि मैरै 'महेन्द्रोदयम्' संस्कृत महाकाव्यका नामबाट रहेको छ । 'महेन्द्रोदयम्' महाकाव्य संस्कृतमा लेख्न थालियो मन्थलीय राजा महेन्द्रको सवारी हुँदा स्रग्धरा छन्दमा संस्कृतमा मेरो अभिनन्दनका पाँच श्लोक पढेर पुरस्कार एव टेपरेकर्ड भएपछि । ती श्लोकहरू छन् उक्त काव्यको सर्ग दशमा ४३-४७ सम्म । चौतारावारे व्योमपथ खण्डकाव्यको टहलुवा मन्छ्र विमान चालकलाई–

गर्छिन् स्वामी वरकन वधू पिप्पली अङ्गमाल
चौतारी नै मिलन मधुर स्थान हो, हेरिहाल ।
मिल्छन् आफैं रख पनि हुँदा प्राकृती-प्रीति गाढा
मान्छे बाँच्ने भन त कसरी राखि मायालु टाढा
- (ख.का.व्योम पथ १४८)

पढ्दाकै अवधिमा दाजु श्रीहृदयराज शर्मा, प.श्रीसाम्बभक्त सुवेदी र म लेखनाथको घरमा गयौं 'तरुण तपसी' लेखिदैछ भन्ने सुनेर । वहाँले पञ्चतन्त्रको अनुवाद सुनाउन चाहनु भयो–काव्य बुध्दैनन् भनेर । पछि आग्रह ज्यादा गरिएकाले पाण्डुलिपिबाट सुनाउन थाल्नु भयो 'तरुण तपसी' । बुझेको लक्षण दिएपछि त उहाँ फुर्किफुर्कि भन्न थालिहाल्नु भयो नि !

यही छात्र जीवनको अवधिमा कालिदासको 'कुमार सम्भव' महाकाव्यको एकदेखि पाँच सर्गसम्म पद्यानुवाद गरेको थिएँ जुन भाषा प्रकाशिनी समितिबाट प्रकाशनार्थ प्रसिद्ध नाटककार बालकृष्ण शमशेरका हातमा घरमा लगेर दिएँ तर प्रकाशित भएन, कापी पनि फर्किएन । यसै अवधिमा नागानन्द नाटक समग्र नै नेपालीमा अनुवाद गरेको थिएँ– तर के भो कसरी कसरी कापी नै हरायो ।

यसै अवधिमा आदिकवि भानुभक्तदेखि लिएर बालकृष्ण समका काव्य नाटकहरू, देवकोटाका काव्यहरू, लेखनाथका काव्यहरू, सिद्धिचरणका कविताहरू एवं केदारमान व्यथितका कविताहरू र 'शारदा'मा निस्केका रचनाहरू प्रशस्तै पढिए । रामकृष्णका समालोचना निकै रोचक लाग्ये ।

पढ्दाको अवधिमा जति महाकवि देवकोटाको सानिध्यमा रहे त्यति कतै भएन । त्यसैले उहाँलाई नेपालीमा म साहित्यिक गुरू मान्छु । प्रा. श्री ऋषीकेश शाहले आइ.ए.मा नेपाली पढाउँदा देवकोटाको -पहिलो पद्यसङ्ग्रहमा भएको कविता–

कलकलाउँदी ती कलावती, कलकलाउँदी दूरमा नदी
.....एक छू फगत्, सन् छ सुन्दरै, सुन्दरै छ सत
स्पष्ट छैन भनेर पढाउँदा मैले उठेर प्रतिवाद गरें कक्षामा ।
अनि त्यसैको एउटा कविता लेखें, जसको शीर्षक हो 'एक दीन तथा उज्ज्वल कवि प्रति' जस्तो कि –

प्रकाश साथ उर्लंदो विशाल भालको भल
बहाइदे बहाइदे अगाध अन्धकारमा
तरङ्गियून् भरङ्गियून्, अतालियून्, पतालियून्
प्रगाढ डाहमा डुबून् घमन्डि मण्डलीहरू ।
अनन्त सत्यका कणा दिगन्तसम्म छर्किदे
अगाडि बढ्, अगाडि बढ्, सुचारु लेखनी चला
विरोधमा फुटोस् धरा, गरोस्-न व्योम भाषण !
विचार-हार-तारमा न बन्द गर् तँ हृद् ध्वनि ॥

यो कविता उहाँले स्वर उठाएर समग्र पढ्नु भयो र

मलाई असाध्य माया गरेर अँगालो हाली भन्नुभयो– मेरो उमेरमा तपाई मलाई उछिन्नु हुन्छ। अनि उहाँको अनुमतिमा यो कविता मैले सुनाएँ राणा कालमा २००४ सालमा भएको प्रथम सार्वजनिक कविगोष्ठी सरस्वती सदनमा 'अगाडि बढ, अगाडि बढ' यी शब्द सुनेर श्रोताहरूले आफ्नो जोश तालीद्वारा प्रकट गरे। पद्म शमशेर प्राइमिनिष्टर भएकाले पक्राउमा परिहालिन। त्यस गोष्ठीको पत्रिका 'साहित्य स्रोत' मा छपाउन दिएको थिएँ। मित्र देवकोटाको ईर्ष्या राख्ने केदारमान व्यथित सम्पादक भएकाले छापिएन र 'गरीब कवि' शीर्षकमा झापाबाट निस्किन 'जूही' २०४५ कार्तिक मंसिर पत्रिकाले छाप्यो। मेरो धारणामा देवकोटा जति प्रकृतिवादी, अध्यात्मवादी, राष्ट्रवादी र निःस्वार्थी कवि हुनुहुन्थ्यो त्यति आजसम्म मैले कसैलाई देखेको छैन। उहाँका कवितामा लाक्षणिक ग्रन्थले बताएका काव्य-सम्पदा आफैं वैरिएका छन्।

छुट्टीको समयमा घर जाँदा लेखिएका कविताको सङ्ग्रह हरायो। कविता कुनै पनि सम्भिन्न – कुनैकुनै पङ्ति सम्झन्छु त्यस सङ्ग्रहका। जस्तो दशबर्ष हुँदा लेखेको मातृशोकको दुई पङ्ति –

शठ पुत्र म छू हजूरको जगतै शून्य म देख्तछू अहो

छात्र जीवनकै अवधिमा श्री गोपालप्रसाद रिमालसँग घनिष्ठ सम्पर्क बढ्यो पशुपतिको प्रातः प्रार्थना समूहमा र शोभा भगवतीको सन्ध्या प्रार्थना समूहमा सामेल हुन्थें। उहाँलाई एउटा कविता प्रकाशन गरिदिनोस् भनेर दिएकोमा अहिले बेला भएको छैन भनेर खल्तीमा राख्नुभयो– त्यो कविता मसँग छैन, तथापि एक दुई पङ्ति सम्झन्छु जस्तो कि–

किसान गेह-गेहिनी जुलूस खोल हूल मै
कुटो खनीखनी बृथा नदेउ रक्तदान है।
नदी प्रवाह बेगको दिंदो छ तीव्र सूचना,
अमीत गीत भृङ्गको छ पुष्पबाट गुन्जिदो।

तर उहाँको गद्य कविता लेख्ने परामर्श मैले मानिनँ, अझैं मान्दिनँ।

२००७ सालको क्रान्ति आयो। रक्षादलले पूर्वी पहाड आतङ्कित थियो। दाजु हृदय त्यसैमा एक नेता हुनुभएकाले मन्थलीमा हाम्रो घरतिर केही उपद्रव भएन। म चाहिं काठमाडौंमा प्रतिदिनका जुलुसमा सरीक हुँदै उफ्रन्थें। यता रामहरि, टङ्कप्रसाद प्रजापरिषद्का नेता जेलमा हुनुहुन्थ्यो। उहाँलाई पत्र पठाउन रामहरिकी श्रीमतीलाई मद्दत गर्थें। सात साल भन्दा अगाडि पनि टङ्कविलासको नेतृत्वमा धार्मिक पर्वहरूमा स्वयंसेवक भएर काम गर्थें। गोपालप्रसाद रिमालले त जुलुसको नेतृत्व गर्न मेरो नाम आफ्नो मण्डलीमा प्रचार गरिसक्नु भएको थियो तर संयोगवश मैले गर्न पर्ने। ०७ साले क्रान्तिले मलाई बी.ए.को अन्तिम वर्षको जाँच पूरा गर्न दिएन। रामेछापमा बडाहाकिमले केही दिन पर्खा छरे बापत तारेख बोकाए। समाज सेवा गर्ने अब भनेर सिन्धुली गढीमा कमला हाईस्कूल खोल्नेकाममा लागेका दाजु श्री हृदयराज शर्मा, विष्णुप्रसाद डुंगेल, कविवर कुलचन्द्र कोइराला, बडा हाकिम बद्रीविक्रम थापा, चूडाराज काफ्ले आदिसँग सम्मिलित भई स्कूल खोली म नै शास्त्री पास हुनाले प्रधानाध्यापक भई निर्वेतन पढाउन थालें– डि.विष्णुप्रसाद डुंगेलका भान्सामा भात खाएर। कवि उमानाथ शास्त्री, योगेन्द्रराज शर्मा आदि २/३ जना अन्य सहायक शिक्षक पनि हुनुहुन्थ्यो। स्कूलका साथै नेपाली कांग्रेसको कार्यालय पनि चलाएको थिएँ। यस बारे श्री अच्युतरमण अधिकारीको सम्पादकत्वमा चलेको चिन्तन, मन्थन तथा अनुसन्धान प्रधान त्रैमासिक 'उन्नयन' पत्रिका माघ-चैत्रको संख्या १९ मा प्रकाशित 'त्रिवेणी' नामक मेरो लेखबाट धेरै कुरा खुल्नेछ त्यही कुरो यहाँ पिष्ट पेषण नगरुँ। त्यस्तै श्रीहरि मञ्जुश्रीको सम्पादकत्वमा चलेको 'पानस' साप्ताहिक बी.पी. विशेषाङ्कमा 'स्वर्गीय नेता बी.पी. को एक संस्मरण नामक मेरो लेखबाट बी.पी. सूर्यप्रसाद र रामनारायण मिश्रसँग त्यहाँ भएको विशेष परिचय, सहभागिता आदि र संस्कृत साहित्यका कविता मैले सुनाएबाट परेको प्रभाव बारे यथार्थ हुने छ, यहाँ किन पिष्टपोषण गरुँ! तैपनि दही खाँदा मैले सुनाएको कविता यहाँ राखूँ, जुन बी.पी.लाई मन परेथ्यो –

माहिष दधि सशर्कर पयः कालिदास कविता नव वयः।
शारदेन्दुरबला च कोमला स्वर्ग शेषमुपभुज्जते जनाः॥

अर्थात्– भैंसीको दही, गुलियो हालेको दूध, कालिदासको कविता, नयाँ जवानी, शरत्कालिक चन्द्रमा र कोमलाङ्गिनी युवति-यति मनुष्यहरू स्वर्गको शेष पृथ्वीमा भोग गर्दछन्।

अनि यस्तै माझा खाँदाखेरिको–

केचिद् बदन्त्यमृतमस्ति सुरालयेषु,
केचिद् बदन्ति वनिताधर पल्लवेषु।
भूमौ वयं सकल शास्त्र विचार दक्षा
जम्बीर नीर परिपूरित मल्य खण्डे॥

अर्थात् - कोही अमृत स्वर्गमा छ भन्छन्, कोही सुन्दरीको पालुवा जस्तो सुकोमल अधरमा छ भन्छन्, सम्पूर्ण शास्त्रको छानवीन गर्न जान्ने हामी (बङ्गाली) चाहिं ज्यामिरको रसमा डुबाएको माझाको टुकोमा छ भन्छौं।

यस्ता कविता धेरै छन् - केही 'पानस' पत्रिकाबाट स्पष्ट हुने छ। तथापि त्यहाँ बस्ता एक युवति बालविधवाले भोजन दिंदा उनै प्रति रचेको मेरो 'मधुसाव' शीर्षकको कविता यहाँ राख्न चाहन्छु–

कतै धर्ती पारी अमरपुरको पुण्य-सरमा
सुधा प्युँदा हुन् ती खसम रसिलीका अधरमा,
वृथा वस्छयौ बाले! किन सहिसही कष्ट तनमा!
मरी मिल्ने भन्दा अधिक रसिलो जीवन नयाँ।

+ + +

कहाँ दन्ने वढ्दो अवयवहरूको छुनमुन!
कहाँ रुक्ने चढ्दो सलवल बहेको चल मन!
जहाँ राख्छयौ आँखा जगत हुन जाने तिरिमिरी!
तिमीलाई मान्छिन् प्रकृति सृजनाकी सहचरी"

(मधुपर्क फागुन २०५० बाट)

यस पछिका सामाजिक र राजनैतिक गतिविधिका विवरणहरू उक्त 'त्रिवेणी' लेखबाट र 'पानस' का लेखबाट विदित हुनसक्छ। यिनै दुई पत्रिका– 'उन्नयन' र 'पानस'मा प्रकाशित लेखहरूले मैले यौवनमा गरेका सामाजिक र राजनैतिक केही क्रिया-कलाप स्पष्ट पार्नेछन्। त्यहाँ नपरेको एउटा घटनाको स्मरण लेख्तालेख्तै अहिले भयो, त्यो के भने - २०११ सालको अतिवृष्टि जन्म अनिकालमा रामेछापबाट चामल माग्न आएका हूलका हूल जनताको नेतृत्व गरेर दाजु हृदयराज र मैले तिनलाई राजदरबारको पश्चिम ढोकामा घेराबन्दी गराउँदा दरबारमा छ घण्टा लोकदर्शनले थुनी त्यसै पछि छाडिदिए थें। सिन्धुलीगढीमा हाई स्कूल नचलेर मन्थलीमा सारें। त्यो पनि १ वर्ष पछि रामेछाप पुऱ्याएँ। २०१४ साल फागुनमा पिताजीको स्वर्गबास भयो तामाकोसीको

पुण्यतीर्थ तीरमा। अनि पछि श्री ५ को सरकारको सेवाको लागि लोकसेवा आयोगबाट नियुक्त भएँ– रेडियो नेपालको प्रोग्राम असिष्टेन्ट पद ना.सुब्बासरहमा। नियुक्ति हुनासाथै मेघदूतको नेपालीमा एक रुपक रेडियो नेपालबाट प्रसारित गरें। यसैबेला त्यहाँको 'झङ्कार' पत्रिकामा मेरो 'हिमाल' शीर्षक कविता प्रथम प्रकाशित भयो २०१६/१७ साल तिर। यसै अवधिमा मेरो 'महेन्द्रोदयम्' संस्कृतको महाकाव्य प्रकाशित भयो। मेरो प्रमोशन भयो शाखा अधिकृतमा। अर्थमन्त्रालय अन्तर्गत विभाग-कार्यालयहरूमा काम गरी साठी वर्ष हद पुगी नबिटुलिई चौखै निवृत्त भएँ– निवृत्तिभरण खाने भएर। यस अवधिका फोह्रा वृत्तान्तले पाना नभरुँ– छन् धेरै-धेरै सम्झनाहरू। तर काव्य-कविताहरू चाहिं निस्किंदै रहे– यसै अवधिमा पनि। यसै अवधिमा अयोध्या, काशी, गया, प्रयाग, यमुनोत्री, केदार, बद्री आदि भारतका विभिन्न तीर्थहरूमा भ्रमण, तर्पण, श्राद्धहरू भए। सप्ताह यज्ञ यागादि लक्ष्यबर्ति आदि धार्मिक प्रक्रियाहरू पनि पटकपटक अर्धाङ्गिनीका प्रेरणाले भए, यसै अवधिमा। पिताजीले मन्थली डाँडामा रोपी हुर्काउनु भएको बर-पीपल मन्दिर चौतारो चिनी तिनको बिहा (वृक्ष-प्रतिष्ठा) गरिएको काम पनि उनकै प्रेरणाले हो। यसै अवधिमा बैङ्कक, मलेशिया, सिङ्गापुर, जाकार्ता, फिलिपिन्स, दक्षिण-कोरिया, भारतका बहुशः ठूला नगरीहरू नेपाल पूर्व पश्चिमसम्म तराईतिरबाट र पूर्व खापादेखि पश्चिम पाल्पा नुवाकोटसम्म पहाडी भागबाट भ्रमण गर्ने मौका पर्थ्यो। भ्रमणको सिलसिलामा बैङ्कको एउटा टापूमा एकरातका निम्ति स्वागत हुँदा रात्रिभोजमा चौबीस मुलुकका चौबीस प्रतिनिधि पिच्छे जनकी कलेजकी छात्रालाई सह-भोजिनी बनाइयो। तदनन्तर आ-आफ्नो कोठामा उनलाई लगी मनोरञ्जन गर्ने आतिथ्य सत्कार अचम्मकै गरिएको हो, तर अफगानिस्तानको एक मुसलमान प्रतिनिधि साथीको आदर्शपूर्णको अर्तीले र एक भारतीय प्रतिनिधिको दृष्टान्तले मेरो नैतिक स्तम्भ हिलेन र यौवनमध्यस्था सुकुमारी बाला त्यस आतिथ्यमा मबाट स्वीकृत नहुँदा रिसाई, फन्किएर गएकी थिइन् मलाई त्यसको पाप त लाग्दैन होला! अरू कसैले लिइहाले।

नोकरीबाट अवकाश लिन एक वर्ष बाँकीमै छोरी पद्मा, रश्मि, ज्योत्स्ना र सीमा (अविवाहिता) र छोरो डा. उदयराज शर्मा र झङ्गारराज शर्मा (अविवाहित) लाई छाडेर